# कोशी दर्पण

वर्ष:२ | अङ्क:३ | २०८२ असार

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर

**संरक्षकः**
श्री चन्द्रकला पौडेल, प्रमुख सचिव, कोशी प्रदेश

**सल्लाहकारः**
श्री राजु प्रसाद गुरागाई, प्रदेश सचिव, कानून महाशाखा
श्री एकदेव अधिकारी, प्रदेश सचिव, प्रशासन महाशाखा

**सम्पादक मण्डलः**

| | |
|---|---|
| प्रधान सम्पादकः | श्री पवन कुमार तिमिल्सेना, प्रदेश सचिव |
| कार्यकारी सम्पादकः | श्री अर्जुन निरौला, उपसचिव |
| सम्पादकः | श्री भुपेन्द्र खनाल, अधिकृतस्तर आठौं |
| सम्पादकः | श्री दिनेश ढुङ्गाना, शाखा अधिकृत |
| सम्पादकः | श्री डिकेन्द्र प्रसाद सुबेदी, शाखा अधिकृत |

**डिजाइन तथा चित्रणः**
श्री विनय भास्कर दत्त, कम्प्युटर अधिकृत

**प्रकाशक तथा सर्वाधिकारः**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर

**प्रकाशन सङ्ख्याः** ५०० प्रति
https://ocmcm.koshi.gov.np/ मा समेत प्रकाशित

**प्रकाशन मितिः** २०८२, असार

**मुद्रणः** गजुरमुखी प्रेस, विराटनगर

प्रकाशित लेख-रचना लेखकका आफ्ना विचार हुन्। लेखमा सम्पादक मण्डल/प्रकाशकको तर्फबाट कुनै धारणा प्रतिबिम्बित गरिएको मानिने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ साभार गर्नुपरेमा श्रोत खुलाई प्रयोग गर्न सकिनेछ ।

# सम्पादकीय
# सक्षम प्रशासनः समृद्ध समाजको आधार

सार्वजनिक प्रशासनलाई स्थायी सरकारको रुपमा चित्रण गरिन्छ । राज्य संचालनमा चौथो बाहुको कार्य प्रशासनले सम्पन्न गर्दछ। लोकतन्त्रका लाभहरु नागरिक स्तरसम्म पुर्‍याउने महत्वपूर्ण जिम्मेवारी बहन गर्नुका नाताले यसले समग्र राष्ट्रिय मामिलाहरुको व्यवस्थापनमा अग्रणी भूमिका निर्वाह गर्नुपर्दछ । नागरिकको अपेक्षा, विश्वव्यापि मामिला र प्रवृत्तिसँगको सामाञ्जस्यता, सरकारको भूमिकामा आउने फेरबदल, शासनमा बहुपात्रहरुको संलग्नता र चासो, प्रविधिको तीव्र विकासले सार्वजनिक प्रशासनका विश्वव्यापि मान्यतामा परिवर्तन आईरहेको छ । सार्वजनिक प्रशासनका मान्यतामा आउने फेरबदल सँगै प्रशासनले आफ्नो दिशा र गतिमा सुधार गर्नु अपेक्षित हुन्छ । नविन् प्रविधिलाई प्रशासन र सेवाप्रवाहसँग जोड्दै कागजी अड्डातन्त्रको विकल्पमा व्यवस्थित विद्युतीय सेवा मार्फत शासकीय सुधारमा सफलता प्राप्त गर्नु पर्ने छ ।

संघीय ढाँचाको प्रशासनिक संरचनालाई समेत वर्तमान चुनौतिको समाधान गर्न सक्ने गरी सवलीकरण गर्दै जानुपर्ने अवस्था हाम्रो सामु छ । तीनै तहका सरकारका प्रशासन यन्त्रलाई कार्यात्मक हिसाबले एउटै लयमा हिडाउन सकिएमा प्रशासनिक संघीयतालाई मजबुद बनाउन सकिन्छ । अहिले छिटपुट देखिएका असमाञ्जस्यताको हल हाम्रै साझा प्रयत्नबाट हुनेछन् । कोशी प्रदेश सरकारले यस्तै ध्येयका साथ कोशी दर्पण जर्नल प्रकाशन आरम्भ गरी हाल तेश्रो अंक प्रकाशन गरेको छ । यस जर्नलमार्फत, हामी प्रशासनसम्बन्धी नवीन विचारहरू, अनुसन्धान, नीति विश्लेषण र अभ्यासहरू प्रस्तुत गर्न प्रयासरत छौ । हामी अनुसन्धानकर्ता नीति निर्माताहरू र सरोकारवालाबीच संवादको सेतु बन्न चाहन्छौं, जसले प्रशासनिक दक्षता र सुशासन प्रवर्द्धन गर्न मद्दत पुग्नेछ। यस जर्नलमा प्रस्तुत गरेका विचार, अध्ययन र सुझावहरूले आधुनिक प्रशासनलाई अझ सक्षम, जनउत्तरदायी र पारदर्शी बनाउन दिशानिर्देश गर्ने विश्वास लिएका छौ । शुरुवाती चरणमा रहेकोले उल्लेख्य रुपमा खोजमुलक, अनुसन्धानमुलक, विश्लेषणात्मक लेखहरू संकलन गर्ने प्रयत्न भएको छ । समयक्रमसँगै यसमा सुधार गर्दै अझ खँदिला सामग्रीहरू प्रकाशन गर्न हामी प्रतिवद्ध छौँ ।

अन्त्यमा, यो जर्नल प्रकाशनमा माननीय मुख्यमन्त्रीज्यू, प्रमुख सचिवज्यू, मुख्यमन्त्रीज्यूको सचिवालयका पदाधिकारीहरूको सल्लाह र सुझाव अमूल्य रह्यो । लेखरचना उपलब्ध गराइदिनुहुने सम्पूर्ण अनुसन्धानकर्ता, खोजकर्ता, विश्लेषक र लेखकहरूमा हार्दिक साधुवाद टक्र्याउन चाहन्छौँ। जर्नल प्रकाशन गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी तथा सहयोगी महानुभावहरूमा धन्यवाद व्यक्त गर्दछौं । जर्नललाई अझ परिष्कृत बनाउन सरोकारवालाहरूको अमूल्य सुझाव, अनुसन्धान र लेखहरू हामीलाई प्राप्त हुने अपेक्षा राख्दै, यो संस्करण पाठकमाझ पस्केका छौँ ।

-सम्पादक मण्डल

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | सार्वजनिक लेखा समिति, कोशी प्रदेशको वेरुजुको अवस्था र समितिले चाल्नुपर्ने कदमहरु | १ |
| २ | नीति कार्यान्वयनमा पारदर्शिता: नेपालको सन्दर्भमा व्यवस्थापन परीक्षण | १३ |
| ३ | कोशी प्रदेशको दिगो पर्यटन प्रवर्द्धनमा मिडियाको भूमिका | २२ |
| ४ | दोश्रो आवधिक योजनामा कोशी प्रदेशको कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, रणनीति, अवसर र चुनौती | २६ |
| ५ | कोशी प्रदेश संभावना र चुनौतीहरुः एक अनुभव | ३२ |
| ६ | कोशी प्रदेशमा लगानीका सम्भावना र अवसरहरु | ४१ |
| ७ | सार्वजनिक नीति : प्रदेश सरकारको जिम्मेवारी, परिप्रेक्ष र साझेदार | ४७ |
| ८ | कोशी प्रदेश पर्यटन वर्ष २०८२ : समृद्धिको एक नवीन अवसर | ५५ |
| ९ | स्वास्थ्य बीमा कार्यक्रम — सुविधा र चुनौतीहरु | ६२ |
| १० | नेपालको पर्यटन उद्योग : चुनौती र सम्भावना | ६६ |
| ११ | आर्थिक वर्ष २०८२/८३ को स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रमः मुख्य विशेषताहरू | ७६ |
| १२ | प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनःस्थापना गृह: हिंसा पीडित महिलाको संरक्षणका लागि भएका प्रयासहरु | ८२ |
| १३ | कोशी प्रदेशमा सहकारीको अवस्था, समस्या र समाधानका उपायहरु | ८७ |
| १४ | सङ्घीयताको सन्दर्भमा सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको अन्तरसम्बन्ध र देखिएका कमजोरीहरु | ९२ |
| १५ | खोरेत रोग नियन्त्रणः वर्तमान अवस्था, सम्भावना, चुनौती र प्रदेश सरकारको प्रयास | १०४ |
| १६ | मुटु किन धड्किन्छ ? | ११० |
| १७ | बजारोन्मुख कृषि उत्पादन प्रणाली (Market Oriented Agriculture Production System) | ११३ |
| १८ | अन्तर्राष्ट्रिय आप्रवासनका निति अवसर र चुनौतिहरु | ११७ |
| १९ | कर्मचारीको अभिलेख व्यवस्थापन : इतिहासदेखि वर्तमानसम्म | १२२ |
| २० | कोशी प्रदेशमा आर्थिक वृद्धि क्लस्टरको अवधारणा र सम्भाव्यता | १२७ |
| २१ | प्रदेश सरकारको उपलब्धि, आवश्यकता र औचित्यता | १३५ |

| क्र.सं. | विषय | पृष्ठ |
| --- | --- | --- |
| २२ | Biodiversity: The basis of prosperity | १३८ |
| २३ | Building the Future of Koshi Pradesh and the Role of Infrastructure Development | १४६ |
| २४ | Role of Provincial Government in the Formation of Egalitarian Society as Per Prevailing Constitution and Laws in Contemporary Nepal | १५७ |
| २५ | Education of Children with Disabilities (CWD) in Nepal: An Overlooked Issue | १७८ |
| २६ | Cybersecurity Budget in Koshi Province: A Look at allocation and Policy | १९३ |
| २७ | Impact of climate Change on Tourism in Koshi Province | २०३ |
| २८ | Examining the Significance of National Project Bank (NPB) in Effective-cum-Efficient Resource Allocation and Good Governance | २०९ |

# सार्वजनिक लेखा समिति, कोशी प्रदशको वेरुजुको अवस्था र समितिले चाल्नुपर्ने कदमहरु



✍ मा. ऋषिकेश पोखरेल *

**समितिको परिचय**

- सार्वजनिक लेखा समितिको शुरुवात सन् १८६१ मा वेलायतबाट भएको,
- नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ सालदेखि नै भएको,
- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको,
- नेपालको संविधानको धारा ९७ मा संघीय संसदका समितिहरुको गठन सम्बन्धी व्यवस्था गरिएको,
- प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३(१०) ले समितिको प्रमुख कार्यक्षेत्रको रुपमा सार्वजनिक लेखा, महालेखा परीक्षकको बार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायलाई तोकेको,
- सरकारलाई संघीय संसद/प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन र सरकारी कोषको प्रभावकारी एवम् मितव्ययिपूर्ण परिचालन भए नभएको सुनिश्चित गरी आर्थिक अनुशासन र वित्तीय जवाफदेहीता कायम गर्नु समितिको प्रमुख कार्य रहेको,
- समितिले आर्थिक हिनामिनाको आशंका भएमा कतिपय गंभीर विषयमा उपसमिति गठन गरी अध्ययन, अनुसन्धान तथा छानवीन गरी समितिमा प्रतिवेदन पेश गर्ने,
- समितिले महालेखा परीक्षकबाट संघ/प्रदेश संसदमा पेश भएको बार्षिक प्रतिवेदनउपर गहन छलफल गरी प्रतिवेदनमा औंल्याइएका बेरुजु टुङ्गोमा पुऱ्याउन उपसमितिहरु गठन गरी वेरुजु व्यवस्थापनलाई प्रभावकारी बनाउने,
- समितिले आफ्नो कार्यक्षेत्रअन्तर्गत सम्पन्न गरेका कार्य एबं निर्णयहरु तथा सो सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायलाई दिएका निर्देशनहरुको विवरण एकीकृत गरी बार्षिक रुपमा प्रतिनिधि सभा/प्रदेश सभामा प्रतिवेदन पेश गर्नु पर्दछ,
- समितिले वि.सं. २०४९ साल देखि वि.सं. २०७९ सालसम्म जम्मा २२ वटा बार्षिक प्रतिवेदन सभामा पेश गरेको देखिन्छ ।

**समितिको गठन**

- प्रतिनिधि सभा नियमावली, २०७९ बमोजिम सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा २७ जना सदस्यहरु मनोनयन गर्न सकिने व्यवस्था रहेको
- समितिमा कार्यक्षेत्रसँग स्वार्थ बाझिने सदस्यलाई मनोनयन नगर्ने प्रचलन रहेको र सदस्यको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाती, खस-आर्य, मधेशी, थारु मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायको समानुपातिक प्रतिनिधित्व गराइने गरिएको (समावेशी चरित्रको)

* सभापति, सार्वजनिक लेखा समिति, संघिय संसद

- प्रधानमन्त्री/मुख्यमन्त्री समितिको पदेन सदस्य हुने व्यवस्था रहेको
- समितिले आफूहरुमध्येबाट समितिको सभापति निर्वाचन गर्ने भएपनि स्थापित संसदीय मान्यता र प्रचलन बमोजिम सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने गरिएको (नियन्त्रण र सन्तुलनको सिद्धान्त)
- समितिले आफ्ना बैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा सञ्चालन गर्न आन्तरिक कार्यविधि निर्माण गर्ने गरेको छ ।

**समितिको काम, कर्तव्य र अधिकार / दायरा**

- सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायसँग  सम्बन्धितका कार्यहरु,
- सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाई गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,
- समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,
- बैठकले सुम्पेको अन्य काम गर्ने,
- सार्वजनिक वा सरकारी आय व्यय, खर्च प्रणाली, सार्वजनिक सम्पत्ति, ऋण सहायताको कानून अनुसार सुरक्षा, व्यवस्थापन र सञ्चालनको नियमनलाई दायरा मानिनेछ ।

**समितिको औचित्य, उद्धेश्य र महत्व**

- सरकारको वित्तीय कारोवारमा पारदर्शिता, जवाफदेहिता, दक्षता, औचित्यतता, मितव्ययिता र प्रभावकारिता अभिवृद्धि गर्न,
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित वेरुजु माथि छलफल गरी सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी सार्वजनिक निकायहरुलाई आवश्यक निर्देशन दिन,
- सार्वजनिक निकायहरुमा हुने अनियमितता, वेरुजु, सार्वजनिक साधन र श्रोतको हिनामिना तथा दुरुपयोग नियन्त्रण गर्न,
- भ्रष्टाचार र भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्न,
- सार्वजनिक वित्त व्यवस्थापनलाई मितव्ययी, औचित्यपूर्ण, व्यवस्थित, परिणाममुखी, पारदर्शी र जवाफदेही बनाउन,
- सरकारका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी सरकारको वित्तीय जवाफदेही सुनिश्चित गर्न,
- सरकारका नीति, योजना, कार्यक्रम, खर्च र राजस्वको अध्ययन, छलफल तथा पुनरावलोकन गर्न,
- जनताले तिरेको कर तथा राजस्वको कानूनबमोजिम उपयोग भए नभएको जाँच गर्न र नभएको भए कानूनबमोजिम उपयोग गर्न निर्देशन दिन,
- बर्षभरि गरेका कार्यको विस्तृत विवरणसहित प्रतिनिधि सभा/ प्रदेश सभामा प्रतिवेदन दिन ।

सार्वजनिक लेखा समिति पनि एउटा जनप्रतिनिधिमूलक सर्वोच्च लेखापरीक्षण संस्था हो।  यस क्रममा यसले सरकारको समग्र आय व्यय र खर्चको उपलब्धी तथा सरकारका नीति, योजना र कार्यक्रमका बारेमा वृहदरुपमा जाँच र अनुगमन गरी सार्वजनिक

आर्थिक अनुशासन र वित्तीय जवाफदेहीता प्रवर्द्धन गर्छ ।

**वित्तीय जवाफदेहिताका क्षेत्रहरु**

(१) अर्थतन्त्र (औचित्य र आर्थिक स्थायित्व कायम गर्न)

- पूँजीगत खर्च र चालू खर्च
- राजश्व
- ऋण र सहायता
- मौद्रिक नीति

(२) योजना तर्जुमा र कार्यान्वयन

- वार्षिक नीति तथा कार्यक्रम
- आवधिक योजना (पञ्चवर्षीय योजना)
- लगानी र परिणाम तथा परीक्षण

(३) मध्यमकालीन खर्च संरचना (बजेट र योजनाबीच तालमेल/सन्तुलन)

- आगामी दुई वर्षको लागि बजेट निर्माणको आधार
- वर्तमानको लक्ष्य र उपलब्धि मापन

(४) बजेट तर्जुमा र कार्यान्वयन

- मध्यमकालीन खर्च संरचनाले गरेको सिफारिश कार्यान्वयन भए/नभएको
- सिफारिशका आधारमा बजेट निर्माण भए/नभएको
- कार्यान्वयन गर्दा बजेटको सही सदुपयोग र सीमा नाघियो वा नाघिएन
- समग्रतामा जवाफदेहीता कायम भए/नभएको

(५) विकास निर्माण,

- पूर्वाधार विकास (लक्ष्य, उपलब्धी, प्रभाव र परिणाम Result उपयोगी) भए/नभएको
- मानव विकास सूचकांकको लक्ष्य पूरा भए/नभएको (आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र वैयक्तिक)

(६) लेखाङ्कन र प्रतिवेदन,

- खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यताको अवलम्बन भएको छ/छैन सो को यथार्थपरक लेखाङ्कन गर्ने
- प्रतिवेदनले समग्र राष्ट्रिय आय व्ययको यथार्थ अवस्था चित्रण गर्नुपर्दछ

(७) संघीयता कार्यान्वयन,

- संघीयता अनुकूलको नीति, योजना, कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन
- संविधानतः समन्वय, सहअस्तित्व र सहकार्यका आधारमा कानून सम्मत आर्थिक सञ्चालन र व्यवस्थापन प्रभावकारी बनाउन सक्नुपर्दछ

(८) सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्ति (चल, अचल र सर्वसञ्चित कोष) को लेखाङ्कन, संरक्षण, प्रभावकारी व्यवस्थापन र उपयोग

(९) सार्वजनिक संस्थान सञ्चालन,

- सरकारले गर्ने आधारभूत वस्तु तथा सेवा प्रवाह संविधानतः संस्थागत रुपमा गर्नुपर्दछ जसले हामीलाई समाजवादतर्फ डोर्याउँछ
- तर संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण पछि पनि सरकारले सार्वजनिक संस्थानहरुबाट भन्दा निजी क्षेत्रलाई प्राथमिकता दिएको अवस्था देखिन्छ । यस क्षेत्रमा सरकारको लगानीको उपलब्धि प्राप्त भएको देखिंदैन । (नीतिगत रुपमा स्पष्ट हुनुपर्ने देखिन्छ )

(१०) सार्वजनिक प्रशासन र सुशासन,

- सरकारले गर्ने सेवा प्रवाह प्रक्रिया, परिणाम, संस्था र संयन्त्र प्रभावकारी हुनुपर्ने
- जनताले राष्ट्रप्रति अपनत्व र विश्वास ग्रहण गर्ने वातावरण निर्माण गर्ने
- संघीयता पश्चात राज्य संयन्त्रलाई जनभावना अनुरुप पुर्नव्यवस्थापन गर्न नसकेको र जनताले सुशासनको अनुभूत गर्न नसकेको ।

(११) वित्तीय अनुशासन र नियमन

- आर्थिक अनुशासन र वित्तीय सुशासनको लागि कानूनमा आवश्यक परिमार्जन (कानून अनुसारको लेखा उत्तरदायी अधिकारीहरु जवाफदेहीता वहन गर्ने कुरामा प्रतिवद्ध हुनुपर्ने)

**वार्षिक प्रतिवेदनमाथि निगरानी प्रक्रिया**

वार्षिक प्रतिवेदनमाथि निगरानी प्रक्रिया आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले निर्धारण गरेको छ । वेरुजु सम्परीक्षण तथा छलफलका लागि विशिष्टिकृतरुपमा समितिबाट विभिन्न उपसमिति गठन गर्ने, प्रतिवेदनमा रहेका प्रत्येक दफाउपर लिखित जवाफ माग गर्ने, लेखा उत्तरदायी अधिकृतसहित खर्च र आम्दानीमा संलग्न व्यक्तिहरुलाई वेरुजु छलफल उपसमितिमा आमन्त्रण गरी दफावार छलफल गरी मौखिक र लिखित स्पष्टीकरण लिने, वेरुजु कायम भएका प्रत्येक दफामा त्रिपक्षीय छलफलबाट निस्किएको निष्कर्षको आधारमा सुधार र सम्परीक्षणका लागि निर्देशन दिने, वेरुजुका प्रत्येक दफामा दिइएका निर्देशनहरु प्रतिवेदनमा समावेश गरी प्रतिनिधिसभाबाट पारित गराउने, समितिले दिएका निर्देशनबमोजिम ३० दिनभित्र मलेपले लगत कट्टा गर्ने ।

**समितिका तत्कालका प्राथमिकताहरु**

- महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुहरु माथिको छलफललाई तीव्रता दिने र सम्परीक्षण कार्य
- आर्थिक अनियमितताका सम्भावित क्षेत्र पहिचान गरी त्यसको निरोध गर्ने
- आर्थिक जवाफदेहीता अभिवृद्धि
- सार्वजनिक पदाधिकारीको जवाफदेहीता अभिवृद्धि
- समितिमा प्राप्त उजुरीहरुको वर्गीकरण गरी टुंगो लगाउने
- तीनै तहबीच आपसी समन्वय, सहकार्य र सहअस्तित्व
- सरकारको बजेट नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा सहजीकरण
- सरकारका प्राथमिकता प्राप्त आयोजना (पञ्चवर्षीय र आवधिक) को अनुगमन मूल्याङ्कन गर्ने

**समितिका निर्देशन कार्यान्वयन नहुनुका केही कारण**

- समितिका निर्देशन कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायले दायित्वबोध गर्न नसक्नु,
- सम्बन्धित निकायहरुको निर्देशन कार्यान्वयन गर्न सक्ने क्षमता र दक्षता भए नभएको यकिन गरेर मात्र समितिबाट निर्देशन दिने परम्परा स्थापित हुन नसक्नु,
- समितिको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने संयन्त्र नहुनु,
- समिति सचिवालयमा क्षमता र दक्षतायुक्त कर्मचारीहरु विकास गर्न नसक्नु ।

**समितिका निर्देशन कार्यान्वयनका लागि सुझावहरू**

- समितिको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्न प्रभावकारी संयन्त्र बनाउनु पर्ने,
- समितिको निर्देशन कार्यान्वयनमा उदासिनता देखाउने निकायहरुको समस्या र समाधानका उपायहरु पहिचान गर्ने,
- समितिहरुले दिने निर्देशनमा एकरुपता कायम गर्नुपर्ने,
- समितिहरुको निर्देशनलाई कार्यान्वयन योग्य बनाउन समिति आफैं प्रभावकारी हुनु पर्ने,
- पर्याप्त अध्ययन अनुसन्धान गरेर कार्यान्वयन गर्न योग्य निर्देशन दिने संस्कृतिको बिकास गर्ने,
- समितिका निर्देशन कार्यान्वयन गर्नु सरकारको जवाफदेहीता भित्रको विषय रहेको कुरा सरकारका निकायहरुलाई मनन गराउनु पर्ने ।

**समितिका समस्या तथा चुनौती**

- समितिको अधिकारक्षेत्रको अस्पष्टताले अन्य समितिसँग बाझिने अवस्था रहनु,

- राजनीतिक र प्रशासनिक नेतृत्व बारम्बार परिवर्तन भइरहँदा समिति र उपसमितिका बैठक सञ्चालन गर्ने कार्य प्रभावित हुनु,
- बेरुजु ब्यवस्थापनका कार्यलाई पूर्ण रुपमा सूचना प्रविधिमा आधारित बनाउन नसक्दा बेरुजुको अध्यावधिक अवस्था यकिन गर्न नसक्नु,
- सम्बन्धित निकाय र पदाधिकारीले बेरुजु फछ्र्यौट कार्य आफ्नो दायित्व हो भनी वोध गर्न नसक्नु,
- सदस्यहरुले आफ्नो जिम्मेवारी र आचारसंहिताको पालना नगरेको, स्वार्थ बाझिने निर्णयमा समेत सहभागी भएको भन्ने पनि प्रश्न उठ्ने गर्नु ।

**समाधानका केही सुझावहरू**

- महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित वेरुजुहरुमाथि समयमै छलफल गर्ने,
- सार्वजनिक लेखा, अन्य लेखा, सरकारी बजेट वा सरकारका सबै निकायहरुको बजेट, खर्च, र उपलब्धीको नियमित रुपमा छलफल, अनुगमन र मूल्यांकन गर्ने,
- छलफलमा सम्बन्धित विभागीय मन्त्री, सचिव, अन्य हितसमूह, विज्ञ, विशेषज्ञ, महालेखा परीक्षकको कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतलाई सहभागी गराउने,
- निष्पक्ष, ईमान्दार, कानून सम्मत, गहन अध्ययन तथा प्रमाणयुक्त आधारमा निर्देशन र सुझाव दिने,
- सुझाव र निर्देशन कार्यान्वयनको अवस्था नियमितरुपमा अनुगमन र मूल्यांकन गर्ने ।
- सार्वजनिक लेखा, अन्य लेखा, सरकारी बजेट वा सरकारका सबै निकायहरुको बजेट, खर्च र उपलब्धीको नियमित रुपमा छलफल, अनुगमन र मूल्यांकन गर्ने,
- बैठक समयमै नबस्ने, निर्णय कार्यान्वयनको प्रभावकारी अनुगमनको कमी, समयमै निर्णय हुन नसक्ने, गणपूरक नपुग्ने, बजेट र समन्वयको अभाव हुन नदिन आवश्यक पहल गर्ने,
- अनियमितता, वेरुजु र भ्रष्टाचार सम्बन्धी विषयमा छलफल र निर्णय गर्दा समिति सदस्यहरुले दलीय स्वार्थभन्दा माथि रहेर निर्णय गर्ने ।

**अध्ययन गर्नुपर्ने केही सामग्रीहरु**

- नेपालको संविधान (२०७२)
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन तथा नियमावली
- सार्वजनिक खरिद ऐन तथा नियमावली
- भ्रमण खर्च नियमावली
- संघ/ प्रदेश सभा नियमावली
- सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि
- बजेट कार्यान्वयन निर्देशिका/ आचारसंहिता

**कोशी प्रदेशको वेरुजुको अवस्था र समितिले चाल्नुपर्ने कदमहरु**

**१. महालेखापरीक्षकको संवैधानिक व्यवस्थाः**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरूको आर्थिक कारोबारको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसका साथै पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको

स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने र शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्वका संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने समेत व्यवस्था रहेको छ । नेपाल सरकारका तीनै तहका कार्यालयमा राखिने लेखाको ढाँचासमेत महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था रहेको छ ।

## २. लेखापरीक्षण बेरुजु

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले प्रचलित कानूनबमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरा लेखापरीक्षणद्वारा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषा गरेको छ । सरकारी आर्थिक कारोबारमा कानूनको रित नपुर्‍याईं गरेको आम्दानी खर्च, तोकिएको ढाँचामा राख्नुपर्ने लेखा नराखेको, लेखापरीक्षणका लागि आवश्यक लेखा कागजात पेश नभएकोमा, कुनै कामको लागि दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई बाँकी देखिएको अवस्थालाई लेखापरीक्षणमा बेरुजुको रूपमा औंल्याउने व्यवस्था छ ।

## ३. बेरुजुको वर्गीकरण व्यवस्था

आर्थिक कारोबारमा देखिएका कमजोरीको प्रकृति र गाम्भिर्यता अनुसार वर्गीकरण गर्ने प्रचलन रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ ले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नपर्ने र पेश्की बेरुजु भनि उल्लेख गरेको छ । महालेखापरीक्षकको प्रतिवेदनले प्रतिवेदनका व्यहोराहरूलाई सैद्धान्तिक र लगति गरी मुख्य रूपमा दुई वर्गमा राखी प्रस्तुत गर्दै आएको छ । लगती बेरुजुलाई समेत असुल उपर गर्नुपर्ने, अनियमित तथा पेस्की बाँकी गरी देखाउने गरेको छ ।

लेखापरीक्षणबाट प्रणाली, नीति, कानुन, संरचना लगायतमा सुधार गर्नुपर्ने भनि रकम नखुलाई औल्याइएको व्यहोराहरूलाई सैद्धान्तिक बेरुजुमा राखिन्छ । लेखापरीक्षण प्रतिवेदनमा रकम खुलाई असुल उपर गर्नुपर्ने, अनियमित तथा पेस्की बाँकी भनी औंल्याइएको लगत अभिलेख रहने बेरुजुलाई लगती बेरुजुमा वर्गीकरण गर्ने गरेको छ । लेखापरीक्षण हुँदा प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको, बढी हुने गरी भुक्तानी दिएको, घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी ठहर भएको रकम तथा हिनामिना मस्यौट गरेको तथा सरकारलाई तिर्न बुझाउन पर्ने रकमलाई असुल उपर गर्नुपर्ने बेरुजु भनिन्छ । कर्मचारी, पदाधिकारीबाट भएको सरकारी स्रोतसाधन सम्पत्तिको हिनामिना, मस्यौट, हानि नोक्सानी तथा कर्मचारी, आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा सेवा प्रदायकलाई कानुनी व्यवस्था भन्दा बढी भुक्तानी गरेको र कानुनी व्यवस्था भन्दा घटी राजस्व असुली गरेका व्यहोराहरू यसमा समेटिने गरेको देखिन्छ ।

## ४. कोशी प्रदेश सरकारको बेरुजुको वर्गीकरण व्यवस्था

कोशी प्रदेश सरकारको विगत ३ बर्षको वेरुजुको अवस्था देहाय वमोजिम रहेको छ

(रू. हजारमा)

| वर्गीकरण | २०७८।७९ | २०७९।८० | २०८०।८१ | गत वर्षको तुलनामा वृद्धि/घटि प्रतिशत |
|---|---|---|---|---|
| १. असुल गर्नुपर्ने | ३३८३९७ | १४७१४० | ११०३६४ | -२४.९९ |
| २. नियमित गर्नुपर्ने | ११८८१४५ | १०९४०४७ | ६५४१७६ | -४०.२१ |
| ● अनियमित भएको | ४३१२५० | ३४५२०१ | २९७६८७ | -१३.७६ |
| ● प्रमाण कागजात पेस नभएको | ७५६३९५ | ७४८८४६ | ३५६४८९ | -५२.३९ |
| ● सोधभर्ना नलिएको | ५०० | - | - | |
| ३. पेस्की | ११९७७१ | ७६४२३ | १०३६४९ | ३५.६३ |
| जम्मा | १६४६३१२ | १३१७६१० | ८६८१८९ | -३४.११ |

## ५. लेखापरीक्षण अङ्कमा बेरुजु

प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेतको विगत ३ बर्षको लेखापरीक्षण सम्पन्न र बेरुजुको अवस्था देहाय वमोजिम रहेको छ ।

(रू. हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | २०७८।७९ | | | | २०७९।८० | | | | २०८०।८१ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु रकम | बेरुजु प्रतिशत | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु रकम | बेरुजु प्रतिशत | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु रकम | बेरुजु प्रतिशत |
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १८७ | ४४६१५००२ | १४९९८५९ | ३.३६ | १८० | ४७९३०११५ | १२२९०८२ | २.५६ | १८० | ४६०१४५७८ | ७६५४२९ | १.६६ |
| २. | समिति र अन्य संस्था | १७ | ४४०४४३५ | १४६४५३ | ३.३३ | १८ | ४८५७०१९ | ८८५२८ | १.८२ | २१ | ५४०२३३७ | १०२७६० | १.९० |
| | **जम्मा** | **२०४४** | **४९०१९४३७** | **१६४६३१२** | **3.36** | **१९८** | **५२७८७१३४** | **१३१७६१०** | **२.५०** | **२०१** | **५१४१६९१५** | **८६८१८९** | **१.६९** |

माथिको तथ्याङ्क वमोजिम आर्थिक वर्ष २०७८।७९ मा ३.३६ प्रतिशत बेरुजु रहेकोमा बेरुजु रकम र प्रतिशत समेत घट्दो क्रममा रही आर्थिक बर्ष २०७९।८० मा २.५० प्रतिशत र आर्थिक बर्ष २०८०।८१ मा १.६९ प्रतिशत रहेको देखिन्छ ।

### ६. वेरुजु फर्स्यौटको अवस्था

प्रदेश सरकारको विगत ३ वर्षको बेरुजु फर्स्यौट तथा सम्परीक्षणको अवस्था देहाय वमोजिम रहेको छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | २०७८।७९ मा सम्परीक्षण भएको रकम | २०७९।८० मा सम्परीक्षण भएको रकम | २०८०।८१ मा सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारी निकाय | ४८६२३४ | ६६००१६ | १०२२३२१ |
| २. | समिति तथा अन्य संस्था | ० | ४०५८१ | २५६९२ |
| **जम्मा** | | **४८६२३४** | **७००५९७** | **१०४८०१३** |

प्रदेश सरकारको वेरुजु फर्स्यौट तथा सम्परीक्षण समेत क्रमस वृद्धि हुदै गएको देखिन्छ ।

### ७. हालसम्मको बाँकी बेरुजु

प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रू.५ अर्ब ४० करोड ५ लाख ८३ हजार रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ३.२२ प्रतिशतले घटेको छ ।

(रू. हजारमा)

| क्र.सं. | मन्त्रालय/ निकायको नाम | गत वर्ष सम्मको बाँकी | सम्परीक्षण भएको | गत वर्ष सम्मको बाँकी | यो वर्षको थप | सातौँ प्रतिवेदन सम्मको बाँकी बेरुजु | सातौँ प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेस्की |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालय तर्फ | ५३३५९९३ | १०२२३२१ | ४३१३६७२ | ७६५४२९ | ५०७९१०१ | ३७५३२९८ |
| २. | समिति तथा अन्य संस्था तर्फ | २४४४१४ | २५६९२ | २१८७२२ | १०२७६० | ३२१४८२ | १००२४ |
| जम्मा | | ५५८०४०७ | १०४८०१३ | ४५३२३९४ | ८६८१८९ | ५४००५८३ | ३७६३३२२ |

## ८. बेरुजु फर्स्यौट गर्न अपनाउनुपर्ने उपायहरु

- ✓ बेरुजुको लगत र अभिलेख - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ (४) मा फर्स्यौट वा फरफारख भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गराउनुपर्ने व्यवस्था बमोजिम बेरुजुको लगत व्यवस्थापन, अभिलेख, फर्स्यौट तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।
- ✓ वार्षिक प्रतिवेदन उपर छलफल - महालेखापरीक्षकबाट संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेश प्रमुख समक्ष पेस भएको प्रदेशको काम कारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, 2075 को दफा 5) 19) बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा समयमै छलफल तथा सोको निर्णयवाट आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्धनमा टेवा पुग्ने भएकोले अन्य वार्षिक प्रतिवेदनहरू समेत सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुङ्ग्याउनुपर्दछ ।
- ✓ लगत कट्टा - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४२ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याईएका बेरुजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेस गरेको सुझाव सो सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था बमोजिम सम्बन्धित लेखाउत्तरदायी अधिकृतबाट लगत कट्टाको लागि अग्रसरता लिने र महालेखापरीक्षकको कार्यालयवाट लगतकट्टा गरी सोको जानकारी प्रदान गर्नुपर्दछ ।

## ९. सार्वजनिक लेखा समितिले प्रदेश सरकारलाई दिने निर्देशनमा ध्यान दिनुपर्ने विषयहरु –

- आन्तरिक नियन्त्रण प्रणाली तीन महिनाभित्र तयार गरी कार्यान्वयन गर्ने,
- दिगो विकास लक्ष्यको आन्तरिकीकरण र मानव संसाधन प्रक्षेपण कार्यक्रम सञ्चालन गर्ने,
- सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित गरी राख्ने,
- ऐनमा भएको व्यवस्था पालना गरी पदाधिकारीलाई सेवा सुविधा उपलब्ध गराउने,
- ऐनमा भएको व्यवस्था अनुसार बजेट तथा कार्यक्रमको अनुगमन गर्ने,
- प्रदेश सरकार र मातहतका निकायले प्रयोग गरिरहेको घरजग्गा लगायत सम्पत्ति प्रदेश सरकार मातहत ल्याउन सङ्घीय सरकारसँग पहल गर्ने,
- प्रदेशको एकल र साझा अधिकार अन्तरगतका कानुनको पहिचान गरी कानुन निर्माण गर्ने,
- राजस्व असुलीमा बृद्धि गर्न कानुनी तथा प्रशासनिक क्षेत्रमा सुधार गर्ने,
- असार १० गतेभन्दा पछि रकमान्तर नगर्ने,
- सरकारी कार्यक्रम हरुको प्रगति विवरण सार्बजनिक गर्ने,
- प्रदेश योजना बैङ्कमा समावेश योजना, कार्यक्रममा स्वीकृत गरी स्रोत सुनिश्चितता प्रदान गर्ने,
- स्थानीय तहमा खर्च नभई बचत भएको सशर्त, समपुरक तथा विशेष अनुदान समयमै फिर्ता गराउने,
- बेरुजुको एकीकृत लगत तयार गर्ने,
- कार्य विभाजन नियमावलीबमोजिमका मन्त्रालयलाई तोकिएको कार्यहरू कार्ययोजनासहित सम्पादन गर्ने,
- पदाधिकारीलाई जिम्मेवार बनाउन कार्यसम्पादन करार गर्ने,

- जटिल प्रकृतिको कार्य उपभोक्तामार्फत नगराउने,
- पेस्की लिएर समयमा कार्य नगर्ने निर्माण व्यवसायीको पेस्की असुल गर्ने,
- जमानतको म्याद थप तथा असुली कार्य समयमा नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउने,
- प्रर्याप्त पुष्ट्याईबेगर भेरिएसन नगर्ने र स्पष्ट गर्नुपर्ने संवेदनशील विषयमा मन्त्रालयले जाँचबुझ गरी प्रतिवेदन गर्ने लगायतका निर्देशन सम्बन्धित मन्त्रालयहरूलाई दिनुपर्दछ ।
- बिगत ७ बर्षदेखि प्रदेश सरकार मार्फत दिदै आएको कृषि अनुदानको एक उच्च स्तरीय समेंत्र गठन गरि अध्ययन, अनुगमन र मूल्यांकन सहितको प्रतिबेदन सार्बजनिक गर्न सरकारलाई निर्देशन दिने ।(व्यक्ति, समूह,कृषि फर्म, पोखरी, तरकारी जन्य खेति, पशुपालन, कृषि सहकारी, पशु बिकाश जन्य माछा, दुध, लगाएत कृषिको लागि दिएको अनुदानहरु)
- बिगत ७ बर्ष देखि संघिय सरकारको कार्य प्रदेश सकार मार्फत संचालन गर्ने गरि हस्तान्तरण भएका विभिन्न भौतिक कार्याक्रम हरुको विवरण, कार्यसम्पादन, अनुगमन, र मूल्यांकन, सहितको प्रतिबेदन तयार गरि सार्बजनिक गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

**१०. बेरुजु न्यूनीकरण गर्ने उपायहरु**

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ ।
- लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।
- अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ ।
- आवधिक योजना, क्षेत्रगत प्राथमिकता, कार्यान्वयन क्षमता, स्रोत साधनको उपलब्धता, सरकारको नीति तथा कार्यक्रम र प्रतिफल समेत विश्लेषण गरी मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा एवम् कार्यान्वयन गर्नुपर्दछ ।
- खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी समयबद्ध खरिद र सार्वजनिक खरिदको मूल्य सार्थकताको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ ।
- लाभ लागत विश्लेषण, प्राप्त हुने प्रतिफल, लागत फिर्ता हुने समयावधि लगायतका आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्ने र त्यस्ता आयोजनालाई मात्र बजेटमा समावेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता अनुसारका प्रक्रिया अवलम्बन गरी अधुरा आयोजना टुङ्गो लगाउनु पर्दछ ।
- दातृ निकायबाट प्राप्त सहयोगको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्दछ ।

- स्वीकृत आयोजनाको लागि प्राप्त समपूरक अनुदान सोही आयोजनामा मात्र खर्च गर्ने व्यवस्थाको पालना गरी सङ्घीय स्रोततर्फ बढी खर्च भएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।
- मन्त्रालयहरू टुक्रिने र समायोजन हुने क्रममा लगत व्यवस्थित हुन नसकेकोले लेखापरीक्षण प्रतिवेदनमा औँल्याएका विषय कार्यान्वयनका लागि लगत अध्यावधिक गरी फस्र्यौट गर्नुपर्दछ ।
- प्रदेश सरकार र मातहत निकायका घरजग्गा लगाएत सबै प्रकारका चल अचल सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने, मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने, घरजग्गा अभिलेख व्यवस्थित गर्ने र सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।
- प्रचलित कानुनको पुर्ण पालना गरी खर्च गर्ने, अभिलेख राख्ने, प्रतिवेदन गर्ने तथा लेखापरीक्षण समेत गराउनुपर्दछ ।
- सरकारि बजेटबाट हुने परियोजना र कार्यक्रमहरु बजेट आउनसाथ सम्बन्धित मन्त्रालय र निकाय हरुले बिस्तृत विवरण सहित सार्बजनिक गर्ने र प्रतेक ३ महिनामा प्रगति प्रतिबेदन सर्बनजिक गर्ने ।

# नीति कार्यान्वयनमा पारदर्शिता: नेपालको सन्दर्भमा व्यवस्थापन परीक्षण



मुकुन्द प्रसाद निरौला *

**लेखसारः**

व्यवस्थापन परीक्षण सार्वजनिक प्रशासनको क्षेत्रमा नविन र महत्वपूर्ण अवधारणाको रूपमा विकास भएको छ। कुनै पनि संगठनका नीति, योजना, संरचना, कार्यप्रणाली, स्रोत-साधन तथा कार्यसम्पादनलाई परीक्षण, मूल्याङ्कन र विश्लेषण गर्ने उद्देश्यले यो अवधारणा विकसित गरिएको हो। सार्वजनिक प्रशासनमा सुशासन, पारदर्शिता, जवाफदेहिता र कार्यदक्षता अभिवृद्धि गर्ने मूल लक्ष्यसहित व्यवस्थापन परीक्षणको प्रयोग सन् १९४४ मा प्रारम्भ भएको पाइन्छ, जुन सन् १९६२ मा अमेरिकी प्रशासनमा लागू गरिएको थियो। नेपालमा यसको औपचारिक प्रयोग विक्रम संवत् २०५० को दशकदेखि प्रारम्भ भई निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मार्फत विधिवत् रूपमा स्वीकार गरिएको छ। व्यवस्थापन परीक्षणले कर्मचारी प्रशासन, कार्यालय व्यवस्थापन, आर्थिक प्रशासन, सेवा प्रवाह, सूचना प्रविधि, अभिलेख तथा जिन्सी व्यवस्थापन लगायतका विविध पक्षमा विश्लेषण र अनुगमन गर्दै संगठनलाई प्रभावकारी बनाउने कार्य गर्दछ। यसको उद्देश्य सार्वजनिक निकायहरूमा प्रचलित नियमकानुनको पालना भएको छ वा छैन भनी मूल्याङ्कन गर्ने, समस्याको पहिचान गरी सुधारात्मक सिफारिस प्रस्तुत गर्ने, तथा सेवा प्रवाहमा गुणस्तर र गतिशीलता ल्याउने हो। तर, नेपालमा व्यवस्थापन परीक्षणको कार्यान्वयनमा स्वतन्त्रता, स्रोत अभाव, दक्ष जनशक्ति, मापदण्डको अस्पष्टता, सूचना अभाव र प्रतिवेदन कार्यान्वयनको कमजोरी जस्ता चुनौतीहरू रहेका छन्। तसर्थ, यस प्रणालीलाई संस्थागत, कानुनी तथा प्राविधिक रूपले सबल बनाउँदै, स्वतन्त्र निकायमार्फत कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

**शब्दकुञ्जीः** व्यवस्थापन परीक्षण, सङ्गठन, सुशासन, पारदर्शिता

* सचिव, नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय

**विषय प्रवेश**

सार्वजनिक प्रशासनको क्षेत्रमा नविन अवधारणाको रूपमा व्यवस्थापन परीक्षणलाई लिने गरेको पाइन्छ । कुनै पनि सङ्गठनको निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि व्यवस्थापनको नीति, कार्य, संरचना समेतका विविध आयामहरूको पुनरावलोकन तथा परीक्षणलाई व्यवस्थापन परीक्षणको रुपमा लिने गरिन्छ । यो सङ्गठनको संरचना, सञ्चालन कार्य व्यवस्थापन तथा सङ्गठनको योजना, लक्ष्य एवम् उद्देश्य, नीति, गतिविधि, सङ्गठनको सबलता, दुर्वलता, आय क्षमता एवम् सक्षमता समेतका विषयको स्वतन्त्र, निष्पक्ष परीक्षण, मूल्याङ्कन तथा विश्लेषण हो । सार्वजनिक क्षेत्रमा समग्र सुशासन कायम गरी उच्च कार्यदक्षता प्रस्तुत गर्ने उद्देश्यवाट सन् १९४४ मा टि. जी. रोजले "द म्यानेजमेन्ट अडिट" पुस्तक मार्फत व्यवस्थापन परीक्षणको अवधारणा शुरु गरे भने सर्वप्रथम सन् १९६२ मा अमेरिकी सार्वजनिक प्रशासनमा प्रयोग भएको पाइन्छ। नविन सार्वजनिक व्यवस्थापनकै एक आयामको रूपमा सर्वप्रथम अमेरिकी प्रशासनविद् ज्याक्सन माटिन्डेलले "द साइन्टिफिक एप्राइजल म्यानेजमेण्ट" मार्फत थप व्यापक र विस्तारित गराए सँगै यसको अवधारणा प्रकासमा ल्याएका थिए ।

व्यवस्थापन परीक्षण सङ्गठनमा काम गर्ने जनशक्तिको कर्तव्य र उत्तरदायित्वको पालना, जवाफदेहिता सिर्जना, व्यवस्थापनको कार्यदक्षता र प्रभावकारिता परीक्षण, कार्यप्रक्रियाको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनको माध्यमबाट सङ्गठनलाई गतिशील बनाउने मामिलामा अत्यन्त उपयोगी सिद्ध हुन्छ ।

- राज्य सञ्चालन गर्ने सिलसिलामा अपनाईएका व्यवस्थापकीय क्रियाकलापहरूको समष्टिगत अनुगमन, मूल्याङ्कन गरी सुधारका निमित्त उपयुक्त एवम् प्रभावकारी उपाय अपनाउने प्रशासन सुधारको आन्तरिक रणनीति ।
- निर्णय र त्यसको प्रक्रिया सङ्गठनात्मक स्वरूप र कार्यविधि, मानवीय, भौतिक एवम् अन्य स्रोतको प्रयोग, सञ्चार प्रक्रिया, उत्तरदायित्व र पारदर्शीता आदि पक्षको उपयुक्तता, प्रभावकारिता सक्षमताको विश्लेषण गरिने ।
- साधनको प्रभावकारी परिचालन (उत्पादनशील उपयोग) बाट वाञ्छित उद्देश्य/लक्ष्य हासिल गर्ने कार्य व्यवस्थापन हो । यसको मापन कार्यविधि व्यवस्थापन परीक्षण हो ।
- सङ्गठनका तत्वहरूको प्रभावकारी उपयोग गरी सुशासन कायम गर्नु नै व्यवस्थापन परीक्षण हो ।
- व्यवस्थापन परीक्षण व्यवस्थापनको प्रभावकारिता, कार्य दक्षता आदि जाँच गर्ने त्यो विस्तृत एवम् रचनात्मक परीक्षण प्रविधि हो, जसले सङ्गठनको नीति, योजना, संरचना, स्रोत, साधनको प्रयोग तथा कार्य सम्पादन र प्रक्रिया लगायत सम्पूर्ण पक्षहरूको सुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन गरी सङ्गठनमा नियन्त्रण एवम् सुधार गर्दै गतिशील सङ्गठन र जवाफदेही प्रशासन निर्माण गर्दछ ।

  समग्रमा,

  व्यवस्थापन परीक्षण भन्नाले लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषय बाहेक सार्वजनिक निकायले प्रचलित नीति, कानुन तथा प्रशासकीय नियम र कार्यविधि पालन गरे नगरेको, वार्षिक योजना, बजेट तथा कार्यक्रम बमोजिम कार्य गरे नगरेको, कार्यसम्पादन सम्झौताको पालना गरे नगरेको एवं कर्मचारी व्यवस्थापन, कार्यालय व्यवस्थापन, आर्थिक प्रशासन, जिन्सी तथा अभिलेख व्यवस्थापन लगायत सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित समग्र विषयको निरीक्षण, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचबुझ र परीक्षण गर्ने कार्य सम्झनुपर्छ ।




**व्यवस्थापन परीक्षणका पक्षहरू**

१. गुणस्तर तथा मान परीक्षण
२. आन्तरिक लेखा परीक्षण
३. योजना व्यवस्थापन परीक्षण
४. कर्मचारी व्यवस्थापन परीक्षण
५. वित्तीय व्यवस्थापन परीक्षण
६. जनताको भनाई र भावना परीक्षण

**उद्देश्य**

सङ्गठनको समग्र व्यवस्थापकीय कार्यको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन नै व्यवस्थापन परीक्षण हो। व्यवस्थापन परीक्षणको मूल ध्येय प्रशासकीय सङ्गठनलाई कार्यसम्पादन र सेवा प्रवाहको दृष्टिले सक्षम तुल्याउनु हो। यसका अलावा निम्नलिखित उद्देश्यहरु रहेका हुन्छन :-

- नेपाल सरकारका विभिन्न निकायहरुको प्रशासकीय व्यवस्थापन सम्बन्धी कार्यमा एकरुपता कायम गर्न सहयोग पुर्याउने,
- नेपाल सरकारका निकायहरुले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालना गरे/नगरेको सम्बन्धमा परीक्षण गरी दोखिएका कमिकमजोरी, त्रुटी र अनियमितताहरुलाई उजागर गर्ने र सुधारका लागि सुझावहरु प्रस्तुत गर्ने,
- व्यवस्थापकीय क्षेत्रको समस्या पहिचान गरी उपायको संयोजन गर्ने,
- प्रशासकीय सङ्गठनलाई कार्यसम्पादन सुधार गरी सुशासन कायम गर्ने,
- आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाई सार्वजनिक उत्तरदायित्व बढाउने,
- उपलब्ध साधन श्रोतको उच्चतम प्रयोग गरी सङ्गठनमा गतिशिलता, व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता तथा

उद्देश्यमा प्रभावकारिता वृद्धि गर्ने,

- सङ्गठनको स्वरूप योजना, उद्देश्य, श्रोत साधनको उपयोगमा प्रभावकारिता ल्याउने ।

**व्यवस्थापन परीक्षणका विधिहरू**

(क) स्थलगत अवलोकन: (१) प्रत्यक्ष अवलोकन (२) सहभागितात्मक अवलोकन

(ख) छलफल : सम्बन्धित कर्मचारी र सेवाग्राहीसँग

(ग) अन्तर्वार्ता : अन्तर्वार्ता लिनु अघि नै मूल उद्देश्य, तथ्य वा सूचनाहरू, अन्तर्वार्ता लिने व्यक्तिहरूको सूची तथा यसका विधि तयार गर्ने

(घ) प्रश्नावली

(ङ) सन्दर्भ सामग्री अध्ययन: सबै कागजात हेरि परीक्षण गर्न खोजिएका कागजातहरू अध्ययन

(च) आवश्यकता अनुसार अन्य विधि ।

**व्यवस्थापन परीक्षणका विषय/क्षेत्र :**

- नीतिगत र कानुनी व्यवस्था
- कर्मचारी प्रशासन र व्यवस्थापन कार्यालय व्यवस्थापन
- अभिलेख व्यवस्थापन
- जिन्सी व्यवस्थापन
- वार्षिक कार्यक्रम
- आर्थिक प्रशासन
- सेवा प्रवाह
- सूचना प्रवाह र सूचना प्रविधि
- गुनासो व्यवस्थापन
- क्षमता विकास
- आचरण र अनुशासन
- आवश्यकता अनुसार अन्य विषयहरु आदि

**नेपालमा व्यवस्थापन परीक्षण**

नेपालको सार्वजनिक प्रशासनमा समेत व्यवस्थापन परीक्षणलाई सार्वजनिक प्रशासनको अभिन्न अङ्गको रूपमा स्वीकार गरिँदै आएको छ । खासगरी नेपालको सार्वजनिक प्रशासनमा पनि नविन सार्वजनिक व्यवस्थापनका असल अभ्यासहरूको प्रयोगबाट सार्वजनिक प्रशासनलाई अझ बढी सक्षम, जनउत्तरदायी पारदर्शी कायम गर्ने उद्देश्यबाट नेपालको निजामती प्रशासनमा विक्रम सम्वत २०५० को दशकमा यसको प्रयोग अभ्यासमा ल्याइएको थियो। निजामती सेवा ऐन, २०४९ (प्रथम संशोधन ऐन) को दफा ७२ (क) तथा निजामती सेवा नियमावली, २०५० को नियम ३ (क) द्वारा व्यवस्थापन परीक्षणलाई निजामती प्रशासनको अभिन्न अङ्गको रूपमा स्वीकार गरेको पाइन्छ। जस अनुसार लोकसेवा आयोगको कार्यक्षेत्र भित्र पर्ने विषय बाहेक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नेपाल सरकारका विभिन्न निकायहरूमा कार्यरत निजामती कर्मचारीहरुले प्रचलित कानुन तथा प्रशासकीय नियम र कार्यविधिहरूको पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन समेत दिने कार्य गर्दै आएको छ ।

त्यस्तै व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ को समेत व्यवस्था गरिएको छ । जसमा व्यवस्थापन परीक्षण गर्ने तरिका समय

तथा परीक्षणका आयाम तथा क्षेत्रहरू तथा जिम्मेवारी निकायहरूको समेत स्पष्ट व्यवस्था गरेको पाइन्छ। लोकसेवा आयोग ऐन, २०६६ ले समेत आफ्नो कार्यक्षेत्रको विषयमा वार्षिक रुपमा व्यवस्थापन परीक्षण गर्ने कार्य उल्लेख गरेको पाइन्छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वार्षिक रुपमा नियमित तथा आकस्मिक रूपमा व्यवस्थापन परीक्षण गर्ने उल्लेख भएको छ । साथै मन्त्रालयले आफ्नो अधिकार प्रत्यायोजन गरी नेपाल सरकारका सबै विभागीय प्रमुख, कार्यालयहरूको व्यवस्थापन परीक्षण गरी प्रतिवेदन पठाउन सक्ने व्यवस्था समेत उल्लेख छ । साथै परीक्षण गर्दा विभिन्न विधिहरूको प्रयोग भएको हुन्छ जस्तो :- अवलोकन, कागज तथा प्रमाणहरूको अध्ययन, प्रश्नावली, अन्तर्वार्ता, छलफल प्रतिवेदनहरूको अध्ययन आदि कुनै पनि उपयुक्त विधिबाट व्यवस्थापन परीक्षण गर्न सक्ने व्यवस्था छ। सोको एकीकृत प्रतिवेदन समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरी मन्त्रिपरिषदबाट पारित गरी सो अनुरुप कार्यान्वयन गर्ने व्यवस्था रहेको पाइन्छ ।

(१) संवैधानिक प्रावधान : महालेखा परीक्षकको कार्यालयबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखा परीक्षण हुने, CIAA (अधिकारको दुरूपयोग र भ्रष्टाचार सम्बन्धमा), लोक सेवा आयोग (क.प्र. सम्बन्धी नियुक्ति, वढुवा, विभागीय कारवाही)

(२) संस्थागत व्यवस्था :सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (क. प्र. सम्बन्धी) को. ले. नि. का. र प्र. ले. नि. का. (आ. ले.प.) रा.यो.आ. / क्षेत्रगत मन्त्रालयहरू (योजना/आयोजना) रा.स. केन्द्र (प्राविधिक परीक्षण/अनियमितता) वाणिज्य विभाग/स्थानीय प्रशासन (बजार परीक्षण) सामुदायिक विद्यालयहरूको Social Audit

(३) नीतिगत/कानुनी व्यवस्था : प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ सुशासन ऐन, नियमावली निजामती सेवा ऐन, २०४९ को दफा ७२ 'क' मा व्यवस्थापन परीक्षणको व्यवस्था व्यवस्थापन परीक्षण सम्बन्धी निर्देशिका, २०७९ ।

**३. व्यवस्थापन परीक्षणका क्षेत्रहरू**

व्यवस्थापन परीक्षण गर्दा लिने कार्यक्षेत्र तथा परीक्षणको दायरालाई नै यसको आयामहरूको रुपमा बुझ्ने गरिन्छ । व्यवस्थापन परीक्षण गर्दा समेत त्यसका विभिन्न आयामहरू पहिचान गरी परीक्षण, मूल्याङ्कन, सुपरिवेक्षण गर्ने गरी व्यवस्थापन परीक्षण निर्देशिका २०७९ मा उल्लेख गरिएका छन् । जस्तै :

**क) नीतिगत तथा कानुनी व्यवस्था**

१. नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत नेपालको संविधानको अनुसूचीको कार्य विस्तृतीकरण प्रतिवेदन, नेपाल सरकार (कार्यविभाजन) नियमावलीबमोजिमको जिम्मेवारी निर्वाह गर्न निर्माण गर्नुपर्ने नीति, कानुन तथा मापदण्डको पहिचान र निर्माणको अवस्था,

२. सम्बन्धित निकायको लागि विशेष कानुनद्वारा निर्देशित अन्य कार्य,

३. क्षेत्रगत नीतिको आवधिक समीक्षा तथा नीति परीक्षण ।

**ख) कर्मचारी प्रशासन तथा व्यवस्थापन**

१. सङ्गठन संरचना,

२. सङ्गठनको स्वीकृत दरबन्दी तथा जिम्मेवारी बाँडफाँटको अवस्था,

३. कर्मचारी पदपूर्ति र रिक्त पदको विवरण,

४. स्थायी, अस्थायी तथा करारमा रहेका कर्मचारीको विवरण,

५. सङ्गठनको कार्य जिम्मेवारीबमोजिम जनशक्ति प्रक्षेपण र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण,

६. कर्मचारीको कार्यविवरण,

७. कर्मचारीको अभिलेख तथा राष्ट्रिय किताबखाना (निजामती) को विवरणबिचको एकरूपता,
८. कर्मचारी सरुवासम्बन्धी कानुनी व्यवस्था तथा मापदण्ड र कार्यान्वयनको अवस्था,
९. स्वदेशी तथा वैदेशिक अध्ययन, तालिम, भ्रमण मनोनयनसम्बन्धी प्रचलित कानुनी व्यवस्था र मापदण्डको कार्यान्वयन,
१०. कार्यसम्पादन सम्झौता तथा कार्यान्वयनको अवस्था ।

**(ग) कार्यालय व्यवस्थापन**

१. संसदीय समिति, संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयबाट प्राप्त निर्देशन, परिपत्रको अभिलेखीकरण र कार्यान्वयनको अवस्था,
२. अधिकार प्रत्यायोजनको अवस्था,
३. निर्णय प्रक्रिया सरलीकरण विधि,
४. आन्तरिक नियन्त्रण प्रणाली,
५. कर्मचारी बैठक, उच्च व्यवस्थापन तह वा नीति समन्वय समूहको बैठक, निर्णय र कार्यान्वयन,
६. सेवा प्रवाह तथा कार्यालय व्यवस्थापनसम्बन्धी कार्य सञ्चालन मापदण्ड निर्माण तथा कार्यान्वयन,
७. कार्यालयको काम तथा सेवा प्रवाह सुचारु गर्न गरिएको प्रवन्ध,
८. कार्यालय विन्यास,
९. कार्यालयको भौतिक अवस्था,
१०. कार्यस्थलमा हुनसक्ने आपत्कालीन तथा आकस्मिक अवस्थाको लागि ग्रावश्यक प्रवन्ध,
११. सङ्गठनको कार्य संस्कृति र कार्य वातावरण ।
१२. बरबुझारथ तथा संस्थागत स्मरण हस्तान्तरणको अवस्था ।

**(घ) अभिलेख व्यवस्थापन**

१. महत्त्वपूर्ण कागजातको संरक्षण तथा विद्युतीय अभिलेखीकरणको अवस्था,
२. चल तथा अचल सम्पत्तिको अभिलेख,
३. कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, विदा, काज र कार्यसम्पादन मूल्याङ्कन लगायतका विषयको अद्यावधिक अभिलेख,
४. कर्मचारीको अद्यावधिक हाजिरी अभिलेख ।

**(ङ) जिन्सी व्यवस्थापन**

१. खरिद योजना निर्माण र कार्यान्वयन,
२. चल तया अचल सम्पत्तिको संरक्षण र उपयोग,
३. जिन्सी निरीक्षण,
४. लिलाम, मर्मत, मिनाहा तथा कागज धुल्याइएको अवस्था,
५. बरबुझारथको अवस्था ।

**(च) वार्षिक कार्यकम**

१. वार्षिक कार्यक्रम निर्माण तया कार्यान्वयनको अवस्था,
२. वार्षिक कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि चालिएका उपाय ।

**(छ) आर्थिक प्रशासन**

१. सम्बन्धित निकायवाट पारित तलबी प्रतिवेदन,
२. कार्यालयबाट भएको भुक्तानी र सोको आधार,
३. आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट दिइएको निर्देशन कार्यान्वयन,
४. बेरुजु तथा बेरुजु फछ्यौटको अद्यावधिक अवस्था ।

**(ज) सेवा प्रवाह**

१. नागरिक बडापत्र,
२. सुझाव तथा गुनासो पेटिकाको व्यवस्था र कार्यान्वयन,
३. सार्वजनिक सुनुवाइ,
४. सेवा प्रवाहमा देखिएका नीतिगत, कानुनी, प्रक्रियागत एवम् व्यवहारगत समस्या समाधानका प्रयास,
५. सेवा प्रवाहको सिलसिलामा अवलम्बन गरिएका नवीन अभ्यास ।

**(झ) सूचना प्रवाह तथा सूचना प्रविधि**

१. प्रवक्ता र सूचना अधिकारीको व्यवस्था,
२. सूचना प्रवाहको तरिका र सोसम्बन्धी विवरण,
३. स्वतः प्रकाशन तथा अन्य प्रकाशन,
४. प्रवक्ता र सूचना अधिकारीलाई सूचना दिन अपनाइएका विधि,
५. वेवसाइट, मोबाइल एप्लिकेसनको निर्माण तथा अद्यावधिक सूचना प्रवाह,
६. सूचनामा नागरिक पहुँचको सुनिश्चितताका लागि अपनाइएका विधि,
७. तथ्याङ्कको सुरक्षा तथा भण्डारणको व्यवस्था,
८. सूचना प्रविधिको प्रयोग,
९. सूचना प्रविधि सुरक्षा परीक्षण ।

**(ञ) गुनासो व्यवस्थापन**

१. गुनासो सुन्ने अधिकारीको व्यवस्था,
२. गुनासो लिने व्यवस्था र विधि,
३. गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था,
४. गुनासोको वर्गीकृत अवस्था,
५. गुनासो सम्बोधनको अद्यावधिक अवस्था ।

**(ट) क्षमता विकास**

१. कर्मचारीको क्षमता विकाससम्बन्धी स्वदेशी वा वैदेशिक तालिम, अध्ययन तथा अध्ययन भ्रमण कार्यक्रम,
२. कर्मचारीको उत्प्रेरणा, सकारात्मक सोच तथा मनोबल अभिवृद्धिका लागि सञ्चालित योग, ध्यान, सदाचार, शिष्टाचार तथा आध्यात्मिक चेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम

**(ठ) आचरण र अनुशासन**

१. आचरण र अनुशासनको पालना तथा सोको अनुगमन र कारबाहीको अवस्था,
२. हाजिरी र बिदाको अवस्था ।

(ङ) आवश्यकताअनुसारका अन्य विषय ।

सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायमा कार्यरत निजामती कर्मचारीले प्रचलित नियम कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालना गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिश गर्ने र सोको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

**नेपालमा व्यवस्थापन परीक्षणका कमी कमजोरीहरू/ समस्याः**

- स्वतन्त्र निकायबाट नभई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुने गरेकाले यथार्थ नहुने सम्भावना रहेको,
- जनशक्ति र संरचना तयार नभएकाले व्यवस्थापन परीक्षणलाई नियमित र अनिवार्य गराउन नसकिएको,
- जिन्सी निरीक्षण, अधिकार प्रत्यायोजनको उपयोग, अनियमितताहरूको परीक्षण नगरी प्रशासकीय कार्यविधि पालना भए नभएको मात्र हेर्ने गरेको,
- व्यवस्थापन परीक्षण गराउने दायित्व किटान नभएकाले दक्ष मानव स्रोत तयार नगरिएको,
- कानुनमा किटिएता पनि मापदण्ड, कार्यक्षेत्र स्पष्ट नहुनाले कार्यालयहरूको प्राथमिकताको रुपमा नरहनु,
- बेरुजु, भ्रष्टाचार, सरकारी सम्पत्तिको दुरुपयोग जस्ता विषयहरूको आकस्मिक व्यवस्थापन परीक्षण गराउन नसकिएको,
- सम्बन्धित निकायहरूले व्यवस्थापन परीक्षण गर्दा आवश्यक सूचनाहरू उपलब्ध नगराउँदा असहजता हुने,
- कार्यविवरण स्पष्ट नहुनाले वृत्ति विकाससँग आबद्ध हुन नसकेको,
- सूचना प्रवाह प्रभावकारी नहुनु, पृष्ठपोषण परम्परा नहुनु, र सेवाग्राहीको सन्तुष्टिको मूल्याङ्कन नगरिने हुँदा तथ्यमा आधारित पार्न नसकिएको ।

यसैगरी प्राविधिक कार्यको गुणस्तर परीक्षण, स्रोत साधनको अपर्याप्तता, क्षेत्र र प्रश्नावली वस्तुगत एवम् उपयुक्त हुन नसकेको, परीक्षणबाट प्राप्त नतिजा कार्यान्वयन हुन नसकेको र परीक्षणको क्षेत्र विस्तृत रहनु पनि समस्याको रूपमा रहेको छ ।

**सुधारका उपायहरूर सुझाव**

**(१) नीतिगत र कानुनी सुधारः**

- स्वतन्त्र निकायबाट व्यवस्थापन परीक्षण गर्ने परिपाटी विकास गर्ने गरी कानुनमा सुधार गर्ने,
- CPA को भूमिकालाई सक्रिय बनाउने,
- व्यवस्थापन परीक्षणलाई प्राथमिकता राख्ने नीति बनाउने,
- विभिन्न निकायको दायित्वभित्रको व्यवस्थापन परीक्षणका विषयहरूलाई एउटै छाता ऐनभित्र समेटी एउटा Oversight Agency ले काम गर्ने व्यवस्था मिलाउने ।

**(२) प्रक्रियागत र कार्यगत सुधारः**

- व्यवस्थापन परीक्षणमा समग्र विषयको परीक्षण गर्ने पद्धतिको विकास गर्ने,
- व्यवस्थापन परीक्षणका लागि दक्ष मानव स्रोतको विकास गर्न तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
- सूचकको व्यवस्था गर्ने, नतिजालाई वृत्ति विकाससँग आबद्ध गरी सबै क्षेत्रमा अनिवार्य गर्ने, स्रोत एवम् साधनको व्यवस्था गर्ने, Feedback स्वीकार गर्ने, Moral and Motivation मा ध्यान दिने, Social Audit, क्षमता विकास गर्ने,

- व्यवस्थापन परीक्षणबाट दिएका प्रतिवेदन कार्यान्वयन गर्ने ।

**(३) अन्य सुधार :**

- राजनैतिक प्रतिबद्धता र प्रशासनिक कटिबद्धता,
- अध्ययन, अनुसन्धान, खोज र सुधारात्मक उपायको खोजी,
- परीक्षण प्रक्रियामा पारदर्शीता ल्याउने,
- प्राविधिक कार्यको मापदण्ड तयार गर्ने,
- सांगठनिक गतिशिलता र सुशासनको अनुभूति दिने,
- सुधारका सुझाव र निर्देशन पालनाको अनुगमन गर्ने संयन्त्रको विकास गर्ने,
- समग्र व्यवस्थापन परीक्षणलाई व्यवहारिक बनाउने ।

यसरी, व्यवस्थापन परीक्षण सार्वजनिक व्यवस्थापनलाई नतिजामुखी बनाउने नवीन अवधारणा हो । यसबाट सङ्गठनमा हुनसक्ने अव्यवस्था र त्रुटिहरूको निराकरण गरी सार्वजनिक जवाफदेहिता कायम गर्न सकिन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, मुलुकको विकास र समृद्धिका लागि सुशासन अनिवार्य सर्त हो । यसका लागि सार्वजनिक निकायको समग्र व्यवस्थापकीय पक्षलाई पारदर्शी, जवाफदेही, प्रभावकारी र अनुमानयोग्य बनाउनुपर्छ । साथै सार्वजनिक स्रोतको दक्षतापूर्ण परिचालन मार्फत अपेक्षित नतिजा हासिल गर्न, सार्वजनिक सेवा प्रवाहलाई सरल छिटो छरितो सहज र सेवाग्राही मैत्री बनाई व्यवहारिक रुपमै सुशासनको प्रवर्धन र नागरिकलाई लोकतन्त्रको लाभ अनुभूत गराउन व्यवस्थापन परीक्षणलाई एउटा महत्वपूर्ण साधनको रुपमा उपयोग गर्न अपरिहार्य छ ।

# कोशी प्रदेशको दिगो पर्यटन प्रवर्द्धनमा मिडियाको भूमिका



✍ किशोर कुमार थुलुङ राई*

**लेखसारः**

नेपालको कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक र धार्मिक दृष्टिले सम्पन्न प्रदेश हो,जसले दिगो पर्यटनको नेतृत्व गर्ने उच्च सम्भावना बोकेको छ । यस लेखमा प्रदेशको दिगो पर्यटन प्रवर्द्धनमा मिडियाको भूमिकाका विषयमा विश्लेषण गरिएको छ, जसमा पाँच मुख्य पक्षहरुमा ध्यान केन्द्रित गरिएकोछः चेतना अभिवृद्धि, गन्तव्य प्रवर्द्धन, समुदाय सशक्तिकरण, नीति वकालत र संकट सञ्चार। वर्तमान परिप्रेक्ष्यमा डिजिटल पहुँच विस्तार हुदै गएको भएतापनि स्थानीय पत्रपत्रिकाको क्षमता, समन्वय अभाव र व्यावसायिक दवाव जस्ता समस्याहरुले मिडियाको प्रभावशीलता घटाएको पाइन्छ । लेखको माध्यमबाट मिडियाको भूमिका सुदृढ गर्न रणनीतिक आग्रह प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जीः** दिगो पर्यटन,मिडिया,कोशी प्रदेश,गन्तव्य प्रवर्द्धन,समुदाय सहभागिता,पर्यटन नीति

* सदस्य, कोशी प्रदेश योजना आयोग

**पृष्ठभूमि**

पर्यटन एक बहुआयामिक क्षेत्र हो, यसले राष्ट्रिय अर्थतन्त्रमा योगदान दिनुका साथै सांस्कृतिक, पर्यावरण र समुदायको समृद्धि संग यो क्षेत्र जोडिएको हुन्छ । नेपाल जस्तो जैविक र सांस्कृतिक विविधताले भरिएको देशमा पर्यटनको सम्भावना अपार छ । यस्तो सम्भावनालाई व्यवहारमा रुपान्तरण गर्न आमसञ्चार वा मिडियाको भूमिका केन्द्रीय हुन्छ । मिडिया केवल सूचना दिने माध्यम मात्र होइन, यो दृष्टिकोण निर्माण गर्ने, प्रवृत्ति सिर्जना गर्ने र राष्ट्रिय छविलाई विश्वसामु प्रस्तुत गर्ने शक्तिशाली माध्यम हो । मिडियाको उत्तरदायी प्रयोगले प्रदेशको गन्तव्य पहिचान, पर्यावरणीय संवेदनशीलता र स्थानीय रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पार्नसक्ने देखिन्छ ।

**प्रस्तावना**

नेपालको पर्यटन विकास राष्ट्रिय समृद्धिको प्रमुख आधार मानिन्छ। पछिल्ला वर्षहरुमा दिगो पर्यटनले वातावरणीय संरक्षण, सांस्कृतिक सम्मान र आर्थिक समावेशीकरणको सन्तुलन खोज्दै आएको छ । सगरमाथा क्षेत्र, मकालु क्षेत्र, कञ्चनजंघा क्षेत्र, सप्तकोशी तथा सहायक नदीहरु, पिके डाँडा, पत्ताले, लिम्चुङबुङ डाँडा, टेम्के मैयुङ, टिएमजे, सन्दकपुर, इलामका चियाबगानहरु, श्रीअन्तुडाँडा, हलेसीधाम, बराहक्षेत्रधाम, पिण्डेश्वरधाम, विष्णुपादुकाधाम, रामधुनी, पाथिभरा (मुकुमलुङ) जस्ता प्राकृतिक, धार्मिक स्थलहरुले सम्पन्न कोशी प्रदेशमा दिगो पर्यटनको अपार सम्भावना छ। तर यो सम्भावनाको उपयोग सशक्त सञ्चार र मिडियाको संलग्नता विना सम्भव छैन ।

**दिगो पर्यटनको अवधारणा**

संयुक्त राष्ट्रसंघीय पर्यटन संगठन (UNWTO, 2013) अनुसार, दिगो पर्यटन भन्नाले आर्थिक, सामाजिक र वातावरणीय प्रभावको मुल्याङ्कन सहित सम्रग विकासको दृष्टिकोण हो । यसले आगन्तुक, स्थानीय समुदाय, पर्यटन उद्योग र वातावरण सवैको आवश्यकता पुरा गर्न खोज्दछ ।

कोशी प्रदेशमा दिगो पर्यटन भनेको मौलिकता जोगाउदै आर्थिक लाभ सुनिश्चित गर्नु हो ।

**दिगो पर्यटनमा मिडियाको रणनीतिक भुमिका**

१. **चेतना अभिवृद्धि र उत्तरदायी यात्रा संस्कार**

   मिडियाले पर्यटक र स्थानीय दुवैलाई दिगो अभ्यास बारे शिक्षित गर्न सक्दछ, जस्तैः- पर्यावरणीय संवेदनशिलता, सांस्कृतिक सम्मान र उत्तरदायी आचरणबारे जानकारी प्रदान गर्नु ।

२. **गन्तव्य प्रवर्द्धन र पहिचान गर्ने**

   श्रव्यदृष्य, वृतचित्र, फिचर रिपोर्ट र डिजिटल अभियान मार्फत मिडियाले चर्चामा नआएका गन्तवव्यहरुलाई प्रवर्द्धन गर्न सक्छ । यसले स्थानीय पर्यटन अर्थतन्त्रलाई चलायमान बनाउछ ।

३. **समुदाय सशक्तिकरण र सहभागिता**

   सामुदायीक रेडियो, नागरिक पत्रकारिता र सामाजिक संजाल मार्फत स्थानीय आवाजलाई राष्ट्रिय र अन्तराष्ट्रिय प्लेटफर्ममा ल्याउन सकिन्छ, जसले समुदायमा गर्व र उत्तरदायित्व विकास गर्दछ ।

४. **नीति वकालत र सार्वजानिक वहस सृजना**

   नीति निर्माणमा पारदर्शिता ल्याउन मिडियाले अनुसन्धानात्मक रिपोर्टिङ,विशेषज्ञ अन्तर्वार्ता/विचार र विश्लेषण मार्फत भूमिका खेल्न सक्दछ ।

५. **विपद संचार र संकट व्यवस्थापन**

   प्राकृतिक प्रकोप, भुकम्प, महामारी, सडक अवस्था, मौसम, सुरक्षा वा अन्य आपतकालिन अवस्थाहरुमा पर्यटक र

स्थानीयहरुलाई सही सूचना दिन मिडिया सशक्त माध्यम हुन सक्छ ।

**मिडिया मार्फत गर्नुपर्ने कार्यहरु**

१. **पर्यटन स्थलहरुको प्रचार प्रसार**

- प्रसिद्ध र कमचर्चित दुवै पर्यटकीय स्थलहरुको भिडियो, डकुमेन्ट्री र रिर्पोटहरु निर्माण गरेर प्रसारण गर्नुपर्छ ।
- स्थानीय संस्कृति परम्परा प्राकृतिक सौन्दर्य पर्व उत्सवको विषयमा पनि भिडियो, डकुमेन्ट्री र रिर्पोटहरु निर्माण गर्नु पर्छ ।
- स्थानहरुको ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक र धार्मिक महत्व उजागर गर्नुपर्छ ।

२. **सकारात्मक कथा र अनुभवहरु प्रस्तुत गर्नु**

- पर्यटकहरुको अनुभव सफल पर्यटन उद्यमीहरुको कथा र स्थानीय समुदायको भमिका बारे सामग्री तयार गर्नु ।
- स्थानीय पर्यटनले कसरी रोजगारी, आम्दानी र समृद्धि ल्याउन सक्छ भन्ने उदाहरणहरु प्रस्तुत गर्नु ।
- स्थानीय समुदायलाई पर्यटनको लाभ, संस्कृतिको संरक्षण, पर्यटकसंगको व्यवहार, वातावरणीय संवेदनशीलता बारे जानकारी गराउने कार्य गर्नु ।

३. **डिजिटल मिडिया प्रयोग गर्नु**

- यूट्युव, फेसबुक, टिकटक, इन्ट्राग्राम जस्ता सामाजिक सञ्जालमा आकर्षक दृष्य सामाग्री (फोटो, भिडियो, ब्लग) तयार गरेर प्रचार गर्नु ।
- अंग्रेजी, हिन्दी भाषा लगायत अन्य भाषामा समेत सामग्री उत्पादन गरेर अन्तर्राष्ट्रिय प्रर्यटकलाई लक्षित गर्नु पर्दछ ।

४. **पर्यटन सम्बन्धी कार्यक्रम प्रसारण गर्नु**

- रेडियो, टेलीभिजन र अनलाइन मिडियामा नियमित "ट्राभल शो" वा "डेस्टिनेशन रिपोर्ट" कार्यक्रमहरु संचालन गर्नु ।
- पर्यटन विषयको बहस, अन्तरवार्ता र गोष्ठी प्रसारण गरेर नीति निर्मातासंग सम्वाद सुरु गर्नु ।

५. **स्थानीय उत्पादन र संस्कृति प्रवर्द्धन गर्नु**

- स्थानीय खाना, हस्तकलाहरु, परम्परागत कला-संस्कृतिलाई मिडियामा स्थान दिनु ।
- गन्तव्य सँग जोडिएका पर्व, जात्रा, मेला, उत्सवहरुलाई प्रत्यक्ष प्रसारण वा प्रतिवेदन मार्फत जनसमक्ष पुऱ्याउनु ।

६. **सहकार्य विस्तार गर्नु**

- पर्यटन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रहरु मिलेर संयुक्त मिडिया अभियान संचालन गर्नु ।
- मिडिया यात्रा (Press Tours) आयोजना गरेर पत्रकार र सामग्री निर्मातालाई पर्यटन स्थलमा पऱ्याउनु ।

यस्ता प्रयासहरुले कोशी प्रदेशलाई पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्न सक्ने सम्भावना वलियो हुन्छ ।

**चुनौतीहरु**

- पर्यटन प्रत्रकारितामा विशेष दक्षता अभाव,

- ग्रामिण क्षेत्रका लागि सशक्त संचार पूर्वाधारको कमी,
- विज्ञापन वा व्यवसायिक हितका कारण उत्तरदायी सन्देशहरु ओझेलमा पर्ने,
- पर्यटन सरोकारवाला निकाय र मिडिया विच कमजोर समन्वय,
- डिजिटल पहुँचमा भौगोलिक असमानता ।

**रणनीतिक सिफारिस/ सुझावहरु**

१. **क्षमता विकास कार्यक्रम**

स्थानीय पत्रकारहरुलाई पर्यटन र वातावरणीय रिपोर्टिङ सम्बन्धी तालिम प्रदान गर्नु पर्ने ।

२. **साझेदारी प्रवर्द्धन**

पर्यटन वोर्ड, निजीक्षेत्र र मिडिया संस्थाहरु बिचमा सहकार्यको माहोल सृजना गर्नु पर्ने ।

३. **प्रादेशिक मिडिया संयोजनकेन्द्र स्थापना**

पर्यटन प्रवर्द्धनका लागि मिडिया समन्वय एकाई गठन गर्नु पर्ने ।

४. **सामुदायिक मिडिया सशक्तिकरण**

रेडियो, स्थानीय पोडकास्ट, ब्लग र डिजिटल संचारलाई सवल बनाउने ।

५. **संचार नीति विकास**

सबै प्रचार प्रसार समाग्रीलाई दिगो पर्यटनका मूल्यसंग मेल खाने ढाँचामा विकास गर्ने ।

**निष्कर्ष**

मिडिया केवल पर्यटन प्रवर्द्धनात्मक माध्यम मात्र होईन, यो दिगोपनाको संवाहक, नीति बहसको उत्प्रेरक र स्थानीय समुदायको आवाजको प्रतिनिधि पनि हो । कोशी प्रदेशले मिडियाको रणनीतिक प्रयोग मार्फत पर्यटनलाई दिगो, समावेशी र प्रभावकारी बनाउन सक्छ । मिडिया क्षमतामा लगानी, स्थानीय कथाहरुको समावेश र स्पष्ट संचार रणनीतिका साथ अघि बढे कोशी प्रदेश नेपालकै नमुना पर्यटन गन्तव्य बन्न सक्छ।

**सन्दर्भसुची**

Thulung Rai,K.(2021) Province Tourism and Our Destination .concept Paper Presentation. Ministry of Industry, Tourism, Forest and Environment, Province No. 1

United Nations World Tourism Organization.(2013), Sustainable tourism for development guidebook.Nepal Tourism Board .(2020)

Shrestha, B.(2021), Role of Media in promoting tourism in Nepal. Journal of tourism and heritage studies, 5 (2), 35-46

Poudel, D.R.(2020) Community based tourism and local media .Nepalese Journal of development studies, 2 (1), 20-28

# दोश्रो आवधिक योजनामा कोशी प्रदेशको कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, रणनीति, अवसर र चुनौती



✍ डा. सीताराम बस्नेत *

## १. पृष्ठभूमि

कृषि क्षेत्र कोशी प्रदेशको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको छ । कोशी प्रदेश कृषि क्षेत्रमा ठूलो सम्भावना बोकेको प्रदेश हो स यसले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (२०२१) का अनुसार, मुलुकको कुल जनसंख्याको करिब ६०.४० प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न रहेका छन्, र कोशी प्रदेशमा पनि राष्ट्रिय औसतकै हाराहारीमा करिब ६० प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आबद्ध रहेका छन् । पूर्वी नेपालका १४ जिल्ला समेटिएको कोशी प्रदेश कृषि, मत्स्य तथा पशुपन्छी व्यवसायमा प्रचुर सम्भावना बोकेको राष्ट्रको एक महत्त्वपूर्ण र गौरवशाली भूभाग हो। यो प्रदेश रमणीय स्थानहरूको संगम मात्र नभई जैविक विविधताले पनि भरिपूर्ण क्षेत्र हो । प्रदेशको विविध भौगोलिक बनावटका कारण तराईका विशाल फाँटमा पाइने उष्ण हावापानीदेखि सगरमाथाको फेदीसम्म फैलिएको उच्च पहाडी क्षेत्रका अल्पाइन हावापानीसम्मको विविधताले विभिन्न प्रकारका बालीनाली, वनस्पति, मत्स्य तथा पशुपन्छी उत्पादनका लागि अपार सम्भावना बोकेको छ । विशेषगरी, कोशी बेसिन क्षेत्र पनि कृषि व्यवसायका दृष्टिले अत्यन्त सम्भावनायुक्त भू-भागका रूपमा चिनिन्छ ।

भौगोलिक रूपमा, यो प्रदेश ४० प्रतिशत हिमाली क्षेत्र, ३४ प्रतिशत पहाडी क्षेत्र र २६ प्रतिशत तराई क्षेत्रमा फैलिएको छ (कृषि विकास निर्देशनालय, २०८१) । नेपालको कुल कृषियोग्य भूमिको करिब २४ प्रतिशत हिस्सा कोशी प्रदेशमा पर्छ, र प्रदेशको कुल भू-भागको ३१।५० प्रतिशत जमिन खेतीयोग्य छ । यद्यपि, विडम्बनापूर्ण रूपमा, खेतीयोग्य जमिनमध्ये करिब १३।५० प्रतिशत जग्गा बाँझो रहँदै आएको छ ९अधिकारी २०८० तथा कोशी प्रदेश योजना आयोग २०८१० । यसबाहेक, करिब ५।१८ प्रतिशत जमिन चरण खर्कका रूपमा उपलब्ध छ ९कृषि विकास निर्देशनालय, २०८१०, जुन पशुपालन व्यवसायका लागि उपयुक्त मानिन्छ । मुलुकका कुल कृषिरत घरपरिवार संख्यामध्ये १९ प्रतिशत यसै प्रदेशमा अवस्थित छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) ।

नेपालका पाँच प्रमुख कृषि उत्पादक जिल्लाहरूमध्ये झापा, मोरङ र सुनसरी गरी तीनवटा जिल्ला कोशी प्रदेशमा पर्दछन् । यी जिल्लाहरू राष्ट्रकै सर्वाधिक धान उत्पादन गर्ने जिल्लाहरूका रूपमा समेत परिचित छन् (प्रदेश योजना आयोग, २०७६/७७-२०८०/८१) । प्रमुख खाद्यान्न बालीहरूस् धान, मकै र गहुँ सरदर उत्पादकत्व आधार वर्ष २०७५/७६ मा ३.०३ मेट्रिक टन प्रति हेक्टर रहेकोमा प्रथम आवधिक योजनाको चौथो वर्षमा सामान्य वृद्धि भई ३.५४ मेट्रिक टन प्रति हेक्टर पुगेको छ । यो उत्पादन वृद्धि हुनुमा अनुकूल हावापानी, जमिनको उर्वरा शक्ति मात्र नभई उन्नत प्रविधिको प्रयोग र उत्पादनका लागि आवश्यक पर्ने स्रोत साधनको सहज आपूर्तिले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । साथै सोह्रौँ योजनाले संघ, प्रदेश र स्थानीय तहको प्रयासमा थप सिँचाइ सुविधा, रासायनिक मलको नियमित आपूर्ति, यान्त्रिकीकरणको प्रयोग, अन्य कृषि कार्यको विस्तार, उच्च

* सदस्य, कोशी प्रदेश योजना आयोग

मूल्यका बालीहरूको प्रवर्द्धन र संस्थागत कृषि विकास मार्फत कृषि क्षेत्रको वृद्धिदर बढाउने अपेक्षा राखेको छ । तीनै तहका सरकारको साझा प्रयासले प्रदेशको समग्र कृषि क्षेत्रको विकास र विस्तार सहजै हुने विश्वास गरिएको छ ।

खाद्यान्न बाली उत्पादनको दृष्टिकोणले यो प्रदेश आत्मनिर्भर मात्र नभई प्रदेशको आवश्यकताभन्दा ३७ प्रतिशत बढी खाद्यान्न उत्पादन गरी अन्य प्रदेश तथा क्षेत्रमा समेत निर्यात गर्ने हैसियत राख्दछ । तरकारी उत्पादनमा यस प्रदेशका धनकुटा, इलाम र झापा प्रमुख जिल्लाहरू हुन् (प्रदेश योजना आयोग, २०७६/७७-२०८०/८१) । नगदे बालीतर्फ, चिया र अलैँची उत्पादनमा यस प्रदेशले ९० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। बालीहरू निर्यातयोग्य प्रमुख कृषि उपजका रूपमा पहिचान भएका छन् । मत्स्य र पशुपन्छी उत्पादनतर्फ, दूध र मासु उत्पादनमा कोशी प्रदेश अग्रणी स्थानमा रहेको छ भने अण्डा र माछा उत्पादनमा पनि आत्मनिर्भरता उन्मुख हुँदै गएको छ । राष्ट्रिय उत्पादनको क्रमसः २१.५०५, २१.२२५, ८.३६५ र ८.३५५ दूध, मासु, अण्डा र मत्स्य यसै प्रदेशमा उत्पादन हुने गर्दछ ९कोशी प्रदेश योजना आयोग, २०८१० ।

कृषि क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्दै कुल गार्हस्थ्य उत्पादनमा करिब २२ प्रतिशत योगदान पुऱ्याएको छ । त्यसैगरी, कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान राष्ट्रिय स्तरको भन्दा बढी अर्थात् ३२.५० प्रतिशत रहेको छ (कोशी प्रदेश योजना आयोग, २०८१) । मुलुकमा कृषि पेसामा संलग्न हुने मानिसहरू ६०.४० प्रतिशत रहे तापनि, कृषकहरू र कृषि पेसालाई विभिन्न प्रकारका सेवा र टेवा प्रदान गर्न थप १० देखि १५ प्रतिशत जनशक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न छन् (NPC, २०१७/१८) । यसरी हेर्दा करिब ७०-७५ प्रतिशत जनसंख्या कृषि व्यवसायमा आबद्ध छन् । कृषि जनशक्ति भन्नाले कृषकहरूलाई बीउ बिजन, कृषि औजार, रासायनिक तथा जैविक मलखाद, बाली बिरुवा तथा पशुपन्छीमा लाग्ने रोग र किराहरूको आक्रमणबाट बचाउन आवश्यक पर्ने कीटनाशकको उत्पादन तथा वितरण, कृषि, मत्स्य तथा पशुपन्छीबाट उत्पादित वस्तुको खरिद, ढुवानी, बिक्री, कृषि मजदुर, श्रमिक तथा प्राविधिकहरूको सेवा र टेवालाई मानिन्छ । पछिल्ला दिनहरूमा, कृषकहरूले कृषि औजार, रासायनिक तथा जैविक मलखाद र उन्नत हाइब्रिड बीउ बिजनको प्रयोगमा अत्यधिक बृद्धि हुनुका साथै लोकप्रिय हुँदै गएको छ । फलस्वरुप, केही अगुवा कृषकहरूले यान्त्रीकरणको व्यापक प्रयोग गरी आधुनिक कृषि व्यवसायतर्फ उन्मुख हुँदै गएका छन् । कृषि क्षेत्र मानव र पशुपन्छीहरूको दैनिक जीवन चलाउन आवश्यक खाद्यान्न उत्पादन गर्ने मुख्य पेशा मात्र होइन, पूर्णकालीन कृषि व्यवसाय गर्ने परिवारहरूको मुख्य आम्दानीको स्रोत पनि हो। साथै, अप्रत्यक्ष रूपमा जोडिएका मानिसहरूका लागि पनि कृषि पेशा आम्दानीको अर्को विकल्प हो ।

मुलुकमा संघीयता स्थापना हुनु अघि कृषि सेवा र सहयोग मुख्य रूपमा केन्द्रीय सरकारबाट मात्रै दिइन्थ्यो । तर राजनीतिक परिवर्तनपछि संघीयशासन प्रणाली आएपछि अब सरकारका तीन तह संघ, प्रदेश र स्थानीय तहबाट कृषि सेवा र सहयोग प्रदान गरिन थालिएको छ। यसकारण, कोशी प्रदेशमा पनि कृषक र कृषि व्यवसायीहरूले सरकारका तीनै तहबाट सहयोग पाउन थालेका छन् ।

## २. प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/२०७७–२०८०/८१)

कोशी प्रदेशले केन्द्रीय सरकारको कृषि, पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य (SDG) २ र १२ सँग तादात्म्य गरी अपनाएको छ । SDG २ अन्तर्गत भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता र दिगो कृषिको प्रवर्द्धन लक्षित छ भने SDG १२ ले दिगो उपभोग र उत्पादनका ढाँचाहरू सुनिश्चित गर्ने उद्देश्य राख्छ (राष्ट्रिय योजना आयोग, २०१७) । प्रदेश सरकारले यी दिगो लक्ष्यहरूलाई आत्मसात गर्दै आफ्ना रणनीति, नीति र कार्यक्रमहरू तय गरी प्रथम आवधिक योजना (२०७६/७७ देखि २०८०/२०८१) मार्फत कार्यान्वयन शुरु गरेको हो । केन्द्रीय सरकारले कृषि विकासका लागि आवश्यक नीतिगत र अनुसन्धानमूलक कामहरू गर्ने भए तापनि कृषकहरूलाई आवश्यक सूचना, प्रचारप्रसार, प्राविधिक सेवा र सल्लाह तीनै तहको सरकारको समन्वयमा उपलब्ध गराउँदै आएका छन् ।

प्रदेशको प्रथम आवधिक योजना अवधिमा कृषि, पशुपन्छी तथा मत्स्य विकासमा कृषकको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषकहरूलाई बढी लाभदायक बनाउने बाली तथा पशुपन्छी उत्पादनको विकास एवं विस्तार गर्ने, र कृषि तथा पशुसेवाको पहुँचमा बृद्धि गर्ने उद्वेश्य राखिएको थियो । यसका लागि भू-उपयोग नीति अनुसार कृषि जमिनको प्रयोग, कृषि व्यवसायमा संलग्न निकायहरूबीच सहकार्य र समन्वय, बढी प्रतिफल दिने बाली तथा पशुपन्छीको बृद्धि, उत्पादित वस्तुको बजारीकरण आदि गरी ६ वटा रणनीतिहरू र ती रणनीतिहरूलाई कार्यान्वयन गर्नका लागि विभिन्न ४१ वटा कार्यनीतिहरू तय गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाइएको थियो । तर, योजनाको चौथो वर्षसम्म आइपुग्दा योजनाले अपेक्षा गरे अनुसार कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि भएको देखिँदैन ।

प्रथम आवधिक योजनाको चौथो वर्षसम्म आइपुग्दा कृषि क्षेत्रको वार्षिक औसत बृद्धि लक्ष्य राखिएको ५.६० प्रतिशतभन्दा घटेर २.४९ प्रतिशतमा मात्र सीमित भएको छ । सोही अवधिमा प्रदेशले राष्ट्रिय अर्थतन्त्रमा १५.८ प्रतिशत योगदान पुर्याएको थियो । प्रतिव्यक्ति आय भने १०७९ अमेरिकी डलर रहेकोमा आवधिक योजनाको अन्तिम वर्षसम्म १६२० अमेरिकी डलर पुर्याउने लक्ष्य अनुसार उपलब्धि हासिल हुन नसके तापनि आधार वर्षको तुलनामा करिब १२९९ अमेरिकी डलरले बृद्ध भएको छ (प्रदेश योजना आयोग २०७६/२०८०/८१) । त्यसैगरी, कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान आधार वर्ष २०७५/७६ मा ३६.७५ प्रतिशतबाट घटेर ३३.२० प्रतिशतमा पुगेको छ । प्रदेशको समग्र आर्थिक वृद्धिदर ७.६० प्रतिशतबाट ९.७० प्रतिशत पुर्याउने लक्ष्य विपरित २.३८ प्रतिशतमा सीमित रहेको अवस्था छ (Ibid) ।

समग्रमा प्रदेशको प्रथम आवधिक योजनाले अपेक्षा गरेका उद्वेश्य र लक्ष्य अनुसार परिणाम हासिल नहुनुका पछाडि देहायका कारणहरू जिम्मेवार रहेको देखिन्छन्स् बाँझो जमिनलाई प्रयोगमा ल्याउने स्पष्ट नीति र कार्यक्रमको अभाव, संघीय शासन प्रणाली अन्तर्गत प्रदेशको नयाँ संरचनागत कारणले कृषिमा लगानी र प्राविधिक सहयोगमा अनिश्चितता देखिनु, कृषि व्यवसायका लागि पूर्णरुपले महिला तथा वृद्धवृद्धाहरूको जिम्मेवारीमा पर्नु, विदेशबाट फर्किएका युवाहरूलाई लक्षित आकर्षक कृषि कार्यक्रमहरूको पहिचान हुन नसक्नु, र कोभिड-१९ को असर आदि रहेका छन् । संघीय शासनप्रणाली सुरु भएदेखि नै कृषि व्यवसायमा प्रदान गर्रिँदै आएको अनुदानलाई प्रदेश सरकारले पनि निरन्तरता दिएको थियो । तर गहन अध्ययन बिना ल्याइएका अनुदान कार्यक्रममा व्यापक दुरुपयोग र बेथिति देखिएको विभिन्न अध्ययनले देखाएका छन्, जसका कारण वास्तविक अनुदान आवश्यक पर्ने अधिकांश व्यवसायीहरूको पहुँच बाहिर रहेको पाइएको छ । महालेखा परीक्षकको २०७६/७७ को प्रतिवेदन अनुसार, एकै वर्षमा एक अर्ब रुपैयाँसम्मको दुरुपयोग भएको पाइएको थियो । दुरुपयोग भएका कारणहरुमा नक्कली किसान बनेर, राजनीतिक पहुँचका आधारमा, गुणस्तरहीन सामग्री आपूर्ति गरेर, लागत मूल्यभन्दा दोब्बर खर्च देखाएर, एकै व्यक्ति वा फर्मको नाममा पटक-पटक लिएर, र एउटै फर्ममा अर्को व्यक्तिको नाम राखेर वर्षौँसँम्म गलत कार्य दोहोरिएको प्रतिवेदनले देखाएको छ (महालेखा परीक्षकको कार्यालय २०७७) । फलतः वर्षौँसँम्म सञ्चालित अनुदान कार्यक्रमबाट कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरेर कृषकहरूको जीवनस्तरमा परिवर्तन गर्ने अपेक्षा हासिल हुन सकेको छैन, यद्यपि हालका दिनहरूमा कार्यान्वयनमा आउन लागेको परिमार्जित कृषि कर्जामा ब्याज अनुदानको असर हेर्न भने बाँकी नै छ ।

## ३. दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/२०८२–२०८५/८६)

### ३.१ कृषिः

प्रदेशको कृषि पेसालाई दिगो बनाउन, यसको व्यावसायीकरणमार्फत कृषकको जीविकोपार्जनका लागि मात्र नभई बढ्दो जनसंख्याका लागि खाद्य सुरक्षा र उन्नत पोषण सुनिश्चित गर्न, साथै आयमूलक र वितरणमुखी बनाउनु अपरिहार्य छ । प्रथम आवधिक योजनाको सिकाइलाई मार्गदर्शनका रूपमा लिँदै, दोस्रो आवधिक योजनामा कृषि क्षेत्रका नीतिगत तथा कार्यक्रमगत हस्तक्षेपहरूलाई परिणाममुखी र प्रभावकारी रूपमा अघि बढाइएको छ । प्रथम आवधिक योजनामा कृषि तथा पशुपन्छी क्षेत्रका

साझा लक्ष्यहरूलाई विस्तार गर्दै, दुबै क्षेत्रका लागि विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका छन। कृषि क्षेत्रको सन्दर्भमा, तीनै तहका सरकार, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा आधुनिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नेस उच्च मूल्यका नगदे बालीहरूको प्रवर्द्धन गर्नेस र जलवायु अनुकूल उत्पादन प्रणालीलाई प्रोत्साहन दिई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने लक्ष्यहरू तय गरिएको छ । कृषि विकास कार्यक्रमहरूमा देखिएका समस्या र चुनौतीहरूको सामना गर्दै, विभिन्न अवसरहरूको सदुपयोग गर्न माथि उल्लिखित उद्देश्य प्राप्तिका लागि सातवटा रणनीति र ४९ वटा कार्यनीतिहरू मार्फत आवधिक योजना अवधिमा क्रमिक रूपमा २२ वटा कृषि कार्यक्रमहरू सञ्चालनमा ल्याउने नीति लिइएको छ । यी २२ कार्यक्रममध्ये प्रदेशको गौरवका दुईवटा रूपान्तरणकारी कृषि योजनाहरू समेत समावेश गरिएका छन् (कोशी प्रदेश योजना आयोग, २०८१/८२–२०८५/८६)

दोस्रो आवधिक योजनाले प्रदेशको कृषि व्यवसायको सम्भावनालाई आत्मसात गर्दै, समग्र उत्पादन र उत्पादकत्व बढाउन केही कार्यक्रमहरूलाई निरन्तरता दिने र केही नयाँ विशिष्ट प्रकारका कार्यक्रमहरू अगाडि बढाउने नीति लिएको छ, जसमा कोशी बेसिनको अधिकतम उपयोग गर्ने नीति प्रमुख छ । अनुपस्थित भू-स्वामित्व तथा बाँझो कृषियोग्य जमिनलाई स्थानीय तह मार्फत अधिक मात्रामा उपयोगमा ल्याउने सोच राखिएको छ । कृषि यान्त्रिकीकरण तथा कस्टम हायरिङ्ग सेन्टरको व्यवस्थापन गर्दै व्यवसायीकरण र औद्योगिकीकरणका लागि उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण कार्यमा जोड दिइएको छ । सम्भव भएसम्म एक स्थानीय तह एक उत्पादन कार्यक्रम लागू गर्दै, प्राङ्गारिक मल उत्पादन, ब्रान्डिङ तथा बजारीकरणमा विशेष पहल गरिनेछ । बाली वस्तु विशेष लिलाम बढाबढ बजार तथा मण्डीहरूको स्थापना र सञ्चालन गर्न प्रोत्साहन दिइनेछ । महिला कृषि उद्यमीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमको प्रभावकारितामा जोड दिइएको छ । नयाँ बालीका रूपमा रबर, लाहा र गाजा' खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम समावेश गरिएको छ । पूर्वी पहाडी जिल्लाहरूमा प्रमुख उच्च मूल्य बाली अलैँचीको प्रशोधन तथा बजारीकरणमा सहयोग र सहजीकरण गर्ने कार्यक्रम पनि दोस्रो आवधिक योजनामा समेटिएको छ । त्यसैगरी, अर्को उच्च मूल्य बाली चियाको अक्सन सेन्टरको स्थापना तथा प्रयोगशालामा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

दोस्रो आवधिक योजनाको अन्त्यसम्ममा कृषिको आर्थिक वृद्धिदर ६ प्रतिशत पुर्याउने लक्ष्य राखिएको छ, तर हालको २.४९ प्रतिशतको वृद्धिदरबाट यो लक्ष्य हासिल गर्न निकै चुनौतीपूर्ण छ । सरदर धान, मकै, गहुँ तथा तरकारी बालीको उत्पादनमा १३% वृद्धि हुन सक्ने प्रक्षेपण गरिएको छ । कृषकहरू तराईमा मकै खेतीप्रतिको बढ्दो आकर्षणलाई निरन्तरता दिन समयमै आवश्यक रासायनिक मल र कृषिजन्य उपकरणहरूको व्यवस्था गर्न सकेमा मकै खेती उत्पादनमा द्रुत र प्रभावकारी बृद्धि सम्भावना रहेको छ । मकै सुकाउने मेसिनको आवश्यकता महसुस भएकोले उत्पादन र उत्पादकत्वमा सुधार ल्याउनका लागि यस उपकरणको प्रभावकारी व्यवस्थापन र समयमै उपलब्धता सुनिश्चित गर्न विशेष ध्यान दिनुपर्नेछ ।

दोस्रो आवधिक योजनाको अन्त्यसम्ममा फलफूल उत्पादन भने सरदर ११ प्रतिशतले वृद्धि हुने अपेक्षा गरिएको छ । व्यावसायिक फलफूल खेती प्रणालीका लागि बगैँचा विस्तार (प्रदेश सरकार २०८१) र तरकारी खेतीतर्फ आर्ग्यानिक उत्पादनका साथै बेमौसमी खेती प्रणालीमा जनचेतना अभियानसँगै विस्तार पनि गरिँदै लैजाने नीति लिइएको छ । पौष्टिक आहार र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका रैथाने बालीहरूप्रतिको लोकप्रियतासँगै प्रवर्द्धन तथा संरक्षण गर्दै उत्पादनमा वृद्धि गर्न प्रदेश सरकारले विशेष जोड दिएको छ। माटोको उर्वराशक्ति सुधार गर्न हाल २.२०% प्रयोगमा रहेको प्राङ्गारिक तथा जैविक मलको प्रयोगलाई बढाएर ५% पुर्‍याउने लक्ष्य राखिएको छ ।

### ३.२ पशुपन्छी तथा मत्स्य विकासः

कोशी प्रदेशमा कृषि क्षेत्रमा जस्तै पशुपन्छी तथा मत्स्य विकासमा पनि उच्च सम्भावनाहरू रहेका छन् । यही सम्भावनालाई दृष्टिगत गर्दै, दोस्रो आवधिक योजनामा यस क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ। पहिलो आवधिक योजनाको तुलनामा यस

योजनामा फराकिलो दृष्टिकोण, स्पष्ट लक्ष्य र निर्देशित उद्देश्यहरू सहित रूपान्तरणमुखी कार्यक्रमहरू समावेश गरिएको छ ।

प्रथम आवधिक योजनामा पशुपन्छी तथा मत्स्य विकासका अधिकांश कार्यक्रमहरू केन्द्रबाट सञ्चालनमा आएका थिए । ती कार्यक्रमहरूलाई निरन्तरता दिँदै, एक रणनीति र नौ कार्यनीति सहित कृषि, पशुपन्छी तथा मत्स्य विकासका संयुक्त उद्देश्यहरूमा आधारित सीमित कार्यक्रमहरू लागू गरिएको थियो । तर, दोस्रो आवधिक योजनामा भने पशुपालन क्षेत्रलाई व्यवसायिक र आधुनिक बनाउँदै उत्पादन र उत्पादकत्वमा सुधार ल्याउने, पोषण सुरक्षाका लागि पशुपन्छी र मत्स्यजन्य उत्पादन र उपभोग दुवैमा वृद्धि गर्ने, कुपोषणबाट हुने स्वास्थ्य असरलाई न्यूनीकरण गर्ने, तथा आत्मनिर्भरता कायम गर्दै निर्यात प्रवर्द्धन गर्ने जस्ता विस्तृत र लचिला उद्देश्यहरू राखिएका छन् ।

यस योजनाअन्तर्गत प्रमुख १० वटा कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्, जसमा निम्न समावेश छन्स्

- पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व वृद्धि,
- उत्पादित वस्तुको सहज बजार पहुँचका लागि बजार संरचना विकास,
- रैथाने जातका पशुपन्छीको संरक्षण,
- नश्ल सुधार तथा कृत्रिम गर्भाधानको विस्तार र सहजीकरण,
- नमुना पशुपालन फार्म स्थापनामा सहजीकरण,
- पशु कल्याण कार्यक्रमको स्थानीय तहमार्फत विस्तार,
- कृषक–विद्यार्थी कार्यक्रमको निरन्तरता र विस्तार,
- पशु बिमा कार्यक्रमको सुदृढीकरण र पहुँच विस्तार ।

यी कार्यक्रमहरू कार्यान्वयन गर्न आठ रणनीति र ३४ कार्यनीति तय गरिएका छन् । साथै, प्रदेश गौरवका १९ रूपान्तरणमुखी कार्यक्रमहरूमध्ये चारवटा कार्यक्रम पशुपन्छी स्वास्थ्य, विकास तथा विस्तारसँग सम्बन्धित रहेका छन् ।

दोस्रो आवधिक योजनाको अन्त्यसम्ममा दुध, मासु र माछाको उत्पादन क्रमशः १२%, ११.५% र ५% ले वृद्धि हुने लक्ष्य लिइएको छ (कोप्रयोआ, २०८१) । पशु कल्याण कार्यक्रमअन्तर्गत "पशुलाई त्रासरहित, सम्मानजनक जीवन जीउन पाउने अधिकार" भन्ने जनचेतनाको विस्तार गरिनेछ । यसबाट धेरै पशुपन्छी लाभान्वित हुने अपेक्षा गरिएको छ ।
१३% भन्दा बढी पशुहरूलाई कृत्रिम गर्भाधानमार्फत नश्ल सुधार गरी दुध उत्पादन वृद्धिका साथै गुणस्तरीय वंशज उत्पादन गर्ने लक्ष्य राखिएको छु । मिल्क होलिडे अन्त्य गर्दै, जनचेतनामार्फत पशु विमामा सहभागिता बढाइँदा उक्त व्यवसायमा जोखिम न्यूनीकरणमा समेत योगदान पुग्ने विश्वास गरिएको छ ।

**४.सारंस**

संघीय शासन प्रणाली लागू भएपछिका अधिकांश कृषि विकासका गतिविधिहरू प्रदेश सरकारको जिम्मेवारीमा आएका छन् । प्रारम्भिक आवधिक योजनामा नयाँ संरचना, अधिकार र नीतिहरूको स्पष्टता नहुँदा प्रदेशको सम्भाव्यता र अवसरहरूभन्दा पनि केन्द्रबाट सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने अवस्था थियो । तथापि, पहिलो योजनाबाट प्राप्त सिकाइ र अनुभवलाई अवसरका रूपमा प्रयोग गर्दै दोस्रो आवधिक योजनामा प्रदेश गौरवका केही रूपान्तरणकारी कार्यक्रमहरू र उत्पादन वृद्धि गर्ने महत्वाकांक्षी आयोजनाहरू समावेश गरिएका छन् ।

कृषि अनुदानमा देखिएको दुरुपयोगलाई नियन्त्रण गर्न संघीय सरकारले परिमार्जनसहितको नीति ल्याएको छ, र सोही अनुरूप प्रदेश सरकारले पनि कृषि कर्जामा लाग्ने ब्याजमा अनुदान दिने नीति अवलम्बन गरेको छ । यद्यपि, दोस्रो आवधिक योजनाको पहिलो आर्थिक वर्ष २०८१/८२ मा स्पष्ट कार्यनीति तय नभएका कारण कुनै अनुदान वितरण हुन सकेन । अब नयाँ कार्यविधिअनुसार आर्थिक वर्ष २०८२/८३ देखि कृषि कर्जामा ब्याज अनुदानको व्यवस्था सुरु गरिनेछ। यस अवधिमा परिवर्तित अनुदानको प्रभाव

मूल्याङ्कन गर्ने अवसर समेत प्रदान हुने विश्वास गरिएको छ ।

रैथाने कोदो बालीबाट घरेलु मदिरालाई ब्राण्डिङ गर्दै यसलाई खाद्यान्नमा मात्र सीमित नराखी बिस्कुट, ब्रेड, केक र पफ जस्ता अन्य उत्पादनहरूसमेत बजारमा विस्तार गरी कृषकको आम्दानी बढाउने लक्ष्य लिइएको छ। यसैगरी, बाँझो जमिनलाई भूमि बैंकमार्फत उपयोग गर्ने, लिलामी बजार र मण्डीहरू स्थापना गर्ने, लाहा र रबर जस्ता नयाँ बालीहरूलाई प्राथमिकता दिने र गाजाँलाई औषधीय तथा गार्मेन्ट क्षेत्रमा प्रयोग गर्न व्यवस्थित रूपमा प्रवर्धन गर्ने नीति अवलम्बन गरिएको छ ।

पशुपन्छी क्षेत्रमा रैथाने जात र प्रजातिको वंश संरक्षण कार्यक्रम सञ्चालन गर्दै नमुना पशुपालन फार्महरू स्थापना गरिएका छन् । साथै, आजका विद्यार्थीहरू भोलिका दक्ष कृषक बन्न सकून् भन्ने उद्देश्यले कृषकसँग विद्यार्थी कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ। यद्यपि, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, महामारी, मजदुरको अभाव, चक्लाबन्दी, जङ्गली जनावरबाट बालीको क्षति, कृषि प्रसार सेवाको सुदृढीकरणको आवश्यकता र प्रविधिको पहुँच अभावजस्ता चुनौतीहरू अझै महत्वपूर्ण रूपमा देखिदै आएका छन् । मानवजन्य क्रियाकलापबाट उत्पन्न तापक्रम अस्थिरता र यसको असरले कृषि उत्पादनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ, जसलाई प्रमुख चुनौतीका रूपमा स्वीकार गरिएको छ ।

समग्रमा, प्रदेश सरकारले दोस्रो आवधिक योजनालाई पूर्ण रूपमा कार्यान्वयन गर्दै कृषि क्षेत्रको समग्र विकासलाई प्राथमिकतामा राखी उपलब्ध श्रोत र सम्भावनाको अधिकतम उपयोग गर्ने र उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू प्रभावकारी रूपमा लागू गर्ने दृढ नीति अपनाएको छ।

**सन्दर्भ सामग्री**

१. राष्ट्रियय तथ्याङ्क कार्यालय (२०७८), राष्ट्रिय कृषिगणनाको सार, कृषि योजनाको पूर्वाधार, नेपाल सरकार, राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाडौं ।

२. कृषि विकास निर्देशनालय (२०८१), प्रदेश कृषि डायरी, नेपाल सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, बिराटनगर ।

३. अधिकारी, शि. (२०८०), कोशी प्रदेशः समृद्धिका नवीनतम आधारहरू, प्रदेश योजना आयोग, कोशी प्रदेश बिराटनगर ।

४. प्रदेश योजना आयोग (आर्थिक वर्ष २०७६/७७–२०८०/८१) । प्रथम आवधिक योजना, प्रदेश सरकार, प्रदेश योजना आयोग, विराटनगर ।

५. प्रदेश योजना आयोग (आर्थिक वर्ष २०७६/७७–२०८०/८१) कोशी प्रदेशको प्रथम आवधिक योजना, कार्यान्वयनको समीक्षा प्रतिवेदन, प्रदेश योजना आयोग, विराटनगर ।

६. राष्ट्रिय योजना आयोग (२०८१), सोह्रौ योजना, (आर्थिक वर्ष २०८१/८२–२०८५/८६) । नेपाल सरकार, राष्ट्रिय योजना आयोग काठमाडौं ।

७. NPC, (2017/18), Report on the Nepal Labour Force Survey 2017/18. Government of Nepal, National Planning Commission, Central Bureau of Statistics

८. राष्ट्रिय योजना आयोग (२०१७), दिगो विकास लक्षहरू । वर्तवान अवस्था र भावी मार्गचित्रः २०१६–२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग काठमाडौं ।

९. महालेखा परीक्षकको ५७औं प्रतिवेदन (२०७७), कृषि अनुदान सम्बन्धी सारांश, महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।

१०. प्रदेश सरकर (२०८१), कोशी प्रदेश सरकारको ७ वर्ष (आ.व. २०७४/७५–२०८१/८२), प्रदेश सरकार, कोशी प्रदेश, बिराटनगर ।

११. कोशी प्रदेश योजना आयोग (आर्थिक वर्ष २०८१/८२–२०/८६), दोश्रो आवधिक योजना आर्थिक वर्ष २०८१/८२–२०८५/८६, प्रदेश सरकार, कोशी प्रदेश योजना आयोग, विराटनगर ।

# कोशी प्रदेश संभावना र चुनौतीहरुः एक अनुभव



✍ उपरथी डा.आश बहादुर तामाङ (अ.प्रा.)*

**लेखसारः**

प्रचुर संभावना र चुनौती बोकेको कोशी प्रदेश नेपाली सेनाको पूर्वी पृतना हे.क्वा.को जिम्मेवारी क्षेत्रमा पर्दछ । नेपालकै आर्थिक, राजनैतिक, सामाजिक र पर्यटकीय तथा सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेको यस प्रदेशका रानीतिक स्थिरता, लगानी मैत्र वातावरण, पर्यटक, वन तथा कृषि पैदावरमा आधारित विभिन्न उद्योग स्थापना गरी रोजगार श्रृजना गर्न सके देशकै अर्थतन्त्रमा ठूलो टेवा पुग्न सक्छ । प्रदेशस्थित सुरक्षा निकायहरु, स्थानीय तथा प्रदेश सरकार, निजी क्षेत्र लगायत जनताको सहयोग, समन्वय र सहकार्यबाट लगानी तथा निकासको वातावरण श्रृजना भई कोशी प्रदेश पर्यटन वर्ष २०८२ सफल हुने विश्वास गर्न सकिन्छ ।

**शब्दकुञ्जीः** कोशी प्रदेश, पूर्वी पृतना, प्राकृतिक प्रकोप, पर्यटन, विपद् व्यवस्थापन

* पूर्व पूर्वी पृतनापति, इटहरी

**परिचय**

१. नेपालको पूर्वमा अवस्थित कोशी प्रदेशमा बिश्वको सबैभन्दा अग्लो शिखर सगरमाथा (८८४८.८६ मि.) देखि नेपालको सबैभन्दा होचो भाग कचनाकवल (५८ मि.), अरुण तमोर तथा कोशी नदीले सिन्चिएको उर्वर भु-भाग संगै विश्वकै सबै भन्दा गहिरो अरुण उपत्यका पर्दछ । सबै भन्दा धेरै १४ वटा जिल्ला रहेको प्रदेशको रुपमा रहेको यस प्रदेशमा बराह क्षेत्र, हलेशी महादेव र पाथिभरा देवी जस्ता करोडौंको आस्था बोकेका प्रख्यात धार्मिक केन्द्रहरु लगायत प्राकृतिक मनोरम दृष्यले भरिपूर्ण स्थानहरु रहेका छन् । यस प्रदेशले पूर्व र दक्षिण तर्फ भारत र उत्तर तर्फ चीन दुवै छिमेकी राष्ट्रलाई छोएको छ । चीनसँगको अन्तर्राष्ट्रिय सीमाना २४७ कि.मि. रहेको छ भने भारतसंगको सीमाना ४४५ किलोमिटर रहेको छ । "कोशी प्रदेश" नेपाली सेनाको श्री पूर्वी पृतना हे.क्वा. को जिम्मेवारी क्षेत्रको रुपमा रहेको छ। पूर्वी पृतना हे.क्वा. इटहरीमा उपरथीको कमान्डमा नं.२ वाहिनी अड्डा हिले, धनकुटा, नं.१८ वाहिनी अड्डा, भुल्के उदयपुर र नं. २१ बाहिनी अड्डा तोपगाछी व्यारेक झापा पर्दछन् । २०७५ सालमा श्री नं. २१ वाहिनीपति र २०७९ सालमा श्री पूर्वी पृतनापतिको हैसियतले करीब १/१ वर्ष कार्यरत रहँदाको अनुभवलाई समेत समेटी यो लेख तयार गरिएको छ ।

**उद्देश्य**

२. कोशी प्रदेशको संभावना, चुनौती, नेपाली सेना अन्तरगत पूर्वी पृतनाबाट निर्वाह भएको विभिन्न भूमिकाहरु र सुझावहरु संक्षिप्त रुपमा जानकारी गराउनु हो ।

**संभावनाहरु**

३. नेपालको ७ प्रदेशहरु मध्ये हरेक क्षेत्रमा प्रचुर संभावना बोकेको यस प्रदेशमा निम्नलिखित मुख्य संभावनाहरु बारे छोटकरीमा प्रस्तुत गरिएको छ ।

**(क) पर्यटन विकास.** पर्यटन विकासको लागि अति संभावना बोकेको यस प्रदेशमा आन्तरिक तथा वाह्य पर्यटकहरु बढ्दो क्रममा रहेको देखिन्छ भने आगामी दिनमा पर्यटन व्यवसायलाई अझ प्रोत्साहन गर्न यसै वर्ष VISIT KOSHI YEAR- 2082 घोषणा गरिएको छ ।

**(१) धार्मिकपर्यटन.** बहु भाषिक, बहु धार्मिक र बहु सांस्कृति मान्ने मानिसहरुको बसोबास गर्ने यस प्रदेशमा हिन्दु, बौद्ध, लगायत किँरात धर्म अवलम्वन गर्नेहरुको उल्लेख्य बसोबास रहेको छ । त्यसैगरी धार्मिक स्थलहरु जस्तै बराह क्षेत्र, हलेशी महादेव, पाथिभारा, अर्जुनधारा, शिवसत्ताक्षी आदि रहेकाले आधारभूत संरचनाको थप विकास गरी स्वदेशी तथा विदेशी धार्मिक पर्यटक बढाउन सकिन्छ ।

**(२) पर्वतारोहण तथा पदयात्रा.** यस प्रदेशको हिमाली खण्डमा ८ हजार मिटर भन्दा बढी उचाईका ५ वटा हिमाल, संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा लगायत ल्होत्से, चोयु, मकालु, कञ्चनजंघा रहेको छ । नेपालकै सबैभन्दा ठूलो नदी सप्तकोशी, नेपालकौ सबै भन्दा अग्लो हातुङ्ग झरना साथै हिमाल, पहाडको भित्री मधेश, तराई मनोरम दृश्यलाई यहाँको हिमताल, तालतलैया, झरना, पोखरी, गुफा, वन जंगलको दृश्यवलोकन गर्न र हिमाल चढ्न तथा पदयात्रा गर्न जो कोही लालयित हुन्छन् ।

**(३)हिल स्टेशन / होटल व्यवसाय.** खासगरी गर्मीको मौसममा छिमेकी मुलुक भारत साथै तराईबाट आन्तरिक पर्यटकहरु पहाडी तथा हिमाली क्षेत्रमा भ्रमण गर्ने हुँदा भेडेटार, हिले, धनकुटा, धरान, ईलाम, श्री अन्तु, उदयपुर, टेम्कैमैयु, ओखलढुङ्गा, नाम्चे, सल्लेरी, हलेशी, बसन्तपुर, तिनजुरे, सन्दकपुर, पाथिभारा आदि क्षेत्रमा सुपथ एवं व्यवस्थित हिल स्टेशन, होटल र रेस्टुरेन्ट विकास गर्न सकिन्छ ।

**(ख) प्राकृतिक श्रोत साधनको उपयोग**

**(१) वन जंगल / बन्यजन्तु तथा चराचुरुङ्गी.** यस प्रदेशमा करिब ४३ जंगल, हिमाली, पहाड र तराई रहेको छ । यहाँ कस्तुरी, हिम चितुवा पाईने सगरमाथा राष्ट्रिय निकुञ्ज, रातो पाण्डा, कालो भालु पाइने मकालु बरुण राष्ट्रिय निकुञ्ज र कन्चनजंघा संरक्षित क्षेत्र, अर्ना र चराचुरुङ्गीको लागि प्रख्यात कोशी टप्पु वन्यजन्तु आरक्षण लगायत हजारौं समुदायिक वन तथा निजी वनहरु रहेका छन् । सिक्किम देखी तराईका झापा हुँदै पश्चिम तर्फ कोशी टप्पुसम्म जंगली हात्ती चर्न, हर्कत गर्न प्राकृतिक करिडोर रहेकोमा यसको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा समन्वय र पहलता लिई हात्तीको प्राकृतिक करिडोरलाई कायम राख्न सके साथै जंगलहरुमा हात्तीले खाने केरा, बाँस जस्ता फलफुलका बोटविरुवा रोपन् गरी मानवस्ती र खेती विगार नगर्ने गरी योजना तथा कार्यान्वयन हुन सके वन्यजन्तु हात्ती संरक्षण पनि हुने र थप पर्यटन व्यवसाय फस्टाउने देखिन्छ ।

**(२) जल विद्युत.** नेपालकै सबैभन्दा बढी जलविद्युत उत्पादन हुने क्रममा रहेको यस प्रदेशमा अरुण तेश्रो र अरुण चौथो जस्ता जलविद्युत आयोजनाहरुले थप महत्व प्रदान गरेको छ । सुनसरीको इनरुवामा नेपालकै दोश्रो ठूलो ४०० के.भि. क्षमताको विद्युत सवस्टेशन निर्माण भएको परिप्रेक्ष्यमा यसै प्रदेशबाट छिमेकी मुलुक भारत, बंगलादेशमा समेत विद्युत वितरण गरी Transmission Hub को रुपमा विकास गर्न सकिन्छ ।

**(ग) व्यवसायिक खेती.** नेपाल कृषि प्रदान देश भएको र हाम्रो अर्थ व्यवस्था अझैपनि कृषिमा आधारित रहेकोले अति उर्वर तराई र भित्री मधेश उपत्यका वेशी रहेको यस प्रदेश नेपालमा सबैभन्दा बढी धान उत्पादन गर्ने मोरङ्ग, झापा, चिया उत्पदान गर्ने इलाम र झापा, अलैची उत्पादन गर्ने पाँचथर रुद्राक्ष उत्पादन गर्ने भोजपुर, संखुवासभा यसै प्रदेशमा पर्दछन् । यसैगरी अल्लोबाट बन्ने कपडा लगायत ढाकाको कपडा, राडीपाखी, भोजपुरे खुकुरी समेत यसै प्रदेश प्रख्यात छ भने सुन्तला, एबोकाडो लागि प्रख्यात जिल्ला धनकुटा यसै प्रदेशमा पर्दछन भने तराईमा आँप, लिची, सुपारी जस्ता फलफुल खेती र मत्यपालन, जुट, उखु, मकै,गहुँ जस्ता नगदेवालीको अति नै संभावना रहेको छ ।

**(घ) उद्योग कलकारखाना.** वन तथा कृषि पैदावरमा आधारित साना, मझौला तथा ठूला उद्योग खोल्न सक्ने प्रशस्त संभावना बोकेको यस प्रदेशमा विराटनगर जुट मिल, उदयपुर सिमेन्ट कारखाना, इलाम, झापाका चिया उद्योग सञ्चालन भएका थिए र केही सञ्चालन पनि छन् । उर्वर जमिन बाँझो नराखी व्यवसायिक रुपमा आधुनिक तरिकाले फलफुल, अन्न, चिया, सुपारी, अलैंची, अदुवा, जुट, उखु आदि खेती गरी यी कृषिजन्य उद्योगहरुबाट समेत स्थानीय जनताको जीवनस्तर उकासी देशको आर्थिक विकासमा ठूलो योगदान गर्न सकिन्छ ।

**(ङ) जनशक्ति परिचालन.** ४९,६१,४१२ जनसंख्या (कुल जनसंख्याको १७.१%) रहेको यस प्रदेशमा . ७९.७ % साक्षार छन्[1]। यस प्रदेशले धेरै राजनैतिक नेता, राजनैतिक व्यक्तित्व मात्र हैन मनग्ये विज्ञ दक्ष जनशक्ति समेत उत्पादन गरेको छ । वैदेशिक रोजगारीमा जाने प्रवृति बढ्दै गएको परिप्रेक्ष्यमा देशभक्तिको भाव जगाई आफ्नो देशमा बसेर धेरै उद्योग धन्दा, उत्पादन र कमाई गर्न सकिन्छ भन्ने विश्वास दिलाउन उपयुक्त वातावरण बनाई युवा पुस्तालाई प्रोत्साहन गर्न सकिन्छ ।

**(च) संस्कृति र परम्परा.** सामान्यत किराती परम्पराको धनी यस प्रदेशमा हिमालको शेर्पा, तामाङ, पहाडको राई लिम्बु, याख्खा, सुनुवार र तराईको कोचे मेचे, किसान, राजवंशी संस्कृति र परम्पराको धनी मानिन्छन् । यिनै साकेला, हाक्पारे, पालुम, धान नाँच, किसान नाँचले यस प्रदेशमा सबै जात जातिलाई एकताको मालामा उनेको छ ।

1 *Kohi province Wikipedia*

**(छ) अनुसन्धान केन्द्रहरु स्थापना.** विभिन्न जैविक अनुसन्धान केन्द्रहरु स्थापना तथा भइरहेको अनुसन्धान केन्द्र जस्तै पाख्रीबास, इलाम, झापामा भएका अनुसन्धान केन्द्रहरुलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

**४. चुनौतीहरु**

**(क) राजनैतिक अस्थिरता.** करिब डेढ वर्षको अवधिमा ५ पटकसम्म मुख्यमन्त्री फेरिनु नेपालका प्रदेशहरु मध्ये सबै भन्दा अन्तिममा "कोशी" नामाकरण पछि देखिएको पहिचानवादी आन्दोलन र त्यस प्रति राजनीतिक दल तथा नेताहरुको दृष्टिकोण साथै प्रदेशमा विभिन्न माग राखी समय समयमा हुने आन्दोलनहरुले राजनैतिक अस्थिरतालाई प्रतिनिधित्व गर्दछ ।

**(ख) शान्ति सुरक्षा.** शान्ति सुरक्षाको वातावरणले नै विकास निर्माण र उन्नतीको ढोका खोल्ने भएकोले प्रदेशमा शान्ति सुरक्षाको स्थिती मजवुत बनाउन नेपाली सेना लगायत सुरक्षाका सवै अंगहरु र स्थानिय, प्रदेश सरकार एवं सम्पूर्ण जनसमुदायको सहयोग तथा समन्वयको आवश्यक पर्दछ ।

**(ग) खुल्ला अन्तर्राष्ट्रिय सीमा.** खासगरी मुख्य नाकाहरु दक्षिण तर्फ भन्टाबारी, रानी र रंगेली पूर्व तर्फ काकडभिट्टा, पशुपतिनगर साथै अन्य नाकाहरु हुने गरेको चोरी, निकासी पैठारी, मानव तस्करी लागू पदार्थ ओसार प्रसार, हातहतियार तथा अवैध कारोबारी आदि प्रभावकारी रुपमा रोकी राजश्व बढाउन सकिन्छ । समय-समयमा हुने सीमा विवाद, सीमावर्ती ईलाकामा हुने गरेका झडपका घट्नाले सुरक्षा चुनौती थप्ने गरेको र कोभिड-19 को महामारीको समयमा र पछिल्लो दिनहरुमा सशस्त्र प्रहरी बल, नेपालको वलाङचुकगोला लगायत केही स्थानहरुमा Post थपिए तापनि अझै पर्याप्त र श्रोत साधन एवं व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

**(घ) मानव हात्ती द्वन्द्व.** छिमेकी मुलुक भारतको सिक्किमबाट तराईका झापा हुँदै पश्चिम कोशी टप्पुसम्म जंगली हात्ती चर्ने प्राकृतिक करिडोर विगतमा रहेकोमा सो करिडोरमा मानववस्ती तथा विकाश निर्माणका संरचनाले गर्दा जंगली हात्तीले वर्षैनी मानिसहरुको वस्ती र वालीलाई ठूलो नोक्सानी पुऱ्याउंदै आएको छ र हात्ती लखेट्ने सिलसिलामा मानव हात्ती द्वन्द्व श्रृजना भएको देखिन्छ । अर्कोतर्फ गाउँहरुमा बाँदर, स्यालको आतंक समेत कम छैन ।

**(घ) प्रकोप.** खासगरी वर्षाको समयमा बढी पानी पर्ने र हिउताल फुट्ने, जलविद्युत निर्माणको क्रममा निर्माण हुने ड्याम तथा सुरुङ निर्माणले थप जोखिम बढाएको देखिन्छ । ५६ वटा ढोका रहेको कोशी व्यारेज समेत पुरानो हुँदै गएको र सो सम्झौता समेत Renew गर्नु पर्ने परिस्थितिमा बाढी पहिरोले यस क्षेत्रमा पुऱ्याउन सक्ने असर बारे पूर्व सचेत र समयमा नै योजना तयार गर्नु पर्ने देखिन्छ । यस प्रदेशमा भएको प्रकोपको उदाहरणको रुपमा २०८० असार २ गते हेवा खोलामा गएको वाढीले पुऱ्याएको धनजनको क्षति साथै २०६७ सालमा कोशीको पूर्वी बाँध फुट्दाको धनजनको क्षति साथै २०७५ सालमा महामरीको रुपमा फौलिएको कोभिड-19 ले फैलाएको सन्त्रास र व्यवस्थापनको कठिनाई लिन सकिन्छ । यसका साथै सवारी दुर्घटना, आगलागी र चट्याङ्गबाट पुऱ्याउने क्षतिलाई समेत कम आँकलन गर्न मिल्दैन ।

**(ङ) जनशक्ति विदेश पलायन.** यस प्रदेशमा उपलब्ध मानव श्रोत नै विकास निर्माणको महत्व पूर्ण आधार हुन सक्दछ । विदेशी रोजगारीमा जान बाध्य खास गरी युवा वर्गहरुलाई वातावरण तयार गरी कसरी आफ्नै देशको गाउँ शहरमा रोजगारी, व्यवसाय गर्न प्रेरित गर्ने भन्ने अर्को चुनौती रहेको छ । त्यसै गरी खास गरी युवा पुस्तामा देखिएको नैरास्यताले देशकै सबभन्दा बढी आत्महत्या गर्ने प्रदेशको रुपमा समेत चिनिदै आएको छ ।

**(च) विकाश की विनाश.** अव्यवस्थित भौतिक संरचना निर्माण, बढ्दो जल विद्युतको ड्याम र सुरुङ्ग, अव्यवस्थित बाटो निर्माण कार्य, अव्यवस्थित वस्ती, बाँझो र Plotting, वन फँडानी, चुरे तथा नदीजन्य श्रोतको दोहन, खोला

तथा पानीमा माछा मार्न विष र करेन्टको प्रयोग, चराहरुलाई पासो थापी मार्ने प्रवृति जस्ता कार्यहरुले प्राकृतिक स्वरुप खलल पुगी विकाश मात्र हैन प्रत्यक्ष वा परोक्ष रुपमा विनाश पनि निम्त्याएको देखिन्छ ।

**(छ) लगानीको वातावरण.** विगतमा स्थापना भएको महत्वपूर्ण उद्योग जस्तै विराटनगर जुटमिल कारखाना, उदयपुर सिमेन्ट उद्योग लगायत साना, मझौला तथा ठूला उद्योगहरु नचल्नु, जीर्ण हुनु साथै नयाँ साना व्यवसायीक उद्योग खोल्ने उपयुक्त वातावरण कमी हुनु प्रदेश विकासको लागि ठूलो चुनौतीको रुपमा देखिन्छ । प्रदेश सरकारको पहलतामा निजी क्षेत्र समेत संलग्न रही कोशी प्रदेश लगानी सम्मेलन २०८२ सम्पन्न भई सकेको परिप्रेक्ष्यमा विभिन्न उद्योग तथा व्यवसायमा लगानी तथा आवश्यक सुरक्षाको व्यवस्था र यसको प्रभावकारी कार्यान्वयन हुने सम्बन्धमा सकारात्मक कदम मान्न सकिन्छ ।

**(ज) सामाजिक सामाञ्जयता.** नेपालको राष्ट्रियता र हाम्रो पहिचानको रुपमा रहेको सामाजिक सामाञ्जयतालाई हाल भएका र विगतमा देखिएका विभिन्न धार्मिक र परम्परागत असहिष्णुताका गतिविधिहरुले विथोल्न खोजेको भान भईरहेको परिप्रेक्ष्यमा सबैको आस्था र परम्परालाई सम्मान गरी सामाजिक सामाञ्जयता र सुरक्षा कायम राख्न समय सचेत रहनु पर्ने देखिन्छ ।

**(झ) शरणार्थी समस्या.** छिमेकी मूलुक भारत, बंगलादेश र म्यानमार लगायत अन्य देशबाट आउन सक्ने शरणार्थीको लागि नाकाहरुमा प्रभावकारी रुपमा रोक्ने, नियन्त्रण गर्ने, रजिष्टर गर्ने प्रणालीको विकाश नगरे छिमेकी मूलुकमा हुने विभिन्न घट्नाले नेपाल प्रवेश गर्ने शरणार्थीहरु बढ्न गई समाजमा यसको चौतर्फी नकारात्मक प्रभाव पर्न जाने यथार्थ भुटानी शरणार्थी समस्याबाट पाठ सिक्नु पर्ने देखिन्छ ।

## ५. पूर्वी पृतना मुख्य गतिविधिहरु

(क) कोशी प्रदेश जिम्मेवारी क्षेत्र रहेको श्री पूर्वी पृतना हे.क्वा. इटहरीमा उपरथी कमाण्डमा नं.२ वाहिनी अड्डा हिले, नं.१८ वाहिनी अड्डा, भुल्के उदयपुर र नं.२१ बाहिनी अड्डा तोपगाछी झापामा सहायक रथीको कमाण्डमा तैनाथ रहेका छन । यस पृतना अन्तरगत तीन वटा युद्धक वाहिनी सहित युद्ध मद्धती र युद्ध सेवा मद्धती फौज रहेका छन् । कोशी प्रदेशमा पूर्वी पृतना हे.क्वा.ले तोकिएको जिम्मेवारी र सेनाको व्यवसायीक कार्य र सैनिक अभ्यास एवं तालिमको अतिरिक्त निम्नलिखित मुख्य कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।



(१) सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण संरक्षण क्षेत्र र कोशी टप्पु बन्यजन्तु आरक्ष सुरक्षा गर्नुको साथै वर्षेनी हजारौं विरुवा वृक्षारोपण गर्दै आएको छ । उदाहरणको रुपमा फलफुलको वृक्षारोपणको हिसाबले नमूना व्यारेक बनाउन श्री नं.२१ वाहिनी अड्डा तोपगाछी परिसरमा जमिनको उपलब्धता, उपयुक्तता, सौदर्यीकरण गरी स्थानीय जनतामा फलफुल खेती, वृक्षारोपण गर्न प्रोत्साहित पार्न वि.सं.२०७५ साल असोजमा वृहत फलफुलको वृक्षारोपण गरी पछिल्ला दिनहरुमा समेत मरेका विरुवा पुर्ताल र थप वृक्षारोपण

गरेर २२ थरीका फलफुलका करिब १७००० विरुवाहरु हुर्काइएका छन् । कोभिड-१९ को समयमा व्यारेक भित्र बस्नु पर्ने बाध्यताको समयमा उक्त मानवीय श्रोत परिचालन गरी Stress management को रुपमा बोट विरुवा हुर्काउन जिम्मेवारी समेत तोकिएको थियो ।

(२) पंक्षीबास बगैंचा त्यसैगरी कोशी प्रदेशमा स्थानीय र फिरन्ते चराहरु र साइवेरियाबाट समेत आउने गरेको छन् । यो चराहरुको बासस्थानमा वृद्धि गर्ने साथै चराहरुले मनपराउने खालका फलफुल वृक्षारोपण गरी श्री पूर्वी पृतना हे.क्वा.मा पंक्षीबास बगैंचा निर्माण भएको छ । यसरी प्रत्येक व्यारेक मात्र हैन हाम्रा घरवारी, कम्पाउण्ड, निजी जंगल, सामुदायीक जंगल, बाटोको दोहोरो किनारमा उपयुक्त वृक्षारोपण गरी प्राकृतिक सौन्दर्य बढाउन साथै चराचुरुङ्गीको बास र पर्यावरणिय वातावरण जोगाउनमा योगदान गर्न सकिन्छ ।

(ख) प्रदेशमा समय समयमा हुने विभिन्न विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्था मिलाउनुका साथै प्रदेश प्रमुखको सुरक्षा र मुख्यमन्त्रीको सुरक्षा ।



(ग) जलविद्युत आयोजना, विष्फोटन पदार्थ ढुवानी, वैंक फण्ड ढुवानी, विराटनगर विमानस्थल तथा विराटनगर स्थित राष्ट्र बैंकको सुरक्षा ।

(घ) श्री नं.१ विकास निर्माण गणबाट खट्टिएको फौजद्वारा खाँदवारी किमाथाङ्का सडक आयोजना अन्तर्गत १०.5 कि.मि. सडक खण्ड निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको ।

(ङ) सीमा स्तम्भहरुको निरीक्षण तथा रेखदेख, स्तम्भहरुको संख्यात्मक विवरण र अवस्थाको लागि जिल्ला प्रशासन कार्यालय र सशस्त्र प्रहरी बल, नेपालसँग समन्वय गर्दै स्थलगत निरीक्षण समेत गरिदै आईरहेको ।

(च) "हिमाल सफाई अभियान", "हिमाल दर्शन", "संरक्षण" लगायत विपद् व्यवस्थापनको पूर्व अभ्यास स्वरुप स्थानीय तथा प्रदेश तहमा आवश्यक समन्वय गरी अभ्यास "मनसुन", अभ्यास "हातेमालो" जस्ता सचेतनामूलक अभ्यास संचालन । मनसुनको समयमा पृतना हे.क्वा.मा उद्धार टिम सहितको हेलिकप्टर स्टेण्डवाई रहने गरेको । साथै, दुर्घटना हुँदा तथा सुत्केरी उद्धारको कार्यको लागि समेत नेपाली सेनाको हेलिकप्टरको प्रयोग हुँदै आएको ।

(छ) बाढी, पहिरो, आगलागी, सवारी दुर्घटना, कोभिड-१९ महामारी, डेंगु, भुकम्प जस्ता प्रकोप हुँदा खोज, उद्धार तथा राहत वितरण, पुनः निर्माण, रक्तदान, क्वारेन्टाइन तथा शव व्यवस्थापन कार्यहरु सम्पादन भएको उदाहरणको रुपमा कोभिड-१९ महामारी हुँदा यसको रोकथाम, नियन्त्रण र व्यवस्थापन अत्यन्त प्रभावकारी रुपमा गरिएको । साथै मिति २०८० आषाढ २ गते हेवा खोलामा आएको बाढिको कारण संखुवासभा र पाचंथर

जिल्लाहरुमा मानविय तथा भौतिक क्षति हुन गएकोमा खोज तथा उद्दार गर्ने कार्यको लागि पृतना हे.क्वा.मा Provincial Emergency Operation Center (PEOC) र जिल्लाहरुमा District Emergency Operation Center (DEOC) लाई सक्रिय बनाई अन्य सुरक्षा तथा सरोकारवाला निकायहरुसंग समन्वयात्मक ढंगबाट सहकार्य भएको ।

(ज) Quick Impact Project (QIP) अन्तरगत कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा स्थानीय आश्यकता अनुसार पुरातात्विक, ऐतिहासिक एवं धार्मिक स्थानको संरक्षण, सम्बर्द्धन, संग्राहलय निर्माण तथा स्तरोन्नति सार्वजानीक शौचालय निर्माण, हेलिप्याड तथा बाटोघाटो निमार्ण, कृषि हाटबजार निर्माण जस्ता कार्यहरु सम्पादन गर्दै आइरहेको[2]।

(झ) पूर्वी पृतना हे.क्वा.परिसर ईटहरीमा श्री सैनिक कल्याणकारी निर्देशनालयबाट रिपुमर्दनी पेट्रोल स्टेशनको निर्माण तथा सेनाको हिताधिकारीहरुको लागि सूपथ मुल्य पसलको स्थापना ।

(ञ) आन्तरिक द्वन्द्व तथा विभिन्न तहको निर्वाचनको समयमा शान्ति सुरक्षा कायम गर्न आवश्यक परिचालन ।

(ट) राष्ट्रिय सेवा दल पूर्वी तालिम शिक्षालय, याङ्गशिलाबाट विभिन्न सरकारी तथा गैर सरकारी विद्यालय छात्र / छात्रा सम्मिलित राष्ट्रिय सेवा दल तालिम संचालन ।

(ठ) अधिकृत तथा सैन्य भर्ना छनौट र सैन्य आधार तालिम संचालन ।

(ड) प्रदेशमा संचालन हुने विभिन्न खेलकुद प्रतियोगिताहरु तथा मैत्रीपूर्ण खेलहरु (जस्तै फुटबल, भलिबल, गल्फ) मा नेपाली सेना तथा पृतनाका खेलाडीहरुको संलग्नता रहेको ।

(ढ) श्री जनसम्पर्क तथा सूचना निर्देशनालयको संयोजकत्वमा कोशी प्रदेशमा रहेका सञ्चारकर्मीलाई सहभागी गराई Defence Correspondent Orientation Programme (DCOP) २०८० को संचालन तथा




(ण) ऐतिहासिक गढी, किल्लाको संरक्षण र एकीकरण पदयात्रा कार्यक्रम संचालनका साथै कोशी प्रदेशको लोक, संस्कृति एवं परम्पराको संरक्षण र सम्बर्द्धनमा योगदान ।

(त) घुम्ती मेडिकल शिविर संचालन तथा तनाव व्यवस्थापनको लागि जिम्मेवारी क्षेत्रमा रहेका वाहिनी तथा गण/गुल्महरुलाई स्थान विषेश मै उपस्थित भई कक्षा संचालन गरेको । मानसिक रोगीहरुलाई आवश्यक काउन्सिलिङ्गको व्यवस्था ।

2 Division Commander's command compact

(थ) कोशी प्रदेशमा सुनसरीको ईटहरी, उदयपुरको भुल्के, बेलस्रोत र भागलपुर, मोरङ्गको लेटाङ्ग र झापाको चारआलीमा रहेका ७ वटा सर्प दंश केन्द्रहरुबाट विषालु र विषालु नभएका सर्पदंशका विरामीहरुको वर्षैनी करिब २००० उपचार गर्दै आइरहेको छ । चारआली सर्पदंश केन्द्रमा छिमेकी मुलुकबाट समेत विरामी आउने गरेको ।

**सुझावहरू**

६. कोशी प्रदेशमा उपलब्ध विभिन्न स्रोत साधन तथा वस्तुस्थितिलाई मध्यनजर गरी माथि उल्लेखित यस प्रदेशका सम्भावना चुनौतीहरूलाई समेत ध्यान दिई निम्नलिखित मुख्य सुझावहरू उल्लेख गरिएको छ ।

**(क) लगानीको वातावरण.** प्रदेश तथा स्थानीय स्तरमा आर्थिक सामाजिक पर्यटक भौतिक विकास तथा सुधारको लागि आवश्यक वातावरण तयार गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ आवश्यक संशोधन गरी लगानी र रोजगारीको अवसर सिर्जना गर्ने साथै आवश्यक जनचेतना र सहभागिता बढाउने । माननीय मुख्य मन्त्री, अध्यक्ष रहेको कोशी प्रदेश लगानी प्राधिकरण स्थापना भई निजी क्षेत्र र सरकार बीच प्रभावकारी भूमिका निर्वाह भइरहेकोमा[3] थप सक्रियता बढाउने ।

**(ख) राजनीतिक इच्छा शक्ति र संयुक्त प्रयास.** दल, गुट, व्यक्तिभन्दा राष्ट्रियता देशको हितलाई माथि राखी आपसी सहयोग, समन्वय, साझेदारी र सहभागितामा जनसरोकारका विषयहरुमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई बजेट व्यवस्थापन गरी प्रभावकारी कार्यान्वयन गर्ने । प्रदेशको सुरक्षा, विकास निर्माण र समृद्धिको लागि थप बैठक, सेमिनार तथा अन्तरक्रिया कार्यक्रम गरी प्राप्त सुझावहरु कार्यान्वयन गर्ने ।

**(ग) पर्यटनको विकास.** आन्तरिक तथा बाह्य पर्यटनको सम्भावित क्षेत्र पहिचान गरी पर्यटनको लागि आवश्यक आधारभूत संरचना निर्माण र सुधारमा जोड दिई दीर्घकालीन पर्यटक व्यवसायको लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।

**(घ) हिमाल आरोह/पदयात्री.** यस प्रदेशमा रहेका प्राकृतिक विविधता सौन्दर्यतालाई मध्यनजर गरी हिमाल आरोह, पदयात्री तथा किल्ला, गुफा, नदीनाला, तालतलैया, झरना आदिको उचित संरक्षण गरी स्थानीय प्रदेश तथा केन्द्रीय तहमा समेत समन्वय गरी थप पर्यटक बढ्ने वातावरण बनाउने ।

**(ङ) हात्तीको प्राकृतिक करिडोर निर्माण.** कोशी प्रदेशको विभिन्न जिल्लाहरुलाई समेटेर संरक्षित क्षेत्र हात्तीको प्राकृतिक करिडोर बनाउन सकिन्छ ।

**(च) संरक्षित क्षेत्रको विस्तार.** जङ्गली जनावर जस्तै हिमचितुवा, कस्तुरी, मृग, ध्वाँसे चितुवा, रातोपाण्डा अर्ना, हात्ती, डल्फिन लगायत दुर्लभ जनावार, चराचुरुङ्गी, सर्प, कछुवाको थप संरक्षण गर्ने । त्यसैगरी लालीगुराँसको संरक्षण तथा चुरे लगायत अन्य इलाकामा संरक्षण इलाका घोषणा गरी थप जीवजन्तु र चराचुरुङ्गीको बासस्थान बढाउन संरक्षित इलाका तथा पंक्षीबास (Bird Sanctuary) घोषणा गर्ने । भइरहेको कोशी टप्पु वन्य जन्तु आरक्षको उत्तर पश्चिम चुरे उदयपुर इलाकासम्म विस्तार गर्न सकिने ।

(छ) विकाश निर्माण कार्यमा वातावरणीय पक्षलाई ध्यान दिन कार्य सम्पादन गर्ने ।

(ज) ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थल तथा लोक संस्कृति एवं परम्पराहरुको संरक्षण, सम्बर्द्धन र प्रचार गर्ने ।

3 कोशी दर्पण २०८१

(झ) सामाजिक सामाञ्जयता कायम गर्न जोड दिने ।

(ञ) आधुनिक व्यवसायीक खेती तथा उचित बजार व्यवस्था गर्ने । साथै, सिपमूलक तालिम, रोजगारीको व्यवस्था तथा साना/घरेलु उद्योगमा प्रोत्साहन गर्न उपयुक्त वातावरणको निर्माण ।

(ट) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना तथा पूर्व तयारीमा जोड दिने ।

(ठ) खुल्ला अन्तर्राष्ट्रिय सीमानाको उचित व्यवस्थापन, निगरानी गर्ने । साथै, राजश्व चुहावट तथा अवैध निकासी पैठारी रोक्न थप प्रभावकारी व्यवस्था गर्ने र प्रदेश स्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई थप श्रोत साधन सम्पन्न बनाउने ।

(ड) खासगरी युवा पुस्तालाई अनुशासित नैतिक र जिम्मेवारी बोध गराउन र कुलत एवं कुसंस्कारबाट बचाउन राष्ट्रियताको भावना जोगाउने तथा तनाव व्यवस्थापन सम्बन्धी जनजागरण अभियान सुरु गर्ने ।

(ढ) जलविद्युत तथा यातायातको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हबको रूपमा विकास गर्ने । त्यसैगरी उत्पादित विद्युत भारत लगायत बङ्गलादेशमा समेत बिक्री वितरण गर्ने वातावरण बनाउने । हेलिकप्टर, जहाजबाट माउन्टेन फ्लाइट विस्तार, विराटनगर एयरपोर्टलाई अन्तर्राष्ट्रिय एयरपोर्ट तथा नेपाली सेनाको पूर्वी एयर वेशको रुपमा विकास गर्ने । हाल झापा, मोरङ्ग र सुनसरीमा निर्माणाधिन भइरहेको एशिएन हाईवे लाई अझ विस्तार गर्ने र कोशी नदी लगायत अन्य नदीहरुमा जल यातायात विकास गर्न सकिन्छ ।

(ण) खेलकुद विकासमा प्रशस्त संरचना एवं जनशक्ति रहेको यस प्रदेशमा फुटबल क्रिकेट तथा मार्सल आर्ट जस्ता खेलकुद विकास गर्न सकिन्छ । हाल भइरहेको खेलमैदान स्तर उन्नतिलाई थप आधुनिक बनाउने र आवश्यकता अनुसार आधुनिक स्टेडियम समेत बनाई राष्ट्रिय अन्तर्राष्ट्रिय खेल आयोजना गर्न सकिन्छ ।

(त) विभिन्न जैविक अनुसन्धान केन्द्रहरु स्थापना तथा भइरहेको अनुसन्धान केन्द्र जस्तै पाख्रीबास, झापा, इलामका अनुसन्धान केन्द्रलाई थप क्रियाशिल बनाउने साथै, पूर्वाञ्चल विश्व विद्यालय लगायत अन्य शैक्षिक संस्थामा आवश्यक सुधार गर्ने ।

**सारांश**

७. कोशीको जलधाराबाट सिंचित कोशी प्रदेश, प्राकृतिक, राजनैतिक, पर्यटकीय, आर्थिक, सामाजिक सामरिक, धार्मिक हिसाबले प्रचुर संभावना रहेको छ भने चुनौती समेत धेरै नै रहेका छन् । संभावना र सुरक्षा चुनौतीका बीच नेपाली सेना तथा अन्य सुरक्षा निकाय, सरकारी संयन्त्र साथै निजी क्षेत्रबाट पनि विभिन्न कार्यहरु आपसी समन्वय र सहकार्यमा सम्पन्न भएको पाइन्छ । कोशी प्रदेश लगानी सम्मेलन-२०८२ तथा कोशी प्रदेश पर्यटन वर्ष २०८२ को लक्ष्य अनुसार उपलब्धीको लागि विभिन्न तहका सरकार, सुरक्षा निकाय तथा निजी क्षेत्र एंव जनसहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैगरी कोशी प्रदेशको पहिलो र दोश्रो अवधिक योजनामा उल्लिखित दीर्घकालीन सोच “स्वच्छ सुखी र समुन्नत प्रदेश” को लक्ष्य हासिलको लागि सबै पक्षले सहयोग र समन्वय गरी साझा जिम्मेवारी निर्वाह गर्नु हामी सबैको कर्तव्य पनि हो ।

**सन्दर्भ सामग्री**

१. कोशी दर्पण २०८१, वर्ष १, अङ्क २, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।

२. Division Commander’s command compact.

३. Kosi Pradesh Wikipedia.

# कोशी प्रदेशमा लगानीका सम्भावना र अवसरहरु



✍ छविन्द्र पराजुली*

**लेखसारः**

कोशी प्रदेशमा हिमाली, पहाडी र तराई क्षेत्रका चौध वटा जिल्लाहरु रहेका छन् । यस प्रदेशमा झापा, मोरङ्ग र सुनसरी तराईका जिल्लाहरु हुन भने ताप्लेजुङ, पाँचथर, इलाम,धनकुटा, भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र उदयपुर जस्ता जिल्लाहरु पहाडी, हिमाली र भित्री मधेशका जिल्लाहरु हुन् । कोशी प्रदेशले लगानी आकर्षित गर्न कृषि उद्यम, उत्पादनमूलक उद्योग, उर्जामूलक उद्योग, पर्यटन उद्योग लगायत भौतिक पूर्वाधार विकासका निर्माण उद्योगहरुलाई विशेष जोड दिनुपर्ने अवस्था छ । दक्षिण र पूर्वमा छिमेकी देश भारतको ठूलो बजार रहेको हुनाले र धार्मिक तथा सास्कृतिक सामिप्यता समेत रहेकाले प्रदेशमा स्थापित उद्योगका उत्पादनहरुका लागि ठूलो बजार उपलब्ध छ । यसका साथै छिमेकी देशका पर्यटकहरुलाई भित्राउन सक्ने धार्मिक क्षेत्रहरुको उपस्थिति रहनु प्रदेशको अर्को अवसर रहेको छ । तसर्थ कोशी प्रदेशले लगानीका लागि उचित वातावरण तयार गरी पूर्वाधार विकासका क्षेत्रमा निजी लगानी आकर्षित गरी प्रदेशको विकासका लागि लगानीकर्ताहरुलाई थप सहुलियत र सहजिकरण गर्दै लगानी आकर्षित गरी प्रदेशको विकासका लागि लगानीकर्ताहरुलाई थप सहुलियत र सहजिकरण गर्दै लगानी आकर्षित गर्ने रणनीति लिनुपर्ने देखिन्छ ।कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले लिएको दीर्धकालिन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को लक्ष्य हासिल गर्न तथा समृद्ध कोशी प्रदेश निर्माणका लागि माथि प्रस्तुत गरिएका लगानीका सम्भाव्य क्षेत्रहरुमा लगानी आकर्षित गरी लगानीकर्ताहरुको मनोवल बढाउन लगानीकर्ताहरु लाई विशेष सहुलियत सहित लगानीका लागि आव्हान गर्दै प्रदेश लगानी नीति सहित प्रदेश लगानीको सुरक्षा गर्ने प्रादेशिक कानून निर्माण गर्न आवश्यक रहेको देखिन्छ ।

**शब्दकुञ्जीः** Production based Incentives, Value Development Chain, Sustainable and Green Agriculture Development Strategy

* सहसचिव, नेपाल सरकार

**पृष्ठभूमिः**

कोशी प्रदेशमा हिमाली, पहाडी र तराई क्षेत्रका चौध वटा जिल्लाहरु रहेका छन् । यस प्रदेशमा झापा, मोरङ्ग र सुनसरी तराईका जिल्लाहरु हुन भने ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र उदयपुर जस्ता जिल्लाहरु पहाडी, हिमाली र भित्री मधेशका जिल्लाहरु हुन् । कोशी प्रदेशले नेपालको कुल भू-भागको १७.६० प्रतिशत भाग अर्थात २५ हजार ९०५ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । कोशी प्रदेशले लगानी आकर्षित गर्न कृषि उद्यम, उत्पादनमूलक उद्योग, उर्जामूलक उद्योग, पर्यटन उद्योग लगायत भौतिक पूर्वाधार विकासका निर्माण उद्योगहरुलाई विशेष जोड दिनुपर्ने अवस्था छ । उत्तर–दक्षिण जोड्ने र पूर्व पश्चिम जोड्ने सडक सञ्जाल (Road Network & Connectivity) को विकास, कृषि उत्पादन र उत्पादकत्व बढाउन सिचाईका पूर्वाधारहरुको विकास र निर्माण लगायत उर्जा विकासका लागि विधुत उत्पादनगृहहरुको निर्माण र पर्यटक पूर्वाधार विकास (Tourism Infrastructures Development) जस्ता परियोजनाहरुमा लगानी आकर्षित गर्ने गरी कोशी प्रदेशले लगानीका लागि उपयुक्त र सम्भाव्य परियोजनाहरु तयार गरी स्वदेशी र विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने रणनीति लिनु जरुरी देखिन्छ। कोशी प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक जातीय प्राकृतिक विविधता समेतलाई मध्यनजर गर्दै उपलब्ध प्राकृतिक स्रोत साधन ( जलस्रोत, भौगर्भिक खानी, पर्यटकीय र धार्मिक स्थलहरु समेत) को भरपुर उपयोग हुने वातावरण सिर्जना गरी आर्थिक, सामाजिक, औद्योगिक र व्यापारिक लगायत भौतिक पूर्वाधार विकासका क्षेत्रमा कोशी प्रदेश सरकारले लगानी विस्तार गर्ने कार्यक्रमहरु संचालन गर्न आवश्यक रहेको छ ।

प्रदेशको पर्यटकीय सम्भावनालाई उजागर गर्न तथा प्रदेशको Air Connectivity लाई बढाउन प्रदेश सरकारले आफ्नै र निजी क्षेत्रको लगानीमा प्रदेश वायुसेवा (Province Airlines) समेत संचालन गर्न सक्नुपर्नेछ । जसबाट प्रदेश सरकारको विश्वसनियता बढी निजी लगानी समेत आकर्षित हुनेछ ।

कोशी प्रदेशमा वनजन्य उद्योगहरुको समेत विस्तार हुने सम्भावना रहेको छ। जडिबुटीमा आधारित उद्योग लगायत बहुमुल्य काठबाट गुणस्तरीय फर्निचरका उत्पादनहरु उत्पादन गर्न सके हाल विदेशबाट आयात भइरहेका फर्निचरको आयात घटाउन सकिने साथै उच्च गुणस्तरको काठका फर्निचरहरु उत्पादन गरी विदेशमा समेत निर्यात गर्न सकिने प्रचुर सम्भावना रहेकोले सो को उपयोग र विकास गर्ने तर्फ प्रदेश सरकारले पहल गर्नुपर्ने अवस्था रहेको छ। यसका साथै स्थानिय रुपमा उपलब्ध हुने बाँसलाई समेत उपयोग गरी औद्योगिक उत्पादन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**१. कृषि क्षेत्रमा उलब्ध अवसरहरु**

कोशी प्रदेशमा देशको कृषियोग्य जमीनको क्षेत्रफलको करिब २० प्रतिशत जमीन कृषिका लागि उपलब्ध छ । कोशी प्रदेशका तीनवटा तराईका जिल्लाहरु झापा, मोरङ र सुनसरीमा धान, मकै, गहुँ मुख्य रुपमा उत्पादन हुने गरेको छ । पहाडी जिल्लाहरुमा कृषि नगदेवालीका रुपमा चीया अलैची, अदुवा, कागती, सुन्तला उत्पादन हुने गरेको छ। यसका अतिरिक्त आपँ, केरा, लिची, मेवा, सुपारी, जुट, कोदो, फापर, तोरी लगायतका कृषि बाली तथा फलफुल खेती प्रशस्तरुपमा भइरहेको स्थिति छ ।

कोशी प्रदेशमा सिचाईको उचित प्रबन्ध गरेर हाल उत्पादन भैरहेको अन्नवालीहरुको उत्पादन वृद्धि गर्ने प्रशस्त सम्भावना रहेको छ । कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्नका लागि कोशी प्रदेशमा लगानीको प्रचुर सम्भावना रहेको छ । तसर्थ कृषि व्यवसायलाई वैज्ञानिक रुपमा संचालन गर्नका लागि कृषि क्षेत्रको Mechanization and Commercialization का अतिरिक्त कृषिसम्बन्धी आधुनिक उत्पादन प्रविधि भित्र्याई कृषिको क्षेत्रमा थप लगानी आर्कषित गर्न प्रदेश सरकारले कृषि क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक छ ।

यसका साथै कृषि उत्पादन वृद्दिका लागि कृषि उत्पादनका पकेट क्षेत्रहरु जस्तै Rice Zone, Wheat Zone, Tea Zone, Maize Zone घोषणा गरी विशेष गरी निजी क्षेत्रको लगानी आकर्षित गर्न उत्पादनमा सहयोग र Incentives Scheme (Production

based Incentives Scheme) प्रदेश सरकारले कार्यान्वयनमा ल्याउन आवश्यक छ । कृषि उत्पादनसँग सम्बद्ध कृषि सम्बन्धी उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्नुका अतिरिक्त मूल्य अभिवृद्धि श्रृखला ( Value Development Chain) मा आवद्ध गराँउदै कृषकहरुलाई अधिकतम लाभ प्राप्त हुने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

**२. उर्जा परियोजनाहरुमा उपलब्ध अवसरहरु**

उर्जाका परियोजनाहरुमा उपलब्ध अवसर पनि कोशी प्रदेशमा लगानीको अर्को अवसरको क्षेत्र हो । देशको सबैभन्दा ठूलो नदी सप्तकोशी र यसका सहायक नदीहरु सुनकोशी, दुधकोशी, तामाकोशी, ईन्द्रावती, अरुण, तमोर र लिखु उच्च हिमाली क्षेत्रबाट उद्गम भई बग्ने हुनाले पानीको स्रोत अटुट रहिरहन्छन् । देशको कुल उपलब्ध जलस्रोत मध्ये २८ प्रतिशत हिस्सा कोशी प्रदेशको रहेको हुनाले जलस्रोत सम्बन्धी परियोजनाहरुमा आकर्षक लगानीका अवसरहरु उपलब्ध छन् । निजी क्षेत्र तथा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरी उपलब्ध जलस्रोतबाट अधिकतम लाभ लिने दिशामा संघीय सरकार र प्रदेश सरकारको संयुक्त पहल आवश्यक देखिन्छ ।

कोशी प्रदेशमा रहेका नदीहरुबाट Run of River (ROR) तथा जलाशययुक्त र अर्ध जलाशययुक्त विद्युत आयोजनाहरु संचालन गर्न सक्ने सम्भावना रहेको हुनाले निजी क्षेत्र र विदेशी लगानीकर्ताको लागि आकर्षक परियोजनाहरु तयार गरी ( Projects Bank) लगानी गर्न आब्हान गर्नुपर्नेछ । यसका लागि प्रदेश लगानी सम्मेलन (Province Investment Summit-PIS) आयोजना गरी लगानीका लागि सम्भाव्य उर्जा सहित अन्य क्षेत्रगत परियोजनाका प्रोफाइलहरु तयार गरी व्यापक प्रचार प्रसार गर्दै लगानीकर्ताहरुलाई उपलब्ध गराउन ढिला गर्नुहुन्न अब । कोशी प्रदेशबाट अन्तरदेशिय विद्युत व्यापर गर्न उपयुक्त रहेकोले संघीय सरकारले समेत अन्तरदेशीय Transmission Line निर्माणका लागि लगानी गर्न जरुरी देखिन्छ ।

**३. पर्यटन क्षेत्रमा उपलब्ध अवसरहरुः**

कोशी प्रदेशमा पर्यटन पूर्वाधारका क्षेत्रमा प्रशस्त लगानीका लागि अवसर उपलब्ध रहेका छन् । सर्वोच्च शिखर सगरमाथा लगायत कन्चनजंघा, ल्होत्से, मकालु, चोयु जस्ता बिश्व विख्यात हिमश्रृखलाका अतिरिक्त सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्गा संरक्षण क्षेत्र जस्ता प्रशिद्व राष्ट्रिय निकुञ्ज र जैविक विविधतायुक्त आरक्ष एवम् संरक्षण क्षेत्रहरु पर्यटनका लागि उपलब्ध रहेका छन् । यसका अतिरिक्त प्राकृतिक दृश्यावलोकनका लागि इलामको चियावारी, सुर्योदय हेर्न इलामको अन्तु डाँडा, बर्जु ताल, माइपोखरी, राजारानी ताल, ह्यातुङ झरना र टोडके तथा पोकली जस्ता झरनाहरु अवस्थित रहेका छन् । निजी क्षेत्रले पर्यटन पूर्वाधार विकासमा लगानी गरेर आकर्षक नाफा आर्जन गर्न सक्ने धेरै सम्भावना पर्यटन क्षेत्रमा रहेको छ ।

धार्मिक धरोहरहरु बराहक्षेत्र, रामधुनी चताराधाम, हलेशी महादेव, अर्जुनधारा, कन्काईमाई, शिब सतासीधाम, दन्तकाली आदि धार्मिक स्थलहरु रहेको हुनाले पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने छ ।

यसका अतिरिक्त पाथीभरा माताको दर्शनका लागि केवलकार निर्माण गर्दै थप होटलहरु स्थापनाका लागी समेत लगानीका सम्भावनाहरु रहेका छन् । प्रदेश सरकारले पर्यटन पूर्वाधार विकास र विस्तारका कार्यलाई अगाडी बढाई निजी क्षेत्रको थप लगानी आकर्षित हुने वातावरण बनाउन अति आवश्यक रहेको छ ।

पर्यटन सम्वद्व पूर्वाधारहरुको विकासका लागि अपार सम्भावना उपलब्ध रहेका छन् । पर्यटन सम्बन्धी पूर्वाधारहरुको विकास र विस्तार गरी पर्वतीय पर्वतारोहणहरुको विकास र विस्तार गरी पर्वतीय पर्वतारोहण, साहसिक पर्वतारोहण सम्बन्धी क्रियाकलापहरु, धार्मिक पर्यटनका नयाँ Products को विकास र संरक्षण गर्दै भारतीय पर्यटकहरु र लगानीकर्ताहरु आर्कषित गर्ने ठूलो सम्भावना कोशी प्रदेशले राखेको छ । पर्यटन सम्बद्व भौतिक पूर्वाधारहरु होटल, Resorts, मनोरञ्जनात्मक पूर्वाधारहरु Cable Cars,

Sky Bridge आदी जस्ता पूर्वाधारहरुमा प्रदेश सरकारको अतिरिक्त निजी क्षेत्रको लगानी र वैदेशिक लगानी आकर्षित गर्न कोशी प्रदेशले पर्यटन सम्भावनाहरुको ब्यापक प्रचार प्रसार गर्नुपर्नेछ । पर्यटकहरुको बसाई लम्व्याउन पर्यटन सम्बद्ध पूर्वाधारहरु जस्तै राई,लिम्बु, धिमाल, राजवंशी, सन्थाल आदि वाहुल्य क्षेत्रहरुमा जातीय र सांस्कृतिक म्युजियमहरु निर्माण गरी अवलोकनका लागि उपलब्ध गराउन आवश्यक छ ।

**४. उद्योग क्षेत्रमा उपलब्ध अवसरहरु**

कोशी प्रदेशमा उत्पादनमूलक उद्योगमा थप लगानीका अवसरहरु उपलब्ध रहेका छन् । विराटनगर-धरान औद्योगिक करिडोर, भद्रपुर-विर्तामोड औद्योगिक करिडोर, काकडभिट्टा –विर्तामोड औद्योगिक करिडोर घोषणा गरी उद्योग स्थापनाका लागि पहल गर्नु आवश्यक छ । यसका अतिरिक्त संघीय सरकारसँग समन्वय गरी गौरिगञ्ज र भद्रपुरका भन्सार कार्यालयहरुको स्तरोन्ति गरी आयात निर्यातका लागि पूर्वाधार विकासमा थप लगानी बढाउँदै नयाँ उद्योग व्यवसाय स्थापना र विस्तारका लागि मार्ग प्रशस्त गर्नु अनिवार्य रहेको छ ।

उद्यमशीलता विकासका माध्यमबाट युवाहरुलाई उद्यम व्यवसायमा संचालन गर्न आर्कषित गर्ने र नयाँ उद्यमीहरुलाई उद्योग व्यवसाय संचालन गर्न सहयोग पुर्याउन Start-up fund उपलब्ध गराउन समेत प्रदेश सरकारको ध्यान जानु आवश्यक देखिन्छ । उद्यमशीलता विकासका माध्यबाट नयाँ नयाँ उद्यम व्यवसाय संचालन गर्न र उद्यमीहरुलाई उद्योग संचालनमा टिकाइराख्न पनि अपरिहार्य भइसकेको छ । यसका लागि उद्योग सम्बन्धी नितीगत व्यवस्था सहित उद्यम व्यवसाय संचालन गर्न र उद्यमीहरुलाई उद्योग संचालनमा टिकाइराख्न पनि अपरिहार्य भइसकेको छ । यसका लागि उद्योग सम्बन्धी नितीगत व्यवस्था सहित उद्यमशीलता विकासका कार्यक्रमहरुलाई प्रदेश सरकारले प्राथमिकतामा राख्नु पर्नेछ । कोशी प्रदेशलाई अब High-tech Manufacturing Hub का रुपमा विकास गर्न High-tech Industrial Park को स्थापना गरी स्वदेशी र विदेशी लगानीकर्तालाई उद्योग स्थापनाका लागि आव्हान गर्नुपर्नेछ ।

**५. भौतिक पूर्वाधार विकासका परियोजनामा अवसरहरुः**

कोशी प्रदेशमा भौतिक पूर्वाधार विकासका परियोजनाहरुमा व्यापक लगानीको आवश्यकता रहेको छ । उर्जा विकासका परियोजनाहरु, Road Connectivity, शहरी पूर्वाधारहरु, सिंचाईका पूर्वाधारहरु, पर्यटन प्रवर्द्धन गर्न आवश्यक पूर्वाधारहरु, शहरी फोहरमैला प्रशोधन गर्ने पूर्वाधारहरु, खानीजन्य स्रोतसम्म पुग्ने पहुँचमार्ग (Access Road) , औद्योगिक विकासका पूर्वाधारहरु, उत्तर-दक्षिण करिडोरहरु लगायतका आयोजनाहरुमा लगानीको ठूलो सम्भावना रहेको छ । प्रदेश सरकार एक्लैले यी तमाम आयोजनाहरुमा लगानी गर्न स्रोतको अपर्याप्तता हुने हुनाले सार्वजनिक क्षेत्रको अतिरिक्त निजी लगानी र वैदेशिक लगानीसमेत आकर्षित गर्ने किसिमले लगानीको वातावरण सिर्जना गर्नुपर्ने अवस्था रहेको छ । पर्वतारोहण सम्बन्धी क्रियाकलापहरु, धार्मिक र पर्यटन Related New Products को विकास र संरक्षण गर्दै भारतीय पर्यटकहरु र लगानीकर्ताहरु आकर्षित गर्ने ठूलो सम्भावना कोशी प्रदेशले राखेको छ । पर्यटन सम्बद्ध भौतिक पूर्वाधारहरु होटल, Resorts, मनोरञ्जनात्मक पूर्वाधारहरु Cable car, Sky Bridge, आदी जस्ता पूर्वाधारहरुमा प्रदेश सरकारको अतिरिक्त निजी क्षेत्रको लगानी र वैदेशिक लगानी आकर्षित गर्दै कोशी प्रदेशले पर्यटन सम्भावनाहरु र अवसरहरुको प्रचार प्रसार गर्नुपर्नेछ। पर्यटकहरुको बसाई लम्ब्याउन पर्यटक सम्बद्ध पूर्वाधारहरु जस्तै राई, लिम्बु, धिमाल, राजवंशी, सन्थाल आदी बाहुल्य क्षेत्रहरुमा जातीय र सांस्कृतिक म्यूजियमहरु निर्माण गरी अवलोकनका लागि उपलब्ध गराउन आवश्यक छ ।

यसका अतिरिक्त कोशी प्रदेशमा रहेका नदीहरुको व्यवस्थापन (River Management) का लागि समेत ठुलो लगानी आवश्यक पर्ने देखिन्छ । प्रदेश सरकारले प्रदेश स्तरको नमूना परियोजनाका लागि समेत लगानी व्यवस्थापन गर्नुपर्ने स्थिति छ । कोशी प्रदेशमा रहेका ठुला नदीहरु जस्तै मेची, कन्काई,कमला, विरिङ्ग, रतुवा, मावा, कावेली नदीहरुको व्यवस्थापन र बहुपक्षिय

उपयोग(उर्जा विकास, सिचाईका अतिरिक्त पर्यटन प्रवर्द्धन आदी) का लागि समेत लगानी जुटाउन सके प्रदेश विकासको पर्याप्त आधार तयार हुनेछ । यसका साथै River Engineering, River Diversification Techniques आदी जस्ता उपक्रमका माध्यमबाट प्रदेशमा वर्षभरी सिंचाई र दिगो नदी व्यवस्थापन र जल पर्यटन विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ । प्रदेशमा कृषि विकासको ठुलो सम्भावना रहेता पनि सिचाईको पूर्वाधारको अभावका कारण कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिएको पाइदैन । तसर्थ नदी व्यवस्थापनका नविन आयामहरुको उपयोग गर्दै वर्षैभरी सिचाई उपलब्ध गराउन सिचाई प्रणालीको विकासका लागि Diver Diversification सहित सिचाई पूर्वाधारमा लगानी विस्तार गर्दै दिगो र हरित कृषि विकास रणनीति(Sustainable and Green Agriculture Development Strategy) लिन आवश्यक छ । कृषि क्षेत्रको विकासका माध्यमबाट उद्योग क्षेत्र र सेवा क्षेत्रको समेत विकास र विस्तार गर्दै प्रदेशको समुन्नती हासिल हुने गरी लगानीको प्राथमिकीकरण गर्नु अनिवार्य रहेको छ । प्रदेश सरकारले अब Electric Railway मा समेत प्रदेश स्तरको नमूना परियोजनामा लगानी गर्दै पूर्व पश्चिम र उत्तर दक्षिण विद्युतीय रेलमार्ग निर्माण गरी संचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

**६. खानी सम्बन्धी उद्योगमा लगानीका अवसरहरुः**

कोशी प्रदेशको भौगोलिक अवस्थिति अनुरुप विभिन्न खनिज सम्बद्ध उद्योगहरु स्थापना गर्न सकिने सम्भावनाहरु रहेका छन् । यस प्रदेशको भूगोलमा तामा, फलाम, शिशा, निकेल जस्ता विस्मुथ आदि धातुजन्य खनिजहरुका अतिरिक्त चुनढुङ्गा, मार्बल, क्ले, ग्रेनाईट, कोइला जस्ता गैरधातु जन्य पदार्थहरु रहेका छन् । यसका साथै कोशि प्रदेशका उदयपुर लगायतका जिल्लाहरुमा उच्चस्तरको चुनढुङ्गाको ठूलो भण्डार रहेको पाइएको छ । वैज्ञानिक खोज, अन्वेषण र अनुसन्धानबाट अझ धेरै खनिज पदार्थहरु पत्ता लगाउन सकिने स्थिति पनि रहेको छ । तसर्थ कोशी प्रदेश सरकारले खानीजन्य अन्य पदार्थहरुको खोज र अन्वेषणमा ध्यान दिदै उपलब्ध खनिज पदार्थहरुको औद्योगिक र व्यवसायिक उत्पादनका लागि लगानीकर्ताहरुलाई लगानीका लागि आब्हान गर्नुपर्नेछ । तसर्थ उपलब्ध खानी क्षेत्रमा पहुँच मार्ग (Access Road) निर्माण गरी र विद्युत लगायत अन्य पूर्वाधारको विस्तारका लागि स्वदेशी निजीका अतिरिक्त विदेशी लगानीकर्ताहरुलाई समेत आकर्षित गर्ने नीति लिनु जरुरी देखिन्छ ।

**७. वन पैदावरमा आधारित उद्योग व्यवसायमा लगानीका अवसरः**

कोशी प्रदेशमा वन पैदावरमा आधारित उद्योग व्यवसायको विकास र विस्तारको प्रचुर सम्भावना रहेको छ । जडीबुटीमा आधारित उद्योगका अतिरिक्त बाँसबाट उत्पादन हुने उद्योग लगायत अर्मिसोको उत्पादनलाई मूल्य अभिवृद्धि गरी औद्योगिक उत्पादनका रुपमा विकास गर्ने प्रशस्त सम्भावना रहेको छ। Medicinal and Aromatic Plants- MAPS का अतिरिक्त कत्थाको उत्पादन बढाउन सकिने र भेनियरका साथै Plywood उत्पादन गर्ने उद्योगहरुको स्थापना र विकासका लागि उपयुक्त वातावरण रहेको छ । वन पैदावरबाट गुणस्तयुक्त फर्निचरका सामाग्रीहरु निर्माण गरी आन्तरिक उत्पादन बढाउन फर्निचर उद्योगमा लगानीका लागि अनुकुल परिस्थिति रहेको छ। कोशी प्रदेशका पहाडी जिल्लाहरु लगायत तराईमा समेत प्रशस्त रुपमा उपलब्ध हुने वाँसबाट गुणस्तरीय उत्पादनहरु उत्पादन गर्न सके आन्तरिक मागका अतिरिक्त अन्य प्रदेशहरुको मागलाई समेत पूरा गर्न सक्ने अवस्था रहेको छ । फर्निचर उद्योगमा लगानी गरी गुणस्तरीय भेनियर प्लाईउड लगायत फर्निचरका उत्पादनहरु निर्माण गरी विदेशमा समेत निर्यात गर्ने वातावरण सिर्जना भएको हुनाले निजी क्षेत्रका लगानीकर्ताहरुलाई भेनियर,प्लाइउड लगायत फर्निचर उद्योगमा लगानी गर्न प्रदेश सरकारले थप पहल गर्नुपर्ने देखिन्छ ।

**निष्कर्षः**

कोशी प्रदेशमा कृषि, उद्योग, उर्जा, पूर्वाधार विकास लगायत पर्यटन पूर्वाधार विकासका क्षेत्रमा लगानीकर्ताहरुका लागि ठूलो अवसर उपलब्ध रहेको छ । दक्षिण र पूर्वमा छिमेकी देश भारतको ठूलो बजार रहेको हुनाले र धार्मिक तथा सास्कृतिक सामिप्यता समेत रहेकाले प्रदेशमा स्थापित उद्योगका उत्पादनहरुका लागि ठूलो बजार उपलब्ध छ । यसका साथै छिमेकी देशका पर्यटकहरुलाई

भित्राउन सक्ने धार्मिक क्षेत्रहरुको उपस्थिति रहनु प्रदेशको अर्को अवसर रहेको छ । तसर्थ कोशी प्रदेशले लगानीका लागि उचित वातावरण तयार गरी पूर्वाधार विकासका क्षेत्रमा निजी लगानी आकर्षित गरी प्रदेशको विकासका लागि लगानीकर्ताहरुलाई थप सहुलियत र सहजिकरण गर्दै लगानी आकर्षित गरी प्रदेशको विकासका लागि लगानीकर्ताहरुलाई थप सहुलियत र सहजिकरण गर्दै लगानी आकर्षित गर्ने रणनीति लिनुपर्ने देखिन्छ । यसका लागि सम्भाव्य लगानीका परियोजनाहरुको Projects Profiles तयार गरी प्रदेश लगानी प्राधिकरणको क्षमता विकास गर्नु जरुरी देखिन्छ। प्रदेश सरकारले अब ढिला नगरीकन प्रदेश लगानी सम्मेलन गरी प्रदेश भित्रका सम्भाव्य परियोजनाहरु Showcase गरी लगानीकर्ताहरुलाई लगानी गर्नका लागि आकर्षित लगानी प्याकेजसहित आमन्त्रण गर्नुपर्नेछ । कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले लिएको दीर्घकालिन सोच " स्वच्छ, सुखी र समुन्नत प्रदेश" को लक्ष्य हासिल गर्न तथा समृद्ध कोशी प्रदेश निर्माणका लागि माथि प्रस्तुत गरिएका लगानीका सम्भाव्य क्षेत्रहरुमा लगानी आकर्षित गरी लगानीकर्ताहरुको मनोवल बढाउन लगानीकर्ताहरुलाई विशेष सहुलियत सहित लगानीका लागि आव्हान गर्दै प्रदेश लगानी नीति सहित प्रदेश लगानीको सुरक्षा गर्ने प्रादेशिक कानून निर्माण गर्न आवश्यक रहेको देखिन्छ । यसका साथै कोशी प्रदेश औद्योगिक र वाणिज्य नीति तर्जुमा गरी उद्योग र वाणिज्य क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्ने रणनीति लिनु आवश्यक छ ।

**सन्दर्भ सामाग्रीहरु**

दोस्रो आवधिक योजना ( आर्थिक वर्ष २०८१।८२-२०८५।८६) प्रदेश सरकार, कोशी प्रदेश योजना आयोग विराटनगर नेपाल ।

सोह्रौ योजना (आर्थिक वर्ष २०८१।८२-२०८५।८६) नेपाल सरकार राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं नेपाल ।

Governance and Bureaucracy, Chhabindra Parajuli, Bhudipuran Prakashan, 2018, Kathmandu Nepal

आर्थिक सर्वेक्षण २०८०।८१, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

# सार्वजनिक नीति : प्रदेश सरकारको जिम्मेवारी, परिप्रेक्ष र साझेदार



✍ विष्णुप्रसाद लम्साल*

**लेखसारः**

सार्वजनिक नीति सरकार र जनताबीचको सम्बन्ध व्यवस्थापन गर्ने मार्गदर्शक दस्तावेज हो। यसले सरकारका कार्यहरूलाई समाजको आवश्यकतासँग जोड्ने काम गर्छ। यस लेखमा प्रदेश सरकारको नीतिगत अधिकार क्षेत्र, नीति निर्माणको सन्दर्भगत आधार र नीतिगत साझेदारहरूको भूमिका विश्लेषण गरिएको छ। संविधानको अनुसूची ६, ७ र ९ बाट व्यवस्थित अधिकारहरूका आधारमा प्रदेश सरकारको नीतिगत जिम्मेवारी स्पष्ट पारिएको छ। नीति निर्माणको पृष्ठभूमिमा संघीय नीति, अन्तर्राष्ट्रिय प्रतिबद्धता, राष्ट्रिय लक्ष्य, आर्थिक अवस्था, सामाजिक विविधता, विकास साझेदारहरू र जनअपेक्षाहरूको महत्वपूर्ण भूमिका देखिन्छ। साथै, नीति निर्माण र कार्यान्वयनमा राजनीतिक वातावरण, प्रशासनिक क्षमता, नीति साझेदारहरूको सहभागिता तथा व्यवहारिक सन्दर्भहरू निर्णायक हुन्छन्। प्रदेश सरकारले नीति निर्माण गर्दा समस्या पहिचान, यथार्थपरक उद्देश्य निर्धारण, समावेशी प्रक्रिया र व्यवहारिक कार्यान्वयन क्षमतालाई समेट्नुपर्ने हुन्छ। गलत समस्या पहिचान वा अव्यवहारिक नीति निर्माणले प्रभावकारी नतिजा दिन सक्दैन। अतः प्रदेश सरकारहरूको नीति निर्माणमा स्पष्ट दृष्टिकोण, सशक्त कार्यान्वयन संयन्त्र र प्रभावकारी साझेदारीमा आधारित हुनुपर्छ।

**शब्दकुञ्जीः** Public Policy, Provincial Jurisdiction, Constitution, Federalism, Policy Stakeholders, Policy Formulation

* पूर्व सचिव, नेपाल सरकार

**विषय प्रवेश**

राज्यको शासन प्रणाली र सो प्रणालीको कार्यान्वयनका लागि मार्गदर्शन गर्ने दस्तावेजको रूपमा सार्वजनिक नीतिलाई बुझ्न सकिन्छ । सार्वजनिक नीतिले सरकार र जनताका वीचमा रहेको सम्बन्धलाई परिभाषित गर्नुका साथै सरकारलाई जनताको आवश्यकता, चाहना र जनइच्छा अनुकूल तुल्याउन निर्देशित गर्ने कार्य गर्दछ । सरकारले सार्वजनिक सरोकार तथा चासोका विषयमा लिने दृष्टिकोण, त्यस्ता सरोकारलाई सम्बोधनका लागि अवलम्वन गर्ने मार्गदर्शन, सरोकारहरुको सम्वोधन गर्ने प्रणालीको विकास र सार्वजनिक सरोकारको विषयहरू नीति मार्फत अधिकतम रुपमा जनताका पक्षमा रुपान्तरणको प्रयासहरु समेत गरिएको हुन्छ । जनताको सामाजिक तथा आर्थिक अवस्थामा रुपान्तरण गर्न सार्वजनिक नीतिले सरकार र जनताविचको सम्बन्धसेतु निर्धारण गर्नुका साथै सरकारलाई जनचाहना अनुसार अग्रसर हुन निर्देशित गर्दछ । मूलतः सार्वजनिक नीतिलाई सरकारको दिर्घकालिन लक्ष्य, उद्देश्य तथा रणनीतिको घोषणाको रुपमा लिन सकिन्छ यसै घोषणाका आधारमा सम्वद्ध कार्यहरु तथा क्रियाकलापहरु निर्देशित हुन्छन् र परिणाम प्राप्त गर्दछन् । सार्वजनिक नीति सरकार र सरकारी निकायहरुवाट देश र जनताको विकास र भलाइकालागि सम्पादन गरिने कार्यहरूलाई निर्देशित गर्ने खाका हो, जसले निश्चित सार्वजनिक लक्ष्य प्राप्तिको दिशामा सरकारी पक्षवाट हुने क्रियाकलापहरूको निरन्तरतालाई सुनिश्चित गर्दछ । अतः सार्वजनिक नीति सरकारको समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, र वैदेशिक क्रियाकलापहरुको प्रतिवद्धता सहितको निश्चित धारणा वा मान्यता वा आधारभूत मार्गदर्शन हो र यसैका आधारमा शासन संचालनका विभिन्न कार्यहरु र क्रियाकलापहरु निर्देशित हुन्छन् । सार्वजनिक नीति सरकारका कार्यहरु सम्पादन गर्न तय गरिएको मापदण्ड या मार्गदर्शन हो, यसले प्राथमिकता निर्धारण, क्रियाकलापहरुको मार्ग निर्देशन, नतिजाहरुको जवाफदेहिता तय गर्दछ। सार्वजनिक नीति विषयका विद्वान्हरुले दिनु भएको परिभाषाहरुले सार्वजनिक नीतिलाई बुझ्न अझ वढी सजिलो हुन्छ। परिभाषाको क्रममा डेभिड इष्टन (Devid Easton) ले "समग्र समाजको निम्ति मूल्यहरुको प्राधिकारिक विभाजन वा वितरण" भन्नु भएको छ । वाई ड्रोर (Y. Dror) ले सार्वजनिक नीतिलाई "सम्पादन गर्नुपर्ने कार्यहरुको दिशा निर्धारण गर्न निश्चित गरिएका सामान्य मार्गदिर्शन वा निर्देशन " भन्नुहुन्छ । थोमस आर. डाइ (Thomas R. Dye) ले "सरकार-द्वारा काम गर्न वा नगर्न गरिने छनौट" लाई सार्वजनिक नीति मान्नुहुन्छ। त्यसैगरी जे.इ. एण्डरसन (J. E. Anderson) ले सार्वजनिक नीतिलाई “समस्या वा सरोकारको विषयमा एउटा कर्ता वा कर्ताहरुको समूहद्वारा अवलम्बन गरिने कार्यको उद्देश्यमूलक ढाँचा" को रूपमा परिभाषित गर्नु भएको छ । यसलाई सरकारले सार्वजनिक महत्वका निर्णय र क्रियाकलापहरुलाई कार्यान्वयन गर्ने सरकारी प्रतिवद्धताको रूपमा वुझ्न सकिन्छ अझ संक्षेपमा भन्ने हो भने सरकारले उसको वातावरणसँग सान्दर्भीकरण (Contextualize) गर्ने औजार (Instrument) को रुपमा सार्वजनिक नीतिलाई बुझ्नु उपयुक्त हुन्छ । समष्टीमा सार्वजनिक नीति सरकारी कार्य सम्पादन गर्नको निम्ति तय गरिएको खाका, ढाँचा वा मार्ग हो, सार्वजनिक नीतिहरु आख्तियारसम्मत (Authoritative) हुने हुँदा बाध्यकारी हुन्छन् निश्चित उद्देश्य प्राप्तिका लागि गरिने कार्यव्यवहारलाई प्रतिविम्वित गर्नुका साथै व्यापक क्रियाकलापहरुको शृंखला वा ढाँचामा समेटिन्छन् साथै वास्तविक वा यथार्थ कार्य उपलव्धीका आधारमा प्रतिविम्वित हुनुका अतिरिक्त मुल्यांकित समेत हुने गर्दछन् ।

**<u>सार्बजनिक नीतिको प्रकृति र विशेषता</u>**

सार्वजनिक नीतिका लागि विषय र निर्णयकर्ता "सार्वजनिक" अर्थात् सरकारी हुनु आवश्यक छ । सर्वजनिक नीतिका लागि केही आवश्यक तत्वहरू हुन्छन् ति आवश्यक तत्वहरुको अभावमा कुनै नीति सार्वजनिक नीति हुन सक्दैन भन्ने मानिन्छ । त्यो मध्ये पहिलो सार्वजनिक चासोको विषय (Matter of Public Concern) हो, । जुन नीतिले सार्वजनिक चासोको विषयलाई सम्बोधन गर्दैन त्यो नीति सार्वजनिक नीति होहन त्यसैगरी सरकारको घोषणा वा निर्णय (official decision of government) भएपछि मात्र सार्वजनिक नीति हुन्छ । अर्को महत्वपूर्ण तत्वको रुपमा समाजको स्वीकारोक्ती र वैधता (Acceptance and Legitimated

by society) हो साथै सार्वजनिक नीतिले सामाजिक कल्याणको प्रवर्द्धन (Promote Social welfare) गरेकै हुनुपर्छ । सार्वजनिक नीतिका माध्यमले सरकारले शासन व्यवस्था संचालन गर्ने हो । देशको संविधानलाई राष्ट्रको मूल नीतिको रूपमा लिइन्छ । ऐन, नियम र कानून सरह लागू हुने आदेशहरू पनि सार्वजनिक नीति हुन् । त्यसवाहेक सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, सरकारको वार्षिक वजेट, क्षेत्रगत योजना, क्षेत्रगत नीति, रणनीतिहरू र कार्यनीतिहरू सबै नै सार्वजनिक नीतिको बृहत्तर आयाम भित्र समेटिन्छन् । क्षेत्र, व्यवहार, जटिलता र विविधताका आधारमा सार्वजनिक नीतिहरुलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ जस्तो नियन्त्रणकारी नीतिहरू, स्वनियन्त्रणकारी नीतिहरू, वितरणमुखी नीति, पुनर्वितरणकारी नीति, सारवान नीति, कार्यविधि नीति, पुंजीकरण नीति, नैतिक आचरण नीति, सांकेतिक नीति, विकासात्मक नीति, लक्ष्योन्मुख नीति आदि । नीति निर्माणको अधिकार क्षेत्र अनुसार कार्यकारिणीद्वारा, विधायिकाद्वारा न्यायपालिकाद्वारा, नियमनकारी निकायद्वारा र प्रशासनद्वारा नीतिहरु बन्ने गर्दछन् ।

सार्वजनिक नीतिको सार्वजनिकता (Publicness) पहिलो र महत्वपूर्ण विशेषता हो । सार्वजनिक नीतिले कुनै परिभाषित लक्ष्य हासिल गर्ने (Goal oriented) काम गर्दछ । सार्वजनिक क्रियाकलापलाई प्रोत्साहन वा नियन्त्रण गर्ने भएकोले सामुहिक कार्य (Collective action) मा लक्षित हुने गर्छ । सार्वजनिक नीतिले कुनै परिभाषित समस्याउन्मुख (Problem oriented) भएर त्यसको समाधानको कार्य निर्देशित (Action directive) गर्दछ । सरकारको निर्णयद्वारा नीति कार्यान्वयन गरिने भएकोले वैध (Legitimate) र अख्तियारसम्मत (Authoritative) हुने गर्छ । नीतिहरु कार्यान्वयन गर्न सकिने (Enforceable) प्रकारका र सम्भाव्य (Feasible) का साथसाथै कार्यान्वयनयोग्य (Implementable) हुनु पर्दछ भन्ने मान्यता छ । सार्वजनिक नीति दोहोरो अर्थ लाग्ने हुनुहुदैन स्पष्ट (clear) हुनुपर्छ, साथै कतिपय अवस्थामा कार्यान्वयनमा लैजादा लचकदार (Flexible) हुने प्रकृतिको हुनुपर्छ । सार्वजनिक नीति कार्य उन्मुख (Action oriented) तथा समाजको वृहत्तर हितका लागि (Social welfare) बनेको सार्वजनिक दस्तावेज हो भन्न सकिन्छ ।

**प्रदेश सरकारको सार्वजनिक नीति अधिकार क्षेत्र**

राज्य संचालन वा शासन व्यवस्था संचालनको प्रमुख दस्तावेज नेपालको संविधान हो, संविधान देशको मूल कानून मात्र होइन यो त राज्य संचालनको मूलनीति पनि हो । संविधानले व्यवस्थित गरेको प्रणाली, शासकीय स्वरूप, संरचना र अधिकार क्षेत्रको विनियोजनका आधारमा शासन व्यवस्था संचालन गरिन्छ । संविधानले दिशानिर्देश गरे वमोजिम कानून, नीति, योजना, कार्यक्रम र वजेटका माध्यमवाट अधिकार क्षेत्रको कार्यान्वयन हुने गर्छ । नेपालको शासन व्यवस्थाले तीन तहको सरकारको व्यवस्था गर्नुका साथै तहगत सरकारको अधिकार क्षेत्र समेत स्पष्ट गरेको छ । संघीय प्रणालीमा तहगत सरकारहरु कानून बनाउने, नीति बनाउने, योजना बनाउने, वजेट बनाउने, कार्यान्वयन गर्ने, प्रशासन संचालन गर्ने र जनताप्रति प्रत्यक्ष उत्तरदायित्व वहन गर्दछन् । स्वभाविक हिसावले प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको विषयमा नीति बनाउने छन् र कार्यान्वयन गर्ने कार्य गर्दछन् ।

सार्वजनिक समस्याको सम्बोधनका लागि सार्वजनिक नीति तर्जुमा र कार्यान्वयन गरिन्छ । सार्वजनिक नीति हुनको लागि त्यस्तो नीति सार्वजनिक हुनै पर्ने अवस्था हुने भएकोले सरकारद्वारा मात्र जारी गरिने र कार्यान्वयन हुने हुन्छ । संघीय शासन प्रणाली भएको मुलुकमा जसरी तहगत सरकारका वीचमा राज्यशक्तिको वांडफांड गरिएको हुन्छ सोही आधारमा नीति कार्य वा अधिकार क्षेत्र पनि विभाजित भएको मान्नु पर्छ । नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गर्दै तीन तहको शासकीय संरचना निर्माण गरी राज्यशक्तिको वांडफांड गरेको छ । संविधानको धारा ५६ (२) मा राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून वमोजिम गर्ने व्यवस्था छ । सार्वजनिक नीतिको कार्यान्वयनमा कार्यकारिणी अंगले विशेष भूमिका खेल्दछ भने तर्जुमाका लागि सरकारको कार्यकारिणी तथा व्यवस्थापकीय अंगको प्रमुख भूमिका हुने गर्छ । नेपालको संविधानको धारा १६२ ले प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानून वमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुने व्यवस्था गर्नुका

साथै सविधानको अधिनमा प्रदेशको कार्यकारिणी अधिकार अनुसूची ६, अनुसूची ७ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा १९७ ले प्रदेश सभाको व्यवस्थापकीय अधिकार संविधानको अनुसूची ६, अनुसूची ७ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ६ वमोजिम प्रदेश सरकारको एकल अधिकार सूची, संघ र प्रदेश सरकारको साझा अधिकार सूचीका विषयहरु अनुसूची ७ वमोजिम र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीका विषयहरू अनुसूची ९ वमोजिमका विषयहरू प्रदेश सरकारको संविधानमा अभिव्यक्त (Expressed) नीतिको क्षेत्रसमेत हो भने तिनै अनुसूचीहरुसंग प्रत्यक्ष रूपमा सम्बन्धित कामको क्षेत्र जसलाई प्रदेश स्तरको सरकार भएको नाताले सम्बोधन गर्नु पर्ने हुन्छ तिमीहरू त्यस्ता विषयक अपलक्षित (Implied) विषयहरू समेत प्रदेश सरकारको नीति अधिकार क्षेत्र अन्तर्गत पर्दछन् । प्रदेश सरकारको एकल अधिकार क्षेत्र अनुसूची ६ बमोजिमका सम्पूर्ण जिम्मेवारीहरू प्रदेश सरकारले बहन गर्नपर्ने भएकोले उक्त अनुसुचीका विषयहरुका प्रदेश नीतिको कार्य प्रदेश सरकारले सम्पादन गर्न पर्ने मुख्य रुपमा नीति जिम्मेवारीमा पर्दछ । संविधानको भावना र संघीयताको मर्म तथा संविधानको अनुसूची ५ को समग्र व्यवस्थाको अध्ययनवाट हेर्दा संविधानको एकल अधिकार सूचीबाट संघ सरकारलाई दिएको कतिपय मापदण्ड र नियमन गर्ने अधिकार क्षेत्रले प्रदेश सरकारको अनुसूची ६ वमोजिमको नीति बनाउने एकल अधिकार क्षेत्रमा सिमितता ल्याइदिएको छ । संविधानको अनुसूची ५ बमोजिम संघीय सरकारको एकल अधिकार क्षेत्रमा संघ सरकारले कानूनद्वारा प्रदेश सरकारलाई दिएको अधिकार क्षेत्र पनि प्रदेशको नीति अधिकार क्षेत्रको रुपमा रहेको हुन्छ । संविधानको अनुसूची ७ मा रहेको संघ तथा प्रदेश सरकारको साझा अधिकार सूची वमोजिम संघ सरकारले नीति र कानून बनाएपछि प्रदेश सरकारको जिम्मेवारीमा आउने कार्य र अधिकारमा प्रदेश सरकारको जिम्मेवारी रहन्छ। त्यसैगरी संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूचीमा उल्लेखित कार्यमा मापदण्ड बनाउन पर्ने कामको हकमा र स्थानीय तहलाई समेत लागू हुने नियमन सम्बन्धी र प्रवर्द्धनात्मक कार्यहरूको जिम्मेवारी समेत प्रदेश सरकारको नीति कार्यक्षेत्रमा पर्दछ। त्यसैगरी संविधानको अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा संघ सरकारको अग्राधिकार रहने र नीति तथा कानून बनाउने गर्दछ संघले नीति र कानून बनाएपछि प्रदेशको अधिकार थप स्पष्ट हुनुका साथै प्रदेश नीति र कानून निर्माण गर्नुपर्छ यो पनि प्रदेश सरकारको महत्वपूर्ण नीतिको क्षेत्र हो ।

प्रदेश सरकारले प्रदेश नीति तर्जुमा गर्दा संविधान र हामिले अवलम्वन गरेको संघीय शासन प्रणालीले गरेको महत्वपूर्ण मार्गदर्शनलाई ध्यान दिनै पर्ने हुन्छ । संविधानको प्रस्तावनाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्ने मार्गनिर्देशन गरेको छ । संविधानको पूर्ण अध्ययन गरी समग्र व्यवस्थाहरुवाट प्राप्त हुने मार्गदर्शन जसलाई हामी संविधानको भावना र अक्षरहरु भन्छौ ले समेत प्रदेशले निर्माण गर्ने सार्वजनिक नीतिलाई निर्देशित गर्दछ। संविधानको भाग ४ ले गरेका व्यवस्थाहरु "राज्यका निर्देशक सिद्धान्त र नीति तथा दायित्व" तथा संविधानको भाग ५ वमोजिम राज्यशक्तिको बांडफांडले निर्देशित गरेका र अनुसूचीहरूले तोकेको एकल र साझा अधिकार सूची सम्बधी व्यवस्थाहरूले पनि प्रदेश नीतिको लागि आधारभूमी तयार गरेको छ । संविधानले नै राष्ट्रिय नीतिद्वारा निर्देशित हुनुपर्ने विषयहरू तोकेको छ, कतिपय तहगत सरकारको अधिकारमा परेका विषयहरूमा संघ सरकारले नीति, मापदण्ड र नियमनको कार्य गर्नु पर्ने अवस्था छ । त्यसैगरी संघ सरकारले कार्यान्वयनमा ल्याएको आवधिक विकास नीति र योजना, क्षेत्रगत र विषयगत नीतिहरुलाई समेत प्रदेश सरकारले सोही रूपमा अगाडी बढाउन पर्ने वा नीति बनाउदा विशेष रूपले ध्यान दिनु पर्ने हुन्छ। मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध, मुलुकले सम्मति जनाएका अन्तराष्ट्रिय अभिसन्धीहरु, मुलुकको सहभागिता र सहमतिमा अन्तर्राष्ट्रिय संघ-संस्थावाट भएको घोषणाहरु र त्यस्ता अन्तर्राष्ट्रिय अभियानहरू (जस्तैः दिगो विकास लक्ष्यहरू) का विषयलाई प्रदेश नीति बनाउदा ध्यान दिनु पर्ने हुन्छ ।

**<u>प्रदेश नीतिको परिप्रेक्ष र आधारहरू</u>**

प्रदेश सरकारले प्रदेशको सार्वजनिक नीति तर्जुमा गर्दा प्रदेशको समग्र परिप्रेक्ष (Context) लाई विशेष महत्वका साथ ध्यान दिन आवश्यक हुन्छ। प्रदेश सरकारले प्रयोग गर्ने राज्यशक्ति निसृत गर्ने घोषणा भएको दस्तावेजले नीतिको परिप्रेक्षलाई आकार दिन्छ, नेपालको सन्दर्भमा नेपालको संविधान २०७२ ले संसदीय शासन प्रणाली अवलम्बन गर्नुका साथै तहगत सरकारको अधिकार क्षेत्र तोकेको हुँदा संवैधानिक व्यवस्थाहरूलाई परिलक्ष्यमा राखेर मात्र प्रदेशको सार्वजनिक नीति निर्माण गर्नुपर्ने हुन्छ। प्रदेश सरकारले सार्वजनिक नीति तर्जुमा गर्दा ध्यान दिनु पर्ने परिप्रेक्ष्य, पृष्ठभूमी र आधारहरू देहाय बमोजिम हुन सक्छन् ।

- नेपालको संविधानका व्यवस्थाहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, तहगत सरकारको अधिकार क्षेत्र र जिम्मेवारीहरु, प्रदेश सरकारले मान्नु पर्ने संघ सरकारको अधिकार क्षेत्र अन्तर्गत बनाएका नीति र मापदण्डहरू ।
- संघीय सरकारले गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू, घोषणाहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय र द्विपक्षीय सन्धी सम्झौताहरू, अतर्राष्ट्रिय अभियानमा सरिक भएका प्रतिवद्धताहरू- जस्तै, दिगो विकासका लक्ष्य प्राप्ति, अतिकम विकसित मुलुकको स्तरवाट स्तरोन्नति आदि ।
- मुलुकले अवलम्बन गरेको आर्थिक नीति र व्यवस्थाहरू, उदारीकरण र विश्वव्यापीकरणका आयामहरू, विकासका साझेदारहरु (सरकार, निजीक्षेत्र, गैरसरकारी क्षेत्र र सहयोगदाता) को भूमिका, राष्ट्रको आर्थिक अवस्था प्रदेश सरकारको श्रोत तथा साधनको अवस्था ।
- संघ सरकारले तर्जुमा गरेर मुलुकमा कार्यान्वयनमा ल्याएको विकासका लक्ष्य, आवधिक योजना, रणनीतिक सोच र कार्यक्रमहरू । संघ सरकारका विषयगत र क्षेत्रगत विकासका लक्ष्य र कार्यक्रमहरु ।
- प्रदेशको आर्थिक, सामाजिक-सांस्कृतिक, राजनीतिक, प्रविधिगत व्यवस्था, अवस्था र स्थिति । प्रदेश सरकारको भौगोलिक क्षेत्र, जातिय, भाषिक धार्मिक, लैंगिक परिवेश र अवस्था। प्रदेशको सामाजिक तथा आर्थिक समावेशीकरण र सशक्तिकरणको स्थिति ।
- प्रदेशको उत्पादन, उत्पादकत्व, आन्तरिक र बाह्य व्यापार, पूर्वाधारको अवस्था, शैक्षिक अवस्था, स्वास्थ्य सुविधा, गरिबी, असमानता र वेरोजगारीको स्थिति, प्रदेशको वातावरणीय अवस्था, प्रकोप व्यवस्थापनका विषयहरु ।
- प्रदेशको भू-राजनीति, प्रदेशका राजनीतिक दलहरू, प्रदेशमा निर्वाचित सरकारको निर्वाचन घोषणापत्रमा गरिएका वाचाहरू वा सयुक्त सरकार भए सरकारमा सामेल भएका दलहरूको न्यूनतम साझा कार्यक्रम (Common Minimum programs) मा गरिएका प्रतिवद्धताहरू ।
- मुलुकले अवलम्बन गरेका नीतिहरुको कार्यान्वयनको प्रभावकारिता, लैङ्गिक तथा सामाजिक समावेशीकरण, विकासमा सहभागिताको अवस्था र स्तर, सामाजिक सुरक्षा वा संरक्षणको स्थिति, सामाजिक सौहार्दता र सहिष्णुताको अवस्था,
- प्रदेश सरकारको सार्वजनिक प्रशासन, सार्वजनिक प्रशासनको व्यावसायिकता र सक्षमता, सेवा प्रवाहको प्रभावकारिता, शान्ति सुरक्षाको अवस्था, विकासमा जनसहभागिता परिचालन, प्रशासनिक संरचनाको सत्चरित्रता र सदाचारिताको अवस्था ।
- जनताको चाहना र आकाक्षा, विकासका आवश्यकता, अपर्झट आई परेका विषय, महामारी वा समस्याहरु (जस्तै COVID), तत्काल सम्बोधन गर्नुपर्ने विविध प्रकोप वा परिघटनाहरू (जस्तो वाढी-पहिरो, भूकम्प आदि) ।

प्रदेश सरकारले प्रदेश सार्वजनिक नीति निर्माण गर्दाको परिप्रेक्ष्य, ध्यान दिनु पर्ने वातावरणीय पृष्ठभूमी र लिनु पर्ने आधारहरु, प्रदेश नीति प्रक्रिया र प्रदेश नीति उत्पादन (Input-Process-Output) प्रणालीको प्रारूप संक्षेपमा देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।




**प्रदेशको नीति वातावरण र नीति साझेदारहरू**

सार्वजनिक नीति तर्जुमा/निर्माणमा वातावरणीय प्रभाव अत्यन्त महत्वपूर्ण हुन्छ । नीति निर्माण गर्न समय, परिस्थिति, पात्रहरू तथा पात्रहरूको शक्ति तथा प्रभाव, राष्ट्रिय र अन्तर्राष्ट्रिय अवस्था र त्यसवाट महसूस हुन जाने दवाव, जनसमुदायको आकाक्षा र मागहरू, संचारजगत, दातृसमुदाय र प्राज्ञजगत सबैबाट सकरात्मक र नकरात्मक दवावको वातावरण निर्माण हुन्छ । कतिपय नीतिहरुका लागि सहज र सकरात्मक वातावरण हुन्छ भने त्यस्तै अन्य कतिपय नीतिहरुका लागि अत्यन्त नकरात्मक र असहज वातावरणको स्थिति देखिन्छ । प्रदेश सरकारले तर्जुमा गर्ने नीतिहरूमा पनि यस्तो दुइवटै परिस्थिति देखिन्छ । तसर्थ प्रदेश सरकारले सम्बन्धित विषयको नीतिका लागि सहज वातावरण निर्माण गर्नका लागि निरन्तर अभियान चलाईरहनु पर्छ। सार्वजनिक नीतिहरु समग्र प्रणालीको बातावरणवाट उत्पन्न मागहरुलाई सम्बोधन गर्ने उद्देश्यले राजनीतिक प्रणालीद्वारा गरिने उत्पादन हुन् । राजनीतिक प्रणाली भित्रका पात्रहरू दलिय हिसाबले परिचालित हुने भएकोले नीति एक प्रकारले समूह संघर्षको प्रतिफल हो भन्ने मानिन्छ । सार्वजनिक नीतिले खास अवस्थाको समूह संघर्ष मार्फत प्रभावशाली समूहको स्वार्थहरुलाई नीतिमा समावेश गर्ने अवस्था उपस्थित पनि हुन सक्छ। यस्तोमा पुनसिर्जनशिल नेतृत्व (Reconstructive Leadership) ले आफ्नो शक्ति र प्रभावको उपयोग गरेर आफूले चाहेको नीति अवलम्बन गर्ने वातावरणको सिर्जना समेत गर्न सक्दछ । नीति कतिपय अवस्थामा स्वार्थको लडाइको दस्तावेजको रुपमा शक्तिशाली समूहको स्वार्थ प्रेरित हुने वा समाजका माथिल्लो वर्ग (जसलाई सामन्त वर्ग भनिन्छ) को मूल्य र भावनालाई प्रतिबिम्बित गर्ने गरी वन्न सक्ने सम्भावना प्रति सचेत रहनु पर्ने हुन्छ ।

पहिलो र अत्यन्त महत्वपूर्ण प्रदेशको राजनीतिक वातावरण हो। सरकारमा रहेको राजनीतिक दल एकल बहुमतमा छ कि छैन भन्ने विषयले ठूलो प्रभाव पार्दछ । सरकार एकल बहुमतमा वा धेरैवटा दलको संयुक्त र प्रतिपक्षमा एउटै ठूलो दल वा स-साना

धेरै दलहरु हुनुले पनि नीति वातावरण फरक पर्ने हुन्छ । राजनीतिक दलहरू वीचको सम्बन्धको सौहार्दताको अवस्थाले पनि असर गर्दछ । राजनीतिक दलहरुको वैचारिक धरातलमा रहेको समानता र भिन्नताले नीति वातावरण अनुकूल र प्रतिकूल हुन पुग्छ । प्रदेशको आर्थिक सामाजिक वातावरणले नीति निर्माण र कार्यान्वयनमा धेरै ठूलो अन्तर पार्न सक्छ । श्रोतको उपलब्धता, राजश्वको स्थिति, आर्थिक सशक्तिकरणको स्तर, प्रदेशको विकासको स्तर, खर्च गर्न सक्ने क्षमता, आर्थिक अनुशासन, नीतिलाई दिने प्राथमिकता आदि जस्ता आर्थिक विषयहरु तथा समाजको वनोट, सांस्कृतिक-धार्मिक र भाषिक स्थिति, शैक्षिक स्तर, स्वास्थ्य स्थिति, गरिवी, बेरोजगारीको अवस्था जस्ता सामाजिक विषयले पनि नीति तर्जुमा र कार्यान्वयनमा सकरात्मक वा नकरात्मक वातावरण वन्न पुग्छ । प्रदेशको विकासको स्तर, नीति निर्माणमा समुदायगत प्रतिनिधित्व र समावेशिता, प्रदेशको आन्तरिक र वाह्य व्यापार, आधारभूत आवश्यकतामा प्रदेशको आत्मनिर्भरता आदि विषयले समेत नीतिमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्दछन् । प्रदेशमा प्रविधिको विकास र उपयोग, कानूनको शासनको अवस्था, शासनमा दक्षता र प्रभावकारिता, प्रदेशको सार्वजनिक प्रशासनको व्यवशायिकता र परिणामप्रतिको दृष्टिकोण र आर्थिक अनुशासन र सदाचारिता जस्ता विषयको प्रभाव पनि अत्ति महत्वपूर्ण हुने गर्छ । समग्र जनसमुदायमा सरकारप्रतिको विश्वास र भरोशा, कानूनको पालनाको स्तर पनि ज्यादै नै महत्वपूर्ण हुन्छ ।

सार्वजनिक नीतिहरू कति प्रभावकारी बन्छन् र त्यस्ता नीतिहरुको कार्यान्वयन कति दक्ष र प्रभावकारी हुन्छ भन्ने कुरा धेरै हदसम्म नीतिका साझेदारहरु (Stakeholders) माथी निर्भर हुने गर्छ । प्रदेश सरकारका साझेदारहरू खासगरि सरकारका सहभागी दलहरूको स्थिति र वैचारिक धरातल, संसद वा प्रदेश सभामा सरकारको शक्ति वा मत, सरकारमा रहेका अधिकारीहरुको नीति सम्वन्धी क्षमता, सार्वजनिक नीति तर्जुमा र कार्यान्वयनमा सहयोग, सार्वजनिक प्रशासनको क्षमता, दक्षता र दृष्टिकोणले महत्वपूर्ण साझेदारी हुन्छ र सकरात्मक प्रभाव पार्दछ । प्रदेशका राजनीतिक शक्तिहरु (Political forces) नीतिका महत्वपूर्ण साझेदार हुन् । उनीहरूले लिएको विचारका आधारमा नीतिप्रतिको धारणा बनाउने गर्दछन् । यो शक्ति प्रदेश नीतिको लागि जवरजस्त प्रभाव पार्ने शक्ति हो जसले अन्य उपायहरूका अतिरिक्त बन्द हड्ताल, नारा, जुलुस पनि गर्न सक्ने भएको अत्यन्त सवधानीपूर्वक व्यवस्थापन गर्नु पर्ने हुन्छ । संघीय सरकार र त्यसका अधिकारीहरु तथा संघीय संयन्त्रले पनि प्रदेश सार्वजनिक नीतिमा साझेदारी गर्दछन्, उनीहरुको प्रभाव प्रदेश नीतिमा विभिन्न माध्यमवाट पर्दछ, संघीय सरकारको कानून, नीति र मापदण्डलाई प्रदेश सरकारले मान्नु पर्ने भएको सन्दर्भमा यो विषय अझ पेचिलो हुने गर्छ । अन्तर्राष्ट्रिय निकायहरू र विकासका सहयोगीहरु प्रदेश नीतिमा महत्वपूर्ण साझेदारको रूपमा रहन्छन्, परामर्श प्रदान गर्ने र स्रोत साधनको व्यवस्थापनमा यिनको महत्वपूर्ण भूमिका हुने गर्दछ । प्रदेश सरकारले निर्माण गरिरहेको नीतिबाट प्रभावित हुने समुदाय वा जनता महत्वपूर्ण साझेदार हुन्, यिनीहरूको सकारात्मक हेराइ र बुझाइले नीतिको कार्यान्वयन अपेक्षा गरे अनुसार हुन पुग्दछ । प्रदेशको सिङ्गो जनसमुदाय (People at large) पनि नीतिका साझेदार हुन्छन् । प्रदेश स्थित निजी क्षेत्रका संघ संगठनहरू, प्रभावशाली उद्यमी - व्यवसायीहरु, व्यवसाय क्षेत्रका पात्रहरू, गैरनाफामूलक संघसंस्थाहरू, सामाजिक संघ संस्थाहरू, गैर सरकारी संस्थाहरू पनि प्रदेश नीतिका साझेदारको रुपमा रहन्छन् । सम्बन्धित विषयका अनुसन्धान कर्ताहरु, प्राध्यापक वा प्राज्ञहरु, संचारका माध्यमहरु तथा मिडियाहरु नीतिको विषय क्षेत्रका पेशागत संघ संगठनहरूले पनि प्रदेशको सार्वजनिक नीतिलाई साझेदारी गर्नमा महत्वपूर्ण भूमिका खेल्छन । प्रदेश नीतिमा साझेदारी गर्ने पात्रहरूले आफ्नो शक्ति (Power) प्रभाव (Influence) रुची (Interest) अनुसार प्रदेश नीतिमा सहयोग र विरोधको स्वरूपमा साझेदारी गर्दछन् । प्रदेश नीतिको विरोध गर्ने वा फरक ढंगले व्याख्या गर्ने, सफल ढंगले अगाडी बढ्न नदिने खालका नीति साझेदारहरुको समयमै र उपयुक्त ढंगले व्यवस्थापन गर्ने काम नीति प्रक्रियाको अत्यन्त महत्वपूर्ण काम हो जसवाट नीतिको स्वीकार्यता र यसको कार्यान्वयनको प्रभावकारितालाई अभिवृद्धि गर्न सकिन्छ ।

## निष्कर्ष

सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन सोचे जति सजिलो काम होइन। हाम्रो जस्ता मुलुकहरूमा सार्वजनिक नीतिहरू मूलरूपले तीनवटा कारणले असफल हुन्छन् भन्ने गरिन्छ । पहिलो कारण समस्याको विषयमा अपूर्ण र कमजारे बुझाइ (Very poor Understanding of the problem) दोश्रो कारण नीति औजारहरू वा नीति कथनहरूको अनुपयुक्तता (Faulty design of inappropriately designed policy tools) र तेश्रो कारणमा उच्च महत्वकांक्षी र अवास्तविक नीति (High ambition and unrealistic Policy) हो । प्रदेश सरकारहरुले प्रदेशको सार्वजनिक नीति बनाउदा यस्ता विषयहरू पहिचान गरेर कमजोरी हुन नदिने गरी बनाउनुपर्छ । अंग्रेजीमा एउटा भनाइ छ- "वेठिक समस्याको सानदार समाधान गर्नु समस्याको समाधान गर्दै नगर्नु भन्दा पनि खराव हुन्छ (A brilliant  Solution to the wrong problem can be worse than no Solution at all) भन्ने विषयलाई प्रदेशले नीति बनाउदा ख्याल गर्न आवश्यक देखिन्छ। नीति निर्माणवाट स्वत: लक्षित समस्या समाधान हुने वा लक्ष्य प्राप्त हुने होइन नीतिको कार्यान्वयनलाई प्रभावकारी बनायो भने मात्र हुने हो तर नीति नै राम्रो वन्न सकेन भने लक्ष्य प्राप्त हुने कुरा त टाढाको कुरा हुने भैहाल्यो। नीति राम्रो बनाउन कम्तिमा नीति अधिकार क्षेत्रको परिभाषा र सरकारको क्षमता, नीति वातावरणको सही पहिचान र विश्लेषण एवं नीति साझेदारहरुको ठीक पहिचान र व्यवस्थापन हुनु जरुरी हुन्छ। प्रदेश सरकारहरुले आफ्नो अधिकार क्षेत्र भित्र प्रदेश सार्वजनिक नीति तर्जुमा गर्दा यी विषयहरूलाई ठिक ढंगले पहिचान गरेर गर्न सकेमा प्रदेश नीतिले आफ्नो लक्ष्य प्राप्त गर्ने दिशामा सफलता हासिल गर्नेछन् ।

**<u>सन्दर्भ सामाग्री</u>**

Dror, Y. (1968). Public policy making reexamined. Chandler.

Dye, T. R. (1978). Understanding public policy (3rd ed.). Englewood Cliffs.

Howlett, M., & Ramesh, M. (2003). Studying public policy. Oxford University Press.

Lineberry, R. L. (1977). American public policy. New York.

Safru, R. K. (1994). Public policy: Formulation, implementation and evaluation. New Delhi.

Subba, R. (2013). Debates on federal system. Kitabghar Prakashan.

नेपाल सरकार. (२०७२). नेपालको संविधान, २०७२. कानून किताब व्यवस्था समिति.

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान. (२०७७). नेपालको संघीय शासन प्रणाली. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान.

संघीयता अध्ययन केन्द्र. (२०८०). नेपालको संघीय शासन प्रणाली: आयाम र अभ्यास. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान.

नेपाल सरकार. (२०७७). संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७. कानून किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०७४). स्थानीय सरकार संचालन ऐन, २०७४. कानुन किताब व्यवस्था समिति.

पाण्डे, युवराज (२०५४). सार्वजनिक नीति विश्लेषण. विद्यार्थी पुस्तक अकार.

लम्साल, विष्णुप्रसाद (अप्रकाशित). सार्वजनिक नीति कार्यपत्र. वरिष्ठ कार्यकारी विकास कार्यक्रम, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान.

लम्साल, विष्णुप्रसाद (२०८१). कोशी प्रदेश नीति कार्यशाला कार्यपत्र (अप्रकाशित).

लम्साल, विष्णुप्रसाद र खरेल, तारा प्रसाद (२०७८). नेपालमा संघीयता: तीन तहका सरकारहरू बीचको अन्तरसम्बन्ध र यसका आयामहरू. नेपाल राष्ट्रिय कर्मचारी संगठन.

# कोशी प्रदेश पर्यटन वर्ष २०८२ : समृद्धिको एक नवीन अवसर



✍ विशाल घिमिरे*

**लेखसारः**
कोशी प्रदेश पर्यटन वर्ष २०८२ प्रदेशको समृद्धि र दिगो विकासका लागि ल्याइएको दूरदर्शी पहल हो । हिमाल, पहाड र तराई समेटिएको यस प्रदेशमा प्राकृतिक, सांस्कृतिक, धार्मिक र साहसिक पर्यटनका अपार सम्भावना छन् । महामारीपछिको पुनरुत्थान, रोजगारी सिर्जना, स्थानीय उत्पादन प्रवर्द्धन र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने उद्देश्यले पर्यटन वर्ष घोषणा गरिएको हो । यस अभियानमा संघ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र र समुदायको सहभागिता सुनिश्चित गर्दै गन्तव्यको पहिचान, पूर्वाधार विकास, सूचना प्रवाह, पर्यटक सुरक्षा, होमस्टे, साहसिक पर्यटन तथा जैविक विविधताको संरक्षणमा जोड दिइएको छ । भारत र बङ्गलादेशसँगको सिमाना तथा धार्मिक सम्बन्धका कारण क्रस-बोर्डर पर्यटनको पनि अपार सम्भावना रहेको छ ।

**शब्दकुञ्जीः** दिगो पर्यटन (Sustainable Tourism), प्राकृतिक सम्पदा, रोजगारी सिर्जना, Cross-border Tourism, आर्थिक समृद्धि

* प्रदेश सचिव, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश

### १. कोशी प्रदेशको अवस्थिती

कोशी प्रदेश नेपालका सात प्रदेशहरूमध्ये एक सुन्दरतम सम्वृद्ध प्रदेश हो। यस प्रदेशमा चौध जिल्लाहरु तथा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिकाहरू गरी जम्मा १३७ स्थानीय तहहरू रहेका छन् । कोशी प्रदेशले २५,९०५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । हिमाल, पहाड र तराई मधेसको जनजीवनको समिश्रणले यस प्रदेशलाई सामाजिक र सांस्कृतिक पक्षबाट विविधताले भरिपूर्ण बनाएको छ । उच्च हिमाली जलवायुदेखि महाभारत पर्वत शृंखलासम्मको भुभौगोलिक बनावट, वानस्पतिक विविधता तथा प्राकृतिक सौन्दर्य एवं विषमताका कारण प्राप्त प्रचुर जैविक विविधता यस प्रदेशको विशिष्टता हो । अनेकन् विविधताका अतिरिक्त जनजातीय, धार्मिक र सांस्कृतिक मौलिकता र पहिचान, स्थान पिच्छेका भाषिक एवं पारम्परिक भिन्नता र पाहुनालाई स्वागत सत्कार गर्ने संस्कृति यस प्रदेशको विशिष्ट पहिचान हो । तराई-मधेसको उर्वर भूमि, कृषिमा आधारित अर्थतन्त्र, उद्योग, व्यापार र यातायातको सन्जालले यहाँको आर्थिक विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । यी सबै क्षेत्रीय विशेषताहरूले कोशी प्रदेशलाई आर्थिक दृष्टिले नेपालको बहुआयामिक सम्भावनयुक्त प्रदेशको रुपमा स्थापित गरेको छ । यस प्रदेशले भारतको सिक्किम, पश्चिम बङ्गाल र विहार राज्यसँग सिमामा साझेदारी गर्दछ। प्रदेशको पूर्वी दक्षिणवर्ती सिमा निकटका समुदायको सिमापार सांस्कृतिक र सामाजिक सम्वन्धले यस प्रदेशमा भारतीय पर्यटक आवगमनलाई सहज बनाएको छ ।

नेपालकै होचो भुभाग झापाको केचनाकवल देखि संसारकै अग्लो हिमाल सगरमाथा समेत यसै प्रदेशले ओगटेको छ । विश्वका ८ हजार मिटरभन्दा अग्ला सर्वोच्च शिखरहरूमा १४ वटामध्ये ८ वटा नेपालमा छन् र तीमध्ये ५ वटा हिमशिखरहरू यसै प्रदेशले ओगटेको छ । यी हिम श्रृङ्खलाहरूमा पर्वतारोहण पर्यटन र साहसिक पर्यटनको लागि यो प्रदेश विश्व प्रसिद्ध रहेको छ ।

विश्व सम्पदा सूचीमा सूचिकृत सगरमाथा राष्ट्रिय निकुञ्ज, सिमसार संरक्षणका लागि रामसार सूचीमा सूचिकृत गोक्यो ताल, माइपोखरी र कोशी टप्पु वन्यजन्तु आरक्ष लगायत जैविक विविधताले भरिपूर्ण मकालु वरुण राष्ट्रिय निकुञ्ज, कञ्चनजङ्गा संरक्षण क्षेत्र, तीनजुरे मिल्के जलजलेको लालिगुँरास क्षेत्रका साथै धार्मिक रुपमा प्रसिद्ध तिर्थस्थलहरु वराह क्षेत्र, हलेसी महादेव, पाथिभरा मन्दिर, गुरु फाल्गुनन्द जन्मस्थान, विराट दरवार, किचकबध, कन्याम, श्रीअन्तु जस्ता प्रसिद्ध गन्तव्यहरू यस प्रदेशमा पर्दछन् । यहाँ कोच र किराँत सभ्यताका अनुपम विशिष्टताहरु उपलब्ध छन् । सप्तकोशी नदीको वृहद जलाधार क्षेत्रले सिंगो कोशी सभ्यताको प्रतिनिधित्व गर्छ । नदीमा आधारित सभ्यताका लागि कोशी नदि एक उत्कृष्ट गन्तव्य हो ।

### २. कोशी प्रदेश पर्यटन वर्ष २०८२ किन ?

कोशी प्रदेश सरकारले पहिचान गरेका आर्थिक समृद्धिका विविध आधारहरूमध्ये पर्यटन एक महत्त्वपूर्ण बहुआयामिक सम्भावनायुक्त क्षेत्र हो । माथि उल्लेखित विविधता र विशिष्टताको अनुपम पहिचानले यस प्रदेशको पर्यटनको विकास मार्फत रोजगारीको अवसर सिर्जना गरी आर्थिक सुधारमा उल्लेखनीय भूमिका खेल्न सक्छ । कोभिड-१९ को महामारीले पर्यटन उद्योगमा गम्भीर असर पारिसकेको अवस्थामा, पर्यटन क्षेत्रलाई पुनः सक्रिय तुल्याउन र वर्तमान समयमा निराशाले घेरिएको समाज र विदेश पलायन हुदै गरेको प्रदेशको युवा जनशक्तिलाई प्रदेशमै कायम राख्न तथा प्रदेशमा नै केही गर्न सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्न र पर्यटनमार्फत राष्ट्रिय पुँजीको महत्त्वपूर्ण आधार तयार गर्न कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट मार्फत कोशी प्रदेश पर्यटन वर्ष २०८२ को अवधारणा र कार्यक्रम अघि सारेको छ ।

यसै गरी प्रदेश सरकारले २०८१ साल कार्तिक २१ गतेको मन्त्रिपरिषद्को निर्णयबाट कोशी प्रदेश पर्यटन वर्ष २०८१ सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ स्वीकृत गरेको छ । सो कार्यविधि बमोजिम माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा एक मूल आयोजक समिति रहने छ भने पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूको अध्यक्षतामा निर्देशन समिति रहने छ । यसै गरी सो कार्यक्रम सञ्चालनका लागि व्यवस्थापन समिति र सचिवालयको समेत व्यवस्था गरेको छ । यसको मूल आयोजक समितिमा

५७५ सदस्यिय एक बृहत समिति गठन भएको छ । जसले प्रदेशमा पर्यटनको सम्भावना र पर्यटनको प्रभावलाई अघि बढाउन समग्र प्रदेश सरकार स्थानीय सरकार निजी क्षेत्र सरोकारवाला सबैको सहभागिताको सुनिश्चितता गरेको छ । यसको निर्देशन समितिमा माननीय मुख्यमन्त्रीज्युबाट मनोनित २ जना निजी क्षेत्र तथा पर्यटन व्यवसाय क्षेत्रबाट प्रतिनिधित्व गर्ने सह संयोजकहरू रहनुभएको छ भने अन्य पर्यटनका विविध बिधालाई समेटी निजी क्षेत्रबाट 2 जना महिलासहित ७ जना गरी जम्मा १५ सदस्यिय निर्देशन समिति गठन गरिने छ । यस कार्यक्रमका लागि सम्पन्न गरिने क्रियाकलापहरू पहिचान तथा स्वीकृतीका लागि निर्देशन समितिलाई जिम्मेवारी दिएको छ ।

यस कार्यक्रम मार्फत कोशी प्रदेशको प्राकृतिक, सांस्कृतिक, र साहसिक पर्यटकीय गन्तव्यहरुको थप पहिचान गर्दै दिगो विकासको अवधारणा अनुरुप पर्यटन प्रवर्द्धन गरी प्रदेशमा रहेका पर्यटनका अवसर र सम्भावनाको उचित उययोग मार्फत राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको योगदान बढाउन संघीय सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा कार्यन्वयन गर्ने गरी यस अभियानको सुरुवात गरिएको छ । यो अभियानले स्थानीय उद्यमीहरू, होटल तथा पर्यटन व्यवसायीहरू, यातायात क्षेत्र, कृषकहरु, पर्यटन सम्बद्ध उद्योगहरूको प्रवर्द्धनमा सहयोग पुऱ्याउँदै थप रोजगारीको अवसर सृजना गर्ने छ । यसका अतिरिक्त समाजमा युवाहरुमा व्याप्त निरासालाई चिर्दै देश भित्र र प्रदेशमा उद्यम गर्न सकिन्छ भन्ने आत्माविश्वास स्थापित गर्न समेत यस अभियानले मद्धत गर्नेछ ।

### ३. पर्यटन वर्ष २०८२ को उद्देश्य

कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रस्तुतिबाट दिगो विकासको अवधारणा अनुरूप पर्यटनका माध्यमबाट प्राप्त गर्न सकिने रोजगारी, स्थानीय भाषा, कला, साहित्य, संस्कृति, कृषि उत्पादन साना तथा मझौला उद्यम, भौगोलिक र प्राकृतिक सौन्दर्य लगायत प्रदेशको विविधताले दिएको अवसर तथा सम्भावनालाई प्रदेशबासीको जीवनस्तर उकास्ने माध्यम बनाउँदै स्थानीय अर्थतन्त्रका साथै समग्र प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्ने उद्देश्य राखिएको छ ।

### ४. नेपालका अन्य प्रदेशसँग कोशी प्रदेशको पर्यटनसम्बन्धी तुलना

कोशी प्रदेशले प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र जैविक विविधताको दृष्टिले अन्य प्रदेशहरूसँग प्रतिस्पर्धा गर्न सक्छ । अन्य प्रदेशहरू जस्तै गण्डकी र बागमती प्रदेशले पर्वतीय पर्यटनमा विशेष महत्व राख्छन् भने कोशी प्रदेशले तराई, मध्य पहाड, र हिमाली क्षेत्रका आकर्षणहरूलाई समेटेको छ । अन्य प्रदेशको तुलनामा कोशी प्रदेशसँग सिमाना जोडिएको भारतको सिक्किम, पश्चिम बङ्गाल, विहार राज्यमा विस्तार हुँदै गरेको मध्यमबर्गलाई प्राकृतिक, धार्मिक र सांस्कृतिक विविधताले आकर्षित गर्न सक्ने सम्भावना प्रचुर रहेको छ । यो प्रदेशको भूभागमा सगरमाथा, मकालु, र कञ्चनजंघा सहित आठहजार भन्दा अग्ला पाँचवटा हिमाल लगायत सयौं हिमचुचुराहरु रहेकाले साहसिक पर्यटनका लागि विशेष सम्भावना छ । अर्कोतर्फ भारतको पश्चिम बङ्गाल र विहारका धार्मिक शक्तिपिठहरु, र नेपालका धार्मिक पिठविच मितेरी सम्वन्ध कायम गरेर धार्मिक पर्यटक भित्र्याउने सम्भवान पनि उत्तिकै छ ।

### ५. सन् २०२३/२४ मा पर्यटनको अवस्था र कोशी प्रदेश

सन् २०२३/२४ मा कोशी प्रदेशमा आन्तरिक र वाह्य पर्यटकको वृद्धि भएको तथ्याङ्हरुमा देखिन्छ । कोशी टप्पु वन्यजन्तु आरक्षमा जलपक्षीहरूको अवलोकन गर्नेहरू हुन् वा इलामको चिया बगान, हलेसी र पाथिभरा मन्दिर घुम्न जाने पर्यटकहरूको संख्या वृद्धि भएको छ । नेपाल पर्यटन बोर्डका तथ्याङ्कअनुसार, यो अवधिमा पाँचलाखभन्दा बढी आन्तरिक पर्यटकले कोशी प्रदेशको विभिन्न गन्तव्यहरूको भ्रमण गरेका छन् । अन्तर्राष्ट्रिय पर्यटकहरूको आगमन भने कोभिड महामारीपछि पुनरुत्थान हुने प्रक्रियामा छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्याङ्क अनुसार कोभिडको महामारीपछि सन् २०२३

को अन्त्यसम्म भारतीय बाहेक हवाईसेवाबाट ९,१४,२७० र स्थल मार्गबाट १,०,६१२ गरेर जम्मा १०,१४,८८२ पर्यटकहरुको आगमन नेपालमा भएको छ । सन् २०२२ को तुलनामा यो संख्या ६५.०५ प्रतिशत वृद्धि हो । स्थलमार्ग र हवाई मार्गबाट भारतीय पर्यटकहरुको आगमन १०,१४,८०८२ भएको छ । नेपालमा पर्यटकको बसाई अवधी सन् २०२३ को अन्त्यसम्म सरदर १३.२ रहेको छ । त्यसै गरेर २०२३ को अन्त्यसम्ममा जोगबनी र काकरभिट्टा नाका हुँदै नेपाल प्रवेश गर्ने तेस्रो देशका नागरिकहरुको संख्या जम्मा ३२९७ रहेको छ । स्थल मार्गबाट हुँदै भित्रिने भारतीय पर्यटकको संख्या उल्लेख्य रुपमा बड्ने क्रम देखिएको तथ्याङबाट प्रष्ट हुन्छ । कोशी प्रदेशमा रहेका ८ वटा हवाई अड्डाका विमानमा हुने भिडले समेत आन्तरिक र वाह्य पर्यटकको चहलपहल बद्धि भएको र हवाई र हवाई सिटको माग बढिरहेको देखाउछ । नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरु मध्ये ६२.५ प्रतिशत होलिडे सेलिब्रेसन, १३.१० धार्मीक उदेश्य १५.२० ट्रेकिङ, र अन्य प्रयोजनका लागि ९.२० प्रतिशत पर्यटक नेपाल भित्रिने गरेका छन् । २०८०/८१ को अन्त्यसम्ममा पर्यटन क्षेत्रबाट २५५.६ मिलियन डलर सञ्चित भएको तथ्याङमा उल्लेख छ । उपर्युक्त बिषय र तथ्याङ्कलाई विश्लेषण गर्दा समग्र नेपालको पर्यटन क्षेत्रको एक हिस्सा कोशी प्रदेश पनि भएको कारण त्यसबाट प्रत्यक्ष, अप्रत्यक्ष लाभ कोशी प्रदेशले समेत पाइरहेको छ । तसर्थ पर्यटन बर्ष २०८२ हाम्रा लागि संबृद्धिको नयाँ बाटो हुने प्रसशत सम्भावना छ ।

**६. होटल, ट्राभल्स, टुर्स, होमस्टे, र साहसिक पर्यटनको अवस्था र सम्भावना**

कोशी प्रदेशमा होटल व्यवसाय तीव्र गतिमा विस्तार भइरहेको छ। विराटनगर, धरान, गाइघाट, काकरभिट्टा, धुलावारी, विर्तामोड, इलाम, श्रीअन्तु, कन्याम, वसन्तपुर, सोल्लेरी, लुक्ला, नाम्चेवजार, हलेसी जस्ता सहर र गन्तव्यहरुमा सुविधायुक्ता आधुनिक होटलहरू उपलब्ध छन् । यस प्रदेशका पहाडी तथा हिमाली जिल्लामा होम-स्टेहरु लोकप्रिय बन्दै गएका छन्, जस मध्ये प्रदेशमा दर्ता भएर सञ्चालनमा रहेका होमस्टेको संख्या ६१ होटल ३२ र ट्राभल्स/ट्रेकिङ एजेन्सी १०३ रहेका छन् । साहसिक पर्यटनमा सगरमाथा आधार शिविर ट्रेक, मकालु वरुण ट्रेक, कंचनजङ्गा आधार शिविर, तिम्वुङ पोखरी ट्रेक, मुन्धुम ट्रेल, र्याफ्टिङ, प्यारग्लाइडिङ, माउन्टेन बाइक, साइकिलिङ, एवं सहासिक पर्यटनसँग सम्वन्धित खेलकुदले पर्यटकलाई आकर्षित गरिरहेका छन् । प्याराग्लाइडिङ र माउन्टेन बाइकका लागि नयाँ गन्तव्य र सम्भावनाहरूको पहिचान हुने क्रम विस्तार हुँदैछ ।

**७. ग्रामीण पर्यटनको अवस्था र सम्भावना**

ग्रामीण पर्यटनका लागि कोशी प्रदेशका विभिन्न स्थानहरू अत्यन्त उपयुक्त छन्। इलाम, श्रीअन्तु, कन्याम, करफोक, माइपोखरी, फालेलुङ, तिम्वुङ पोखरी क्षेत्र, रोङ, सलकपुर, पाँचथर, ताप्लेजुङका विभिन्न गाउँहरु, धनकुटा, भेडेटार, जेफाले, उदयपुर, खोटाङ, संखुवासभाको अरुण उपत्यका, र भोजपुरको हलेसी महादेव धार्मिक स्थल ग्रामीण पर्यटनको उत्कृष्ट उदाहरण हुन् । वन्यजन्तुमैत्री खास गरेर हात्तीमैत्री पर्यटन बाहुडाँगी जैविक विविधता र ग्रामीण पर्यटनको मोडल हुन सक्छ । कृषि पर्यटन र स्थानीय संस्कृति अनुभव गर्ने अवसर ग्रामीण क्षेत्रमा प्रचुर मात्रामा छन्। ग्रामीण पर्यटनले स्थानीय रोजगार सिर्जना र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँछ ।

**८. जैविक विविधता र पर्या-पर्यटनको अवस्था र सम्भावना**

कोशी प्रदेश जैविक विविधताको दृष्टिले सम्पन्न छ । विश्वका महत्वपूर्ण सिमसारहरुको सूचीमा उल्लेखित रामसार सूचीमा कोशीटप्पु वन्यजन्तु आरक्ष अर्ना र विभिन्न जलपक्षीका लागि प्रख्यात छ । नेपालमा पाइने जम्मा ८९५ प्रजातिका चराहरुमध्ये ५३५ प्रजातिका चराहरु पाइन्छन् । विश्व सम्पदा सूचीमा सूचीकृत सगरमाथा राष्ट्रिय निकुञ्ज र नेपालकै होचो उपत्यकालाई समेटेको भूभागले हिमाली क्षेत्रको जैविक विविधतालाई संरक्षण गर्दछ । कंचनजङ्गा, तिम्वुङपोखरी, सन्दकपुर, माइपोखरी, सभापोखरी, ह्यातुङ झरना, अरुण उपत्याका, चुरे क्षेत्र, आदिले दीगो पर्यापर्यटन र पर्यावरणीय सन्तुलनका साथै, दीर्घकालीन आर्थिक विकासमा योगदान पुऱ्याउन सक्दछन् । यसका लागि पर्यटकमैत्री नीति कानुन, पर्यटकीय मैत्री व्यवहार लागयतका

बिषयमा ध्यान दिन जरूरी रहेको छ । ट्राभल्स, ट्रेकिङ, होमस्टे, सवारी चालक,गाइड एवं भरियाहरूको प्रशिक्षण र संरक्षणसम्बन्धी सचेतना कार्यक्रमहरू आवश्यक छन् ।

**९. सिमाना नाकाहरूबाट पर्यटक आगमनको अवस्था**

कोशी प्रदेशका प्रमुख सिमाना नाकाहरूमा जोगवनी, काकरभिट्टा, र पशुपतिनगर, मनेभञ्जयाङ पर्छन् । यी नाकाहरू भारत र बङ्गलादेशका पर्यटकहरूको प्रवेशद्वार हुन् । यिनका अतिरिक्त अन्य सिमा नाकामा समेत पर्यटक आगमनलाई व्यवस्थित बनाउनका लागि स्वागत एवं सूचना कक्ष तथा रिफ्रेसमेन्ट सेन्टरहरुको निर्माण एवं स्तरोन्नतीलाई सरकारले प्राथामिकतामा राखी काम गरिरहेको छ । पर्यटक आगमनलाई थप सुरक्षित र भरपर्दो बनाउनका लागि यातायातमा सहजता, मुद्रा सटही, नेपाली सिम कार्डको व्यवस्थापन, यातायात व्यवस्थापन, सूचना केन्द्रहरु निर्माण आदि गर्न सके पर्यटक आगमन व्यवस्थित हुन सक्ने प्रवल सम्भावना छ ।

**१०. पर्यटक प्रहरी र पर्यटक सुरक्षाको अवस्था**

पर्यटक सुरक्षामा प्रहरीको भूमिका महत्वपूर्ण छ । हालसम्म प्रहरी सेवाले आधारभूत सुरक्षा व्यवस्था प्रदान गरे पनि पर्यटक मैत्री सेवा र छिटो प्रतिक्रिया प्रणालीको अभाव देखिएको छ । प्रशिक्षित गाइड, स्वास्थ्यकर्मी र आपतकालीन सहायता सेवाहरूको उपलब्धता हुन सकेमा पर्यटक सुरक्षाको प्रत्याभुती पूर्ण रुपमा गर्न सकिन्छ । पर्यटन, संस्कृति तथा नागरिक उड्यन मन्त्रालयको मातहतमा कोशी प्रदेशको काकरभिट्टा, पशुपतिनगर र सोलुखम्बुमा पर्यटक प्रहरीको इकाइ कार्यरत छ । तर भौतिक पूर्वाधार र साधन स्रोतको अभावका वावजुद सेवारत पर्यटक प्रहरीलाई अझ सुदृढ र सवल बनाउन आवश्यक छ। प्रादेशिक संरचना अन्तरगत पर्यटक प्रहरीको परिचालन र व्यवस्थापन हुन सकेको खण्डमा पर्यटकहरुको सुरक्षा प्रत्याभुति बढउन सकिन्छ ।

**११. पर्यटन सूचना केन्द्रहरूको अवस्था र भूमिका**

प्रदेश सरकार स्थापना भएपश्चात कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरुमा सूचना केन्द्रहरु स्थापना भइ सञ्चालनमा छन् । तथापि यिनमा भौतिक पूर्वाधार, जनशक्ति तथा सूचना प्रविधिको पर्याप्ताका अभाव रहेको छ । यी सूचना केन्द्रहरूलाई आधुनिक प्रविधिको प्रयोग गरेर पर्यटकलाई मार्गदर्शन गर्ने, गन्तव्यहरूको विस्तृत नक्शा, विवरण उपलब्ध गराउने, पर्यटकहरुको भावना यस प्रदेश र गन्तव्य प्रतिको अनुभव प्राप्त गरी सोबाट सिकाइ हासिल गर्ने र सुधार गर्ने कार्यमा सूचना केन्द्रहरुलाई अधिकत्तम उपयोग गर्न सकिन्छ । केही स्थानीय तहबाट सञ्चालित सूचना केन्द्रहरुले आफ्ना कामलाई व्यवस्थित गरेको उदाहरण समेत छन् । सूर्योदय नगरपालिका अन्तरगत पशुपतिनगर र रोङ गाउँपालिका अन्तरगत जोरकलस सूचना केन्द्रले पर्यटकलाई सूचना प्रदानमा सहजीकरण गरिरहेका छन । पर्यटन कार्यालय, काकरभिट्टामा रहेको सूचना केन्द्रले पूर्वी नाकाबाट भित्रिने पर्यटकहरुलाई समेत सहजिकरण गरिरहेको छ । प्रदेश सरकारले यस बर्ष हलेसी, पाथिभरा र वराह क्षेत्रमा सूचना केन्द्र व्यवस्थापन गर्ने योजना बनाएको छ । पर्यटक आगमन र तथ्याङ्क संकलनमा सूचना केन्द्रको भूमिका महत्वपूर्ण हुनेछ ।

**१२. स्थानीय तहको भूमिका र प्रदेश सरकारसँगको सम्बन्ध**

प्रत्येक पर्यटकीय गन्तब्यहरु कुनै न कुनै स्थानीय तहमा रहेका छन् । यी गन्तब्यहरुको पहिचान, विकास, प्रचार-प्रसार मार्फत पर्यटन प्रवर्द्धनमा स्थानीय तहहरूको भूमिका निर्णायक छ । स्थानीय स्रोतहरुको उपभोग र परिचालनमा स्थानीय तहहरुले भूमिका निर्वाह गरिरहेका छन् । ग्रामीण पर्यटन प्रवर्द्धन, जैविक विविधताको संरक्षण र घरेलु उत्पादन, स्थानीय कृषि उपज, साना तथा मझौला उद्यमको प्रवर्द्धन मार्फत स्थानीय वस्तु तथा सेवालाई विविधिकरण गरी पर्यटक उपजका रुपमा प्रस्तुत गर्दै पर्यटनसँग जोड्नका लागि स्थानीय तहहरु उपयुक्त माध्यम तथा मञ्चका रुपमा स्थापित हुँदै गइरहेका छन् । स्थानीय तहहरुले स्थानीय सम्पदाको संरक्षण, साहसिक खेलकुद कार्यक्रमहरूको आयोजना र सांस्कृतिक महोत्सवहरूको प्रवर्द्धनमा योगदान पुऱ्याइरहेका

छन् । संघ र स्थानीय तहहरूको प्रदेश सरकारसँगको सहकार्यले पर्यटन योजनाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन मद्धत गरिरहेको छ । प्रदेश सरकारका प्राथामिकता र छनौट गरेका आयोजनाहरुको सञ्चालन र अपेक्षित परिणाम प्राप्तिमा स्थानीय तहहरुको भूमिका प्रभावकारी रहेको छ । तसर्थ दिगो पर्यटन प्रवर्द्धन मार्फत विभिन्न तहका सरकारहरुले लिएको समग्र राष्ट्रीय संवृद्धिको लक्ष्य प्राप्तिमा प्रदेश सरकार र स्थानीय तह बिचको सहकार्य र सहअस्तित्व अपरिहार्य छ ।

**१३. क्रस बोर्डर पर्यटनको सम्भावना र चुनौती**

भारत र बङ्गलादेशसँगको यस प्रदेशको सीमा निकटताका कारण क्रस बोर्डर पर्यटनको विशाल सम्भावना छ । बिशेष गरि भारतको विहार र पश्चिम बङ्गालको हिन्दु धर्मावलम्बीहरुलाई कोशी प्रदेशको धार्मिक एवं सांस्कृतिक केन्द्रहरुमा आकर्षित गर्न सकेको खण्डमा कोशी प्रदेश धार्मिक पर्यटनको केन्द्रको रुपमा स्थापित हुन सक्ने छ । अर्को तर्फ कोशी प्रदेशमा विस्तार भएका मेडिकल कलेज, आँखा अस्पतालहरुमा भारतीय नागरिकका लागि शैक्षिक एवं स्वास्थ्य पर्यटनको एक आकर्षक एवं सस्तो गन्तब्यको रुपमा स्थापित हुने सम्भवाना पर्याप्त छ । नेपालको सिमावर्ती पहाडी तथा हिमाली क्षेत्रमा रहेका गाउँहरु समग्र हिमालय क्षेत्रको ग्रामीण पर्यटन र होम-स्टे संस्कृतिको केन्द्रको रुपमा स्थापित हुने सम्भावना छ। क्रस बोर्डर टुरिजमका लागि यो अर्को महत्वपूर्ण बिषय बन्न सक्छ । सिमानामा पर्यटकहरुलाई आगमनमा सरलीकरण, सुरक्षाको मजबूती र सांस्कृतिक आदानप्रदानका कार्यक्रमहरूले पर्यटन विकासमा सहयोग पुऱ्याउँछन् । धार्मिक, सांस्कृतिक अनुभव आदान-प्रदान र सम्वन्धको विस्तारले हाम्रो पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ । यद्यपि, सुरक्षा चुनौती, पूर्वाधारको विकासका सवालहरुलाई क्रमशः सम्वोधन गर्दै जानु पर्ने आवश्यकता छ ।

पर्यटन वर्ष २०८२ लाई मुलभुत रुपमा सफल पार्न तपसिलका वुँदामा उल्लेखित बिषयहरु कार्यन्वयन हुन अपरिहार्य रहेको छ ।

**१४. नीजि क्षेत्रको भूमिका**

पर्यटन वर्षका सम्भावनाहरुलाई समेटेर भौतिक पूर्वाधार र सेवा क्षेत्रको विकासका लागि यस प्रदेशमा नीजिक्षेत्रबाट महत्वपूर्ण कामहरु भइरहेका छन् । ठूला होटलहरुको स्थापना र संचालन, स्काईवाक टावर, दृष्यावलोकन स्थल, साहसिक पर्यटनका गतिविधिहरु(ऱ्याफ्टिङ, प्याराग्लाइडिङ आदि), नीजि तथा सामुदायिक होमस्टेहरुको संचालन, क्यासिनो संचालन जस्ता गतिविधिबाट पर्यटनको विकास र प्रवर्धनमा गतिलो योगदान पुगेको छ। यी सेवा तथा विकासका क्षेत्रहरुमा हालै सम्पन्न कोशी प्रदेश लगानी सम्मेलनमा आकर्षक योजनाहरु प्रस्तुत भएका छन्। यी योजनाहरु सुरुवात, संचालन र दिगोपनाका लागि नीजि क्षेत्रले गर्ने प्रयासमा प्रदेश सरकारले भरोसाको वातावरण सुनिश्चित गराई सहकार्यको मार्ग प्रशस्त गर्नुपर्दछ ।

**१५. मुख्य हस्तक्षेपकारी कार्यक्रमहरू**

- कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको थप पहिचान, प्रचारप्रसार र प्रवर्द्धन गर्ने ।
- स्थानीय समुदायमा आधारित पर्यटनको विकास र दिगोपनको सुनिश्चितता गर्ने ।
- पर्यटकलाई उच्चस्तरीय सेवा सुविधा उपलब्ध गराउँदै पर्यटन क्षेत्रको दिगो विकास गर्ने ।
- ग्रामीण पर्यटन र जैविक विविधताको संरक्षण गर्दै पर्यावरणीय पर्यटनको प्रवर्द्धन गर्ने ।
- साहसिक र सांस्कृतिक पर्यटनका नयाँ अवसरहरूको पहिचान गर्ने र प्रवर्द्धन गर्ने ।
- भारतीय एवं तेश्रो मुलुकका पर्यटकहरुको आगमन बढाउन योगदान पुर्याउने ।
- नीजि क्षेत्रलाई हौसला प्रदान गरी पर्यटन व्यवसायको क्षेत्र विस्तार गर्ने ।
- पर्यटक सूरक्षाको सुनिश्चिता गर्ने ।

माथि उल्लेखित बिषयहरुलाई समाधान गर्दै पर्यटन विकासमा संघीय तथा स्थानीय सरकार समेतको सहयोगमा र नीजि क्षेत्रलाई

हौसला प्रदान गरी पर्यटन विकास गर्न आवश्यक तयारी गर्ने काम गरिँदै छ ।

**१६. प्रदेश सरकारले चाहेको उपलब्धि**

पर्यटन वर्ष २०८२ बाट कोशी प्रदेश सरकारले गरेको छ ।

- आन्तरिक र बाह्य पर्यटकको आगमनमा वृद्धि गरी स्थानीय स्तरमा नयाँ रोजगारीको सिर्जना र क्रमश: बढोत्तरी ।
- जैविक विविधताको संरक्षणमा योगदान गर्दै पर्यावरण मैत्री पर्यटनको विकास ।
- पर्यटन पूर्वाधारमा दीर्घकालीन लगानीका लागि नीजि क्षेत्रको सहभागिता ।
- दिगो विकासको लक्ष्य अनुरुप राष्ट्रिय अर्थतन्त्रमा योगदान ।
- कोशी प्रदेशलाई पर्यटनको केन्द्रको रुपमा स्थापित गर्ने ।

**१७. निष्कर्ष**

कोशी प्रदेश पर्यटन वर्ष २०८२ को घोषणा प्रदेशकै समृद्धि र दिगो विकासका लागि एउटा दूरदर्शी प्रयास हो । तीनै तहका सरकार, नीजि क्षेत्र तथा सम्वद्ध सरोकारवालाहरु लगायत पर्यटनका सबै क्षेत्रलाई एकीकृत गरी पर्यटन मार्फत समग्र अर्थतन्त्रमा सुधार र प्रदेशवासी नागरिकहरुको समृद्धिमा टेवा पुऱ्याउने लक्ष्यसहितको यो अभियान प्रदेशका लागि दीर्घकालीन परिवर्तनको वाहक बन्ने अपेक्षा गरिएको छ ।

# स्वास्थ्य बीमा कार्यक्रम — सुविधा र चुनौतीहरू



✍ दिपेश राई*

**लेखसारः**

स्वास्थ्य बीमा कार्यक्रम नेपाल सरकारले सबै नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न २०७४ सालमा विधिवत् रूपमा लागू गरेको योजना हो । यसले उपचारमा हुने व्यक्तिगत खर्च घटाउँदै वित्तीय सुरक्षाको प्रत्याभूति दिन्छ। हाल ७७ वटै जिल्लाका ७४९ स्थानीय तहमा विस्तार भइसकेको यस कार्यक्रममा २० लाखभन्दा बढी परिवार आबद्ध छन् । वार्षिक रु ३,५०० को योगदानमा पाँच सदस्यीय परिवारले रु १ लाखसम्मको उपचार सुविधा पाउँछन् भने थप सदस्यका लागि थप रु ७०० का दरले बीमा रकम बढ्ने व्यवस्था छ । लक्षित वर्गलाई सरकारले बीमा शुल्क अनुदानमा उपलब्ध गराएको छ । यद्यपि, रिफरल प्रक्रिया झन्झटिलो, सेवा असहज, र स्वास्थ्य संस्थामा दक्षता अभाव हुँदा बिमितहरूको नविकरण दर घट्दै गएको देखिन्छ। सन् २०२३/२४ सम्ममा औसत ४८% मात्र बिमितहरूले सेवा लिएका छन् । कार्यक्रम प्रभावकारी बनाउन प्राथमिक सेवा विन्दुको पहुँच, सेवा गुणस्तर, र समयमै दाबी भुक्तानी सुनिश्चित गर्नु आवश्यक छ । डिजिटल नविकरण प्रणाली जस्तै ई-सेवा, खल्ती, IPS को प्रयोग सुरु भइसकेको छ भने रिफरल प्रक्रिया समेत अनलाइन बनाउँदा सहजता आउन सक्छ। स्वास्थ्य बीमा बोर्डले तयार पारेको रणनीतिक मार्गचित्र (2081/82–2086/87) कार्यान्वयन गरी देखा परेका चुनौतीहरूको समयमै समाधान गर्न सकेमा यो कार्यक्रम सर्वसुलभ, प्रभावकारी र दीगो बन्ने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जीः** health insurance, स्वास्थ्य बीमा

* विराटनगर स्थीत नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलमा कार्यरत

नेपालका आम नागरिकको सर्वव्यापी पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा स्थापित गराउने उद्देश्यका साथ नेपाल सरकारले स्वास्थ्य बीमा ऐन, २०७४ मार्फत स्वास्थ्य बीमा कार्यक्रम लागु गरेको हो । सरकारले २०७२ सालमा नै परीक्षण स्वरुप केही जिल्लामा स्वास्थ्य बीमा लागु गरेको थियो । यो कार्यक्रमले स्वास्थ्य उपचारको क्रममा बीमितको व्यक्तिगत खर्च घटाउदै लैजानको लागि वित्तीय संरक्षण प्रदान गर्ने उद्धेश्य राख्दछ । हाल ७७ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ भने ७४९ वटा स्थानिय तहमा कार्यक्रम विस्तार भएको छ ।

स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनलाई पाँच जना सम्मको परिवारले रु ३,५०० ।— योगदान रकम भुक्तानी गर्नु पर्दछ र प्रति थप एक सदस्यको लागि रु ७०० ।— का दरले भुक्तानी गर्नु पर्छ । पाँच जना सम्मको परिवारले बार्षिक एक लाख सम्मको निःशुल्क उपचार सेवा प्राप्त गर्ने र प्रति थप एक जनाको योगदान वापत थप बीस हजारका दरले उपचार सेवा थप हुने गर्दछ । सरकारले अति गरिवको परिचय पत्र प्राप्त परिवार, अति अशक्त अपाङ्ग, कुष्ठरोगी, एच. आई. भी. संक्रमित, जटिल खालका क्षयरोगी भएका व्यक्ति साथै उनीहरुको परिवारलाई र ७० वर्ष माथिका जेष्ठ नागरिकको बीमा वापतको योगदान रकम व्यहोर्ने प्रावधान छ । जसमध्ये जेष्ठ नागरिकलाई क्यान्सर, मुटुरोग, मिर्गौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सन्स रोग र अल्जाइमर्स गरी ८ वटा जटिल प्रकारका रोगहरुको उपचारमा सेवा नदोहोरिने गरी छुट्टै एक लाख रकम बराबरको थप सुविधा उपलव्ध हुने व्यवस्था गरेको छ । महिला स्वास्थ्य स्वयंसेविका र उनीहरुको परिवारलाई कूल योगदान रकमको ५० प्रतिशत सरकारले व्यहोर्ने गरेको छ ।

सेवा प्राप्त गर्न बिमितले सुरुमा प्राथमिक स्वास्थ्य केन्द्रमा गई स्वास्थ्य परीक्षण र उपचार गर्नु पर्दछ । उपचारको क्रममा थप उपचार आवश्यक भएमा वा प्राथमिक स्वास्थ्य केन्द्रमा उपलव्ध नभएका सेवाकालागिमात्र रिफरल स्वास्थ्य संस्थामा उपचारको लागि जान पाइन्छ । यसरी रिफरल केन्द्रमा जाँदा स्वास्थ्य बीमा बोर्डले तोकेको रिफर कागज/प्रेषण पुर्जा र प्राथमिक सेवा केन्द्रमा गरिएको उपचारको कागजात साथै लिएर जानु पर्दछ ।

स्वास्थ्य बीमा बोर्डले जारी गरेको स्वेत पत्रको जानकारी अनुसार यो कार्यक्रम लागु भएदेखि २०८१ फाल्गुण सम्ममा ८९ लाख ५२ हजार १३५ जना स्वास्थ्य बीमामा आबद्ध भएका छन् । तर आर्थिक बर्ष २०८१।८२ को फाल्गुण मसान्त सम्म क्रियाशील बिमितको संख्या ५७ लाख ५३ हजार ८१७ रहेको छ । जसमध्ये सामान्य क्रियाशील बिमित ४३ लाख २ हजार ७०९ (कुल बिमित मध्ये ७५ प्रतिशत) र क्रियाशील लक्षित बिमित १४ लाख ५१ हजार १०८ (कुल बिमितको २५ प्रतिशत) रहेका छन् । आर्थिक वर्ष २०७८।७९ मा क्रियाशील आवद्ध घरधुरी १४ लाख २६ हजार १३१ पुगेकोमा आर्थिक वर्ष २०८१।८२ को फाल्गुण मसान्तसम्ममा जेष्ठ नागरिक बाहेक कुल आवद्ध घर धुरी ९ लाख ८२ हजार ६२ र जेष्ठ नागरिक समावेश गरी २० लाख ७५ हजार ७०० परिवार स्वास्थ्य बीमामा क्रियाशील छन् । प्रादेशिक हिसावले हेर्ने हो भने बिमितको संख्या कोशी प्रदेशमा कुल जनसंख्याको ३३ प्रतिशत, बागमतीमा २६ प्रतिशत, गण्डकीमा ३४ प्रतिशत, लुम्बिनीमा १४ प्रतिशत, मधेश प्रदेशमा ७ प्रतिशत, कर्णालीमा १४ प्रतिशत र सुदुरपश्चिममा ११ प्रतिशत रहेको छ ।

तथ्याङ्क अनुसार देशको ३५६ स्थानीय तहमा प्रथम सेवा विन्दु पुगेको छ अर्थात ४६.२ प्रतिशत स्थानीय तहमा आफ्नै प्रथम सेवा विन्दु रहेको छ । ३९७ वटा स्थानीय तह अर्थात ५२.७ प्रतिशत स्थानीय तहमा प्रथम सेवा विन्दु छैन जसको कारण सेवा लिन अन्य स्थानीय तहमा रहेका सेवा प्रदायक संस्थामा जानु पर्ने अवस्था छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमासँग आवद्ध गर्ने, सामाजिक न्यायका सिद्धान्तमा आधारित रही विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्गलाई राज्यको सहुलियतमा स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्ने, औपचारिक क्षेत्रलाई अनिवार्य स्वास्थ्य बीमाको दायरामा ल्याउदै सवै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने र विपन्न वर्गका लागि राज्यबाट तोकिएको विशेष स्वास्थ्य सेवाहरुको पहुँच क्रमशः सुनिश्चित गरीने भनि व्यवस्था

भएको छ । त्यस्तै नेपालमा सर्वव्यापी स्वास्थ्य पहुँचको सूचाङ्क सन् २०१९ मा ५९ अङ्क रहेकोमा सन् २०३० सम्ममा यसलाई १०० अङ्क पुर्याउने लक्षय रहेको छ । स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनेको जनसंख्या ७० प्रतिशत साथै नविकरण दर ९० प्रतिशत पुर्याउने लक्ष्य राखिएको छ ।

**चुनौतीहरुः**

उपचार सेवा प्राप्त गर्ने क्रममा स्वास्थ्य बीमाको प्रकृयागत कार्यले गर्दा बिमित विरामी र विरामीको परिवारले विभिन्न समस्या झेल्नु पर्ने कारणले गर्दा पनि स्वास्थ्य बीमा प्रति आम जनताको धारणा परिवर्तन भई एक पटक स्वास्थ्य बीमा गरेपछि नविकरण गर्न इच्छा नगरेको पाइन्छ । जसलाई स्वास्थ्य बीमा बोर्डको स्वेत पत्रको तथ्याङ्कले पनि देखाउदछ जस अनुसार स्वास्थ्य बीमा नवीकरण नगर्ने बिमितहरु आ. व. २०७४।७५ मा ५४ प्रतिशत थिए भने आ. व. २०७८।७९ मा ६४ प्रतिशत र आ. व. २०८१।८२ को फाल्गुणसम्ममा ५४ प्रतिशत रहेको छ । कैयन स्थानीय निकायमा प्रथम सेवा विन्दु नै नहुनु, भएकाहरुमा पनि पर्याप्त सेवा नपाइनु । प्रेषण पुर्जामा बोर्डले तोके बमोजिमको सवै विवरण नलेखि पठाउदा रिफरल केन्द्रबाट विरामीलाई सेवा प्राप्त नहुनु फर्केर गई पुन सच्याएर आउनु पर्ने । पटक पटक धाउनु पर्ने कारणले पनि बिमितहरुमा स्वास्थ्य बीमा प्रतिको आकर्षण घट्न जाने यथार्थ रहेको छ ।

तथ्याङ्क अनुसार आ. व. २०७७।७८ मा कुल बिमितको २९ प्रतिशत, २०७८।७९ मा ३७ प्रतिशत, आ. व. २०७९।८० मा ३८ प्रतिशत र आ.व. २०८०।८१ मा ४३ प्रतिशतले स्वास्थ्य सेवा लिएका छन् । हाल सम्म सेवा लिने विमितको औषत संख्या ४८ प्रतिशत रहेको छ । यसले उपचारको आवश्यकता भएकाहरुको रोजाईमा मात्र स्वास्थ्य बीमा रहेको र उपचार गरेपछि अर्को बर्ष अवस्था हेरी नविकरण गर्ने नगर्ने मनसाय बिमितहरुले राख्ने गरेको देखिन्छ । स्वास्थ्य बीमामा प्रतिपरिवारले गर्ने औषत योगदान रु ३,८००।— रहेको छ तर स्वास्थ्य बीमाबाट प्रतिपरिवारले लिएको सेवाको औषत भुक्तानी रु ८,३५०।— देखिएको छ । यसले पनि बीमा कार्यक्रमको सहज संचालनमा चुनौति खडा गरेको छ । जसको लागि सर्वव्यापी सहभागितामा सवैलाई आकर्षित गर्ने योजना लिएर अगाडि बढ्न आवश्यक देखिन्छ ।

स्वास्थ्य बीमामा आवद्ध भएपछि साधारण अवस्थामा पनि वर्षमा एक पटक परिवारले स्वास्थ्य परीक्षण गर्ने परिपाटी लागु गर्न सकिन्छ । आम जनतामा हाल व्याप्त होलबढी चेक अपको धारणाले गर्दा बिमितहरु प्राथमिक सेवा विन्दुमा जाने बहाना बनाई रिफरल लिने र रिफरल केन्द्रमा भए भरको सवै परीक्षण गर्न खोज्ने मानसिकता पनि रहेकोले त्यसलाई सही ढंगबाट सामान्य स्वास्थ्य परीक्षण (बेसिक रुटिन चेकअप) को रुपमा विकास गरी सामान्य अवस्थाको बार्षिक एक पटक गरिने चेक जाँचमा ५०% सहभुक्तानीको व्यवस्था गर्न सकिन्छ ।

बीमामा आवद्ध बिमितहरुको प्रादेशिक तथ्याङ्क अनुसार पनि धेरै प्रदेशहरुमा स्वास्थ्य बीमाको प्रभावकारितामा न्यूनता देखिन्छ । बिमितको संख्या बढाउन स्वास्थ्य सेवाको सहज उपलव्धता, प्राथमिक सेवा विन्दु र रिफरल केन्द्रहरुमा झण्झट रहित सेवा प्राप्त गर्ने वातावरण तयार गर्नु पर्ने मुख्य चुनौती रहेका छन् । स्वास्थ्य बीमाको औचित्य र आवश्यकता साथै त्यसको सहज उपलव्धताको सुनिश्चित गर्न आवश्यक छ ।

सेवा प्रदायक संस्थाहरुले प्रदान गरेका सेवाको दैनिक दाबीलाई बीमा बोर्डले समयमा नै सम्बोधन गर्न नसक्नुले पनि सेवा र भुक्तानीको अन्यौल बढाएको देखिन्छ । हाल दैनिक ३०—४० हजारको हाराहारीमा दाबी आउने र बोर्डले दैनिक रुजु गर्न सक्ने क्षमता ६—७ हजारको रहेको छ । दाबी रकम प्रतिदिन करिब ७ करोडको हुने गरेको छ । तर समयमा नै सवै दाबी रुजु हुन नसक्दा सेवा प्रदायकमा दाबी रिजेक्सनको डर हुने । कतिपय कागजातमा भएका सानातिना गल्ती र भुलवस छुटेका कागजातको समयमा रुजु नहुँदा त्यस्ता गल्तीहरु दोहोरिरहने र रिजेक्सनको मात्रा बढी रहने जोखिम रहन्छ ।

बीमा बोर्डको प्रादेशीक कार्यालयहरुमा सिमित कर्मचारी भएको कारण पनि सवै सेवा प्रदायकहरुका जिज्ञासा, समस्या र दाबीका

कैयन अस्पष्टताहरु समयमा सम्बोधन हुन सकेका छैनन् । जसको फलस्वरुप सेवा प्रदायक प्राथमिक सेवा विन्दु र रिफरल केन्द्रहरुले अन्दाजको भरमा सेवा प्रवाह गर्नु पर्ने अवस्था समेत रहेको छ ।

प्राथमिक सेवा विन्दुको स्वास्थ्य सेवा प्रदान गर्ने क्षमतामा अभिबृद्धी गर्न नसकिनु, तोकिएको रिफरल केन्द्रमा गई उपचार गराउदा शल्यक्रिया लगायतका सेवाहरुको लागि महिनौं पालो कुर्नु पर्ने अवस्था, रिफरल सम्बन्धी अन्यौलता र सेवाग्राहीको इच्छा अनुसारको रिफरल केन्द्रमा जान नसक्नुले पनि स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता घट्न जाने देखिन्छ । हाल ई सेवा, खल्ती र कनेक्ट आईपीएस जस्ता अनलाइन भुक्तानी पद्धतीबाट पनि स्वास्थ्य बीमा नविकरण गर्न सकिने भएकोले बीमा नविकरणको झण्झट कम भएको छ । रिफरल प्रणाली पनि अनलाइन भएमा प्राथमिक सेवा विन्दुबाट रिफरलमा गरिएको भुलले गर्दा बिमित विरामीले रिफरल केन्द्रमा उपचारबाट बन्चित हुनु पर्ने अवस्थालाई हटाउन सकिन्छ ।

स्वास्थ्य बीमा कार्यक्रममा आम जनतालाई समेटन र कार्यक्रमको प्रभावकारिता एवं गुणस्तर अभिबृद्धी गर्न स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा रणनीतिक मार्गचित्र तयार पारेको छ । आर्थिक वर्ष २०८१।८२ देखि आ. व. २०८६।८७ सम्मको मार्गचित्रको सही कार्यान्वयन र यस बीच देखिएका/देखिने समस्याहरुलाई समयसापेक्ष ढंगबाट सम्बोधन भएमा स्वास्थ्य बीमा कार्यक्रमको औचित्य पुरा हुने र प्रभावकारिता बढेर जाने छ ।

# नेपालको पर्यटन उद्योग : चुनौती र सम्भावना



✍ प्रतीक ढकाल *

**लेखसारः**

यस आलेखमा नेपालको पर्यटन विकासमा राज्य र नीति–निर्माताको कमजोरी, जनचेतनाको अभाव, र मौलिक सामर्थ्यप्रतिको उपेक्षा गम्भीरतापूर्वक उठाइएको छ । नेपालले पाएको अपार प्राकृतिक र सांस्कृतिक सम्पदाको प्रभावकारी उपयोग गर्न नसकेको, राष्ट्रिय योजना, पाठ्यक्रम, पूर्वाधार र कूटनीतिमा कमजोर दृष्टिकोणले देशको समग्र विकासमा बाधा पुर्‍याएको तीतो यथार्थ प्रस्तुत गरिएको छ। लेखमा सिंगापुर, दक्षिण कोरिया, भियतनाम, रुवाण्डाजस्ता राष्ट्रहरूका उदाहरण प्रस्तुत गर्दै नेपालले पनि आफ्नै सामर्थ्य—जस्तै हिमाल, बुद्धको जन्मभूमि, सांस्कृतिक विविधता, वीर गोर्खा, जैविक सम्पदा—को प्रयोगमार्फत विकास गर्न सक्ने सक्कली बाटो देखाइएको छ। विशेषगरी प्रतिस्पर्धात्मक (Competitive Advantage) र तुलनात्मक लाभ (Comparative Advantage) का क्षेत्रमा ध्यान केन्द्रित गर्दै नेपालले पर्यटकमार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नसक्ने भनिएको छ। पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास, राजदूतको गुणस्तरीय नियुक्ति, पाठ्यक्रममा मुलुकको परिचय समावेश, श्रमिकलाई प्रचार–दूत बनाउने पहल, तथा पर्यटन संस्थाहरूको उत्तरदायी कार्यशैलीमा सुधार आवश्यक रहेको लेख निष्कर्ष निकाल्दछ ।

**शब्दकुञ्जीः** मुलुकको सामर्थ्य , प्रतिस्पर्धी लाभको क्षेत्र (Competitive Advantage), तुलनात्मक लाभको क्षेत्र (Comparative Advantage)

* Retired Joint Secretary of GoN. Expert in Tourism and Himalayan issues.

मुलुकको सार्वभौमसत्ताको प्रयोग गर्ने सरकारले नै आफ्नो मुलुकको सामर्थ्यलाई चिन्न सकेन भने त्यो मुलुकले उन्नति गर्न सक्तैन र त्यस्तो मुलुक सधैँ अविकासको भुँवरीमै रुमल्लिन बाध्य हुन्छ । कुनै समय संसारकै निर्धनतम् मुलुकको रूपमा चिनिएको 'इथियोपिया' आज हामी विकेन्द्रीकरण र स्थानीय स्वशासनको नमूना सिक्न जान्छौँ । जातीय हिंसाको शिकार भएको कुनै समयको दर्दनाक मुलुक 'रुवाण्डा' आज विश्व रङ्गमञ्चमा विकासको नयाँ नमूना बनेर उदाइरहेको छ । टाढाको कुरै नगरौँ, एसियाकै भियतनाम र कम्बोडियाजस्ता मुलुकको उन्नतिको स्तर पनि हाम्रालागि आकाशको ताराजस्तै टाढाको वस्तु हुन पुगेको छ । जब सिङ्गापुरले थाहा पायो कि ऊसँग खेतीपातीका लागि जमिन छैन, मुलुक पनि सानो छ; तब उसले आफ्नो अवस्थिति र सामुद्रिक शक्तिलाई नै अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनाउने निर्णय गऱ्यो । तर यस कामका लागि धेरै पैसा चाहिन्थ्यो, अनि उसले हाम्रो कर्मचारी सञ्चय कोषजस्तै एउटा संस्थाको परिकल्पना गऱ्यो र काम थाल्यो । यिनै दुई उपायले लि क्वान युको शासनकालले सिङ्गापुरलाई कहाँबाट कहाँ पुऱ्यायो भन्ने कुरा जगजाहेर नै छ । यो देशको लोभलाग्दो प्रगतिका बारेमा थप कुरा गरिरहनै परेन । कुनै प्राकृतिक स्रोतसाधन नै नभएको र एक समय सारा गृहिणीले गरगहना सापटी दिएर अर्थतन्त्र उकासेको दक्षिण कोरियाले आफ्नै मानवस्रोतको विकासमा यसरी लगानी गऱ्यो कि बाहिरबाट मगाएको कच्चा फलामको जगमाथि उभिएर आज विश्वकै एक सुपरिचित औद्योगिक राष्ट्र बन्न पुग्यो ।

तर नेपाल ? पाइलैपिच्छे भरपूर प्राकृतिक स्रोतसाधन भएर पनि किन यो देशले आजसम्म प्रगतिको काँचुली फेर्न सकेन ? यति लामो कालखण्ड बितिसक्दा पनि किन मुलुकको मर्म चिनेको एउटा पनि 'राजनेता' जन्मिन सकेन यो माटोमा ? अरू देशमा भए उद्योगहरूको स्थापना गरेर रोजगारीको सिर्जना गर्दै आयात प्रतिस्थापन गर्नमा जोड दिइन्थ्यो, तर नेपालमा भने अरूले खोलिदिएका उद्योगहरू समेत कौडीको भाउमा बेचेर रोजगारीका लागि पाखुरा–निर्यात गर्ने परम्परा नै बसालियो किन ? यी सबै प्रश्नको एउटै जवाफ हो— सरकारले मुलुकको सामर्थ्यलाई चिन्न नसक्नु । आफ्नो परिवार, नातागोता, केही कार्यकर्ता र बढीमा निर्वाचन क्षेत्रसम्मलाई चिन्ने 'नेता' नामधारी मानिसहरूको त राम्रै भीड छ देशमा, तर सिङ्गो नेपालकै चिन्ता गर्ने 'राजनेता' किन जन्मेनन् नेपालमा ? स्मरण रहोस्, जसलाई आगामी चुनावको मात्र चिन्ता हुन्छ त्यो 'नेता' हो र जसलाई देशको सुदूर भविष्यको चिन्ता हुन्छ, त्यसलाई मात्र राजनेता भनिन्छ । महात्मा गान्धी, लि क्वान यु, महाथिर मोहम्मद, नेल्सन मण्डेला, माओ चे तुङ आदि विश्वले नै श्रद्धा गरेका राजनेता हुन् भने हामीसँग पटकपटक भोट माग्न आइरहने अरू सबै नेता हुन् ।

**मुलुकको सामर्थ्य भनेको के हो ?**

आफ्नो देशभित्र जति पनि प्राकृतिक र सांस्कृतिक सम्पदा छन् ती सबै त्यो देशको सामर्थ्य हो । ती सम्पदाहरू मूर्त वा अमूर्त दुवै थरीका हुन सक्छन् । पाशुपत क्षेत्र, लुम्बिनी, खप्तड, मन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च, गुरुद्वारा, हिमाल, पहाड, तालतलैया आदिजस्ता प्रत्यक्ष देख्न र छुन सकिने कुराहरू मूर्त सम्पदा हुन् भने हिन्दूत्व, बुद्धत्व, नेपाली हुनुको गर्वबोध, लोकगाथा, किंवदन्ती आदिजस्ता नछोइने तर मुलुकको सम्पत्तिको रूपमा रहेका अन्य सबै निधिहरू अमूर्त सम्पदा हुन् । खुम्बुक्षेत्रमा पाइलो नै नटेकेको, तस्वीरमा बाहेक सगरमाथालाई देख्दैनदेखेको र बुद्धको एउटा भनाइसमेत थाहा नपाएको वा लुम्बिनी पुग्दैनपुगेको नेपालीले पनि यी सम्पत्तिहरूमाथि अन्तर्हृदयदेखि नै गर्व गरिरहेको हुन्छ, जो हुनु एकदमै स्वाभाविक पनि हो । यसप्रकार के देखिन्छ भने देशको भूगोल, हावापानी, सामाजिक बनौट, भाषा, सांस्कृतिक विविधता, जातजाति, बालीनाली, कृषिप्रणाली, चाडपर्व, लोकजीवन, लोकसङ्गीत, लोकनृत्य, परिकार, गोर्खा शब्दको जन्मभूमि हुने सौभाग्य पाउनु आदिजस्ता यावत कुराहरू यो देशका सामर्थ्य हुन् । छोटकरीमा भन्ने हो भने देशभित्र जति बढी प्राकृतिक र सांस्कृतिक विविधता छ, त्यो देशलाई त्यति नै बढी सामर्थ्यवान् मानिन्छ । अर्को शब्दमा भन्ने हो भने भाषा, धर्म, जाति, संस्कृति, चालचलन, परम्परा, व्यवहार, मान्यता, साहित्य, संगीत, कला, पहिरन, जीवन र जगतलाई हेर्ने दृष्टिकोण, चाडपर्व, संस्कार आदिमा देखिने फरकपना नै सांस्कृतिक विविधताका आधारहरू हुन्, जसको आधारमा मुलुकको सामर्थ्य टिकेको हुन्छ । तर पर्यटन क्षेत्रको विकासका लागि विविधता भएर मात्र पुग्दैन, नीति–

निर्माताले यसको महत्व पनि बुझेको हुनु पर्दछ । नेपालजस्तो मुलुकको सन्दर्भमा कुरो गर्दा १४२ जातजाति, १२५ भाषा, १० भन्दा बढी धर्म र भूगोलको उचाइ ७० मिटरदेखि ८८४८.८६ मिटरसम्म फैलिएको छ र यो विश्वकै एक दुर्लभ प्रकृतिको देश हो भन्ने थाहा पाउनु पर्दछ । तर हाम्रो पर्यटन क्षेत्रको विकास गर्न राज्यले यहाँ रहेको सांस्कृतिक सामर्थ्यलाई एक चिम्टी बराबर पनि उपयोग गर्न सकेको देखिँदैन । मूर्त सम्पदाले 'राज्य–निर्माण' र अमूर्त सम्पदाले 'राष्ट्र–निर्माण' प्रक्रियालाई मलजल गरिरहेको हुन्छ भन्ने पनि बुझेको देखिँदैन । यी दुई प्रक्रियाको सबलीकरण नै 'देश–निर्माण' हो भन्ने बुझ्नु त निकै परैको कुरो भयो । यो विविधताले कायम गराएको 'अनेकतामा एकता' र 'एकतामा अनेकता' को बहुमूल्य इन्द्रेणीलाई राज्यले आजसम्म आफ्नो सामर्थ्यको स्रोत बनाएकै छैन । यो दुर्लभ फूलबारीको सुन्दरतालाई राज्यले एकरत्ति पनि बजारीकरण गर्न सकेकै छैन । छिमेकी मित्रराष्ट्र चीन नेपालभन्दा ६५ गुणा ठूलो छ क्षेत्रफलमा, तर त्यहाँ जम्मा २६ जातजाति मात्र छन् । त्यसमा पनि ९७ प्रतिशत जनसङ्ख्यामा एउटै जातिको वर्चस्व छ । यति कुरो मात्र बुझाउन सके पनि नेपालमा त्यही हेर्न चिनियाँ पर्यटकको ताँती लाग्ने देखिन्छ । तर बुझाउने कस्ले ?

दक्षिण कोरियामा एउटा निभेको ज्वालामुखीको मुख (क्रेटर) हेर्न वर्षको एक करोडभन्दा बढी पर्यटक आउँछन् । थाइल्याण्डको अर्थतन्त्रको मूल आधार नै त्यहाँको यौन पर्यटनलाई मानिन्छ । जापानको सर्वोच्च शिखर माउन्ट फुजी (३७७६ मिटर) विश्वप्रसिद्ध छ । स्विट्जरल्याण्डको एउटा सामान्य उचाइको 'टिटलिस' डाँडो (३२३८ मिटर) हेर्न विश्वका करोडौँ पर्यटक ओइरिन्छन् । तर नेपालको 'लोबुचे' नामको शेर्पागाउँ ४९४० मिटरको उचाइमा छ । उनीहरूका हिमालको भन्दा पनि यो गाउँको उचाइ बढी छ । तर पनि उनीहरूकै सम्पदा विश्वव्यापी चर्चामा रहेका हुन्छन् किन ? किनकि ती देशका नीति–निर्माताहरूले आफ्नो देशको सामर्थ्यलाई बुझेका छन् र त्यही सामर्थ्यको उपयोग गरेर मात्र देशलाई उँभो लगाउन सकिन्छ भन्ने उनीहरूलाई राम्ररी थाहा छ । त्यही भएर यो पङ्क्तिकारले पनि पर्यटन मन्त्रालयमा कार्यरत रहेका बेला धेरै सोचेर नै "नेपालको सम्पति : संस्कृति र प्रकृति" भन्ने नारा नै बनाएको थियो । त्यसरी नै विदेशी पर्यटक लक्ष्यित "नेपाल : एकपटकले पुग्दैन" (Nepal: Once is not enough) भन्ने नाराको पनि आफ्नै अर्थ रहेको छ ।

तर यति लामो समय बितिसक्दा पनि हामीले आफ्नो सामर्थ्यको उचित मूल्याङ्कन गर्न सकेनौँ । अनि मुलुकको सामर्थ्यलाई नै नचिनी हचुवाको भरमा बनाएका योजनाहरूबाट परिणाम के निस्कियो भन्ने कुरा हाम्राअगाडि छर्लंग नै छ । नेपालको गरिवी नै यसको जवाफ भएकाले यसका बारेमा पनि थप बोलिरहनै परेन । हाम्रै कारणले गर्दा मुलुकले द्रुत गतिको आर्थिक विकास गर्नै सकेन । हामी युवा पाखुरा निर्यात गरेर विदेशी सञ्चिति बढ्यो भनेर रमाउने अभागी देशका बासिन्दा बन्न पुग्यौँ । हाम्रै कारणले गाउँमा 'युथलेस' र 'टिथलेस' जनताको मात्र बसोवास रहेको विकराल स्थिति बनाउँदै गयौँ । हामीले न त गाउँलाई गाउँ जस्तो रहन दियौँ, न त शहरलाई नै शहरजस्तो बनाउन सक्यौँ । देशले 'असफल राष्ट्र' को बिल्ला भिरिसक्यो तर पनि हामी जिम्मेवारी लिन इच्छुक छैनौँ र आपसमा दोषारोपण गर्दै दोहोरी खेल्न व्यस्त छौँ । आखिर कहाँ चुक्यौँ त हामी ? यस आलेखमा यही विषयको सविस्तार चर्चा गरेर नीति–निर्माताको ध्यानाकर्षण गर्न खोजिएको छ ।

जसरी कुनै पनि मान्छे आफ्नो एउटै जीवनकालमा कुशल खेलाडी, सङ्गीतकार, वैज्ञानिक, साहित्यकार, व्यापारी, नेता, कलाकार, चित्रकार, डाक्टर, वकील, पाइलट, इन्जिनियर आदि एकैपटक बन्न सक्तैन र कुनै व्यक्ति विशेष क्षमतावान् रहेछ भने कुनै दुई वा तीन क्षेत्रमा मात्र स्थापित हुन सक्छ; त्यसरी नै मुलुकले पनि सबैतिर हात हालेर अपेक्षित आर्थिक उन्नति गर्न सक्तैन । आर्थिक वृद्धि नभएसम्म आर्थिक विकास र सामाजिक न्यायको कल्पना पनि गर्न सकिँदैन । र, राज्यले आफ्नो क्षमतालाई नचिनेसम्म विकासको कुरो हावादारी गफ मात्र सावित हुन जान्छ ।

कुनै पनि मुलुकको सामर्थ्यलाई दुई वर्गमा बाँडेर हेर्ने गरिन्छ :

(१) प्रतिस्पर्धी लाभको क्षेत्र (Competitive Advantage), र

(२) तुलनात्मक लाभको क्षेत्र (Comparative Advantage)

**(१) प्रतिस्पर्धात्मक लाभको क्षेत्र :** यो विश्वव्यापीकरणको युग हो । संसारको कुनै पनि देश अब वैश्विक समाजबाट एक्लो छैन । यहाँ हरक्षेत्रमा कठोरतम् र घाँटी रेटारेट स्तरको प्रतिस्पर्धा छ । त्यसैले आर्थिक विकासका योजनाहरू बनाउँदा हामीले कुन क्षेत्रमा केन्द्रित भएर काम गरे विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्छौँ भनेर गहिरो गरी विश्लेषण गर्नु जरुरी हुन्छ । यो पनि एककिसिमले बुद्धिचालको खेलजस्तै हो । अमेरिकाजस्तो शक्ति राष्ट्रले पनि दैनिक प्रयोजनका सामान्य वस्तु उत्पादनमा खासै ध्यान दिएको देखिँदैन किनकि उसलाई चिनियाँ सामान किन्दा नै सस्तो पर्छ । फेरि चीनको रणनीति बेग्लै छ,— ऊ मास प्रोडक्सन (Mass Production) मा गएर संसारभरि आफ्नो व्यापारिक सञ्जाल फैलाएर प्रभाव विस्तार गर्न चाहन्छ ।

यो आफैँमा एक रणनीति भएकाले हाम्रा उत्पादनको लाभ–लागत अनुपात (Cost–Benefit Ratio) के हुन सक्छ ? त्यसको आन्तरिक प्रतिफलन दर (Internal Rate of Return) के हुन सक्छ ? कुन ठाउँमा पुगेर हामी नाफा नोक्सान बराबरी (Breakeven Point) को स्थितिमा पुग्न सक्छौँ ? त्यसलाई राज्यले कति संरक्षण दिन सक्छ ? आयात हुने त्यस्तै वस्तुमा ट्रेड वा ट्यारिफ अवरोध लगाएर अलि महँगो बनाई आफ्नो स्वदेशी उत्पादनलाई प्रोत्सान दिने नीति लिन सकिन्छ कि सकिँदैन ? भएका सन्धिका प्रावधानहरू कस्ता छन् ? त्यो देशसँग कुनै विशेष सन्धि वा सम्झौता पो भएको छ कि ? जस्ता यावत कुरालाई ध्यानमा राखेर मात्र प्रतिस्पर्धी लाभको क्षेत्र पहिल्याउन सकिन्छ ।

हाम्रा किसानहरू किन आफूले फलाएका ताजा तरकारी सडकमा फाल्न बाध्य छन् र अधिक मात्रामा विषादि मिसाइएको भारतीय तरकारी खान बाध्य छन् आम नेपाली उपभोक्ता ? मिल्क होलिडे यही देशमा मात्र किन हुन्छ ? गुलियो उखु उत्पादन गर्ने किसानहरू किन नुनिलो आँसु झार्दै भुक्तानीका लागि राजधानीमै आउनु पर्छ ? किन कुखुरा र अण्डाको अवैध आयात हुन्छ ? केही उद्योगधन्दा गरेर गाउँमै बस्छु भन्ने प्रेमप्रसाद आचार्यहरू किन आत्मदाह गर्न अभीशप्त छन् ? तर पनि सालको पातबाट बनाइने दुना–टपरी उद्योगहरू राम्ररी नै चलेका पाइएका छन् । के कारणले गाउँको घिउले बजार पाउँदैन तर लोक्ताबाट बनाइने नेपाली कागज उद्योग दुःखसुख चलेकै छ ? तागाधारीले लगाउने जनैसमेत चीनबाट आयात गर्ने ठाउँमा हामी कसरी आइपुग्यौँ ? प्रश्न त्यो मात्र होइन, यसको बेलो पहिल्याउँदै गएर खोतल्नु पर्ने कुरा धेरै छन् । बुटवलको अत्याधुनिक धागो कारखाना र बाँके खजुरामा रहेको सरकार नियन्त्रित कपासखेती नै बन्द गर्न सक्षम भएको देश नेपालमा करोडौँको जनै बिक्नेछ भन्ने निष्कर्षमा कसरी पुग्यो चीनको कुनै धागो कारखाना ? नेपालमा सिमेन्टको अत्यधिक माग हुने मुहूर्तकै वेलामा किन बेल्ट छिनेर बन्द हुन पुग्छन् सरकार नियन्त्रित हेटौँडा र उदयपुरका सिमेन्ट कारखाना ? सरकार नियन्त्रित दुग्ध विकास संस्थानले नै किन दिँदैन किसानलाई समयमै दूधको मूल्य ? यदि संस्थानद्वारा उत्पादित वस्तुको बिक्री नै हुन नसकेर त्यसो भएको हो भने कहाँ गयो हिजो गरिएको बजार विश्लेषणको आधार ? कुरो प्रतिस्पर्धात्मक स्थितिको विश्लेषणको मात्र होइन; नियतको पनि हो, भ्रष्टाचारले सामाजिक मान्यता पाएर पनि हो, ठूलालाई कानून नलागेर पनि हो र अलिकति राज्यले दिने संरक्षणको मात्रा नपुगेर पनि हो । भारतमाझैँ किसानलाई अनुदान दिइने हो भने नेपालमै उत्पादित तरकारीको लागत घट्छ र भारतीय तरकारी नेपालमा नबिक्ने स्थिति स्वतः आइहाल्छ । यहाँ द्विपक्षीय मामिलाको कुरै आउँदैन । निजामती, सेना, प्रहरी, सामुदायिक विद्यालयका शिक्षक–विद्यार्थी र अन्य सार्वजनिक संस्थानका कर्मचारीले नेपाली कपडाकै युनिफर्म लगाउनु अनिवार्य गरिएको भए आज हेटौँडा कपडा कारखाना बन्द हुने नै थिएन । कपडाको आयात प्रतिस्थापन पनि हुन्थ्यो, उद्योगको विस्तार पनि हुँदै जान्थ्यो र लाखौँ जनताले यहीँ रोजगारी पाउने अवस्था सिर्जना हुन्थ्यो । सरकारले प्रतिस्पर्धी लाभको मर्मलाई अलिकति मात्रै आत्मसात गरिदिएको भए नाफामा रहेको भृकुटी कागज कारखानाचाहिँ बेच्नु पर्ने र विना प्रतिस्पर्धा एकाधिकार (Monopoly) जमाएर बसे पनि सधैँ घाटा पर्‍यो भनेर रोई मात्र रहने नेपाल आयल निगमलाईचाहिँ काखी च्यापेर राख्नुपर्ने अवस्था नै आउने थिएन ।

**(२) तुलनात्मक लाभको क्षेत्र (Comparative Advantage)**

तुलनात्मक लाभको क्षेत्र भन्नाले त्यस्ता क्षेत्रलाई बुझिन्छ जसमा अरूसँग तुलनै हुन सक्दैन । नेपाल कुन कुन कुरामा अरू मुलुकसँग अतुलनीय रहेको छ भनेर हेर्दा माथि उल्लेख भएका सांस्कृतिक सम्पदाका अतिरिक्त यहाँको 'विशिष्ट भूगोल' हाम्रो खास पहिचानको रूपमा रहेको पाइन्छ । त्यसरी नै भगवान् बुद्धको पवित्र जन्मभूमिको रूपमा रहनु, वीर गोर्खाको जन्मथलो हुनु, आरोही शेर्पाहरूको प्राचुर्य हुनु र हिमालै–हिमालको माला पहिरेको हुनु यो देशका खास विशेषता हुन् । यो अरूसँग तुलनै नहुने क्षेत्र हो हाम्रो । नेपाल यो क्षेत्रको एक्लो नायक हो । यसमा नेपालकै मात्र हैकम चल्छ । हाम्रा नीति–निर्मातालाई थाहा नभएर मात्र हो, नत्र हिमालले नै यो देशको कायापलट गराइदिन सक्छ । नेपालका हिमालसम्बन्धी केही तथ्यहरू मात्र हेर्ने हो भने पनि विश्वका धेरै मुलुकले जिब्रो तोक्नु पर्ने सामर्थ्य नेपाल एक्लैले राखेको देखिन्छ । केही तथ्यसँग पाठकलाई पनि परिचित गराऔँ है त !

**हिमाल : हाम्रो अतुलनीय सम्पदा**

(१) यो संसारमा ८००० मिटरभन्दा माथि उचाइ भएका जम्मा १४ वटा हिमाल र तिनका २० वटा चुलीहरू रहेका छन् । ती १४ वटा हिमालमध्ये ८ वटा हिमाल र तिनका १४ वटा चुलीहरू नेपालमा पर्दछन् । विश्व पर्वतारोहण सङ्घ (UIAA) ले हिमालको गणना गर्दा एउटा शृङ्खलाबाट एउटा मात्र चुलीलाई लिने गर्दछ । त्यही भएर नेपालमा रहेका ८००० मिटरमाथिका चुलीको सङ्ख्या १४ भएर पनि हिमालको सङ्ख्या ८ मात्र कायम हुन पुगेको हो । कञ्चनजङ्घा क्षेत्रमा मात्र ८००० मिटरमाथि उचाइ भएका ५ वटा चुलीहरू छन् तर एउटा मात्र गणना गरिएकोले ४ हिमाल त्यहीँ छुटेका छन् । ल्होत्से हिमालका पनि ८००० मिटरमाथिका ३ वटा चुलीमध्ये एउटाको मात्र गणना भएर बाँकी २ त्यहीँ छुटेका छन् । यसरी छुटेका ६ वटै चुलीहरू नेपालकै हुन् । नेपाल पनि कुनै शक्तिशाली मुलुक हुन्थ्यो भने उहिले नै १४ वटैको गणना गराइसकेको हुन्थ्यो जसरी पाकिस्तानले गासेरब्रुम—१ र गासेरब्रुम—२ दुवैलाई गणना गराइसकेको छ । तर नेपालका परराष्ट्रका पदाधिकारीहरूलाई यस्तो कुराको जानकारी कहाँबाट हुनु ? ल, नेपालले त हिमाललाई चिनेन रे, विश्वले नै चिनाइदिएकामा पनि १४ हिमालमध्ये ८ र २० चुलीमध्ये १४ वटा नेपालमा हुनु सानो गर्वको कुरो हो र ? नेपाल त हिमाल विषयमा विश्वमै एक्लै बहुमतमा छ । चुलीको सङ्ख्यामा त विश्वकै दुईतिहाई बहुमतमा नेपाल एक्लै छ । यो त विश्वकै हिमालको राजधानी हो । विश्वकै जल–चक्रको कुरो गर्दा संसारलाई पानी पिलाउने हामी नै हौँ । राष्ट्र सङ्घका महासचिव त्यत्तिकै नेपाल आएका होइनन् । जलवायु परिवर्तनले प्रभावित हुँदै गएको नेपालका हिमालको हिउँमा विश्वको भविष्य अडिएको छ । तर कति नेपालीलाई यो गर्विलो कुरो थाहा होला ? नेपालका कति नीति–निर्माताले माछापुच्छ्रे बाहेक अरू हिमाललाई नजिकैबाट देखेका होलान्?

(२) जब संसारका 'टप–टेन' ठूला हिमाल (Giant Himalayas) को कुरो गरिन्छ, तब नेपालका लागि गर्वको कुरो के छ भने त्यसमध्येका आठ हिमाल नेपालमै पर्दछन् । विश्वको दोस्रो र नवौँ अग्लो हिमाल मात्र हामीसँग छैनन् । पहिलो 'सगरमाथा' (८८४८.८६ मि) देखि दशौँ 'अन्नपूर्ण प्रथम' (८०९१ मि) सम्मका सबै हिमालहरू नेपालमै छन् ।

(३) नेपालमा रहेका ७००० मिटरमाथिका हिमालको सङ्ख्या पनि उल्लेख्य रहेको छ । ५८०० मिटरभन्दा अग्लो उचाइ भएका हिमालको सङ्ख्या नै १८०० को हाराहारीमा रहेको छ ।

(४) नेपालले पर्वतारोहणका लागि ४२९ हिमाल खुला गरेको छ । त्यसमध्ये ९२ वटाको शिखरमा हालसम्म कसैले पनि पाइलो टेक्न सकेका छैनन् । खोइ हामीले प्रथम भएर विश्वकीर्तिमान राख्न चाहने पर्वतारोहीलाई तान्न सकेको?

(५) नेपालका धेरै हिमालको नाम 'चे', 'खाङ' र 'री' शब्दमा गएर टुङ्गिन्छ । उदाहरणका लागि बरुन्चे, चोलाचे, इम्जाचे, कोम्बाचे, नुप्चे, पेथाङ्चे, स्यार्चे, सार्चे, ताओचे, टुकुचे, तुचे, थेङ्खाङ्पोचे, आदि नामहरूलाई लिन सकिन्छ । त्यसरी नै भेम्दाङ्री, जाबोउरी, याङ्री, लाङ्टाङरी, लाङ्सिसारी, क्याजोरी, चोटारी, दिङ्युङ्री, गुर्कार्पोरी, कुङ्ग्यारी, नाङ्गामारी, ड्राग्मोर्पारी आदि नामहरूलाई 'री' को उदाहरणका रूपमा लिन सकिन्छ । यालुङ्खाङ, ग्याचुङ्खाङ, ग्याजिखाङ, खाङ्सारखाङ, खातुङ्खाङ, ङजुम्बाखाङ, याकाबाखाङ, तारेक्खाङ, नोर्बुखाङ, स्वाक्साखाङ, फुखाङ, लेन्पोखाङ आदिलाई 'खाङ' भएका नामको प्रतिनिधिका रूपमा

लिन सकिन्छ । यहाँ उदाहरणका लागि मात्र प्रत्येक वर्गका हिमालका १२/१२ वटा नाम प्रस्तुत गरिएको हो । यस्ता 'चे', 'खाङ' र 'री' शब्दमा गएर टुङ्गिने हाम्रा हिमालहरूको सङ्ख्या ४/५ सय नै छन् । तर हाम्रो आजको प्रश्न कति मात्र हो भने पर्यटन बोर्डको सिइओ नियुक्त गर्न ठूलै टेण्डर खोल्ने नेपालका हालसम्मका पर्यटनमन्त्रीहरूमध्ये कतिजनाले यीमध्ये कुनै १० वटाको हिमालको नाम लिन सक्लान् ? यसैबाट हाम्रो हिमाल–प्रशासनको स्तर र प्राथमिकता थाहा हुँदैन र ?

(६) विश्वकीर्तिमानी शेर्पा आरोहीहरूका यस्ता यस्ता अचम्म लाग्दा विश्व–रेकर्ड छन् कि सरकारीस्तरबाट तिनीहरूको प्रचार मात्र हुन सके यसै पनि नेपालमा पर्यटकको प्रवाह बढ्ने निश्चित छ । लाक्पा थार्के शेर्पा जसले माइनस ४० डिग्री सेल्सियस तापक्रम भएको सगरमाथाको चुचुरोमा ३ मिनेटसम्म कम्मरमाथिका सबै लुगा फुकालेर नाङ्गै उभिएर विश्वकीर्तिमान राखे, तिनलाई कति नेपालीले चिन्छन् होला? बाबुछिरी शेर्पा जसले आधुनिक चिकित्सा विज्ञानलाई नै चुनौती दिँदै सगरमाथाको चुचुरोमै २१ घण्टा बिताएर विश्वकीर्तिमान कायम गरे, तिनको नामबाट देशले कति पर्यटक तान्यो ? देशले पहल गरिदिएको भए तिनले नोबेल पुरस्कार पाउन सक्थे, तर उनका लागि बोलिदिने कोही भएन । पेम दोर्जी र मोनी मूलेपतीले सगरमाथाको शिखरलाई नै आफ्नो विवाहको मण्डप बनाए, तर चर्चा गरिदिने कोही भएन । यस्ता कुरालाई राज्यले जति बढी प्रचार–प्रसार गर्‍यो त्यति नै बढ्ने खालको हुन्छ पर्यटक आगमनको प्रवृत्ति । तर यो काम गर्ने कसले ?

(७) सन् १९२१ मा सगरमाथा चढ्ने बाटो पत्ता लागेपछि सन् १९२२ मा सगरमाथा चढ्न गएको ब्रिटिश टोलीका एक सदस्य थिए गोर्खा सैनिक तेजवीर बुढा । उनी संलग्न भएको टोली ८२३० मिटरको उचाइसम्म पुग्यो । त्यो वेलासम्म यो नै धरतीको सर्वाधिक उचाइमा मानव पाइलो पुगेको अभिलेख थियो र १९२४ को हिउँदे ओलम्पिकमा उनलाई अल्पाइनिजम् विधाको स्वर्णपदक दिइएको थियो । आधुनिक ओलम्पिकका जन्मदाता तथा तत्कालीन अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिका अध्यक्ष पियरे द कुबर्तिनले उनलाई सम्मानित गर्दै भनेका थिए– "यो पाइलो मानव इतिहासको कहिल्यै नबिर्सिइने क्षणका रूपमा रहनेछ ।" (हेर्नुहोस् www.thegurkhamuseum.co.uk) तर के हाम्रा नीति–निर्माताका कानमा यो कुरो कहिल्यै परेको होला त ? हामीले ओलम्पिकमा स्वर्णपदक पाइसकेका छौँ तर आफैँलाई थाहा छैन । योभन्दा लज्जास्पद कुरो अरू के होला र हाम्रालागि ?

(८) समुद्र सतहबाट ८२०१ मिटर उचाइ भएको चोयु विश्वकै छैटौँ अग्लो हिमाल हो । नेपाल र चीन दुवैतिरबाट चढ्न सकिने यो हिमाल चढ्न नेपालतिरबाट जाने टोलीले ५०० मिटरजति चिनियाँ भूभागमा टेक्नुपर्ने हुन्छ । तर चीन सरकारले फेदीको नाकामै प्रहरी चौकी राखिदिएका कारणले सन् १९९४ पछि नेपालतिरबाट कोही पनि आरोही चढ्न गएकै छैनन् । नेपाल सरकारसँग रहेको अभिलेख अनुसार अहिलेसम्ममा पोल्याण्डका ४, रुसका ५, जापानका २ र कजाकिस्तानका २ जना गरी जम्मा १३ जना आरोहीले मात्र नेपालतर्फबाट यो शिखरको आरोहण गरेका छन् । सगरमाथाको आरोहण गर्ने आरोहीको संख्या ५००० नाघिसकेको छ, तर चोयु चढ्ने जम्मा १३ जना मात्र ? यो पङ्क्तिकारलाई यो कुराले साह्है छोयो र आफू नेपाल सरकारका तर्फबाट युनियन अफ एसियन अल्पाइन एसोसिएसन (UAAA) को बैठकमा भाग लिन बेइजिङ पुगेका बेला चीनका पर्यटनमन्त्रीसँग यो विषयको उठान गर्दै भन्यो— "चीनतिरबाट मकालु (८४६३ मि, विश्वको पाँचौँ अग्लो) हिमाल चढ्न आउने टोलीले नेपालभित्र दुई किलोमिटर प्रवेश गर्नुपर्छ । मित्रताको नाममा हामीले तपाईंहरूलाई त्यो छुट दिइरहेका छौँ । तर तपाईंहरूले ५०० मिटर बाटोमा प्रवेश गर्न नदिएका कारणले हाम्रालागि चोयु हिमाल त नभएजस्तै भएको छ । के मित्रता र पारस्परिकताका आधारमा एउटा छिमेकी राष्ट्रलाई यति सानो सहयोग पनि गर्न सकिन्न र ?"

त्यस वेला चिनियाँ पर्यटनमन्त्रीले भनेका थिए— "यो कुरो त मलाई थाहै थिएन आजसम्म । तर पनि तपाईंले यसरी मुखले भनेर मात्र त म तत्काल केही पनि गर्न सक्तिनँ । यदि तपाईंको परराष्ट्र मन्त्रालयबाट यही कुरो लेखिएर आयो भने त तुरुन्तै सोच्न सकिहालिन्छ नि !"

नेपाल फर्केपछि म धेरै पटक परराष्ट्र मन्त्रालय धाएँ र निराश भएर फर्किएँ किनकि मुलुकको हित हुने त्यस्तो कुरो बुझ्ने मान्छे मैले

त्यहाँ एकजना पनि भेट्टाइनँ । र, आज पनि मेरो प्रश्न त्यही हो— के अबचाहिँ त्यहाँ कोही जन्मेको होला त ?

चीनले चोयुको आरोहण अनुमति दिएर मात्र वर्षेनी करोडौँ कमाउँछ । अब चोयु चढ्ने बाटो चीनको एकलौटी भएको छ । नेपालले त यो हिमाल बोकेर मात्र बसेको छ, एकपैसा पनि रोयल्टी कमाएको छैन । यस्तो छ हाम्रो जानकारीको हालत ! न आफैँ जान्दछौँ न अरूले भनेको मान्दछौँ । यस्तो जगमा बन्छ हाम्रो नीति–निर्माण ! अनि कसरी बन्छ मुलुक ? कसरी हुन्छ पर्यटकको आवागमनमा वृद्धि ?

**सारमा भन्नु पर्दा....**

यी सबै तथ्यबाट के प्रस्ट हुन्छ भने नेपालको यो सम्पतिको प्रचार–प्रसार नै भएको छैन । हाम्रो वास्तविक सामर्थ्य जे हो त्यसैको धरातलमा उभिएर कुनै नीति र योजना बनाइएकै छैन । पर्वतारोहणको लाभ नेपालको पश्चिमी भागले पनि उठाउन सकोस् भनेर यो पङ्क्तिकार त्यहीँ कार्यरत रहेका वेला मध्यपश्चिम र सुदूरपश्चिमका हिमाल आरोहण गर्न आउने टोलीलाई ५ वर्षसम्म शतप्रतिशत रोयल्टी छुट दिने निर्णय गराइयो मन्त्रिपरिषद्बाट । तर कुनै पनि नेपाली राजदूतावासले यसको प्रचार–प्रसार नै गरेनन् । पुनः ५ वर्ष म्याद थपियो तर पनि नतिजा शून्य नै रह्यो । जब मुलुकको ख्याति फैलाउनकै लागि पठाइएको राजदूतले नै हिमाल, बुद्ध र देश चिनेको छैन भने यो दुर्भाग्यलाई कसले हटाइदिने ? राष्ट्र सङ्घका महासचिव एन्टेनियो गुर्टेस मात्र चार दिनका लागि नेपाल आउँदा कहाँ कहाँ जानुभयो ? सगरमाथा क्षेत्र, लुम्बिनी, कास्कीको माथिल्लो भागको पदयात्रा र काठमाडौँ उपत्यकाको दृश्यावलोकन उहाँको रोजाइमा परे । यसबाट हामीले चाहिँ केही सिक्नुपर्छ कि पर्दैन ? देशको पहिचान र सामर्थ्य भनेको के रहेछ भन्ने कुरो त यही ४ दिनको भ्रमणले पनि पुष्टि गरिसकेको छ त !

यो मार्केटिङको युग हो । नबोल्नेको चामल पनि बिक्तैन, बोले पीठो पनि बिक्छ । त्यसैले कुनै जिम्मेवार निकायले राम्ररी प्रचार–प्रसार गर्ने हो भने नेपालले १० लाख पर्यटक भित्र्याउन कुनै रोइकराइ गर्नै पर्दैन । रवीन्द्र अधिकारी पर्यटनमन्त्री भएका वेला जब नेपालमा पहिलो पटक पर्यटकको आगमन १० लाख पुग्यो, तब उत्सव मनाउन एउटा समारोहको आयोजना गरिएको थियो पर्यटन बोर्डमा । त्यो वेला मैले उहाँका कानमा खुसुक्क भनेको थिएँ— "भाइ, १० लाख पर्यटक भित्र्याउने नेपालले लिएको लक्ष्य तपाईंको पालामा पूरा भयो, बधाइ छ । संसारको एक मात्र यति सुन्दर मुलुकको भ्रमण गर्न विश्वभरिबाट जम्मा १० लाख पर्यटक नेपाल आए । तर यही अवधिमा यति सानो मुलुकबाट १४ लाख नेपालीले थाइल्याण्ड, मलेसिया र सिङ्गापुरको 'अर्गनाइज्ड' भ्रमण गरे । पासपोर्ट वापतको २५०० अमेरिकी डलर दिन नसकेर नेपाल राष्ट्र बैंकले त्यो सीमालाई १५०० डलरमा झार्‍यो । तपाईंको पर्यटन बोर्डले यो अवधिमा के राम्रो काम गर्‍यो ? मलाई कुनै एउटा गर्वलाग्दो काम सुनाउन सक्नुहुन्छ ?"

उहाँ "हो र दाइ ? ए, हो र दाइ ?" भन्दै आश्चर्यचकित हुनुभयो । पर्यटन कुनै पेशा, व्यवसाय वा वृत्ति मात्र होइन; संस्कृति पनि हो भन्ने कुरा हामीलाई नै थाहा छैन । हामीले आन्तरिक पर्यटनलाई बिलकुलै उपेक्षा गरेका छौँ । तर नबिर्सौं, १० वर्षे सशस्त्र द्वन्द्वकालमा पनि नेपालको पर्यटन क्षेत्र अरू क्षेत्र जति धराशायी भएन र त्यो जीवन्त रहनुको एक मात्र कारण थियो— आन्तरिक पर्यटन । र, यो पनि याद राखौँ, विदेशी पर्यटकले हिसाब गरीगरी खर्च गर्छन्, तर नेपाली पर्यटक खर्च गर्न डराउँदैनन् ।

**सुधारका लागि के गर्ने त ?**

समाधान नभएको कुनै समस्या नै हुँदैन । फरक यति मात्र हो कि समाधान गर्न गरिएको प्रयास भने इमान्दार हुनै पर्छ । नेपालमा जुन जुन संस्था जे जे कामका लागि स्थापना गरिएका हुन् तिनीहरूले इमान्दारीपूर्वक आ–आफ्नो काम गरिदिए पुग्छ । यसका अतिरिक्त देहायका कुरामा विशेष ध्यान दिए नेपालमा पचास लाख पर्यटक भित्र्याउन कुनै आइतबार कुर्नै पर्दैन ।

**(१) पूर्वाधारको विकास:** संसारमा नेपाल मात्रै शायद यस्तो देश होला जो ठेकेदारलाई टेण्डर दिन सक्छ तर काम लिन सक्तैन । जति काम हुन्छ, त्यसको बिल भुक्तानी गर्न सक्तैन, पूँजीगत खर्चको अवस्थामा सुधार गर्न सक्तैन । अनि त्यस्तै योजनाको

नामचाहिँ 'राष्ट्रिय गौरवको योजना' राखिएको हुन्छ । यहाँभन्दा निकृष्ट ठट्टा अरू के हुन सक्ला? अहिले मुङ्लिन–पोखरा वा नारायणघाट–बुटवलको यात्रामा जो पर्यटक सतह मार्गबाट गएको छ, के त्यो यही जीवनकालमा फेरि फर्केर कुनै दिन नेपाल आउला त ? हेर्दा सामान्यजस्तो लाग्ने कुराको पनि पर्यटनजस्तो 'संवेदनशील' क्षेत्रमा धेरै गम्भीर अर्थ लाग्दछ । व्यक्तिले त क्षमा मागेर पनि काम चलाउन सक्छ, तर राज्यले गुमाएको साख फर्काउन साह्रै कठिन हुन्छ । त्यसैले पूर्वाधारको विकासमा राज्यले ध्यान दिने पर्छ । साँच्चै भन्ने हो भने पर्यटन क्षेत्रको विकासका लागि राज्यले केही गर्नै पर्दैन; करिव करिव सबै लगानी निजी क्षेत्र आफैँले गरेको हुन्छ । होटेल, ट्राभल, लज, रिसोर्ट, पर्वतारोहण, ट्रेकिङ, क्यानोनिङ, बन्जी, क्यासिनो, राफ्टिङ, जङ्गल सफारी, हात्तीपालन आदिजस्ता सबै क्षेत्रमा निजी क्षेत्रले नै लगानी गरेको हुन्छ । सरकारले त सबैलाई हुने गरी बाटोको गुणस्तर मात्र कायम गरिदिए पुग्छ । सुरक्षाको मात्र राम्रो प्रबन्ध मिलाइदिए पुग्छ । यो त सरकारको कर्तव्य नै हो ।

**(२) पाठ्यक्रममा समावेश गर्ने :** जुन जुन कुरा यो देशका सम्पति र सामर्थ्य हुन्, तिनै विषयको नै नेपालमा कुनै तहमा पनि पढाइ हुँदैन । हिमाल शीर्षकको कुनै कविता पढाउनु भनेको हिमाल पढाउनु होइन । कविता भावना हो भने हिमाल यथार्थ हो । यति कुरो पनि हाम्रा पाठ्यक्रम–निर्मातालाई थाहा छैन । त्यसरी नै हाम्रो पाठ्यक्रमले बुद्धलाई चिन्दैन, हाम्रो सामाजिक संरचनालाई चिन्दैन, समाजको विविधता र सम्पतिलाई नै चिन्दैन । भूगोल विषयमा एम.ए. गरेको मान्छेले २० वटा हिमालको नाम भन्न सक्तैन । विश्वविद्यालय तहको शिक्षा पार गरेको मान्छेले देश नै चिन्दैन । त्यसैले अब यो रुग्ण अवस्थाको अन्त्य हुनै पर्दछ । पाठ्यक्रम निर्माण भनेको कुनै ठट्टाको कुरो होइन । यो त भावी पुस्ता निर्माण गर्ने ठाउँ हो । आफन्तका स्तरहीन रचना छापेर पढाउने ठाउँ पनि होइन यो । यो त देश चिनेका सक्षम नागरिक उत्पादन गर्ने कारखाना हो । पाठ्यक्रमलाई त मुलुकको भविष्यको मार्गचित्रको रूपमा बुझ्नु जरुरी हुन्छ जो हालसम्म बुझिएकै छैन ।

**(३) पर्यटन क्षेत्रका संस्थाहरूको कार्यशैलीमा सुधार :** हाम्रो सामर्थ्य (संस्कृति र प्रकृति) भित्र नेपालको सम्पतिको रूपमा रहेका सबै कुराहरू पर्छन् । अनौठो त्रिकोणात्मक झण्डा भएको र हात्तीपोलो खेलाइने संसारको एक मात्र देश जहाँ संसारकै सबैभन्दा गहिरो गल्छी रहेको छ, संसारकै सबैभन्दा सानो मानिएको चरा काँडेभ्याकुर (स्पाइनी ब्याब्लर) पाइने देश, युनेस्कोको विश्वसम्पदा सूचीमा १० वटा ठाउँ सूचीकृत भएको देश, निश्चित तारेखकै दिन मुस्ताङको एक गाउँमा सुनौला बाजले कन्याङकुरुङको शिकार गर्ने अनौठो देश, हरेक वर्ष बैशाख १ गतेकै दिन 'सहलेश' फूल फुल्ने अद्भुत र रहस्यमय देश, सम्मानित ब्रिटिश नागरिक लुम्ले स्वयम्ले नै गोर्खा सैनिकको सम्मानमा धनकुटाको पाख्रीवास र कास्कीको लुम्लेमा कृषि अनुसन्धान केन्द्र खोलिदिएको देश, जीवित देवी कुमारीको देश, संसारको कुल क्षेत्रफलको मात्र ०.०३ प्रतिशत भाग ओगटेर पनि सगरमाथा, बुद्ध, गोर्खा, शेर्पा, जैविक विविधताको जीवित इन्द्रेणी र फूलबारी देश ... । अनि यहाँका सबै जातजातिले मिलेर बनाएको हजारौँ वर्षदेखिको समृद्ध संस्कृति । आहा, के मात्र छैन नेपालमा ? यत्ति हो, हाम्रो चेतना नखुलेकाले सर्वत्र अँध्यारो मात्र देखिएको छ । तर हाम्रा आँखामा लागेको जालो र दिमागमा रहेको भ्रमको यो पर्दा च्यातिएको दिन थाहा पाइनेछ— नेपालजत्तिको स्वर्ग यो धर्तीमा अन्यत्र कतै पनि छैन ।

तर प्रकृति (Nature), संस्कृति (Culture) र साहसिक क्रियाकलाप (Adventure) सम्बन्धी सबै पर्यटन उद्योगको यस्तो प्रचुर सम्भावना बोकेको देशमा यसको नीति–निर्माण गर्ने जिम्मेवार निकाय कुन हो ? मन्त्रालयको नाम संस्कृति पर्यटन तथा नागरिक उड्डयन रहे पनि यसले पर्यटन बोर्डको सिइओ नियुक्तिको टेण्डर खुलाउने, 'शानेवानि' को 'खानेबानी' लाई सघाउँदै आफ्नो भर्तीकेन्द्र बनाउने र उड्डयन प्राधिकरणलाई काम गर्न अल्झाउने बाहेक अरू केही काम गरेको देखिँदैन । कहिले पर्यटन विभाग बनेको हुन्छ । फेरि विभाग खारेज गरेर पर्यटन बोर्ड बन्छ । फेरि के कुराका लागि हो बोर्ड र विभाग दुवै बन्छन् । यो के नाटक हो ? अनि जुन पर्यटन बोर्ड बनेको छ, त्यो चाहिँ पर्यटनको प्रचार गर्न आफू नपुगेको देशमा शयर गर्ने उद्देश्यले विश्वभ्रमणमा निस्किन्छ । तर नतिजा भने सधैँ शून्य छ । त्यसले त भारत र चीनमा मात्रै आफ्ना कार्यक्रम केन्द्रित गरे हुन्न र ? विश्वको आधा जनसङ्ख्या

त यिनै दुइटा देशमा छ त ! मन्त्रालयले गरिरहेको अन्य काम हेर्दा त लाज आफैँ पनि लजाउँछ । यसले हरेक वर्ष प्रतिभा पुरस्कार बाँड्दछ । तर पुरस्कृत प्रतिभाको नाम हेर्दै गयो भने हिमाल, बुद्ध, नेपाली संस्कृति र यहाँको सामाजिक संरचनाका बारेमा लेख्ने लेखक एउटा पनि परेको देखिँदैन । के यो मन्त्रालयको काम उपन्यास लेखाउने हो ? कि मुक्तक वा लघुकथालाई प्रोत्साहित गर्ने हो ? यो मन्त्रालयलाई त आफ्नो गठन नै हिमाल, बुद्ध र नेपाली संस्कृतिको प्रचार–प्रसार गर्दै पर्यटक आवागमनलाई सहजीकरण गराउन हवाई सम्पर्क बढाइदिन भएको हो भन्ने पनि थाहा छैन । र, यो स्थितिमा आमूल परिवर्तन नभएसम्म नेपालको माथि उल्लिखित तीनवटै क्षेत्रको पर्यटन विकासका लागि यो मन्त्रालय, यस्तो अनुत्पादक बोर्ड, यस्तो विभाग र अन्य निकायहरू हुनु र नहुनुमा कुनै फरक देखिँदैन ।

**(४) राजदूतको नियुक्तिः** यो देश अत्यन्तै सुन्दर छ । तर मार्केटिङ गर्न जानिएन भने देश सुन्दर भए पनि पर्यटक नै आउँदैनन् । देशको मार्केटिङ गर्न खटाइएका मानिसहरू भनेका राजदूतहरू नै हुन् । तर हाम्रा कति राजदूतले १२/१५ वटा हिमालका नाम भन्न सक्लान्? पञ्चध्यानी बुद्धका नाम भन्न सक्ने राजदूत कति होलान् ? यो देशको प्रचारका लागि यी त एकदमै आधारभूत कुराहरू हुन् । चोयु हिमालको हालतका बारेमा माथि नै चर्चा भइसकेको छ । परराष्ट्र मन्त्रालयको हालत त यस्तो छ भने बल्ल–बल्ल दश ठाउँमा चाकरी गर्दै पोको बुझाएर गएको विदेशस्थित एक्लो राजदूतको हालत झन् कस्तो होला ? त्यसले देश कति चिनेको होला ? विदेशीका बीचमा नेपालको ख्याति कसरी फैलाउँदो होला र पर्यटकलाई नेपाल जाऊँजाऊँ जस्तो लाग्ने कसरी बनाउन सक्छ होला ? राजदूत नियुक्तिका प्रश्नमा राजनीतिक नेतृत्व गम्भीर ढङ्गले चुकिरहेको छ तर त्यस अपराधको दुष्परिणाम भने देशले व्यहोर्नु परिहेको छ । नियुक्तिमै स्वार्थ गाँसिएकोले गर्दा नेताले जीते पनि देशले भने निरन्तर हारिरहेको छ । यो देशभित्रै कार्यक्षेत्र भएका विभिन्न आयोगहरूमा नेताले आफ्ना आफन्त नै भरे पनि त्यत्ति फरक पर्दैन । त्यसले देशको इज्जत उठाउने र गिराउने काममा त्यति ठूलो अर्थ राख्दैन । तर राजदूत पद त्यस्तो होइन, यसमा त त्यो एक्लो मान्छेको अनुहारमा सिङ्गो नेपाल देख्छ अर्को देशले । यो ज्वाइँ, छोरो, भतिजो, भानिज, सासू, साला, साली वा केटीसाथीलाई दाइजो वा उपहारमा दिइने पद नै होइन । यो बिक्री गर्न मिल्ने पद पनि होइन । परराष्ट्र सेवाको सहसचिव भयो भन्दैमा हक लाग्ने पद पनि होइन । त्यो व्यक्तिले नेपाल कति चिनेको छ र अबको उसको एक कार्यकालमा पर्यटक आगमनमा कति वृद्धि हुन्छ ? प्रत्यक्ष वैदेशिक लगानी (FDI) को मात्रामा कति वृद्धि हुन्छ ? आर्थिक कूटनीतिमा के नयाँ आयाम आउँछ र जनस्तरमा सम्बन्धको विकास कसरी हुन्छ ? भनेर प्रस्टै रूपमा ठोस कार्ययोजना प्रस्तुत गर्न लगाएर मात्र छनौट गरिनुपर्ने पद हो यो । तर यही पदमा नियुक्ति गर्ने वेलामा साह्रै ख्यालख्याल गरिन्छ नेपालमा । मुलुक राम्ररी चिनेका पाँच जना मात्र राजदूत भारत, चीन, बेलायत, अमेरिका र जापानमा पठाइने हो भने ती देशबाट मात्र पचास लाख पर्यटक ल्याउन सकिन्छ । यो कुनै ठूलो कुरै होइन । तर ती देशमा पठाइएका राजदूतहरूको अनुहार मात्र सम्झिनुभयो भने कुनै पनि नेपालीको सिङ्गो दिन तत्कालै 'लोदरे' हुन सक्छ ।

**(५) कामदार उड्नुपूर्वको ओरियन्टेसन कक्षा :** श्रम मन्त्रालयले यो प्रशिक्षणलाई एउटा सामान्य औपचारिकता र झारा टार्ने कामको रूपमा मात्र लिएको पाइन्छ । तर यो कामको महत्व एकदमै धेरै छ । आफ्नो प्यारो घर, परिवार, नातागोता, छरछिमेकी छोडेर मात्र होइन, एउटा अज्ञात भविष्य बोकेर देशै छोडेर उडिरहेको एउटा युवा स्वाभाविक रूपमै कमजोर मानसिकतामा रहेको हुन्छ । ऊ रोइरहेको वेला, मन पग्लिरहेको वेला सुनेको एउटा गुलियो वचनको पनि अर्थ लाग्छ उसको जीवनमा । उही वेला केही मीठो बोलेर पठाउनुपर्छ हाम्रा श्रमिकलाई । विदेशमा गएर काम गर्न थालेपछि आफ्नो सुपरीवेक्षकसँग यिनीहरूको सम्पर्क हुन थाल्छ, कुराकानी हुन थाल्छ । हामी यसो अनुमान गरौँ त, त्यो वेला हाम्रा यी ५० लाख श्रमिकहरूले के कुरा गर्दा हुन् ? जब राजदूत बनाएर नेताले पठाएको (देशले होइन) मान्छेको हालत त माथि उल्लेख गरिएको जस्तै विवेकशून्य छ भने भाग्यले ठगेका र सबैले हेपेका बिचरा यी श्रमिकले आफ्नो देशबारे के बताउन सक्लान् ? उही धुलो, धुवाँ, बेथिति, भ्रष्टाचार, मनपरीतन्त्र, ठगी बाहेक बोल्नै कुरै के छ उनीहरूसँग ? त्यसैले यो ओरियन्टेसन कक्षालाई प्रेरक, उत्साह जगाउने खालको र "म बुद्ध जन्मेको र सगरमाथा

भएको विश्वकै सुन्दर मुलुकबाट आएको नागरिक हुँ” भन्ने भावना जगाउने खालको बनाउँदै उनीहरूको मनोबललाई उच्च बनाएर पठाउन सकियो भने यी ५० लाख श्रमिक नै विश्वबजारमा छरिएका नेपालका सद्भावना राजदूत हुनेछन् । यीमध्ये १० प्रतिशतले मात्र आफ्नो कम्पनीबाट एक जना विदेशीलाई नेपाल पठाउन सके भने नेपालमा ५ लाख पर्यटक थपिनेछन् । सरकारले खटाएको राजदूतले गर्न नसकेका कुरा यी श्रमिक राजदूतले गर्नेछन् । यसका लागि उड्ने वेलामा उनीहरूलाई ससम्मान विदाइ गर्ने र नेपालसम्बन्धी सचित्र प्रचार सामाग्री उनीहरूका हातमा थमाएर जिम्मेवारीको बोध गराइदिनु पर्छ ।

**रोजगारीका लागि विदेश जाने प्रत्येक नेपालीका साथमा**
**नेपालमा पर्यटन प्रवद्र्धन गर्ने एउटा किताब हातमा ......**

**निष्कर्ष :**

पाइला पाइलामा पैसा छर्दै कोही हिँड्छ भने त्यो पर्यटक नै हो । एकपटक रोपेको वृक्षले अनन्तकालसम्म फल दिने केही छ भने त्यो पर्यटन नै हो । धेरै दुःखै नगरी मुलुक समृद्ध बनाउने कुनै जादू छ भने त्यो पर्यटन नै हो । नेपालको कायापलट गर्ने शक्ति कतै छ भने त्यो पर्यटनमै छ । त्यसैले यो ठट्टा गर्ने विषय नै होइन । विश्व पर्यटन सङ्घ ९ग्ल्ध्त्इ० भन्छ— “सन् २०२२ मा ७९ करोड ४० लाख विदेशी पर्यटकले फ्रान्स, ७१ करोड ७० लाखले स्पेन, ५० करोड ९० लाखले अमेरिका, ५० करोड ५० लाखले टर्की, ४९ करोड ८० लाखले इटाली र ३८ करोड ३० लाखले मेक्सिकोको भ्रमण गरेका छन् ।” एक पर्यटकले १००० डलर मात्र खर्च गरेको भए पनि यो उद्योगबाट ती देशले कति कति पैसा कमाए होला ? यो सुनको फुल पार्ने कुखुरी हो । वेलैमा महत्व बुझौँ । सामर्थ्यको उपयोग गरौँ, उपेक्षा नगरौँ । यो देश बदल्ने शक्ति पर्यटनसँग मात्र छ । चेतना भया ।

# आर्थिक वर्ष २०८२/८३ को स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रमः मुख्य विशेषताहरू

डा. राधिका थपलिया*



**लेखसारः**

कोशी प्रदेशको आर्थिक वर्ष २०८२/८३ का स्वास्थ्यतर्पmको नीति तथा कार्यक्रमले सर्वसुलभ, समावेशी र दिगो स्वास्थ्य प्रणाली निर्माणको दिशामा महत्वपूर्ण मार्गचित्र प्रस्तुत गरेको छ । "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने मूल नारासहित स्वास्थ्य साक्षरता अभिवृद्धि, रोगको रोकथाम र नियन्त्रण, महिला र बालबालिका लक्षित सेवा विस्तार तथा विशेषज्ञ सेवा र आपतकालीन स्वास्थ्य व्यवस्थापनलाई सुदृढ बनाउने प्रयासमा जोड दिइएको छ । स्वास्थ्य सूचना प्रणालीको एकीकरण, विद्यालय नर्स कार्यक्रम, खोप अभियान सुदृढीकरण, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सशक्तीकरण, र आवश्यक औषधि तथा सामग्रीको आपूर्तिमा जोड दिइएको छ । साथै, जडीबुटी प्रवद्र्धन र स्वदेशी औषधि उत्पादनलाई प्राथमिकता दिँदा दीर्घकालीन स्वावलम्बनतर्फ समेत सकारात्मक प्रभाव पर्नेछ । यी कार्यक्रमहरूको सफल कार्यान्वयनले प्रदेशका नागरिकहरूलाई गुणस्तरीय, पहुँचयुक्त र सुरक्षित स्वास्थ्य सेवा उपलब्ध गराउँदै दिगो स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जीः** नीति तथा कार्यक्रम, मेरो स्वास्थ्य मेरो जिम्मेवारी

* प्रदेश सचिव, स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । संघ, प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार र जिम्मेवारीलाई कार्य विभाजन र विस्तारीकरणमार्फत स्पष्ट पार्दै, स्वास्थ्य सेवा साझा अधिकार र साझा जिम्मेवारीका रूपमा स्थापित गरिएको छ । नेपालको स्वास्थ्य प्रणालीमा आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको प्रमुख जिम्मेवारी हो । अतिविशिष्ट सेवा संघीय सरकारको जिम्मेवारीमा पर्दछ भने मध्यम तथा विशेषज्ञ सेवाको मुख्य जिम्मेवारी प्रदेश सरकारको भागमा पर्ने व्यवस्था गरिएको छ । आम नागरिकलाई लक्षित गरी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूबाट प्रदान गरिने प्रवद्र्धनात्मक, प्रतिरोधात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवाहरूको गुणस्तर सुनिश्चित गर्नु, ती सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु र सम्पूर्ण स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउनु प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशको उद्देश्य रहेको छ । स्वास्थ्य सेवाको व्यवस्थापन, गुणस्तरीय सेवा सुनिश्चितता, पूर्वाधार सुदृढीकरण र नीतिगत सुधारका माध्यमबाट कोशी प्रदेश सरकारले नागरिकको स्वास्थ्य सेवाको हकलाई व्यवहारमा लागू गर्ने प्रयास गर्दै आएको छ ।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत स्वास्थ्य नीति तथा कार्यक्रम नागरिककेन्द्रित, सेवा अभिमुख र समावेशी दृष्टिकोणमा आधारित छ । "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने मूल नारालाई आत्मसात गर्दै प्रदेश सरकारले स्वास्थ्य सारक्षरता अभियान अघि सारेको छ ।

**१) मेरो स्वास्थ्य, मेरो जिम्मेवारीः स्वास्थ्य साक्षरता अभियान**

स्वास्थ्य सेवा प्राप्तिको सुनिश्चिततासँगै नागरिक स्वयम्को स्वास्थ्यप्रति जिम्मेवारीबोध हुनु पनि अत्यावश्यक छ । प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले नागरिकमा स्वास्थ्यसम्बन्धी ज्ञान, बुझाइ र व्यवहार सुधार गर्दै स्वास्थ्य साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने सन्देशसहित स्वास्थ्य साक्षरता अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ ।

स्वास्थ्य साक्षरता अभियान भन्नाले व्यक्तिले स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी बुझ्न, स्वास्थ्य सेवा लिन र स्वस्थ्य जीवनशैली अपनाउन सक्ने क्षमता विकास गर्नु हो । यस अभियानमार्फत नागरिकलाई स्वास्थ्य अधिकारसँगै आफ्नो कर्तव्य र जिम्मेवारीबारे सचेत गराइनेछ । "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने मूल सन्देशले नागरिकलाई व्यक्तिगत, पारिवारिक र सामाजिक स्तरमा आफ्नो स्वास्थ्यका लागि स्वयं सजग र उत्तरदायी बन्न उत्प्रेरित गर्नेछ । यसले नागरिकलाई स्वास्थ्यको सन्दर्भमा केवल सेवा लिने हैन, सेवा सुरक्षित गर्ने र आफ्नो जीवनशैली सुधार गर्ने जिम्मेवारी पनि आफ्नो हो भन्ने चेतना प्रदान गर्नेछ ।

**अभियानका उद्देश्यहरू**

- स्वास्थ्य सम्बन्धी जानकारी, रोगको रोकथाम, प्राथमिक उपचार र स्वास्थ्य सेवा पहुँचबारे नागरिकमा सचेतना फैलाउने ।
- स्वस्थ आहार, शारीरिक गतिविधि, मानसिक स्वास्थ्यको ख्याल र रोगप्रतिरोधात्मक अभ्यासमा नागरिकलाई प्रेरित गर्ने ।
- नागरिकहरूलाई आफ्नो र आफ्ना परिवारको स्वास्थ्यको जिम्मा स्वयं लिन उत्प्रेरित गर्ने ।
- स्वास्थ्य संस्थाहरू, स्वयंसेवी समूह, विद्यालय र समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

**प्रमुख रणनीतिहरू**

- जनचेतनामूलक कार्यक्रमः रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल लगायतका माध्यममार्फत सन्देश प्रवाह ।
- विद्यालयस्तरीय कार्यक्रमः विद्यालय नर्समार्पmत् विद्यार्थीहरूलाई स्वास्थ्य साक्षरता प्रदान गर्ने ।
- स्वास्थ्य स्वयंसेवक परिचालनः समुदायमा स्वास्थ्य साक्षरता फैलाउन स्वयंसंसेवक र महिला स्वास्थ्य स्वयंसेवकलाई परिचालन गर्ने ।

- खुला संवाद कार्यक्रमः समुदायमा "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" शीर्षकमा अन्तरक्रिया र छलफल कार्यक्रम सञ्चालन गर्ने ।
- हेल्थ क्याम्प र मोबाईल क्लिनिकः स्थानीय तहमा स्वास्थ्य सेवा र साक्षरता कार्यक्रमलाई सहज बनाउने ।

**अपेक्षित परिणामहरू**

यस अभियानबाट आम नागरिकमा स्वास्थ्यसम्बन्धी जानकारी हुने, नागरिकहरूमा रोगको समयमै पहिचान र उपचार खोज्ने बानी बस्ने, संक्रमणरोग, दीर्घरोग र मानसिक स्वास्थ्य समस्या कम हुने, व्यक्तिगत र सामुदायिक स्तरमा स्वास्थ्यप्रति उत्तरदायी व्यवहार वृद्धि हुने एवं प्रदेशको स्वास्थ्य सेवा प्रणालीमा जनसहभागिता र विश्वास बढ्ने अपेक्षा गरिएको छ ।

**२) स्वास्थ्य प्रवर्धनात्मक विद्यालय र विद्यालय नर्सिङ सेवा कार्यक्रम विस्तारः**

स्वास्थ्य प्रवर्धनात्मक विद्यालय भन्नाले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यलाई प्राथमिकतामा राख्दै, स्वच्छ र सुरक्षित विद्यालय वातावरण बनाउने, स्वस्थ व्यवहार विकास गर्ने, पौष्टिक आहार र खेलकुदलाई प्रवर्द्धन गर्ने, विद्यालयस्तरीय स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने, विद्यार्थी, शिक्षक र अभिभावकमा स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि गर्ने समग्र अवधारणा हो । यस किसिमका विद्यालयले केवल शिक्षामा नभई दीर्घकालीन स्वास्थ्य सुधारमा पनि महत्वपूर्ण भूमिका खेल्दछन् । तसर्थ हाम्रा विद्यालयहरूलाई स्वास्थ्य प्रवर्धनात्मक विद्यालयका रूपमा विकसित गर्नु जरुरी छ । यसै आवश्यकतालाई महसुस गरी यस आ.व. देखि विद्यालयहरूलाई स्वास्थ्य प्रवर्धनात्मक विद्यालयका रुपमा सूचीकृत गर्ने व्यवस्था मिलाइनेछ ।

विद्यालय नर्सिङ सेवा कार्यक्रम अन्तर्गत विद्यालयमा स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, मानसिक स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य र स्वच्छता सम्बन्धी परामर्श र शिक्षा प्रदान गरिनेछ । नियमित रुपमा विद्यार्थीहरूको स्वास्थ्य अवस्था अनुगमन गरिनेछ । यस कार्यक्रमको उद्देश्य विद्यालयस्तरमै विद्यार्थीहरूलाई स्वस्थ जीवनशैली यापन गर्न अभिप्रेरित गर्ने, आफ्नो स्वास्थ्यप्रति जिम्मेबार बनाउने, स्वास्थ्य साक्षरता अभिवृद्धि गर्ने र विद्यालयमै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने रहेको छ । यो विद्यालय नर्सिङ सेवा कार्यक्रमलाई अझै विस्तार तथा सुदृढ गरिनेछ ।

यी दुवै कार्यक्रमले स्वस्थ बाल्यकाल र किशोरावस्थाको जग बसाल्न सहयोग गर्नेछ । यसले विद्यार्थीहरूमा सकारात्मक सोच, आत्मबल र सामाजिक सीप विकास गर्न मद्दत गर्छ । विद्यालयमा सिकाइएका स्वास्थ्य सन्देशहरू परिवार र समुदायमा समेत फैलिन सक्ने भएकाले सम्पूर्ण समाजको स्वास्थ्य स्तर सुधार गर्न मद्दत पुग्छ । साथै, यस्ता विद्यालयहरूले रोग नियन्त्रण, स्वास्थ्यमा पहुँच वृद्धि र स्वास्थ्य समानता कायम गर्न सरकारको नीति तथा राष्ट्रिय स्वास्थ्य लक्ष्यमा समेत सहयोग पुर्याउँछन् । 'स्वास्थ्य प्रवर्धनात्मक विद्यालय' र 'विद्यालय नर्सिङ सेवा कार्यक्रम' विस्तारले दीर्घकालीन रुपमा जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

**३) आपतकालीन स्वास्थ्य व्यवस्थापन**

प्रदेश स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रको संरचना र व्यवस्थापन सुदृढ गरी महामारीको रोकथाम, नियन्त्रण तथा आपतकालीन स्वास्थ्य व्यवस्थापन प्रभावकारी बनाइनेछ । साथै, प्रदेशभित्र जि.पि.एस. जडान गरिएको एम्बुलेन्स ट्र्याकिङ प्रणालीबाट एम्बुलेन्सहरूको वास्तविक समय अनुगमन गरी सेवाको छिटो पहुँच सुनिश्चित गरिनेछ । बिरामी र आपतकालीन अवस्थाका लागि एम्बुलेन्स समयमै परिचालन गरिनेछ । यस कार्यक्रमले स्वास्थ्य आपतकालीन स्थितिमा प्रदेशको तयारी र प्रतिक्रिया क्षमता सुदृढ गर्ने, नागरिकको जीवन रक्षा गर्ने र गुणस्तरीय आपतकालीन सेवा प्रवाहमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

### ४) स्वास्थ्य सेवा प्रणालीको सुधार तथा विस्तार

स्वास्थ्य सेवा प्रणालीको सुधार तथा विस्तार प्रदेश सरकारको प्रमुख दायित्व हो, जसले सबै नागरिकलाई गुणस्तरीय, सहज, सुलभ र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन मद्दत गर्दछ । स्वास्थ्य सेवा प्रणालीको सुधार तथा विस्तार भन्नाले स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र समावेशितालाई मजबुत बनाउँदै सेवा प्रभावकारी, भरपर्दो र नागरिकमैत्री बनाउने प्रक्रिया भन्ने बुझिन्छ ।

क) पहुँचमा विस्तारः दुर्गम, ग्रामीण र वञ्चित क्षेत्रहरूमा घुम्ती अस्पतालबाट स्वास्थ्य सेवा प्रदान गर्ने

ख) गुणस्तरमा सुधारः दक्ष जनशक्तिको न्यायोचित व्यवस्थापन, औषधि, उपकरणहरूको सहज उपलब्धता, प्रोटोकल, मापदण्ड र अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने,

ग) संस्थागत सुदृढीकरणः स्वास्थ्य संस्थाहरूको भौतिक संरचना, उपकरण र व्यवस्थापन सुधार गर्ने । सूचना प्रणाली एकीकृत र अद्यावधिक गर्ने ।

घ) नागरिकमैत्री सेवा प्रवाहः सेवामा पहुँच सहज र पारदर्शी, सेवाप्रदायक र सेवाग्राहीबीच विश्वास र उत्तरदायित्वको वातावरण बनाउने, सेवासम्बन्धी गुनासो सुन्ने र समाधान गर्ने प्रभावकारी प्रणालीको विकास गर्ने ।

### ५) प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरण र विस्तार

प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रेफरेन्स ल्याबका रूपमा विकास गरिनेछ । प्रदेशका सरकारी अस्पतालहरूबाट प्राप्त नमूनाहरू प्रदेश प्रयोगशालामा पठाएर परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । महामारीजन्य रोगहरूको अनुसन्धान र रोकथामका लागि प्रदेश प्रयोगशालालाई अनुसन्धानमुखी बनाइनेछ । खानेपानीको गुणस्तर परीक्षण तथा निगरानी गरिनेछ । प्रदेश जनस्वास्थ्य प्रयोगशालाको विकास तथा सुदृढीकरणले महामारी रोकथाम, रोग नियन्त्रण र पानीको गुणस्तर सुनिश्चितता जस्ता क्षेत्रहरूमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ । यसले प्रदेश सरकारलाई वैज्ञानिक प्रमाण र तथ्यमा आधारित निर्णय लिन मद्दत गर्नेछ र नागरिकको स्वास्थ्य सुरक्षामा बलियो आधार खडा हुनेछ ।

### ६) अस्पतालहरूमा विशेषज्ञ सेवा विस्तार

प्रदेश मातहत रहेका सबै अस्पतालहरूमा विशेषज्ञ सेवाको पहुँच विस्तार गरिनेछ । यसका लागि अस्पतालहरूमा आवश्यक भौतिक संरचना निर्माण, आधुनिक उपकरणहरूको उपलब्धता र आवश्यक जनशक्ति व्यवस्थापनमा प्राथमिकता दिइनेछ । यसले गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न मद्दत गर्नेछ र नागरिकहरूलाई सहज रूपमा विशेषज्ञ सेवा प्राप्त गर्ने अवसर उपलब्ध हुनेछ । प्रदेश मातहतका सबै अस्पतालहरुमा लक्षित वर्गका दश वर्ष मुनिका विपन्न बालबालिकाको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ । अस्पतालहरुमा गर्भवती महिलाहरुको भिडियो एक्सरे लगायत निदानात्मक सेवाको निःशुल्क व्यवस्था गरिनेछ । अस्पतालहरुमा मनोचिकित्सक परामर्श सेवाको व्यवस्था मिलाइनेछ । अस्पतालमा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, प्रजनन रुग्णता सेवा, रक्तसंचार सेवा, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, सामाजिक सुरक्षा एकाइ, एकद्वार संकट व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

नागरिकहरुले जिल्ला अस्पतालहरुबाट नै विशेषज्ञ सेवा प्राप्त गरुन् भन्ने उद्देश्यले दुर्गम जिल्लामा विशेषज्ञ चिकित्सक टिकाइराख्न विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ । यसबाट दुर्गममा रहेर काम गर्न विशेषज्ञ चिकित्सकहरु प्रोत्साहित हुनेछन् । साथै पहाडी र हिमाली जिल्लामा विशेषज्ञ चिकित्सकको अभाव परिपूर्ति हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

### ७) खोज र खोप अभियान

प्रदेशभित्र रहेका सबै बालबालिकाले खोप लगाउने अधिकार सुनिश्चित गर्न खोज र खोप अभियान संचालन गरिनेछ । यस अभियान अन्तर्गत खोप छुटेका, छुटेका हुनसक्ने वा पहुँचबाट वञ्चित बालबालिकाको पहिचान गरी आवश्यक खोप प्रदान गरिनेछ । घर–घरमा पुग्ने, विद्यालय र समुदायमा खोजी गर्ने र सेवाबाट बाहिर परेकाहरूलाई पुनः सेवामा ल्याउन विशेष पहल

गरिनेछ । यस अभियानले रोगप्रतिरोधात्मक क्षमताको विस्तार गर्दै शिशु मृत्युदर घटाउन र खोपसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँनेछ ।

कोशी प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश बनाउने अभियानलाई निरन्तरता दिइनेछ । प्रदेशभित्र जन्मिने प्रत्येक बालबालिकाले उमेर अनुसारको सबै खोप समयमै प्राप्त गर्ने सुनिश्चितता गरिनेछ । यस अभियानअन्तर्गत खोज र खोप कार्यक्रमलाई सशक्त बनाइने, खोप पहुँच नभएका टाढा दुर्गम क्षेत्रहरूमा खोप सेवा विस्तार गरिने र समुदायस्तरमा खोपबारे जनचेतना अभिवृद्धि गरिनेछ । खोपको उपलब्धता, भण्डारण र वितरण प्रणालीलाई अझ प्रभावकारी बनाई प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेशका रूपमा कायम राख्न दिगो कार्ययोजना अवलम्बन गरिनेछ ।

**८) सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य र पोषण**

मातृ, नवजात, किशोरी र प्रजनन उमेर समूहका महिलाहरूको स्वास्थ्य सुधार गर्ने उद्देश्यले सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस अन्तर्गत ग्रामीण आमा कार्यक्रम, सुरक्षित मातृत्व सेवा सुदृढीकरण, परिवार नियोजन सेवा पहुँच वृद्धि, किशोरी स्वास्थ्य, यौनिक तथा प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श र सेवा विस्तार, सुरक्षित गर्भपतन सेवा सुनिश्चितता, पोषण सुधार कार्यक्रम, गर्भवती र सुत्केरी महिलाहरूलाई आयरन, फोलिक एसिड र पोषण परामर्श सेवा, ५ वर्षमुनिका बालबालिकालाई वृद्धि निगरानी, पोषण पुनर्स्थापन सेवा, भिटामिन 'ए' वितरण लगायतका कार्यक्रमहरू संचालनमा रहनेछन् । यी कार्यक्रमबाट संस्थागत प्रसूति दरमा वृद्धि, मातृ तथा नवजात मृत्युदरमा गिरावट, कुपोषण दरमा कमी, प्रजनन स्वास्थ्य सेवामा पहुँच बढेको र जनचेतना अभिवृद्धि भएको हुनेछ ।

**९) महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम**

महिला स्वयंसेविका भन्नाले ती महिला स्वास्थ्य कार्यकर्ताहरूलाई जनाइन्छ, जो स्वेच्छिक रूपमा समुदायमा स्वास्थ्य सेवा प्रवद्र्धन, रोग रोकथाम, जनचेतना अभिवृद्धि र प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउन सक्रिय रूपमा सहभागी हुन्छन् । उनीहरू स्वास्थ्य क्षेत्रका बलिया खम्बा हुन् । उनीहरू गाउँ–टोलमा घरदैलो सेवा, गर्भवती महिला, सुत्केरी, नवजात शिशु, बालबालिकाको खोप कार्यक्रम, पोषण, परिवार नियोजन, सरसफाइ, र स्वास्थ्य शिक्षा जस्ता महत्वपूर्ण काममा सरकारलाई साथ दिन्छन् । महिला स्वयंसेविकाहरू समुदाय र स्वास्थ्य संस्थाबीचको सेतुका रूपमा काम गर्छन् । उनीहरूले समुदायका सदस्यहरूलाई स्वास्थ्य समस्या पहिचान गर्न, अस्पतालमा जान उत्प्रेरित गर्न र प्राथमिक उपचारका बारेमा जानकारी दिन सहयोग गर्छन् । विशेष गरी मातृ र शिशु मृत्यु दर घटाउन, खोप अभियान सफल बनाउन र समुदायमा स्वास्थ्य सचेतना फैलाउन उनीहरूको भूमिका अतुलनीय छ । उनीहरूलाई आवश्यक तालिम, स्रोत र प्रोत्साहन प्रदान गर्नु उनीहरूको कार्यक्षमता अभिवृद्धि र स्वास्थ्य सेवा पहुँचमा सुधार ल्याउन महत्वपूर्ण छ ।

महिला स्वास्थ्य स्वयंसेविकाहरूको अतुलनीय योगदानलाई कदर गर्दै प्रदेश सरकारले उनीहरूको स्वास्थ्य बीमामा लाग्ने प्रिमियमको ५० प्रतिशत रकम व्यहोर्ने व्यवस्था गर्नेछ । साथै, उनीहरूलाई एकमुष्ट प्रोत्साहन स्वरूप रु ५,००० प्रदान गरिनेछ । यो कार्यक्रमले स्वयंसेविकाहरूको मनोबल अभिवृद्धि गर्नुका साथै उनीहरूको स्वास्थ्य सुरक्षामा प्रत्यक्ष सहयोग पुऱ्याउनेछ ।

**१०) आयुर्वेद सेवा प्रवद्र्धन र भान्साघर सुधार कार्यक्रम**

प्रदेश मातहतका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट आयुर्वेद सेवा नियमित रूपमा प्रदान गरिने छ । यिनै केन्द्रहरू मार्फत भान्साघर सुधार कार्यक्रम सञ्चालन गरिनेछ, जसले नागरिकलाई स्वस्थ भोजन र जीवनशैलीका बारेमा व्यवहारिक मार्गदर्शन प्रदान गर्नेछ । नागरिक आरोग्य केन्द्रहरू मार्फत समुदायस्तरमा आयुर्वेद सेवा पुऱ्याउने व्यवस्था मिलाइनेछ । यसले ग्रामिण तथा दुर्गम बस्तीमा समेत आयुर्वेद सेवा सहज रूपमा उपलब्ध गराउनेछ ।

प्रदेश स्तरीय आयुर्वेद अस्पताल लखनपुरलाई प्रदेश स्तरको रेफरल (प्रेषण) अस्पतालको रुपमा विकास गरिनेछ । यहाँ आयुर्वेदसँग सम्बन्धित विभिन्न तालिमहरू, विशेष गरी क्षारसूत्र तालिम सञ्चालन गरिनेछ, जसले प्रदेशभित्रका स्वास्थ्यकर्मीहरूको सीप अभिवृद्धि गर्न मद्दत गर्नेछ । प्रदेशका चौध वटै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट बिरामीलाई आवश्यक भएमा लखनपुर प्रेषण गर्ने व्यवस्था पनि सुनिश्चित गरिनेछ, जसले आयुर्वेद सेवामा समन्वय र प्रभावकारिता बढाउनेछ । शिशुहरूको लागि लखनपुर अस्पतालबाट स्वर्णबिन्दु प्राशन सेवा पनि उपलब्ध गराइनेछ, जसले बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न मद्दत गर्ने विश्वास गरिन्छ ।

यो कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका प्रत्येक नागरिकलाई आयुर्वेद सेवा सहज, सुलभ र गुणस्तरीय रुपमा पुर्याउनु हो। भान्साघर सुधार कार्यक्रम र नागरिक आरोग्य केन्द्रहरू मार्फत जनताको दैनिकीमा सकारात्मक स्वास्थ्य व्यवहार ल्याउने प्रयास गरिएको छ । साथै, लखनपुरलाई आयुर्वेदिक रेफरल अस्पतालका रूपमा सुदृढ बनाइँदा बिरामीहरूको उपचार पहुँच र सेवा विस्तारमा उल्लेखनीय सुधार आउनेछ । स्वर्णबिन्दु प्राशनजस्ता परम्परागत स्वास्थ्य विधिहरूको प्रवद्र्धनले आयुर्वेदिक उपचारमा जनविश्वास बढाउनेछ ।

**निष्कर्ष**

कोशी प्रदेशको आर्थिक वर्ष २०८२/८३ का स्वास्थ्यतर्फको नीति तथा कार्यक्रमले सर्वसुलभ, समावेशी र दिगो स्वास्थ्य प्रणाली निर्माणको दिशामा महत्वपूर्ण मार्गचित्र प्रस्तुत गरेको छ । "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने मूल नारासहित स्वास्थ्य साक्षरता अभिवृद्धि, रोगको रोकथाम र नियन्त्रण, महिला र बालबालिका लक्षित सेवा विस्तार तथा विशेषज्ञ सेवा र आपतकालीन स्वास्थ्य व्यवस्थापनलाई सुदृढ बनाउने प्रयासमा जोड दिइएको छ । स्वास्थ्य सूचना प्रणालीको एकीकरण, विद्यालय नर्स कार्यक्रम, खोप अभियान सुदृढीकरण, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सशक्तीकरण, र आवश्यक औषधि तथा सामग्रीको आपूर्तिमा जोड दिइएको छ । साथै, जडीबुटी प्रवद्र्धन र स्वदेशी औषधि उत्पादनलाई प्राथमिकता दिँदा दीर्घकालीन स्वावलम्बनतर्फ समेत सकारात्मक प्रभाव पर्नेछ । यी कार्यक्रमहरूको सफल कार्यान्वयनले प्रदेशका नागरिकहरूलाई गुणस्तरीय, पहुँचयुक्त र सुरक्षित स्वास्थ्य सेवा उपलब्ध गराउँदै दिगो स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ । खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान, निगरानी, प्रतिवेदन, नमुना संकलन र ढुवानी साथै समुदायमा संकास्पद बिरामीहरुको खोजपड्ताल कार्य गरिनेछ ।

# प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनःस्थापना गृह: हिंसा पीडित महिलाको संरक्षणका लागि भएका प्रयासहरु



दुर्गा भण्डारी बराल*

## पृष्ठभुमिः

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरुप विभेदरहित समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक सामाजिक सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक मानसिक यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यसै गरी नेपाल पक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ लाई सन् १९९१ मा नेपालले अनुमोदन गरिसकेको अवस्थामा नेपाल सरकार लैंगिक हिंसा अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने तर्फ संवैधानिक, कानूनी र अन्तराष्ट्रीय रुपमा समेत प्रतिबद्ध रहेको देखिन्छ । यिनै कानूनी आधारलाई पछ्याउंदै कोशी प्रदेश सरकारले लैंङ्गिक समानताका पक्षमा केहि सकारात्मक कार्यहरु गर्दै आएको छ । जसमध्ये लैंङ्गिक तथा घरेलु हिंसाबाट पीडित महिलाहरुको संरक्षणका लागि सुरक्षित आवास गृह (Safe House) को अवधारणा अनुरुप दीर्घकालीन पुनःस्थापना गृहको स्थापना गरेको हो ।

लैंगिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्यहरुलाई जनाउछ। लिङ्गको आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला पुरुष वा अन्य लिङ्गिलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य यस भित्र पर्दछन। लैङ्गिक हिंसाले महिला माथि हुने हिंसालाई मात्र जनाउने नभई महिला पुरुष वा अन्य लिङ्गि माथि लिङ्गकै आधारमा हुने हिंसालाई बुझाउंछ। हाम्रो मुलुकको सामाजिक संरचना शिक्षा, स्वास्थ्य, रोजगार सम्पत्ति र निर्णय प्रकृयामा न्यून पहुंच साथै श्रोतको परिचालन र शक्तीको प्रयोगमा महिलाले कम अवसर पाएका कारण लैंगिक हिंसाबाट महिला नै बढी संख्यामा पीडित हुने गरेका छन। त्यसैले लैंगिक हिंसा (Gender-Based Violence - GBV) महिलामाथि हुने एक गम्भीर सामाजिक समस्या हो, जसले उनीहरूको जीवन, आत्मसम्मान र सुरक्षामा प्रत्यक्ष असर पार्छ। यस्तो हिंसाबाट पीडित महिलालाई तत्काल सुरक्षा, मनोवैज्ञानिक सहयोग र पुनःस्थापना सेवाहरू आवश्यक पर्छ। उल्लिखित बिषयलाई सम्बोधन गर्न "सुरक्षित आवास गृह (Safe House)" को अवधारणा आवश्यक रहेको सन्दर्भमा, कोशी प्रदेश सरकारबाट स्थापना कालको प्रारम्भिक अवस्थामा नै प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ जारी गरी सोहि ऐनको को दफा ५को उपदफा ४मा लैङ्गिक हिंसा पीडित महिलाहरुको संरक्षणका लागि दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भई भय एवं असुरक्षा महसुस गरी आफ्नो घर परिवार र समाजमा रही नियमित जीवनयापन गर्न नसकिरहेका महिला तथा

किशोरीहरुको पुनःस्थापना गर्दै उनीहरुलाई पुर्णरुपमा सुरक्षित महसुस गराई आवश्यक पर्ने मनोसामाजिक मनोविमर्श, कानूनी सहायता तथा जीविकोपार्जनका लागि टेवापूंजीका माध्यमबाट समाजमा पुनःभयरहित ढङ्गले पुनःस्थापना गर्न प्रदेश घरेलु हिंसा सम्बन्धि नियमावली,२०७६ जारी गरी ऐन र नियमावलीको व्यवस्था बमोजिम सामाजिक विकास मन्त्रालयले २०७६ माघ देखि दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन गरेको छ ।

**दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन तथा व्यवस्थापन समितिको व्यवस्था :**

पुनस्थापना गृहबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी चुस्तदुरुस्त र गुणस्तरीय बनाउन नीतिगत सल्लाह सुझावका लागि प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ को दफा ८मा दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन तथा व्यवस्थापन समितिको गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम उक्त समितिको सल्लाह, सुझाव र सहयोग समेतका आधारमा गृहका कार्यहरु सम्पादन भइरहेका छन् ।

**पीडितको संरक्षणका लागि प्रवाह गरिने सेवाहरु:**

घरेलु हिंसा, र यौनजन्य हिंसाबाट पीडित महिलाहरुको संरक्षणका लागि कानूनले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले गृह सञ्चालन र व्यवस्थापनका लागि दीर्घकालीन पुन:स्थापना गृह (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ जारी गरी संरक्षणका कार्यहरु गर्दै आएको छ। यसका लागि देहायका सेवाहरु रहेका :-

**१) आवास व्यवस्था :**

गृहमा पीडितको संरक्षणका लागि घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भई असुरक्षा महसुस गरी घर र समाजमा बस्न नसकिरहेका तथा अल्पकालीन सुरक्षा आवासमा राखी सेवा प्रदान गर्न समेत नसकिने अवस्थाका पीडितलाई सम्बन्धित स्थानीय तह अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र( Hospital Based One Stop Crisis Management Centre - OCMC) कासाथै सामाजिक विकास संस्थाद्वारा सञ्चालित सेवा केन्द्रबाट सिफारिस भई आएका पीडित महिलालाई गृहमा राखी आवास सेवा प्रदान गरिन्छ। यसरी गृहमार्फत सुरक्षित आवास सेवा प्रथम चरणमा ६ महिना सम्म र सोभन्दा बढी समय राख्न आवश्यक देखिएमा दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन तथा व्यवस्थापन समितिबाट निर्णय गराई अधिकतम दुईवर्षसम्म राख्न सकिने प्रावधान छ । यस गृहले आवश्यकता अनुसार पिडितलाई कानूनी परामर्श सेवा, मनोसामाजिक मनोविमर्श सेवा, स्वास्थ्य उपचार सेवा, शिक्षा, तालिम, मनोरञ्जन, सुरक्षित आवास, खाना र कपडा उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

**२) खाद्यान्न तथा लत्ता कपडाको व्यवस्था :**

गृहको संरक्षणमा रहेका पीडित महिला र महिलासंग आश्रित बालबालिकालाई दैनिक विहान बेलुकिको खाना, विहान र दिवा खाजाका अतिरिक्त बिशेष अवस्थाका पीडित (गर्भवती, सुत्केरी र विरामी) लाई थप पोषिलो र तागतिला खाद्य पदार्थको समेत व्यवस्था गरिएको छ। संस्कार र संस्कृति अनुकूलका बिषेश चाडपर्व र जन्मोत्सवमा उत्सव मनाईने तथा मौसम अनुकूलका लत्ता कपडा दिने व्यवस्था रहेको छ ।

**३) स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था :**

गृहको संरक्षणमा रहेका पीडितको स्वास्थ्य उपचार OCMC ( Hospital based One Stop Crisis Management Centre) बाट र त्यहांबाट सम्भव नभएमा अन्य स्वास्थ्य संस्थाबाट गरिने व्यवस्था रहेको छ।

**४) मनोसामाजिक मनोविमर्श सेवा (Psychosocial counselling Service) सम्बन्धी व्यवस्था :**

दीर्घकालीन पुनःस्थापना गृहमा पीडितलाई आवश्यकता अनुसार मनोसामाजिक मनोवमर्श सेवा प्रदान गर्न मन्त्रालयबाट एकजना

* सहायक सचिव, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

महिला मनोविमर्शकर्ताको व्यवस्था गरिएको छ ।

**५) कानूनी परामर्श सेवा सम्बन्धी व्यवस्था :**

पुनःस्थापना गृहमा पीडितलाई कानूनी परामर्श सेवाको आवश्यकता परेका बखत मन्त्रालयका कानून अधिकृतबाट सो सेवा प्रदान गर्ने गरिएको छ ।

**६) आश्रित बालबालिका राख्ने तथा संस्थागत स्याहार सम्बन्धी व्यवस्था :**

पुन:स्थापना गृहको संरक्षणमा आएका पीडितसंग ७ बर्ष मुनीका बालबालिका साथै भएमा बालबालिका समेतलाई गृहमा आमासंगै राखी सोही बमोजिमको सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ। त्यसै गरी १८ बर्ष भन्दा कम उमेरका पीडित बालिकाबाट जन्मिएका ५ बर्ष मुनीका र बिशेष परिस्थितिका कारण संस्थागत स्याहारमा पठाउनुपर्ने अवस्थाका बालबालिकाहरुको सर्वोत्तम हितलाई मध्येनजर गर्दै एस. ओ. एस. बालग्राम, ईटहरी सुनसरीमा पठाउने व्यवस्थाका लागि बालग्रामसंग सम्झौता समेत भएको हुंदा संस्थागत स्याहारको सेवा प्रवाह भईरहेको छ ।

**७) पीडितको शिक्षा सम्बन्धी व्यवस्था :**

विद्यालयमा अध्ययन गरिरहेका साथै अध्ययन अधुरो रही पुन: पढ्न ईच्छुक पीडितलाई नजिकको विद्यालयमा भर्ना गराई गृहमानै महिला शिक्षिकाको व्यवस्था गरी पठनपाठनको व्यवस्था मिलाईएको छ। पीडित भर्ना भएको विद्यालयमा समन्वय गरी आन्तरीक तथा फाईनल परीक्षाको समेत व्यवस्था मिलाईएको छ ।

**८) सीपविकास तालिम र टेवा पूंजीको व्यवस्था :**

विद्यालयमा अध्ययन गर्न छाडेका र सीप सिकेर आत्मनिर्भर हुन चाहने ईच्छुक पीडितलाई बजारको माग र पीडितको चाहना बमोजिम CTEVTको पाठ्यक्रममा आधारित सीप विकास तालिम दिने व्यवस्था गरिएको छ ।

**९) पारिवारीक र सामाजिक पुन:स्थापनाको व्यवस्था :**

पीडितलाई निजको अभिभावक लिन आएमा वा पीडित स्वयं जान चाहेमा वा तोकिएको अवधि समाप्त भएपश्चात आफ्नो अभिभावक वा नजिकका नातेदार वा संरक्षकमार्फत पारिवारिक पुन:स्थापना गराईने व्यवस्था गरिएको छ। संरक्षक, अभिभावक र नजिकका नातेदार नभएका पीडितलाई सीपमूलक तालिम प्रदान गरी उद्यम/व्यवसायका लागि टेवा पूंजी सहयोग गर्ने समेत व्यवस्था गरिएको छ। सिकेको सीप र उद्यमको प्रकृति अनुरुप व्यवस्थापन समितिको निर्णय बमोजिम टेवा पूंजीको रकम अनुदानको रुपमा पीडितलाई सहयोग गर्ने गरिएको छ ।

**१०) अन्य व्यवस्थाहरु :**

उल्लिखित व्यवस्थाका अतिरिक्त पुन:स्थापना गृहमा संरक्षित पीडितका लागि मनोरञ्जन योगा समयसमयमा जीवन उपयोगि सीप तथा समसामयिक बिषयमा समेत तालिम लगायतका कार्यहरु गरिने व्यवस्था रहेको छ ।

**पुन:स्थापना सेवाको सबल पक्ष:**

मूलुक संघीय संरचनामा गएसंगै साविकका नेपाल सरकारका जिल्ला स्थित कार्यालयबाट सम्पादन हुने महिला, बालबालिका, अपाङ्गता र ज्येष्ठ नागरिकका बिषयहरु प्रदेशका सम्बन्धित बियष हेर्ने मन्त्रालयबाट सम्बोधनका प्रयासहरु भईरहेका छन। कोशी प्रदेशमा उल्लिखित बिषय हेर्ने फोकल मन्त्रालयको रुपमा रहेको सामाजिक विकास मन्त्रालयले लैंङ्गिक हिंसा विरुद्धका विभिन्न कार्यक्रमहरु गर्ने सम्बन्धमा २०७६ माघ महिनामा संरक्षणका कार्यका लागि दीर्घकालीन पुन:स्थापना गृह स्थापना गरी सञ्चालनमा ल्याईएको छ। यस गृहलाई व्यवस्थित रुपमा सञ्चालनका लागि निर्देशिका समेत जारी भई सोही निर्देशिका अनुरुप गृहका कार्यहरु भईरहेका छन् । यसका महत्वपूर्ण पक्षहरु

- सात प्रदेश मध्ये सरकार स्वयंद्वारा सञ्चालित पहिलो र एक मात्र पुन:स्थापना गृह
- आफ्नै भवन र सुरक्षा व्यवस्था भएको
- मापदण्ड अनुरुप सञ्चालन भएको
- नीतिगत रुपमा नै स्थानीय तह र सामाजिक विकास संस्थाद्वारा सञ्चालित जिल्ला स्थित अल्पकालीन सुरक्षा केन्द्रसंगको प्रत्यक्ष सहकार्य र सिफारिस गर्ने पद्धति रहेको
- ऐन कानून र निर्देशिका जारी भई कानून बमोजिम स्थापित गरिएको
- एस.ओ.एस.बालग्राम, इटहरीसँगको सहकार्यमा बालबालिकाको संस्थागत स्याहारको व्यवस्था गरिएको
- मन्त्रालयबाट यस सेवालाई अनिवार्य दायित्वको रुपमा स्वीकार गरी एकमुष्ठ बजेट विनियोजन गर्ने गरिएको

**मुख्य समस्या :**

- यौन हिंसाबाट पीडित बालिका/किशोरीबाट जन्मिएका शिशुरुको जन्मदर्ता गर्न कठिनाई
- नागरिकता बनाउन कठिनाई
- पारिवारीक र सामाजिक पुन:स्थापनामा कठिनाई
- विविध उमेर समूह र विविध समस्याबाट गुज्रिएका पीडितको सिफारिस हुने भएकाले बेलाबेलामा सामाजिक र सांस्कृतिक बैमनस्यता हुन गई द्वन्दको परिस्थिति सृजना हुन जाने
- पीडक पक्षबाट धम्की आउने

**गृहबाट प्रदान गरिएका सेवाको अवस्था :**

निर्देशिकाको व्यवस्था बमोजिम स्थानीय तह र सामाजिक विकास संस्था द्वारा संचालित अल्पकालीन सुरक्षा आवासकेन्द्रमा राखी सेवा प्रदान गर्ननसकिने अवस्थाका पीडितलाई सम्बन्धित स्थानीय तह तथा सामाजिक विकास संस्था, अल्पकालीन सुरक्षा आवास केन्द्र (safe house) बाट सिफारिस भई आएका पीडितहरुलाई पुनःस्थापना गृहमा राखी सेवा प्रदान गर्ने गरिएको छ । पुनःस्थापना गृहमा रहेका पीडितहरुलाई समय समयमा सञ्चालक समितिको निर्णय बमोजिम पारिवारीक भेटघाट तथा पुनर्मिलनको अवसर प्रदान गरिने व्यवस्था रहेको छ । पुनर्मिलनको अवसर प्रदान गरिँदा पीडितको परिवारका सदस्यहरुलाई पुनःस्थापना गृहमै वा आवश्यकता अनुसार निश्चित समय सम्मका लागि पीडितको घरमै परिवारका सदस्यको जिम्मा लगाइ व्यवस्थापन गर्ने गरिएको छ । स्थापनाको शुरुवात देखि हाल सम्म जम्मा ५३ जना पीडित र २६ जना आश्रित बालबालिकाले प्रत्यक्ष सेवा पाएका छन। जसमध्ये ४४ जना पीडित र पीडितसंग आश्रित ११ जना बालबालिकालाई पारिवारीक पुन:स्थापना गरिएको छ भने १३ जना बालबालिकालाई संस्थागत स्याहारका लागि एस.ओ.एस. बालग्राम ईटहरीमा पठाइएको छ। अधिकांस पीडितहरुको परिवार, पारिवारीक विखण्डन भई आमा बुवा अलग रहेका विपन्न, न्यून शिक्षा र सचेतनाका कारण असल अभिभावकत्व दिन नसकेका किशोरावस्था उमेरका(Teen age) रहेका देखिन्छन । त्यस्तै संख्यात्मक रुपमा आदिवासी, जनजाति र दलित समुदायका पीडितको संख्या बढी रहेको छ ।

**लैंगिक हिंसाको अवस्था : तथ्याङ्कमा कोशी प्रदेश**

नेपाल प्रहरीको लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र (आ.व.२०८०/८१ को श्रावण देखि आषाढ मसान्त सम्म) को तथ्याङ्क हेर्दा समग्रमा जबरजस्तीकरणी मुद्दा २५०७ दर्ता भएका जसमध्ये ५१७, जबरजस्तीकरणी उद्योग ४६० मध्ये ११६, बाल यौन दुराचार ३६३ मध्ये ९१, बहुविवाह ६५३ मध्ये १२९, बहुविवाहका कारण कर्तव्य ज्यान मुद्दा ८१ मध्ये ३९, र यौनजन्य हिंसाका घटनाहरु ३४४१ मध्ये ७३६ घटनाहरु कोशी प्रदेशमा दर्ता भएको तथ्याङ्कले देखाउंछ । यसै तथ्यपत्र अनुसार यौनजन्य हिंसामा ११ देखि १४ वर्षका बालिकाहरु अधिक संख्यामा पीडित रहेको जसमा ७७७ जना बालिकाहरु मध्ये ७३६ जना कोशी

प्रदेशका बालिकाहरु यौनजन्य हिंसामा पीडित भएको देखिएको छ । बाल सुधार गृह विराटनगरको २०८२ जेठ महिना सम्मको तथ्याङ्कमा जम्मा २४४ जना पीडक बालकमा सतप्रतिशत यौनजन्य हिंसासंग सम्बन्धित रहेका छन् । यौनजन्य हिंसाका घटनाहरुमा ९१.९ प्रतिशत संलग्न अभियुक्तहरु चिनजान र ६४.६ प्रतिशत पीडित बालिका भएको साथै सबभन्दा बढी यौनजन्य हिंसा कोशी प्रदेशमा दर्ता भएको देखिन्छ । लैंङ्गिक हिंसाका घटनामा अधिकांस पीडित महिला र बालिका तथा अभियुक्त/पीडक पुरुष भएको र तुलनात्मक रुपमा पीडक तथा पीडित दुबै कम शैक्षिक योग्यता भएका वर्गहरु रहेका देखिन्छन ।

**अन्त्यमा**

सुरक्षा आवास गृहहरु (Safe House) लैंङ्गिक हिंसाबाट मुक्ति पाएका महिलाहरूको जीवनमा नयाँ सुरुवातको केन्द्र बनेका छन् । गृहहरू सुरक्षा आवास मात्र नभई पीडित महिलाका लागि जीवन पुनःनिर्माणको प्रयोगशाला पनि हो । सुरक्षित आवास गृह भनेको लैंगिक हिंसाबाट पीडित महिलाहरूका लागि अस्थायी रूपमा बसोबास गर्ने सुरक्षित स्थान हो, जहाँ उनीहरूलाई आवास मात्र होइन, परामर्श, स्वास्थ्य सेवा, कानुनी सल्लाह लगायतका एकिकृत सेवाहरु प्रदान गर्नुका साथै महिला सशक्तीकरण र सामाजिक न्यायका लागि समेत कार्यहरु गरिन्छन् ।

उल्लिखित तथ्याङ्क हेर्दा लैंङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा कोशी प्रदेशले हिंसा रोकथामका लागि योजनाबद्ध रुपमा रणनीति बनाई काम गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ । पीडितको संरक्षण र पुनःस्थापनाका लागि अल्पकालीन र दीर्घकालीन पुन:स्थापना गृहको आवश्यकता र महत्त्व अपरिहार्य रहेता पनि संगसंगै रोकथामका लागि अन्तरसम्बन्धित बिषय (Cross Cutting)को रुपमा संघ, प्रदेश र स्थानीय सरकारले साझा मुद्दा बनाउंदै गौरवको योजनाको रुपमा प्राथमिकतामा राखी काम गर्न सके नकारात्मक तथ्याङ्कमा सकारात्मक सुधार ल्याई हरेकका घर देखि समाज हुंदै राष्ट्रलाई नै हिंसा मुक्त राष्ट्र बनाउंन सकिन्छ ।

# कोशी प्रदेशमा सहकारीको अवस्था, समस्या र समाधानका उपायहरु



डा. डिल्ली पोखरेल *

**लेखसारः**

यस लेखमा नेपालको सहकारी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, संवैधानिक मान्यता, कोशी प्रदेशमा सहकारीको वर्तमान अवस्था, पछिल्लो समय देखिएका समस्याहरू र समाधानका उपायहरू समेटिएको छ। संविधान २०७२ बाट सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख स्तम्भको रूपमा मान्यता दिइएपछि सहकारी संस्थाको भूमिकामा व्यापक विस्तार भएको छ। कोशी प्रदेशमा करिब ४९०० भन्दा बढी सहकारी संस्था, २१ लाखभन्दा बढी सदस्य, १३ हजारभन्दा बढी प्रत्यक्ष रोजगारी तथा १५ खर्ब रुपैयाँभन्दा बढीको आर्थिक कारोबार रहेको उल्लेख गर्दै यसको प्रभावशाली उपस्थिति देखाइएको छ। तर पछिल्लो समयमा व्यवस्थापन कमजोरी, पारदर्शिता अभाव, सदस्यमा सहकारी ज्ञानको कमी, राजनीतिक हस्तक्षेप, नियामक निकायको कमजोरी लगायत आन्तरिक र बाह्य कारणहरूले सहकारी क्षेत्रमा समस्या देखापरेको छ। समाधानका लागि संस्थागत सुशासन, पारदर्शिता, प्रविधिको प्रयोग, दक्ष जनशक्ति, सदस्य शिक्षाको सुदृढीकरण, ऐनको प्रभावकारी कार्यान्वयन, सरकारी राहत कोषको व्यवस्था, र समन्वयकारी पहलकदमी आवश्यक रहेको सुझाव दिइएको छ।

**शब्दकुञ्जीः** सहकारी अभियान, तीन खम्बे नीति, कोशी प्रदेशको सहकारी अवस्था

* सहायक क्याम्पस प्रमुख, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर।

**१. विषय प्रवेश**

विश्वमा सहकारी संस्थाको औपचारिक स्थापना भएको झण्डै १ सय १० बर्ष पछि बि.सं. २०१० सालमा योजना विकासका लागि कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएर नेपालमा सहकारी अभियानले प्रवेश पाएको ईतिहास छ । औपचारिक रुपमा सहकारी संस्था भने बि.सं. २०१३ साल चैत्र २० गते स्थापना भएको थियो । चितवन जिल्लामा रहेको बखान ऋण सहकारी संस्थालाई नेपालको पहिलो सहकारी संस्थाको रुपमा लिने गरिन्छ ।

सहकारी अभियानको औपचारिक सुरुवात भएको झण्डै ६ दशक पछि मुलुकको सार्वभौम संस्था संबिधानसभा द्धारा नेपालमा ऐतिहासिक रुपले नेपालको संविधान २०७२ जारी भयो । नेपालमा संबैधानिक रुपले पहिलो पटक “सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुद्दढ गर्ने” परिकल्पना गरिएको छ । इतिहासमै पहिलो पटक संविधानले नै सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको आधार स्तम्भको रुपमा स्वीकार गर्दै तीन खम्बे आर्थिक नीतिलाई निर्देशक सिद्धान्तको रुपमा अंगिकार गरेको हो ।

नेपालको संविधान २०७२ को निर्देशक सिद्धान्त अन्तर्गतको धारा ५०(३) मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्धारा तीब्र आर्थिक वृद्धि हासिल गरिने कुरा उल्लेख छ । परम्परागत रुपमा चल्दै आएको सरकारी (सार्वजनिक) र नीजि क्षेत्रबाट मात्र मुलुकको समग्र बिकास सम्भव छैन भन्ने कुरा संविधान मार्फत नै राज्यले स्विकारेको अवस्था हो । यस्तो अवस्थामा सहकारीलाई सार्वजनिक र नीजि सरह मजबुत बनाउदै अगाडी बढ्न सके मात्र मुलुकको उन्नती र प्रगती हुन सक्दछ । जसका लागि सबैले हातेमालो गर्दै सहकारी क्षेत्रलाई पनि अन्य क्षेत्र जस्तो दरिलो बनाउनु पर्दछ । राज्यले नीतिगत र व्यवहारिक रुपले सहज वातावरण बनाईदिने, प्रोत्साहन गर्ने, संरक्षण गर्ने र प्रबर्धन गर्ने कुरामा कुनै कन्जुस्याई गर्नु हुदैन । सहकारी क्षेत्रले पनि प्राप्त यो अवसरलाई पूर्ण रुपले सदुपयोग गर्न सक्नु पर्दछ ।

**२. प्रदेशमा सहकारीको अवस्था**

कोशी प्रदेश आफैमा बिबिधताले भरीएको प्रदेश हो । भौगोलिक, साँस्कृतिक, भाषिक र जैविक बिबिधताले भरिपूर्ण प्रदेशको रुपमा यस प्रदेशलाई लिन सकिन्छ । चिनको स्वशासित क्षेत्र तिब्बत देखि भारतको वंगाल र विहार राज्यसम्म फैलिएको यस प्रदेश भित्र हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्र पर्दछन् । नेपालको प्रायः सबै जातिय, भाषिक र धार्मिक समुदायको बसोबास रहेको यस प्रदेशको जनसंख्या करिब ५० लाख रहेको छ । कृषि, पर्यटन, उर्जा, स्वास्थ्य, शिक्षा, उधोग, सेवा लगायतका क्षेत्रको व्यापक सम्भावना भएको यस प्रदेशलाई मुलुककै अग्रणी आर्थिक केन्द्रका रुपमा विकशीत गर्ने पर्याप्त सम्भावना र आधारहरु छन् । धार्मिक सहिष्णुता र सामाजिक एकता कोशी प्रदेशको विशेषता रहेको छ । सामूहिक व्यवशाय, सामूहिक कारोवार र एकता यस प्रदेशको अर्को विशेषता हो । सामूहिक भावनाबाट संचालित भएका यस प्रदेशका सहकारी संस्थाहरु र तीनमा आवद्ध सर्वसाधरणको संख्यालाई हेर्दा यसको पुष्टि हुन्छ भनी भन्न सकिन्छ । यस प्रदेशमा कूल जनसंख्याको झन्डै ४४ प्रतिशत मानिसहरु सहकारीका सदस्य रहेको तथ्यांक छ ।

बैधानिक व्यवस्था अनुसार सहकारी संघ/संस्थालाई तीनवटै तहका सरकारको नियमन क्षेत्राधिकार अन्तर्गत बाँडिएको छ । एकपालिका मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरु सम्बन्धित पालिकाको क्षेत्राधिकार अन्तर्गत, एक भन्दा बढि पालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरु प्रदेश अन्तर्गत र एक प्रदेश भन्दा बढि कार्यक्षेत्र भएका सहकारी संस्थाहरु संघिय सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने कानुनी व्यवस्था छ ।

कोरोना महामारी अघिसम्म सहकारी प्रतिको आकर्षण ब्यापक रुपमा वृद्धि भएको थियो । यद्धपी यो क्रममा अहिले सम्म पनि खासै ह्रास आएको पाईन्न । यसको ज्वलन्त उदाहरणका रुपमा कोशी प्रदेशका सहकारी संघ/संस्थाहरु र तिनका केहि तथ्यांकहरुलाई विश्लेषण गर्दा पनि ज्ञात हुन्छ । कोशी प्रदेश हिमाल, पहाड र तराई सम्म फैलिएको प्रदेश हो । यी प्रदेशमा पालिका र प्रदेश दुबैको

नियमन क्षेत्राधिकार भित्र गरी कूल ४,९१३ वटा सहकारी संघ/संस्थाहरु रहेका छन् । यी मध्ये १ हजार ६८ वटा सहकारी संघ/संस्था प्रदेश नियमन क्षेत्रमा र बाँकी स्थानिय पालिकाका नियमन क्षेत्राधिकार अन्तर्गत रहेका छन् । यी संस्थामा २१ लाख ७८ हजार ५ सय ३ जना शेयर सदस्यका रुपमा आवद्ध छन् । यो संख्या कोशी प्रदेशको कूल जनसंख्याको झन्डै ४४ प्रतिशत हो । यति धेरै संख्याका बासिन्दालाई सदस्यका रुपमा आवद्ध गर्न सक्नु आफैमा सहकारी क्षेत्र प्रति आम मानिसको आकर्षणको एउटा दरिलो उदाहरण हो ।

वित्तिय कारोबारका आधारमा पनि सहकारी क्षेत्रले एउटा उचाई प्राप्त गरेको तथ्यांक छ । कोशी प्रदेशमा मात्र पनि सहकारी क्षेत्रबाट झन्डै १५ खरब बराबरको कारोवार हुने गरेको छ । यस प्रदेशका लाखौं मानिसले सहकारीबाट झण्डै १२ खरब कर्जा लिएर आ फ्ना आवश्यकताहरुको पूर्ति गरिरहेका छन् । प्रदेशमा कूल सदस्य संख्याको ५३ प्रतिशत माथि महिला सदस्यको सहभागिता छ । सहकारी संघ/ संस्थाले १३ हजार ६ सय २० जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेकाछन भने थप हजारौले अप्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेकाछन् । झन्डै १ लाख मानिसहरु सहकारी संघ/संस्थाका संचालक, लेखा समिति र बिभिन्न उपसमितिमा रहि स्वयमसेवी रुपमा सामाजिक काममा क्रियाशिल छन् । प्रदेशमा बचत तथा ऋण, बहुउद्वेश्यीय, कृषि, दुग्ध, चिया, तरकारी, फलफुल, सुपारी उत्पादन, उपभोक्ता, संचार, शिक्षा, स्वास्थ्य समेत गरेर २३ प्रकृतिका सहकारी संघ/संस्थाहरु संचालित छन् ।

प्रदेशका सबै जिल्ला, जिल्लाका सबै पालिका अनि पालिकाका सबै वडा र गाउँहरुमा सहकारीको संजाल विस्तार भएको छ । ग्रामिण अर्थतन्त्रलाई माथि उठाउन, बचत गर्ने बानी बसाउन, सर्वसाधारणलाई मौद्रिक कारोवारमा जोड्न, सिमान्तकृत वर्गको चेतना अभिवृद्धि गर्न, महिला शसक्तिकरण गर्न र सामूहिक भावना जागृत गराई समाजमा सबैको अस्तित्व र आवश्यकता महसुस गराउन सहकारी क्षेत्रको भूमिका साच्चीकै गुणनीय छ ।

### ३) सहकारीमा समस्या देखिनुका कारण

पछिल्लो समयमा आएर सहकारी प्रति नकारात्मक धारणा वृद्धि भईरहेको देखिन्छ । कोभिड–१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण उब्जीएको समस्याको प्रभाव मुलुकका सबै क्षेत्रमा देखापरेको छ । खासगरीकन कोभिड महामारी पछि वित्तिय क्षेत्रमा देखापरेको तरलताको समस्याले सहकारी क्षेत्र बढी प्रभावित भयो । सहकारीले ब्यापक क्षेत्र ओगट्नु, ठूलो संख्यामा मानिसहरुको प्रत्यक्ष संलग्नता हुनु, न्यूनआय, कमजोर आर्थिक अवस्था र सिमान्तकृत वर्गका मानिसहरुको बढी संलग्नता हुनु जस्ता कारणले सहकारीमा देखापर्ने सानो पनि असहजताको प्रभाव र प्रचार ब्यापक हुनु स्वभाविक हो । समस्या सबै क्षेत्रमा छन तर सहकारी क्षेत्रको समस्याको प्रभाव ब्यापक देखिए झै लाग्दछ । अझ सहकारी समस्यामा राजनीतिक ब्याक्तिहरुको संलग्नताले त झन यसको प्रचार प्रसारमा ठूलै आँधिबेरी नै आएकोछ । सर्वसाधारणलाई सहकारी प्रति नकरात्मक धारणा बनाउन र सहकारीका बिरोधीहरुलाई आफ्नो आवाज बढाउन यस क्षेत्रमा राजनीतिक ब्याक्तिहरुको नाम जोडिनुले मलजल गरेको भन्न सकिन्छ ।

पछिल्लो समय सहकारीमा समस्या आउनुका केहि कारणहरु छन् । यस्ता कारणहरु केहि बाह्य छन् भने केहि आन्तरिक छन् । बाह्य कारणहरु समय क्रमसँगै आफै हराएर जान्छन र त्यसको प्रभाव अल्पकालिन हुन्छ तर आन्तरिक कारणलाई भने तत्काल निराकरण गर्न नसके दिर्घकालिन प्रभाव पर्दछ र संस्थागत जिवन नै समाप्त हुने खतरा हुन्छ । पछिल्लो समयमा सहकारी क्षेत्रमा देखापरेका समस्या मध्ये बलियो संस्थागत प्रणालीको अभाव प्रमुख रहेको छ । सहकारी संचालनका निश्चित ऐन, कानुन र नियमहरु छन । अन्तराष्ट्रिय स्तरमै सहकारी मूल्य, मान्यता र सिद्धान्तहरु प्रतिपादित भएका छन् । राष्ट्रिय स्तरमा पनि यसको संचालनलाई ऐन, कानुनले निर्देशित गरेकाछन् । तर तिनिहरुको ब्यवस्थित कार्यान्वयन हुन सक्यो की सकेन ? प्रश्न चिन्ह लाग्न थालेको छ । पछिल्लो समय समस्यामा परेका सहकारीहरुको अध्ययन गर्दा अधिकांश संस्थाका संचालकहरुको नियतमै खोट

देखिएकोछ । यस्ता संस्थाका अधिकांश संचालकहरुले जानी जानी संस्थामा बदमासी गरेको पाईएकोछ । अर्को समस्याको कारणमा संस्थाका सदस्यहरुमा सहकारी सम्वन्धि ज्ञानको कमी देखिन्छ । संस्था संचालनका क्रममा निश्चित रकम अनिवार्य रुपमा सहकारी शिक्षा तथा तालिमका लागि छुट्ट्याइएको हुन्छ तर उक्त रकमलाई सोही प्रयोजनमा खर्च गरेको देखिदैन । कुनै संघ/संगठन, संस्थालाई कुशलतापूर्वक संचालन गर्नका लागि मानवसंशाधनको महत्वपूर्ण भूमिका रहन्छ । अझ बर्तमान समयमा त प्रबिधि सहितको मानव संशाधनको नितान्त जरुरी पर्दछ । सहकारी क्षेत्रमा दक्ष जनशक्ति र प्रबिधिमैत्री कारोवारको समेत कमी देखिएको छ । समस्याग्रस्त सहकारी संस्थाहरुको अध्ययन गर्दा त्यस्ता संस्थाहरुको ब्यवस्थापकिय कमजोरी अर्को नकरात्मक पक्ष रहेको देखिन्छ । त्यसैगरी संस्थाका सम्पूर्ण कारोवारहरुमा पारदर्शिताको अभाव देखिन्छ । संस्थाका शेयर सदस्यहरु उक्त संस्थाका मालिक हुन । उनीहरुले संस्थाको सम्पूर्ण जानकारी चाहेका बखत प्राप्त गर्न सक्ने अधिकार राख्दछन् तर त्यसको अभाव देखिएकोछ । जसले गर्दा संचालकहरुलाई स्वच्छचारी रुपले संस्था चलाउनमा प्रोत्साहन मिलिरहेको छ । संस्था दर्ता गरीदिने नियामकिय निकायको निश्क्रियता पनि सहकारीमा समस्या देखा पर्नुको अर्को कारणमा पर्दछ । दर्ता गरीदिने तर त्यसको रेखदेख, अनुगमन, निरिक्षण र मार्गनिर्देश भने नगर्ने कारणले पनि सहकारी संस्थाहरुमा अलिक बढी स्वच्छचारीता आएको महशुस गर्न सकिन्छ ।

मूल कुरा सहकारीको आधारभूत मूल्य, मान्यता र सिद्धान्त कै बारेमा सर्वसाधारणमा ज्ञान पुर्‍याउन सकेको अवस्था छैन । सहकारी भनेको सदस्यमा केन्द्रित, समूदायमा आधारित र स्वनियमनमा संचालित स्वायत्त संस्था हुन भन्ने कुरा सदस्यलाई राम्ररी बुझाउन सक्दा मात्र पनि हालका अधिकांश समस्या समाधान भएर जान्छन् । सहकारीमा रहेका हरेक सदस्यले हरेक सदस्यलाई चिन्दछन् र उनीहरु नजिकबाट एकआपसमा परिचित हुन्छन् भन्ने सामान्य मान्यता लिईन्छ । यसरी नजिकका परिचित व्यक्तिहरु मध्येबाट संचालक समिति छानिन्छ र त्यही संचालक समितिले तिनै परिचित सदस्यहरुका लागि काम गर्दछन् । यसो हुँदा सदस्यले सहकारी प्रति विश्वास नगर्नु पर्ने र संचालकले सदस्यमाथि विश्वासघात गर्ने भन्ने कुरा सहकारीमा कल्पना पनि गर्न सकिन्न । तर यो आधारभूत मान्यतालाई कुल्चिएर मेची देखि महाकाली सम्म कार्यक्षेत्र बनाउने, दर्जनौ शाखा, प्रशाखा, काउन्टर र कलेक्शन केन्द्र बनाउने, नाममात्रका हजारौं सदस्य बनाउने, अनियन्त्रित कारोवार गरेर ठूलो पल्टने होड नेपालमा पछिल्लो समय चल्दै आएकोछ । सदस्यलाई संस्थाको संचालक समितिको अध्यक्षका बारेमा प्रहरीबाट पक्राउ परेपछि मात्र थाहा पाउने जस्तो अवस्था अहिले देखिएको छ । आफू र आफ्ना मात्र कर्जा प्रवाह गर्ने, आफै उपभोग गर्ने, आफैले व्यवशाय संचालन गर्ने, अनुत्पादक क्षेत्रमा लगानी गर्ने, सहकारीको लिमिटेड शब्दलाई प्रा लि. का रुपमा प्रयोग गरी गैर सहकारी क्रियाकलाप गर्ने सहकारी संस्थामा अहिलेको समस्या बढी आएको पाईन्छ । तिनै गलत नियतबाट संचालित सहकारी संस्थामा आएको समस्याबाट प्रभावित भएर राम्रा भए पनि समस्यामा परेका अरु केहि सहकारी संस्थाहरु पनि छन् । नियतबस गलत गर्नेलाई दण्डीत गर्ने र प्रभावितहरुलाई संरक्षण गर्ने तर्फ राज्यको ध्यान जानु आवश्यक देखिन्छ ।

**४) समाधानका उपाय**

सहकारीमा देखापरेका यस्ता समस्याहरुलाई क्रमशः न्यूनीकरण गर्दै जानुपर्दछ । सहकारी संस्थाहरु स्वनियमनमा संचालन हुने संस्था हुन भन्ने आम मान्यता छ तर त्यसका लागि स्वयम सहकारी क्षेत्र संवेदनशिल र जिम्मेवार हुनु पर्दछ । आर्थिक पारदर्शितालाई संस्था स्वयमले सुनिश्चितता गर्न सक्नुपर्दछ । यसो नहुँदा सम्म सशक्त निगरानी र नियमनको आवश्यक्ता पर्दछ । पछिल्लो समयका घटनाक्रमले यसको आवश्यक्तालाई उजागर गरिरहेको देखिन्छ । सहकारी संस्थाहरुमा सिपयुक्त नेतृत्वको आवश्यक्ता महसुस भएकोछ । पेशागत दक्षता र उतरदायित्वमा आधारित नियुक्ती तथा चयन प्रणालीको आवश्यक्ता देखिएकोछ । सहकारी क्षेत्रलाई राजनीतिकरण हुनवाट बचाउनु अर्को चुनौती रहेकोछ । त्यसैगरी सहकारी संस्थाका सदस्यलाई जागरुक बनाउनु पर्दछ । सदस्य स्वयम सहकारी प्रति सचेत र जागरुक भएमा अधिकांश सहकारीका समस्या समाधान भएर जान्छन ।

सदस्यहरुलाई सहकारीको उद्देश्य, कार्यविधि, अधिकार र दायित्वका बारेमा शिक्षित बनाउनु पर्दछ । सदस्यहरुको सहभागिता, निगरानी र जवाफदेहिताले सहकारी क्षेत्रको समस्या समाधानमा ठूलो सहयोग पुग्दछ । सहकारी संस्थाहरु अव परम्परागत रुपले मात्र संचालन हुन सक्दैनन् । समय अनुकुल आफुलाई परिस्कृत गर्दै नयां प्रविधि र ज्ञानका साथ संचालन गर्नुपर्दछ । समय अनुकूलको जनशक्ति ब्यवस्थापन र प्रविधिलाई आत्मसाथ गर्नुपर्दछ । सहकारी ऐनमा भएका कतिपय प्रावधानहरुको कार्यन्वयनमा गरिएको ढिलाई पनि सहकारी समस्याको एउटा कडी बनेको छ । अतः ऐनमा भएका कर्जा सूचना केन्द्रको स्थापना, कालो सूचिको व्यवस्था, कर्जा सुरक्षण कोषको व्यवस्था, स्थिरीकरण कोष आदि तत्काल कार्यान्वयन गर्ने र समयानुकूल ऐनलाई संशोधन गर्न तर्फ राज्य लाग्नुपर्दछ । समस्यामा परेका सहकारी संस्था र तीनका सदस्यलाई तत्काल राहत र व्यवस्थापनका लागि सरकारले रिभल्भीङ कोष संचालन गर्ने गरी केहि रकम बिनियोजन गरिदिनु पर्दछ । जसबाट त्यस्ता संस्था र सदस्यलाई राहत पुग्नुका साथै सर्व साधारण बिचमा सहकारीको साख बढ्दछ । यसका अतिरिक्त आन्तरिक ब्यवस्थापन, संस्था संचालनको ब्यवस्थित योजना, नीति, बिधी र प्रबिधिको कार्यान्वयन तथा प्रयोगले पनि सहकारीका समस्याको समाधानका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

दीर्घकालिन रुपले समस्या समाधानका लागि संस्था एक्लैको प्रयास मात्र पनि पर्याप्त हुदैन । राज्य, सहकारी अभियान र सरोकारवाला सबै पक्ष एकाकार भएर समस्या समाधान तर्फ लाग्नु आवश्यक छ । सदस्यहरु संगको सामिप्यता र उनीहरुको विश्वास आर्जन आजको प्रमुख आवश्यकता हो । आत्म सहयोग, जवाफदेहिता, लोकतान्त्रिक व्यवस्थापन, समानता, न्याय र ऐक्यवद्धता कायम गर्न सके सहकारीका अधिकांश समस्याहरु समाधान भएर जानेछन् ।

# सङ्घीयताको सन्दर्भमा सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको अन्तरसम्बन्ध र देखिएका कमजोरीहरु



✍ धोलक राज ढकाल *

**लेखसारः**

नेपालको एकात्मक राज्य संरचनामा रुपान्तरण भई सङ्घीय संरचनामा रुपान्तरण भएको समेत करीब एक दशक पुरा भएको छ । शासकीय स्वरुप संघीयतामा रुपान्तरण भएसँगै सरकारका तीनवटा तहहरुले आपसी समन्वय, सहकार्य र सहअस्तित्व-को भावना अनुरुप समन्वय गर्नुपर्ने विषयहरु नेपालको संविधानमा नै उल्लेखित छ । संघीयताको भावना अनुरुप तीनै तहका सरकारहरु आ-आफ्नो क्षेत्रमा सक्रिय देखिएका छन् । तीन तहको शासन सञ्चालनका लागि आवश्यक प्रशासनिक संरचना र दरबन्दीहरुको समेत व्यवस्थापन गरिएको छ । तीन तहबीचको अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन संविधान लगायतका कानूनहरुमा समन्वयकारी राजनैतिक तथा प्रशासनिक संयन्त्रको व्यवस्था गरिएको छ । समन्वयकारी संयन्त्रको भूमिका तथा कार्यहरु अपेक्षित रुपमा प्रभावकारी नहुँदा संघीयताले अपेक्षित गति लिन सकेको देखिँदैन । यसका अतिरिक्त संघीयता अनुरुपको सोच, मनोवृति र भावनाको विकास उच्च नेतृत्व एवम् प्रशासकहरुमा भएको छैन । तीन तहका सरकारहरु समेत संघीयताको मर्म र भावना अनुरुप एकअर्काका परिपूरक एवम् सहयोगी हुनुपर्नेमा प्रतिस्पर्धीजस्तो देखिएका छन् । संघीय सरकारमा रहनेहरुको सोच अत्यधिक केन्द्रीकृत प्रकृतिको देखिन्छ भने प्रदेश तथा स्थानीय सरकारहरुमा अत्यधिक स्वायत्तता खोज्ने प्रवृत्ति देखिएको छ । तीन तहको अधिकारका सम्बन्धमा देखिएका अस्पष्टता हटाई सरकारका तहहरुलाई एक अर्काको परिपूरकको रुपमा विकास गर्नु आवश्यक देखिन्छ ।

**शब्दकुञ्जीः** सङ्घीयता, अन्तरसम्बन्ध, स्वायत्तता, समन्वयकारी संयन्त्र

* प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश

## १. पृष्ठभूमि :

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यको शक्ति, स्रोत साधन र जिम्मेवारी, अधिकारको बाँडफाँट गरेसँगै नेपालको साबिकको एकात्मक राज्य संरचनामा रुपान्तरण भई संघीय लोकतान्त्रिक व्यवस्थाको अभ्यास प्रारम्भ भएको अवस्था छ । संविधानले धारा ५७ मा राज्यशक्तिको विभाजन गर्नुका अतिरिक्त विभिन्न अनुसूचीमा सङ्घ, प्रदेश तथा स्थानीय तहका एकल एवं साझा अधिकारहरुको व्यवस्था गरेको छ । संविधान बमोजिम सिर्जित संघीय इकाइहरू एकल अधिकारको प्रयोगमा स्वायत्त रहेका छन् भने साझा अधिकारको प्रयोग एवम् अभ्यास तीन तहबीचको समन्वय र सहकार्यका आधारमा हुने व्यवस्थाको सुनिश्चितता गरिएको छ ।

नेपाललाई सङ्घीय राज्यको रुपमा रुपान्तरण गरिएको करीब एक दशक पुगेको छ । सङ्घीयता कार्यान्वयनकै क्रममा यस अवधिमा प्रदेश र स्थानीय तह सक्रिय भएका छन् । केन्द्रिकृत राज्यसंरचनाहरु क्रमश: तल्लो तहमा विकेन्द्रीत हुँदै आएका छन् । सेवा प्रवाहका केन्द्र एवम् एकाईहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका छन् । प्रशासनिक संघीयताको महत्त्वपूर्ण पाटोको रुपमा रहेको कर्मचारी व्यवस्थापनका सन्दर्भमा साविकमा नेपाल सरकारको तर्फबाट नियुक्ति भएका कर्मचारीहरुलाई विभिन्न आधार एवं मापदण्डका आधारमा स्थानीय तह र प्रदेश तहमा समायोजन गरिएको छ । संवैधानिक अधिकारसूची बमोजिम प्रदेश तथा स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्भेक्षण भई प्रादेशिक मन्त्रालयको संख्या, संरचना र मातहतका निकायको संगठन संरचना समेत तय भएको छ । यसका अतिरिक्त प्रदेशस्तरमा लोक सेवा आयोगको गठन भई प्रदेश तथा स्थानीय तहका रिक्त दरबन्दीहरु प्रदेश लोक सेवा आयोगको तर्फबाट पूर्ति हुँदै आएको छ । यसरी सङ्घीयताको कार्यान्वयनसंगै केन्द्रदेखि स्थानीय तहसम्मका निकाय एवम् संरचनामा लोकतान्त्रिकीकरण भएको छ । साबिकको केन्द्रीकृत वित्तीय स्रोत र साधन संवैधानिक रूपमा नै विकेन्द्रित भएको छ। राज्यका संरचनाहरूमा सबै वर्ग, लिङ्ग, समुदाय र सम्प्रदायका मानिसहरुको सहभागिता एवम् समावेशीता वृद्धि भएको छ । सार्वभौमसत्ता र राजकीयसत्ता नागरिकमा हुने संवैधानिक संकल्प लाई संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेको छ। नागरिकबाट निर्वाचित जनप्रतिनिधिले शासकीय अधिकारको अभ्यास एवम् प्रयोग गरेका छन् ।

उल्लेखित विभिन्न अभ्यासहरु गरिएको भएतापनि सङ्घीयता कार्यान्वयनको सन्दर्भमा प्रशासनिक जटिलताहरु अझै विद्यमान छन् । सरकारका नीति वा व्यवस्था राम्रो हुँदैमा मात्र सबै असल हुने हैनन् । यसका लागि सुदृढ प्रशासनिक संयन्त्र र प्रभावकारी कार्यान्वयन पक्ष हुनु जरुरी छ । एकात्मक राज्यबाट सङ्घात्मक राज्यमा रुपान्तरण भएको दक्षिण अफ्रिकाले प्रशासनिक सङ्घीयताको सन्दर्भमा सहकारीतामूलक सुशासनको अभ्यास गरेको पाइन्छ । यसका अतिरिक्त गैर पदसोपानमूलक अन्तरसकारी सम्बन्धमा जोड दिएको कारण दक्षिण अफ्रिकाको अभ्यास सफल भएको भन्ने गरिन्छ । नेपालको सन्दर्भमा हेर्दा स्थानीय तहमा साबिकदेखि कार्यरत कर्मचारीहरु, समायोजन भई आएका कर्मचारीहरु र अन्य विभिन्न सेवाका कर्मचारीहरुबीच विभेदको अवस्था देखिएको छ । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहका लागि निर्धारण गरेको दरबन्दी समेत संवैधानिक अधिकारसूची भन्दा पनि केन्द्रमुखी नै भएको आरोप लाग्ने गरेको छ । संवैधानिक कार्यजिम्मेवारी, अधिकारसूची, प्रदेश तथा स्थानीय तहको आवश्यकता र औचित्य विश्लेषण गरी दरबन्दी यकिन तथा समायोजन गर्नुपर्नेमा केन्द्रीय निकायमा नै कर्मचारी थुप्रिने एवम् प्रदेश तथा स्थानीय तहमा कर्मचारी अभाव हुने गरेको देखिन्छ । प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका सन्दर्भमा मार्गदर्शन गर्ने ऐनको रुपमा रहेको सङ्घीय निजामती सेवा ऐन रहेकोमा सो ऐन पनि नआउँदा प्रदेश तथा स्थानीय तहको कर्मचारी व्यवस्थापनको सन्दर्भमा प्रदेशले नै छुट्टै ऐन तर्जुमा गरेको छ । प्रदेशले तर्जुमा गरेका यस प्रकारका ऐनहरुमा समेत एकरुपता र सामञ्जस्यता नदेखिई विविधता र फरकपना देखिन्छ । प्रदेश तथा स्थानीय तहको प्रमुख को रहने भन्ने विषयमा समेत तीन तहका कर्मचारीहरुबीच विभेद देखिएको छ । प्रदेश प्रहरी प्रशासन र शान्ती सुरक्षाको अधिकार संविधान

बमोजिम प्रदेशको अधिकारक्षेत्रभित्रको विषय भएको भएतापनि प्रहरी समायोजनको कार्य अघि बढ्न नसक्दा समेत प्रशासनिक सङ्घीयताको विषयले सार्थकता पाउन सकेको देखिँदैन ।

२. **सङ्घीयताका पक्षहरु :**

सङ्घीयताको सफल कार्यान्वयनका लागि यसका विभिन्न तहगत सरकारहरुबीच समन्वय, सहकारिता र अन्तरसम्बन्ध हुन जरुरी छ । सरकारका तीनै तहबीचको मजबुत समन्वय र अन्तरसम्बन्धले प्रशासनिक सङ्घीयताको स्थायित्व र विकासलाई जोड दिएको हुन्छ । मुलुकले अवलम्बन गरेको सङ्घीयताको मोडलले नै प्रशासनिक सङ्घीयताका आधारभूत पक्षहरु निर्धारण गरेको हुन्छ । नेपालले अवलम्बन गरेको सङ्घीयता सहकारितामूलक सङ्घीयता रहेको कारण संविधान लगायतका अन्य सम्बद्ध कानूनमा रहेका एवम् यसले समेट्ने आधारभूत पक्षहरु निम्न अनुसार उल्लेख गरिएको छ ।

**क. सहकारीमूलक सम्बन्ध:**

नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुनेछ भनी गरेको व्याख्या, संविधानको अनुसूचीमा रहेका सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको व्यवस्था र यिनै आधारमा बनेका कानून र गरिएका अभ्यास हेर्दा नेपालले तीन तहको सरकारबीच सहकारीमूलक सम्बन्धको अपेक्षा गरेको देखिन्छ। यसका अतिरिक्त संविधानकै धारा ५० को उपधारा १ मा "परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्ने उल्लेख गरिएको छ । राज्यका नीतिहरू अन्तर्गत राजनैतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिको खण्ड (६) मा सङ्घीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने विषय उल्लेख भएको छ । यि सबै संवैधानिक व्यवस्था समेतले नेपालमा सहकारीमूलक संघीयता रहेको विषयको थप पुष्टि गर्दछ ।

**ख. सहयोगात्मक प्रशासनिक व्यवस्थापनः**

संघीय शासन प्रणालीमा प्रशासनिक व्यवस्थापनको पक्ष अत्यन्त जटिल हुने गर्दछ । नेपालका तीनै तहका सरकारलाई संविधानले कुनै न कुनै हिसाबले स्वायत्तता प्रदान गरेको छ । यद्यपि संवैधानिक प्रावधान अनुरुप सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसरण गर्न तीनै तहको समान अस्तित्व र सहभागिता जरुरी छ । कुनै एक तहको प्रशासनिक संरचना, कर्मचारी व्यवस्थापन, र सेवा प्रवाहमा तीनै तहको आपसी समझदारी एवं समन्वय हुन आवश्यक छ । अझ सरल रुपमा भन्नुपर्दा प्रत्येक तहले नागरिकहरुको सुख सुविधा र समुन्नतिका लागि आवश्यक कार्य गर्नुका साथै आपसी कार्यहरुमा एकरुपता र सामञ्जस्यता कायम गराउन जरुरी छ । कर्मचारी पदपूर्तिको सन्दर्भमा लोक सेवा आयोगको सिफारिसका आधारमा मात्र हुने व्यवस्था छ । संघीय लोक सेवा आयोगले अवलम्बन गरेको सिद्धान्त एवम् मापदण्ड प्रदेश लोक सेवा आयोगले पालना कानूनी व्यवस्था छ। सरकारी सेवा सञ्चालनको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सङ्घीय कानून बमोजिम हुने भन्ने उल्लेख गरेको छ । यसका अतिरिक्त कर्मचारी समायोजन ऐन, २०७५ को दफा १० र ११ ले प्रदेश प्रमुख सचिव र सचिव एवम् स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत नेपाल सरकारले खटाउने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐनको दफा ८८ ले स्थानीय तहका कर्मचारीहरुको शुरु तलब स्कले प्रदेश सरकारले तोके बमोजिम हुने र दफा ८९ मा स्थानीय तह र प्रदेशले माग गरेमा सङ्घीय सरकारले आवश्यक कर्मचारी खटाउनुपर्ने व्यवस्था छ ।

**ग. कानूनी सामञ्जस्यता, समन्वय र सहकार्य:**

यसैले संविधानबमोजिम तीनै तहले प्रशासनिक व्यवस्थापनका सन्दर्भमा कानून बनाउँदा कानूनहरुबीच एकरुपता एवं

सामञ्जस्यता हुन जरुरी छ । यसका अतिरिक्त तीनै तहले एक अर्को तहको कानून, प्रशासकीय आदेश वा निर्णयको सम्बन्धमा र सो को कार्यान्वयनको सन्दर्भमा आवश्यक सहयोग एवं समन्वय गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका अतिरिक्त संघले तीनवटै तहमा लागु हुने गरी कानून बनाउन सक्ने, प्रदेशले कानुन बनाउँदा सङ्घीय कानूनभन्दा विपरित हुने गरी कानून बनाउन नसकिने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहले समेत कानून बनाउँदा प्रदेश तथा सङ्घीय कानून विपरित हुने गरी बनाउन नसकिने व्यवस्था छ ।

### ३. सङ्घ प्रदेश तथा स्थानीय तहको अन्तरसम्बन्धका सिद्धान्तहरु :

संघ, प्रदेश तथा स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सम्बन्धमा कुनै एउटै, साझा र सर्वस्वीकार्य सिद्धान्तहरु छैनन् । यसलाई विभिन्न राष्ट्रहरुले आफ्नो आवश्यकता, शासकीय अवस्था, सङ्घीयताको स्वरुप र राजनैतिक प्रणाली अनुसार फरक फरक हिसाबले अवलम्बन गरेका हुन्छन् । नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश तथा स्थानीय तहबीचको अन्तरसम्बन्ध सहअस्तित्व, समन्वय र सहकारिताको सिद्धान्तका आधारमा हुने उल्लेख गरेको छ । यस्ता संघीय शासन प्रणालीको सुसङ्गत कार्यान्वयन सुनिश्चित गर्नुका साथै तीन तहको अधिकार, कर्तव्य, तथा स्रोतहरूको बाँडफाँडलाई सन्तुलित र प्रभावकारी बनाउने प्रयास गर्छन् । सङ्घ, प्रदेश तथा स्थानीय तहको अन्तरसम्बन्धका सिद्धान्तहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।

#### क. सहकारिताको सिद्धान्त

संघ, प्रदेश तथा स्थानीय तहको अधिकारक्षेत्र राज्यको मूल कानूनबाट परिभाषित भएको हुन्छ । संविधानले यिनको एकल तथा साझा अधिकारको सूची समेत तोकेको हुन्छ । संविधानले निर्धारण गरेका यस प्रकारका साझा अधिकारहरुको प्रचलन एवम् कार्यान्वयनका लागि तहगत सरकारहरुबीच आपसी सहयोग र सहकार्य गर्ने अवधारणालाई प्राथमिकता दिइन्छ । यि सरकारहरु कानूनत: फरक अस्तित्व भएका स्वायत्त सरकार भएको भएतापनि अधिकारक्षेत्रको प्रयोगमा एकल ढंगले अगाडी बढ्न सक्ने अवस्था देखिँदैन ।

#### ख. समन्वयको सिद्धान्त

समन्वयको सिद्धान्तले सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य हुनुपर्ने र सहकार्य गर्न सकिने प्रणाली स्थापित गर्नुपर्न विषयलाई जोड दिन्छ । नेपालको संविधानले समेत अनुसूचीमा उल्लेखित साझा अधिकारको प्रयोगको सम्बन्धमा अन्तरतह समन्वय गर्नुपर्ने विषयलाई अंगिकार गरेको छ । यसका अतिरिक्त तीन तहहरुबीच, अधिकारको प्रयोग, अधिकारक्षेत्र, र अन्य विषयमा विवाद उत्पन्न भएमा समाधानका लागि समन्वयको सिद्धान्तकै प्रयोग गरी विवाद समाधान गर्नुपर्ने विषयलाई प्राथमिकता दिएको छ ।

#### ग. सहअस्तित्वको सिद्धान्त :

नेपालको संविधानले समेत अंगिकार गरेको तीन तहबीचको अन्तरसम्बन्धको आधार मध्ये अर्को आधार सहअस्तित्वको हो । अन्तरसम्बन्धको यस सिद्धान्तले सङ्घ, प्रदेश र स्थानीय तहले अर्को तहको अस्तित्वलाई स्वीकार गर्नुका साथै समान महत्त्व दिनुपर्ने विषयलाई स्वीकार गर्दछ । यसका अतिरिक्त तीनवटै तहहरु संवैधानिक परिधिभित्र रही स्वतन्त्र रुपले आफ्नो अधिकार उपयोग गर्न पाउने दिई संविधानले निर्दिष्ट गरेको सीमाभित्र गरेको परिधिभित्र रहेर आफ्नो अधिकारको प्रयोग गर्न स्वतन्त्र हुने विषयलाई जनाउँछ । सबै तहले एक अर्का तहको समानता स्वीकार गरी एकले अर्कालाई सोहीअनुरूपको व्यवहार गर्नु सहअस्तित्वको मर्म हो ।

#### घ. सम्पूरकताको सिद्धान्त

जनताको नजिक रहेका, जनताको आवश्यकता एवम् प्राथमकिताबारे पर्याप्त ज्ञान भएका यो सिद्धान्तले भन्छ कि कुनै पनि कार्य वा सेवा त्यो तहले नै गर्नु पर्छ जुन जनतासम्म सबैभन्दा नजिकको छ र जहाँबाट प्रभावकारी रुपमा सेवा प्रदान

गर्न सकिन्छ त्यसै तहलाई बढी अधिकारसम्पन्न बनाइनुपर्दछ भन्ने विषय यस सिद्धान्तले जोड दिन्छ । नेपालको संविधानले समेत प्रदेश तथा स्थानीय तहहरु नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने तह भएकोले यस्ता तहको अधिकारलाई नै बढी प्राथमिकता दिएको छ ।

**ङ. सञ्जालिकरणको सिद्धान्त**

संघीयतामा तीन तहका सरकारहरुबीच परस्पर सहयोग, समन्वय र परामर्शको आवश्यक हुन्छ । संविधानले यि तहहरुलाई केही स्वायत्तता दिएको भएतापनि सबै तहहरू एकअर्काप्रति निर्भर छन् । कानूनको निर्माण गर्नेदेखि सेवा प्रवाहसम्मका विविध गतिविधिमा तीनै तहका सरकारहरुबीच सम्बन्ध रहेको छ । प्रशासनिक व्यवस्थापन, कर्मचारी खटनपटनसम्मका सबै विषयमा प्रदेशहरुबीच अन्तरनिर्भरता देखिन्छ ।

**च. स्पष्ट अधिकार विभाजनको सिद्धान्त**

तीन तहका सरकारहरुले गर्ने कार्य, उनिहरुको कार्यक्षेत्र र उपभोग गर्न पाउने अधिकारक्षेत्रको विषय संविधानमा स्पष्ट रूपमा छुट्याइएका हुन्छन् । कुनै एउटा तहको सरकारको अधिकारक्षेत्रभित्र अर्को तहको सरकारको प्रवेशलाई अनाधिकृत मानिएको छ । यद्यपि अवशिष्ट अधिकार संघमा नै रहेको हुन्छ । नेपालको सन्दर्भमा समेत संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकारको उल्लेख गरिएको छ ।

**छ. समता र न्यायसंगतताको सिद्धान्त**

अन्तरसम्बन्धको यस सिद्धान्तले तीन तहका सरकारहरुबीच स्रोत र सेवा वितरण समता र न्यायका आधारमा गर्नुपर्छ भन्ने विषयको वकालत गर्दछ । स्रोत साधनका हिसाबले सक्षम तह र भर्खरै बामे सर्दै गरेको तहबीच स्रोतको विनियोजन, बाडफाँट र प्रवाहमा फरकपना वा विभेद देखिन जरुरी छ । यसका अतिरिक्त राष्ट्र विकासका सन्दर्भमा सन्तुलित विकासको अवधरणाको पक्षपोषण गर्दै दुर्गम तथा पछाडि परेका क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्ने विषयमा जोड दिन्छ ।

**ज. आत्मनिर्णय तथा स्वशासनको सिद्धान्त**

संघीयता आफैमा स्वनिर्णय वा आत्मनिर्णयको साधन हो । तर राष्ट्रिय हितका विषयहरूमा बाहेक अन्य विषयमा प्रदेश र स्थानीय तहलाई स्वशासनको अधिकार दिईएको हुन्छ । संविधानबमोजिमका एकल अधिकारको विषयमा तीनवटै तहका सरकारहरु आत्मनिर्णय एवम् स्वशासनका लागि स्वतन्त्र छन् । तर साझा अधिकारको कार्यान्वयनका विषयमा सरकारहरुबीच साझेदारी एवम् सहकार्य जरुरी हुन्छ ।

## ४. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध

**क. कार्यपालिकीय अन्तरसम्बन्ध :**

- राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रदेश सभा सदस्य तथा स्थानीय तहका प्रमुख र उपप्रमुख सदस्य हुने व्यवस्था छ ।
- संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न हुनसक्ने राजनीतिक विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश समन्वय परिषद, स्थानीय तहहरूबीच समन्वय कायम गर्न मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद,
- संघले प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग र निर्देशन दिन सक्ने,
- राष्ट्रपतिले प्रदेश मन्त्रिपरिषद लाई सचेत गराउन र मन्त्रिपरिषद वा प्रदेशसभालाई ६ महिनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्ने,
- प्रदेशसभाको बहुमतबाट स्वीकृत भएमा मात्र प्रदेश सीमा हेरफेर तथा प्रदेशको एकल अधिकारको संशोधन

गर्न सकिने ।

- एक तहले अर्को तहगत सरकारको कार्य स्वायत्तता र अधिकारक्षेत्रको पालनामा बाधा नगर्ने, साथै एकले अर्को सरकारको कानूनी व्यवस्था, न्यायिक एवम् प्रशासनिक निर्णय र आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने ।

**ख. विधायिकी अन्तरसम्बन्ध**

- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने ।
- नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुनेगरी संघीय कानून बनाउन सकिने,
- साझा अधिकारको विषयमा पनि तीनै तहले कानून बनाउन सक्ने, तर स्थानीय तहले बनाएको कानून प्रदेश तथा
- संघीय कानूनसँग र प्रदेशले बनाएको कानून संघीय कानूनसंग बाझिन नहुने, बाझिएमा सो हदसम्म बदर हुने ।
- प्रदेशले कानून बनाउन संघीय सरकारसँग अनुरोध गर्न सक्ने । यसरी अनुरोध भई आएमा संघले सम्बन्धित प्रदेशको हकमा मात्र लागु हुने गरी कानून बनाउन सक्ने ।
- प्रदेश विघटन भएको अवस्थामा संघले प्रादेशिक कानून बनाउन सक्ने ।
- प्रदेश तथा स्थानीय तहको कार्यसञ्चालनमा सहजीकरण गर्न संघले नमूना कानून बनाई उपलब्ध गराउन सक्ने ।

**ग. न्यायिक अन्तरसम्बन्ध**

- सर्वोच्च अदालतले सबै न्यायिक निकायको निरीक्षण, सुपरिवेक्षण र आवश्यक निर्देशन गर्न सक्ने।
- संघ, प्रदेश तथा स्थानीय तहको अधिकारक्षेत्रसम्बन्धी विवाद निरुपण सर्वोच्च अदालतको संवैधानिक इजलासबाट हुने ।
- आफ्नो अधिकारक्षेत्रभित्रका विवाद निरुपण गर्न स्थानीय तहमा न्यायिक समिति रहने र न्यायिक समितिले गरेका निर्णयउपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ ।

**घ. प्रशासनिक अन्तरसम्बन्ध**

- प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने।
- नेपाल सरकारले सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा कानुनबमोजिम समायोजन गर्ने ।
- प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको मापदण्ड बनाउँदा सङ्घीय संसदले मापदण्ड र आधार बनाउने ।
- कुनै एक प्रकारको सङ्घीय निजामती सेवाको पदबाट अर्को प्रकारको सङ्घीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट सङ्घीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट सङ्घीय निजामती सेवाको पदमा वा सङ्घीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा लोक सेवा आयोगको परामर्शमा गर्नुपर्ने ।
- नेपालको संविधानमा राज्यको राजनीतिक तथा शासकीय नीतिमा सङ्घीय एकाइबिच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर सहयोगात्मक सम्बन्ध विकास र विस्तार गर्ने उल्लेख भएको ।

**ङ. वित्तीय अन्तरसम्बन्ध**

- सङ्घ, प्रदेश र स्थानीय तहले बजेट बनाउने पेस गर्ने समय सङ्घीय कानुनले निर्धारण गरेको ।
- तीनवटै तह आर्थिक अधिकार अन्तर्गत कर लगाउन र उठाउन स्वतन्त्र छन् । साझा अधिकार अन्तर्गतका अधिकारको प्रचलनका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने ।
- प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था ।
- अन्तरसरकार वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने ।
- खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा संघले प्रदेश र स्थानीय तहलाई एवम् प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्छ ।
- नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने ससर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरणसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने।
- नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा अन्तरसरकारी वित्त परिषद्को व्यवस्था रहेको ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाडँफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्दछ। सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्ने ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबिच र प्रदेश तथा स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने ।
- नेपाल सरकारले सङ्घीय कानुनबमोजिम पर्वतारोहण, विद्युत, वन, खानी, खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्छ। सोको बाँडफाँट गर्दा नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत हुने।

**५. अन्तरसम्बन्धका संरचना**

संघीय शासन व्यवस्था नेपालमा एउटा नौलो अभ्यास एवं शासकीय प्रयास हो । तीन तहबीच प्रभावकारी सम्बन्ध, समन्वय एवम् अन्तरक्रिया हुन सकेन भने संघीयताको लक्ष्य र नागरिकको आवश्यकता सम्बोधन भन्दा पनि राष्ट्रको अस्तित्व नै खतरामा पर्न सक्ने अवस्था देखिन्छ । बहुआयमिक एवम् जटिल प्रकृतिको अन्तरसरकारी सम्बन्ध व्यवस्थापन गर्ने कार्यका लागि विशिष्ट प्रकृति अनुसारका संयन्त्रहरू आवश्यक पर्दछन्। उदाहरणका लागि राजनीतिक रूप भएका समस्याहरूको सम्बोधनका लागि राजनीतिक प्रकृतिको संयन्त्र आवश्यक पर्दछ भने अन्य प्रकृतिका विषयमा सोही प्रकृति अनुसारको संयन्त्र आवश्यक पर्दछ । संघ प्रदेश तथा स्थानीय तहबीचको सम्बन्ध, समन्वय एवम् अन्तरक्रिया गर्ने प्रयोजनका लागि नेपालको संविधान तथा अन्य सम्बद्ध कानूनहरुमा रहेका अन्तरसम्बन्ध कायम गर्ने संरचनाहरुको विवरण विभिन्न संयन्त्रहरुको व्यवस्था गरेको छ । जसलाई

निम्न अनुसार उल्लेख गरिएको छ :

**क. अन्तरप्रदेश परिषद्**

संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न हुने राजनीतिक विवाद समाधान गर्ने उद्देश्यका नेपालको संविधानको धारा २३४ मा प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद् रहने व्यवस्था छ । समितिमा प्रधानमन्त्रीका अतिरिक्त नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशका मुख्यमन्त्री रहन्छन् ।

**ख. अन्तरसरकारी वित्त परिषद्**

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तरसकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारको अर्थमन्त्रीको संयोजकत्वमा अन्तरसरकारी वित्त परिषद् रहने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ मा गरिएको छ ।

**ग. राष्ट्रिय समन्वय परिषद्**

संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा तीनवटै तहका सरकारका प्रतिनिधिहरु सम्मिलित वृहत संरचनाको रुपमा संघ प्रदेश तथा स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १६ ले राष्ट्रिय समन्वय परिषद्को बन्दोबस्त गरेको छ । परिषद्ले खासगरी साझा अधिकारका विषयमा कानून, तथा नीति तर्जुमाका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनको सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने अधिकार दिइएको छ ।

**घ. विषयगत समिति**

संघ र प्रदेशका सम्न्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीच समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारको समेत सम्बन्धित विषयको कार्यक्षैत्र रहेका मन्त्री एवम् अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष सदस्य रहेको तीनसदस्यीय विषयगत समितिको व्यवस्था संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ ले गरेको छ । उक्त समितिले आफ्नो विषयसँग सम्बन्धित रहेका योजना, नीति तथा कानूनहरुको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्नुपर्ने, आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाका लागि परिषदलाई सुझाव दिने, क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने अधिकार तोकिएको छ ।

**ङ. प्रदेश समन्वय परिषद्**

प्रदेश र स्थानीयतहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न सबै प्रदेशमा मुख्यमन्त्री अध्यक्ष रहने गरी एक प्रदेश समन्वय परिषद रहने व्यवस्था संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ ले गरेको छ । प्रदेशभित्रका प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने जिम्मेवारी यो समितिलाई दिइएको छ ।

**च. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

संविधान र प्रचलित कानून बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाट गर्ने विस्तृत आधार र ढाचा निर्धारण गर्ने, संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण

अनुदान सम्बन्धमा सिफारिश गर्ने लगायतका कार्य गर्ने गरी नेपालको संविधानको भाग २६ धारा २५० र धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ ।

**छ. जिल्ला सभा**

नेपालको संविधानको धारा 220 ले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था गरेको छ । जिल्लाभित्रका स्थानीय तहहरुबीच समन्वय गर्नुका साथै विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने र जिल्लाभित्रका सङ्घीय, प्रादेशिक र स्थानीय तहका निकायहरुबीच समन्वय गर्ने मुख्य भूमिका निर्धारण गरिएको छ ।

## ६. अन्तरसम्बन्धको प्रभावकारितामा देखिएका कमजोरीहरु :

संविधानको मर्म र भावना अनुरुप नेपालमा तीन तहको शासकीय व्यवस्था समन्वय, सहकारिता र सहअस्तित्वको सिद्धान्तका आधारमा सञ्चालन हुनुपर्नेमा तीन तहहरु एकअर्काका सहयोगीका रुपमा नभई कतिपय अवस्थामा प्रतिस्पर्धी जस्तो व्यवहार एवम् सोच प्रदर्शन गर्ने गरेका छन् । एकातर्फ संघीय तहमा केन्द्रीकृत सोचको बाहुल्यता देखिन्छ भने प्रदेश तथा स्थानीय तहमा अति स्वायत्तताको सोच देखिन्छ । अत: यस किसिमको अवस्थालाई सन्तुलित गर्न सकिएको देखिँदैन । संघ, प्रदेश तथा स्थानीय तहको अन्तरसम्बन्धको प्रभावकारितामा देखिएका कमजोरीहरुलाई देहाय बमोजिम क्षेत्रगत हिसाबले प्रस्तुत गरिएको छ ।

**क. नीतिगत कमजोरी :**

१. प्रदेश र स्थानीय तहको सञ्चालनका लागि अत्यावश्यक कानून तथा व्यवस्थापकीय प्रावधानहरु अझै पुरा बनिसकेका छैनन ।
२. साझा अधिकारका कतिपय क्षेत्रमा केन्द्रीय सरकारले संघीय कानून नबनाइदिएका कारण प्रदेश र स्थानीय तहका सरकारहरूलाई त्यस्ता विषयका कानून बनाउन प्राविधिक तथा व्यावहारिक समस्याहरू परेका छन्।
३. साबिक एकात्मक ढाँचामा बनेका केही कानूनहरुलाई अझै पनि समयानुकुल निर्माण तथा परिमार्जन गर्न सकिएको छैन ।
४. संघीय कानून वा मापदण्डहरू निर्माण गर्दा तहगत सरकारका अधिकार क्षेत्रलाई ख्याल नगरिएको, हस्तक्षेप गरिएको वा मिचेर बनाउने प्रवृत्ति देखिएको छ ।

**ख. संरचनागत कमजोरी :**

१. प्रदेश र स्थानीय तहको समन्वय र सहजीकरण गर्ने एउटै निकाय छैन । हाल अलग अलग निकाय/मन्त्रालयबाट हुने गरेको छ ।
२. विधायिकी क्षमता र अनुभवको कमी छ । नमुना कानून हुबहु जारी गर्ने प्रवृत्तिका कारण शासकीय क्षमता कमजोर देखिएको छ । प्रदेश र स्थानीय तहमा कार्यजिम्मेवारी सरे अनुरूप संरचना, पूर्वाधार र ज्ञान हस्तान्तरण अझै हुन सकेको छैन
३. राजनैतिक परामर्श र समन्वयकारी संयन्त्रका गतिविधि निष्प्रभावी देखिन्छन् ।
    i. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई कमजोर बनाइएको छ । अर्थमन्त्रालयबाट आयोगका सुझावलाई बेवास्ता गर्ने गरिएको छ । आयोगको अधिकार मिच्ने गरी कानून निर्माण भएका छन ।
    ii. प्रधानमन्त्रीको अध्यक्षतामा रहेको अन्तरप्रदेश परिषद्को बैठक हालसम्म जम्मा ३ पटक मात्र बसेको छ । अन्तरप्रदेश परिषद्ले वि सं २०७५ मा तर्जुमा गरेको संघीयता कार्यान्वयन सहजीकरण

कार्ययोजना कार्यान्वयनले पूर्णता पाउन सकेको छैन ।

iii. यसैगरी राष्ट्रिय समन्वय परिषद्का दुईवटा बैठक मात्र बसेका छन् । मिति २०८० असार १६ मा सम्पन्न पहिलो बैठकले ६ महिनाभित्र कार्य विस्तृतीकरण परिमार्जन गर्ने भनी गरेको निर्णय हालसम्म पनि सम्पन्न हुन सकेको छैन।

iv. यसैगरी मुख्य सचिवको संयोजकत्वमा गठित प्रशासनिक समन्वय परिषद्को कार्य अदृश्य देखिन्छ ।

४. स्थानीय तह र प्रदेशले आफूलाई बलियो र विश्वासिलो निकायको रुपमा स्थापित गर्न सकेका छैनन् । जसका कारण सङ्घीयता कार्यान्वयनले अपेक्षित गति लिन र आशातित प्रतिफल दिन सकेको छैन ।

**ग. प्रकृयागत कमजोरी :**

१. साझा अधिकारको बुझाईमा अझै अस्पष्टता छन् । संविधानको भावना अनुरुप तीन तहको अधिकारक्षेत्रको स्पष्ट सीमाङ्कन अझै हुन सकेको छैन । उदाहरणका लागि,

i. कृषि, शिक्षा, उद्योग, स्वास्थ्य, वन, खानेपानी, विद्युत, सडक आदिजस्ता क्षेत्रमा सबै तहका सरकारले कार्यक्रम तय एवम् बजेट विनियोजन गर्ने गरेका छन् ।

ii. माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र छ तर प्रदेश र सङ्घले विद्यालय भवन निर्माण, शिक्षक तलब, तालिम, पाठ्यसामाग्री छपाई समेतमा लगानी गर्ने गरेका छन् ।

२. एकीकृत करसंहिता छैन । करका सीमा प्रकृया र मापदण्ड निर्धारण हुन नसक्दा कर संकलनमा विवाद देखिने गरेको ।

i. घरजग्गा बहाल कर, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर प्रदेश र स्थानीय तहबीच दोहरिएका छन् । पर्यटन शुल्क तीनवटै तहमा तेहरिएको छ ।

ii. ढुङ्गा, गिटी, बालुवा बापत उठेको राजश्व स्थानीय तहले बाँडफाँट गर्न नचाहने गरेको ।

३. संघ, प्रदेश तथा स्थानीय तहको नीति योजना कार्यक्रमबीच समन्वय एवं सामञ्जस्यता छैन। कार्यक्रम र बजेटको दोहरोपनाले पारदर्शिता र वित्तीय अनुशासनमा ह्रास आएको देखिन्छ। संघले गर्न खोजेको कालीगण्डकी डाइभर्सन, सागरनाथ वन परियोजना जस्ता कार्यक्रम कार्यान्वयनमा तीन तहबीचको विवाद सतहमा देखिएको थियो ।

४. योजना तथा कार्यक्रम, बजेट, खर्च लेखाङ्कन, प्रतिवेदन गर्ने एकीकृत प्रणालीको विकास गर्न सकिएको छैन । भएका कतिपय प्रणाली र विद्यमान कानूनको पालनामा उदासिनता देखिन्छ । दण्डहीनताको अवस्था विद्यमान छ ।

५. प्रदेश तथा स्थानीय तहहरु आन्तरिक राजश्व परिचालनभन्दा केन्द्रीय अनुदानमा निर्भर छन्। करको दायरा विस्तार सम्बन्धमा अध्ययन विश्लेषण गर्ने क्षमता कम छ । दर अभिवृद्धिमा तल्लीन देखिन्छन्।

**घ. व्यवहारिक कमजोरी :**

१. संघीय प्रणाली अभ्यासको दशक पुग्न लाग्दासमेत एक तहले अर्को तहलाई गर्नुपर्ने सहयोग र समन्वय प्रभावकारी छैन। नेतृत्ववर्गमा अझै पनि केन्द्रीकृत मानसिकता देखिन्छ।

२. सङ्घीयताको मर्म र भावना अनुरुप सोच, व्यवहार र मनोवृतिमा परिवर्तन हुन सकेन ।

i. संघले अभिभावकत्व गर्नुपर्नेमा अधिनायकत्व प्रदर्शन गर्ने गरेको छ ।

ii. संघले प्रदेश र स्थानीय तहलाई समन्वयकारी समानान्तर निकाय भन्दा मातहत वा अधिनस्थ संरचनाका रुपमा सोच्ने प्रवृत्ति देखिन्छ । परम्परागत क्षेत्रीय कार्यालय र स्थानीय निकायजस्तै

प्रदेश र स्थानीय तह पनि "संघ मातहतका निकाय हुन्" भन्ने एकात्मक सोच जिम्मेवार नेता र उच्च प्रशासकहरूबाट हट्न सकेको छैन ।

iii. संघले प्रदेश र स्थानीय तहका गतिविधि निगरानी राख्नपर्नेमा निरीक्षणमा व्यस्त हुने गरेको देखिन्छ ।

iv. सञ्जालिकृत शासनमा जोड दिनुपर्नेमा संघमा केन्द्रीकृत सोच र स्थानीय र प्रदेश तहमा अति स्वायत्तता खोज्ने प्रवृत्ति छ ।

३. संघीयताको मर्म र भावना विपरित साबिकमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका कतिपय पद, निकाय, कार्यक्रम संघमा फिर्ता गरिएका छन् । उदाहरणका लागि देहायका कार्यक्रम संघमा फिर्ता गरिएका छन् :

i. खानेपानी मन्त्रालयले खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम,

ii. सहरी विकास मन्त्रालयले सघन सहरी विकास कार्यक्रम र बस्ती विकास कार्यक्रम,

iii. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले नदी नियन्त्रण र एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम,

iv. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले वैकल्पिक सहायक राजमार्ग फिर्ता लिएको छ।

४. स्वतन्त्रता र स्वायत्ततामा हस्तक्षेपको प्रश्न उठने गरेको छ ।

**ङ. अन्य कमजोरी :**

१. जनप्रतिनिधिहरु अझै पनि आफ्नो भूमिका र संवैधानिक दायित्वबारे स्पष्ट छैनन् । उनिहरुको क्षमता एवम् दक्षता विकासका लागि पर्याप्त एवम् मागमा आधारित कार्यक्रम आयोजना गर्न सकिएको छैन ।

२. स्थानीय तहको निर्वाचन प्रणाली समेतका आधारमा हाल प्रदेश तथा स्थानीय तहको शासकीय संरचनामा Inclusion बढेको भएतापनि अपेक्षित मात्रामा Empowerment हुन सकेको छैन । Inclusion without Empowerment is meaningless भन्ने विषयमा साझा बुझाई विकास भएको देखिँदैन । .

३. सरकारको तहबाट गरिने नागरिकको आवश्यकताको पहिचान, योजनाको प्राथमिकीकरण, अनुगमन मूल्याङ्कन, संस्थागत सुशासन र सेवाको गुणस्तरीयता अभिवृद्धि गर्ने कार्यमा जनप्रतिनिधिहरुको भूमिका अपेक्षित रुपमा प्रभावकारी देखिएन ।

४. प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवस्थापन एवम् अभिलेख अद्यावधिक हुन नसकेको।

## ७. उपसंहार

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यशक्तिको बाँडफाँट गरेसँगै नेपाल एकात्मकबाट संघीय लोकतान्त्रिक व्यवस्थामा रुपान्तरण भएको छ। करिब एक दशकको संघीयता अभ्यासमा प्रदेश र स्थानीय तह सक्रिय हुँदै गएका छन् भने नागरिकहरुले आधारभूत सेवा सुविधा सबैभन्दा नजिकको सरकारबाट हासिल गर्ने अभ्यास थालनी भएको छ । कर्मचारी व्यवस्थापनमा समायोजन र प्रदेश लोक सेवा आयोगको गठन भई सक्रिय देखिएका छन् । ले प्रशासनिक संघीयतालाई बल पुर्याएको छ भने वित्तीय स्रोत विकेन्द्रित भई नागरिक सहभागिता वृद्धि भएको छ। तथापि, संघीयता कार्यान्वयनमा अझै प्रशासनिक जटिलताहरू छन्। कर्मचारी व्यवस्थापनमा विभेद, केन्द्रमुखी दरबन्दी निर्धारण र प्रदेश तथा स्थानीय तहमा कर्मचारी अभाव जस्ता समस्याहरू छन्। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सम्बन्धको परिकल्पना गरेको छ। अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् लगायतका संयन्त्रहरू अन्तरसम्बन्धका लागि

बनेका छन् । यद्यपि, संघीयताको मर्म अनुसार तीन तहबीच समन्वय र सहकार्य प्रभावकारी हुन सकेको छैन । नीतिगत रूपमा कानूनको अभाव र हस्तक्षेप, संरचनागत रूपमा समन्वयको कमी र राजनीतिक संयन्त्रहरूको निष्क्रियता, प्रक्रियागत रूपमा साझा अधिकारको अस्पष्टता तथा दोहोरोपना (जस्तैः कालीगण्डकी डाइभर्सन विवादमा) र व्यवहारिक रूपमा केन्द्रको एकात्मक सोच तथा प्रदेश/स्थानीय तहको अति स्वायत्तताको प्रवृत्ति प्रमुख कमजोरीका रूपमा देखिएका छन् । यसरी संघीयता कार्यान्वयनले गति लिए पनि यसका चुनौतीहरूलाई सम्बोधन गर्न थप प्रयास आवश्यक छ ।

**सन्दर्भ सामाग्री :**

खनाल, राजन (२०६३). सार्वजनिक नीति¸प्रशासन र व्यवस्थापन : संक्षिप्त टिप्पणी. काठमाण्डौः सोपान मासिक ।

दाहाल, प्रकाश (२०६५). सार्वजनिक प्रशासन. काठमाण्डौः पिनाकल पब्लिकेशन ।

निरौला, ढुण्डीराज (2078). शासन सञ्चालनका नवीन मान्यता. काठमाडौं, सोपान प्रेस प्रा.लि.

भट्टराई, पूर्णचन्द्र. (२०81). सङ्घीय एकाईहरुबीच प्रशासनिक अन्तरसम्बन्ध. निजामती सेवा पत्रिका, ४४(असार २०८१ अङ्क),[पृष्ठसंख्या १-१४]. https://psc.gov.np/assets/uploads/files/Civil_Service_Journal__2081_web_file1.pdf

महालेखा परीक्षकको कार्यालय, नेपाल. (२०82). महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन. महालेखा परीक्षकको कार्यालय. https://www.oag.gov.np/

अर्याल, रमेश. (२०79). सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध र चुनौती. प्रशासन: द नेपलिज जर्नल अफ पब्लिक एडमिनिस्ट्रेशन, ५३(१), ८०–९८. https://doi.org/10.3126/prashasan.v53i1.46317

रानामगर¸ उदय (२०७३). सार्वजनिक व्यवस्थापन : काठमाण्डौ¸ पैरवी प्रकाशन

रानामगर¸उदय (२०७६). शासकीय प्रबन्ध र विकास¸काठमाण्डौ: करीयर काउन्सिलिङ सेन्टर प्रा लि

Acharya, Madhu Raman (2019). Business of Bureaucracy: Kathmandu, Vidyarthi Pustak Bhandar

# खोरेत रोग नियन्त्रणः वर्तमान अवस्था, सम्भावना, चुनौती र प्रदेश सरकारको प्रयास

डा. गंगाराम यादव *



**लेखसारः**

कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण कार्य चुनौतीपूर्ण भएता पनि यो रोग नियन्त्रण गर्न सकेमा अन्य पशुजन्य उत्पादनहरुको समेत अन्तराष्टिय बजारमा निर्यातको बाटो खुल्नेछ । यस सन्दर्भमा पशुहरुको महामारी रोग खोरेत नियन्त्रण तथा क्रमशः उन्मूलन गर्न प्रदेश सरकारद्धारा संचालनमा ल्याइएको खोरेत रोग नियन्त्रण आयोजना निकै महत्वपूर्ण रहेको छ । खोरेत रोग नियन्त्रण गरी दुग्ध तथा मासुजन्य उत्पादनको वैदेशिक व्यापार प्रवर्द्धनमा यो आयोजना एक कोशेढुंगा सावित हुनसक्छ । यसका साथै नेपालले सन् २०३० सम्ममा खोरेत रोग नियन्त्रण गर्ने अन्तराष्ट्रिय प्रतिबद्धतामा समेत हस्ताक्षर गरेकोले सो प्रतिबद्धता पुरा गर्नका लागि पनि कोशी प्रदेशले यस आयोजना मार्फत महत्वपूर्ण योगदान दिन सक्नेछ ।

**शब्दकुञ्जीः** खोरेत, आयोजन, जोनिङ्ग, खोप, सर्भिलेन्स

* बरिष्ठ पशु विकास अधिकृत, पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय

### खोरेत रोगको परिचय

खोरेत (Foot & Mouth Disease) खुर-फट्टा (दुइवटा खुर भएका) पशुहरूको एक संक्रामक रोग हो जसले गाई, भैंसी, बङ्गुर, भेडा र बाख्रालाई असर गर्छ । यो रोगको प्रकोप देशका लगभग सबै जिल्लाबाट रिपोर्ट गरिएको छ । यो एक छिटो सर्ने सरुवा रोग हो र कुनै एक क्षेत्रमा यो रोग देखा परेमा तुरुन्तै यसको विषाणु अन्य क्षेत्रमा हावाको माध्यमबाट (६० कि.मि. प्रति घण्टा) फैलिन सक्दछ । यो रोग विश्वको सबैभन्दा सानो विषाणु Picornavirdae फेमिलिको Aphthovirus बाट लाग्दछ । हालसम्मको अध्ययनमा विश्व भर ७ प्रकारका खोरेत भाइरस प्रजातिहरु (सिरोटाइप) पत्ता लागेका छन् । तिनीहरुलाई सिरोटाइप ओ, ए, सि, एशिया-१, स्याट–१, स्याट–२, स्याट–३ नाम दिइएको छ । नेपालमा देखा परेका प्रजातिहरुमा ओ, ए, सि र एशिया-१ मात्र छन् र विगत केही वर्षदेखि Serotype ' O' को प्रकोप मात्र देखा परेको छ । रोग लागेका पशुहरुको मुखभित्र शुरुमा पोलेका फोका जस्तो देखा पर्ने र पछि फोकाहरु फुटेर घाउ बन्ने हुनाले राम्रोसंग दाना–पानी खान नसक्ने हुन्छन् । यस बाहेक मुखबाट र्‍याल चुहिने, अत्यधिक ज्वरो आउने, खुरका काप तथा वरिपरि घाउहरु देखिने, खोच्याउने, गर्भिणी पशुहरु तुहिने र दुधालु पशुहरुमा दूध घट्ने तथा भर्खर जन्मेका पाडा-बाच्छाको मृत्यु समेत हुने जस्ता मुख्य लक्षणहरु देखिन्छन् । यो विषाणुबाट लाग्ने रोग भएकोले यसको खासै उपचार छैन र लक्षण अनुसार नै उपचार गर्नु पर्दछ । रोगको रोकथामका लागि खोरेत लाग्न सक्ने पशुहरुमा ६–६ महिनामा नियमित खोरेत विरुद्ध खोप लगाउने गर्नु पर्दछ ।

### खोरेत रोगको वर्तमान अवस्था

खोरेत रोगले दूध उत्पादनमा ठूलो असर गर्छ र नेपालमा ३२ प्रतिशत सम्म दूध उत्पादन घटाएको छ । यसका साथै यो रोगले नेपालमा वार्षिक रुपमा सरदर ६. ४४ अर्व बराबरको क्षति गराएको एक अध्ययनले देखाएको छ (NLSIP, 2019) । राष्ट्रय खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाण्डौको तथ्यांक अनुसार नेपालमा प्रत्येक वर्ष खोरेत रोगको प्रकोप देखा पर्ने गरेको छ । गत आ.व. 2080/81 मा सात वटा प्रदेश मध्ये कर्णाली प्रदेश बाहेक बाँकी ६ वटै प्रदेशमा गरी जम्मा २८ वटा जिल्लामा खोरेतको आउटब्रेक रिपोर्ट गरिएको थियो । कोशी प्रदेशको सन्दर्भमा ६ वटा जिल्लाहरु -झापा, खोटाङ्ग, मोरङ्ग, ओखलढुङ्गा, सुनसरी र उदयपुरमा खोरेत रोगको प्रकोप देखा परेको थियो ।




नेपालमा खोरेत रोग endemic अवस्थामा रहेको छ जसले गर्दा नेपालले दुग्ध तथा मासुजन्य उत्पादनहरु सिधै अन्तराष्ट्रिय बजारमा पठाउन पाइरहेको छैन । विश्व व्यापार संगठन (WTO) तथा विश्व पशु स्वास्थ्य संगठन (WoAH) को प्रावधान अनुसार खोरेत रोग रहेको कुनै पनि राष्ट्रले खोरत मुक्त देश वा खोरेत नियन्त्रण कार्यक्रम अवलम्बन गरेका राष्ट्रहरुमा आफ्ना पशुजन्य उत्पादनहरु निर्वाध रुपमा निर्यात गर्न पाउँदैनन् । विश्व



पशु स्वास्थ्य संगठनले खोरेत मुक्त राष्ट्रहरुलाई हरियो जोन, खोरेत मुक्त नभएका तर फाटफुट्ट रुपमा मात्र प्रकोप देखा पर्ने राष्ट्रहरुलाई पहेंलो जोन र खोरेत रोग endemic रेहेको राष्ट्रहरुलाई रोतो जोनमा राखेको छ । यसको अर्थ रातो जोनमा रहेका राष्ट्रहरुबाट हरियो जोनमा रहेका राष्ट्रहरुले सिधै पशुजन्य उत्पादनहरु आयात गर्दैनन्, उदाहरणका लागि नेपालले यूरोप, अमेरिका, अष्ट्रेलिया जस्ता राष्ट्रहरुमा दुग्ध तथा मासुजन्य पर्दार्थहरुको निर्यात सहजै गर्न पाउँदैनन् ।

**पशुजन्य उत्पादनमा अन्तराष्ट्रिय व्यापरको सम्भावना**

नेपालमा दुग्ध तथा मासु जन्य पदार्थको उत्पादन क्रमशः वृद्धि भैरहेको छ । ईन्स्टिटियूट अफ इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिजको २०२४ को प्रतिवेदन अनुसार नेपालमा बार्षिक रुपमा प्रति व्यक्ति दूधको उपलब्धता ७२ लिटर रहेको छ जुन ९२ लिटर प्रति व्यक्ति आवश्यता भन्दा २० लिटर मात्र कम रहेको छ भने प्रति व्यक्ति मासु उपलब्धता 18 के.जी. रहेको छ जुन 14 के.जी. प्रति व्यक्ति आवश्यता भन्दा 4 के.जी. बढी रहेको छ । यस सन्दर्भमा कोशी प्रदेश वार्षिक दूध उत्पादन 514752 मे.ट. (DoLFD Biratnagar Annual Progress Report, 2080-81) सहित दूधमा आत्मर्निभर भैसकेको छ भने मासु उत्पादनमा आत्मनिर्भर हुने क्रममा छ । कोशी प्रदेशबाट घिउ तथा डग चिउ (छुर्पी) जस्ता डेरी उत्पादनहरुको निर्यात भैरेको छ । नेपाल डेरी एशोसिएसन, कोशी प्रदेशको अनुसार नेपालबाट वार्षिक लगभग ४ अर्बको डग चिउ निर्यात भैरहेको छ र त्यस मध्ये करिब ८० प्रतिशत योगदान कोशी प्रदेशको रहेको छ । तर यो व्यापार अनौपचारिक माध्यमबाट भैरहेको छ जसले गर्दा नेपाली कृषकहरुले उचित मूल्य पाउन सकेका छैनन् । व्यापारीहरुकै जानकारी अनुसार अमेरिकन बजारमा १ के.जी. डग चिउको मूल्य करिब १३ देखि १४ हजार सम्म नेपाली रुपैयाँ पर्छ तर नेपाली कृषकहरुले बढीमा १ के.जी. डग चिउको रु. १६०० सम्म मात्र पाएका छन् । यदि नेपाली कृषकहरुले सिधै डग चिउ यूरोप, अमेरिका पठाउन पाउने हो भने कम्तिमा प्रति के.जी. ६-7 हजार सम्म मूल्य पाउन सकियो भने कृषकले राम्रो आम्दनी गर्न सक्छन् र यसले कोशी प्रदेशको साथै देशकै अर्थतन्त्रमा निकै राम्रो टेवा पुर्याउन सक्छ । तर यसका लागि नेपाललाई खोरेत मुक्त बनाउन सक्नुपर्छ जुन चुनौतीपूर्ण छ ।

नेपाललाई तत्कालै पूर्ण रुपमा खोरेत मुक्त बनाउन नसके पनि विश्व पशु स्वास्थ्य संगठन (WoAH) को 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन' सम्बन्धी प्रावधानको पालना गरेर नेपालले डग चिउ लगायतको पशुजन्य उत्पादनको औपचारिक रुपमा खोरेत मुक्त विकसित राष्टहरुमा निर्यात गर्न सक्छ । विश्व पशु स्वास्थ्य संगठनद्वारा जारी गरिएको WOAH (OIE) Terrestrial Animal Health Code (2024) अनुसार कुनै पनि राष्ट्रले 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन' को प्रावधान अनुरुप कुनै पनि पशुजन्य पदार्थको निर्यात सम्भावना भएको र रोगको जोखिम कम भएको ठाउँलाई जोन क्षेत्र निर्धारण गर्न सक्दछ । यसरी निर्धारित जोन क्षेत्रमा रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु संचालन गरेर केही वर्ष सम्म सम्बन्धित रोगको कुनै केस नदेखिएमा विश्व पशु स्वास्थ्य संगठनमा रोग मुक्त क्षेत्रको स्थितिको लागि आवेदन दिई रोग मुक्त क्षेत्र घोषण गर्न सकिनेछ । विश्व पशु स्वास्थ्य संगठनको यो प्रावधान अनुरुप कोशी प्रदेशमा डग चिउ लगायतका दुग्धजन्य पदार्थहरु बढी उत्पादन हुने इलाम लगायतका जिल्लालाई खोरेत मुक्त जोन क्षेत्र (हरियो जोन) बनाउन सकिने सम्भावना रहेको छ । यसका साथै पशु सेवा विभाग, ललितपुरको तथ्यांक अनुसार इलाम जिल्लामा विगत ५ वर्ष देखि खोरेत रोग देखा नपरेको हुँदा यो सम्भावना अझ बलियो देखिन्छ ।

**खोरेत मुक्त जोन क्षेत्रका चुनौतीहरु**

नेपालमा खोरेत मुक्त जोन क्षेत्र बनाउन धेरै चुनौतीहरु रहेका छन् र यो चुनौती कोशी प्रदेश सरकारमा पनि त्यतिकै रहेको छ । कोशी प्रदेशमा इलाम लगायतका जिल्लालाई खोरेत मुक्त जोन बनाउनका लागि देखिएका मुख्य चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- खोरेतको जोनिङ्ग अवधारणा आफैंमा नयाँ विषय-वस्तु भएकोले कृषक, व्यवसायी, कर्मचारी र जनप्रतिनीधिहरुलाई बुझाउन कठिन भएको ।
- जोनिङ्ग कार्य तीनै तहका सरकारको समन्वय र सहकार्यमा मात्र संचालन गर्न सकिने तर सरकारहरुको समन्वय

फितलो रहेको ।

- खोरेत मुक्त जोन बनाउन रोग नियन्त्रणका लागि ठूलो बजेटको आवश्यकता हुने तर कोशी प्रदेश सरकारबाट यस कार्यक्रमका लागि आवश्यकता भन्दा अत्यन्त न्यून बजेट विनियोजन भएको ।
- खोरेत विरुद्धको खोप नेपालमा उत्पादन नहुने भएकोले खोपका लागि सधैं भारतमा निर्भर हुनुपर्ने ।
- खोरेत विरुद्धको खोप कार्यक्रम, पशुहरुको पहिचान तथा पशुको आवतजावत नियन्त्रण गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको ।

**खोरेत मुक्त जोन क्षेत्र बनाउनका लागि प्रदेश सरकारको प्रयास**

कोशी प्रदेशका डेरी व्यवसायहरुले पटक-पटक प्रदेश सरकारलाई डग चिउ निर्यातका लागि खोरेत मुक्त डेरी उत्पादन प्रमाणित गरिदिनका लागि पहल गरिरहेको मर्मलाई बुझेर विश्व पशु स्वास्थ्य संगठनको प्रावधान अनुरुप कोशी प्रदेश सरकारले इलाम जिल्लामा खोरेतको जोनिङ्ग कार्यक्रम यसै आर्थिक वर्ष 2081/82 बाट आरम्भ गरेको छ । यसका लागि प्रदेश सरकारको आ.व. 2081/82 को नीति तथा कार्यक्रमका साथै बजेट बक्तव्यमा समेत खोरेत मुक्त जोन बनाउनका लागि **खोरेत रोग नियन्त्रण आयोजना** संचालन गर्ने भन्ने समेटिएको छ । प्रदेश सरकारले कोशी प्रदेशमा दुग्ध तथा मासुजन्य पदार्थको उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न र विशेषतः दुग्ध जन्य पदार्थहरुको अन्तराष्ट्रिय बजारमा सिधै पहुँच पुर्याउनका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालय मार्फत प्रदेशमा खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयनमा ल्याएको छ ।

यस आयोजनाको उद्देश्य कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण तथा उन्मूलन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा रोग नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरी प्रदेशमा निर्धारण गरिएको जोन तथा कम्पार्टमेन्टलाई तोकिएको विधि र प्रक्रिया अवलम्बन गर्दै खोरेत रोगबाट मुक्त गर्ने रहेको छ ।

यस आयोजना संचालनमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न सरोकारवालाहरु संलग्न रहेका छन् र सबैको आ-आफ्नो भूमिका रहेको छ । संघीय सरकार अन्तर्गतका कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र पशु क्वारेन्टाईन कार्यालय समेतको भूमिका आयोजना कार्यान्वयनमा रहेको छ । आयोजना संचालनमा मुख्य भूमिका तथा जिम्मेवारी प्रादेशिक निकायहरु उद्योग कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुको रहेको छ । त्यसै गरी स्थानीय स्तरमा प्रत्यक्ष कृषकहरु माझ आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । यस बाहेक आयोजनामा सञ्चालनमा पशु हाट बजार संचालक समिति, व्यवसायिक पशु फार्म/कृषक तथा कृषक समूह समिति/सहकारी, दुग्ध/मासुजन्य उद्योग, प्रशोधन केन्द्र तथा संकलक/वितरक, दाना/आहारा उद्योग तथा बिक्री केन्द्र, एग्रोभेट तथा भेटेरिनरी औषधी पसल तथा निजी पशु चिकित्सक तथा पाराभेटहरुको पनि महत्वपूर्ण भूमिका रहेको छ ।

यस आयोजनाको मुख्य क्रियाकलाप पशुहरुलाई खोरेत विरुद्धको खोप लगाउनु हो । आयोजना अन्तर्गत कोशी प्रदेश भरिका खोप लगाउन उपयुक्त सबै पशुहरुलाई ६-६ महिनाको फरकमा कम्तिमा पनि वर्षको २ पटक खोप लगाइनेछ । जोन तथा कम्पार्टमेन्टमा सघन रुपमा पूर्ण खोप कार्यक्रम सञ्चालन गर्नुका साथै अन्य क्षेत्रमा जोखिम विश्लेषणको आधारमा कम्तिमा पनि ८० प्रतिशत पशुहरुलाई खोप लगाइनेछ ।

खोरेतको जोनिङ्गका लागि पहिलो चरणमा इलाम जिल्लालाई छनौट गरिएको छ । इलाम जिल्लाका दशवटै पालिकालाई समेटेर निम्न बमोजिमको तीन वटा जोन क्षेत्रमा विभाजन गरिएको छ । खोप कार्य, सर्भिलेन्स, खोप भण्डारण तथा परिचालन सम्बन्धी क्षमता अभिवृद्धि, रोगी पशुहरुको आवतजावत नियन्त्रण तथा रोग सम्बन्धी जनचेतना अभिवृद्धी लगायतका कार्यक्रमहरु कोशी प्रदेशको सबै जिल्लामा नै सञ्चालन भैरहेको छ । जोनको क्षेत्र प्रदेश मन्त्रालयले आवश्यकता अनुसार विभागको समन्वयमा

विस्तार गर्न सक्नेछ ।

| जोन नं. | संलग्न स्थानीय तहहरु |
|---|---|
| १ | सूर्योदय नगरपालिका , माईजोगमाई गाउँपालिका, इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका |
| २ | फाकफोकथुम गाउँपालिका, माङसेबुङ गाउँपालिका र देउमाई नगरपालिका |
| ३ | रोङ्ग गाउँपालिका, माई नगरपालिका र चुलाचुली गाउँपालिका |

यो आयोजना कार्यान्वयनका लागि देहाय अनुसारका समितिहरु गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

(क) प्रादेशिक निर्देशक समितिः यो समिति उद्योग, कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीको अध्यक्षतामा रहेको छ ।

(ख) प्रादेशिक प्राविधिक समितिः यो समिति पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको निर्देशकको संयोजकत्वमा रहेको छ ।

(ग) जिल्लास्तर प्राविधिक समितिः यो समिति भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा रहेको छ ।

(घ) जिल्लास्तर प्रमुख सहजीकरण समितिः यो समिति जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको छ ।

(ङ) स्थानीय आयोजना कार्यान्वयन समितिः यो समिति स्तानीय तहको प्रमुखको संयोजकत्वमा रहेको छ ।

(च) निगरानी समूहः यो समूह स्तानीय तहको सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा रहेको छ ।

त्यसरी नै यो आयोजना कार्यान्वयन गर्नका लागि कोशी प्रदेश सरकारबाट 'खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१' स्वीकृत भै लागू गरिएको छ र सोही अनुसार यस आयोजना अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरु सञ्चालन भैरहेका छन् । यस आयोजना संचालनका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य निर्देशनालयमा खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाई स्थापना गरिएको छ। आयोजना अन्तर्गतका स्वीकृत कार्यक्रमहरु पशु सेवा विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र र स्थानीय तहको पशु सेवा शाखाहरुले समन्वयमा सञ्चालन गरिरहेका छन् । आयोजना अन्तर्गतका कार्यक्रमहरु निर्देशनालयमा स्थापना हुने खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाई मार्फत संचालन भैरहेको छ । जोन तथा कम्पार्टमेन्ट क्षेत्रलाई रोग मुक्त क्षेत्र घोषणा गर्ने सन्दर्भमा विश्व पशु स्वास्थ्य संगठन (WoAH / OIE) द्वारा जारी Terrestrial Animal Health Code (2024) का प्रावधानहरु पालना भैरहेको छ । यो आयोजना पहिलो चरणमा ३ (तीन) वर्षको लागि सञ्चालन भैरहेको छ र प्रदेश मन्त्रालयले आवश्यकता अनुसार आयोजनाको अवधि थप गर्न सक्ने व्यवस्था रहेको छ ।

यस आयोजना अन्तर्गत प्रदेश मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र तथा स्थानीय तहबाट पशु पहिचान, अनुरेखनीयता (Traceability) तथा दर्ता, खोप (FMD Vaccine), खोप भण्डारण सामाग्री र लजिस्टिक (Logistic) खरिद तथा वितरण, खोरेत विरुद्धको खोप कार्यक्रम, खोरेत रोगको सर्भिलेन्स, रोग अन्वेषण, आकस्मिक उपचार तथा रोग नियन्त्रण, पशु हाटबजारमा खोप कार्य संचालन, प्रयोगशाला सञ्चालन तथा रोगको निदान, निगरानी समूह तथा निगरानी केन्द्र व्यवस्थापन, आधारभूत सर्भेक्षण, खोरेत रोग सम्बन्धी प्रचार-प्रसार सामाग्री तयारी, खोरेत रोग सम्बन्धी अडियो-भिडियो सामाग्री तयारी तथा प्रसारण र अवलोकन भम्रण जस्ता मुख्य कार्यक्रम/क्रियाकलापहरु सञ्चालन भैरहेको छ ।

विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड तथा जोनिङ्गको सिद्धान्त अनुरुप तोकिएको क्षेत्रमा पशुहरुलाई अभिलेखीकरण प्रणालीमा आबद्ध गरी विशेषतः गाई/भैंसीमा र अन्य जोखिमयुक्त पशुहरुमा समेत खोरेत विरुद्ध खोपको सघन प्रयोग, जैविक सुरक्षा विधिको

अवलम्बन, जोखिम क्षेत्रबाट पशु आवतजावतमा नियन्त्रण तथा असल पशुपालन अभ्यासको अवलम्बन मार्फत खोरेत रोग नियन्त्रण तथा रोग मुक्त अवस्था कायम गरिनेछ । त्यसै गरी जोन क्षेत्रको सिमा निर्धारण तथा उक्त क्षेत्रमा जोखिम विश्लेषण, ओसारपसार नियन्त्रण, सर्भिलेन्स तथा रोग नियन्त्रण सम्बन्धी सम्पूर्ण कार्यहरु नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८' बमोजिम भैरहेको छ । यस बाहेक जोन क्षेमा रोग नियन्त्रण सम्बन्धि कार्य संचालन गर्दा नेपाल सरकारद्वारा जारी खोरेत रोग नियन्त्रण सम्बन्धी अन्य कानुनी दस्तावेज समेत पालन भैरहेको छ । आयोजना संचालन भएको ३ वर्ष पश्चात प्रदेश सरकारले संघीय सरकार मार्फत WOAH (OIE) Terrestrial Animal Health Code (2024) Chapter 1.11 को ब्यवस्था अनुरुप प्रमाणहरु पेश गरेपछि र विश्व पशु स्वास्थ्य संगठनले ती प्रमाण स्वीकार गरेपश्चात प्रस्तावित जोन खोप मार्फत खोरेत मुक्त जोनको सूचिमा समावेस हुनेछ ।

यस आयोजना मार्फत कोशी प्रदेशमा आगामी ३ देखि ५ वर्ष भित्रमा इलाम जिल्लामा ३ वटा खोरेत मुक्त जोन तयार हुने अपेक्षा गरिएको छ । यसले जोन क्षेत्रबाट दुग्ध तथा मासुजन्य पदार्थ नेपालको नामबाट सिधै अन्तराष्ट्रिय बजारमा निर्यात हुने र जसबाट नेपाली कृषकले आफ्नो उत्पादनको बढी मुल्य पाई आय श्रोत वृद्धि हुने, कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण भई क्रमशः उन्मूलन हुने र पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने समेत आंकलन गरिएको छ । यसका साथै नेपालबाट हाल विभिन्न माध्यमबाट दुग्धजन्य पदार्थ मध्ये डग चीउको रुपमा करिब रु. ४ अर्बको छुर्पी निर्यात भैरहेकोमा यस आयोजनाको माध्यमबाट ३ वटा खोरेत मुक्त जोन निर्माण भएमा हाम्रो छुर्पी उत्पादनले अहिलेको भन्दा कम्तिमा पनि ३ गुणा बढी मूल्य निर्यातबाट प्राप्त गर्न सक्नेछ । यसका साथै खोरेत मुक्त जोनबाट चीज, घिउ र मासु समेत निर्यात हुन सक्ने भएकाले यसबाट थप आय आर्जन गर्न सकिने र कोशी प्रदेशमा समय-समयमा हुने मिल्क होलिडेलाई समेत समाधान गर्न टेवा पुर्याउने अपेक्षा गरिएको छ ।

**निश्कर्ष**

कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण कार्य चुनौतीपूर्ण भएता पनि यो रोग नियन्त्रण गर्न सकेमा अन्य पशुजन्य उत्पादनहरुको समेत अन्तराष्ट्रिय बजारमा निर्यातको बाटो खुल्नेछ । यस सन्दर्भमा पशुहरुको महामारी रोग खोरेत नियन्त्रण तथा क्रमशः उन्मूलन गर्न प्रदेश सरकारद्वारा संचालनमा ल्याइएको खोरेत रोग नियन्त्रण आयोजना निकै महत्वपूर्ण रहेको छ । खोरेत रोग नियन्त्रण गरी दुग्ध तथा मासुजन्य उत्पादनको वैदेशिक व्यापार प्रवर्द्धनमा यो आयोजना एक कोशेढुंगा सावित हुनसक्छ । यसका साथै नेपालले सन् २०३० सम्ममा खोरेत रोग नियन्त्रण गर्ने अन्तराष्ट्रिय प्रतिबद्धतामा समेत हस्ताक्षर गरेकोले सो प्रतिबद्धता पुरा गर्नका लागि पनि कोशी प्रदेशले यस आयोजना मार्फत महत्वपूर्ण योगदान दिन सक्नेछ ।

# मुटु किन धड्किन्छ ?



✍ प्रा. डा. राजेश नेपाल *

मुटु मानव शरीरको त्यस्तो अंग हो, जुन जन्मदेखि मृत्युसम्म एकक्षण पनि आराम नगरी चलिरहन्छ । एउटा मानिसमा भ्रूण बनेको २२ वा २३ दिन पछि मुटुको चाल शुरु हुन्छ । सामान्यतया हामीलाई आफ्नो मुटुको चाल थाहा हुँदैन तर कुनै पनि कारणले आफ्नो मुटु चलेको आफैलाई थाहा भयो भने त्यसलाई मुटुको धड्कन बढेको भनिन्छ । मुटुको चाल बढ्दा वा घट्दा वा सामान्य नै रहँदा पनि मुटुको धड्कन अनुभव हुन सक्छ । मुटुको धड्कन धेरै जसोले छातीमा अनुभव गर्दछन् भने कसै कसैले घाँटीमा वा माथ्लो पेटमा पनि महसुस गर्दछन् । यो समस्या पुरुषमा भन्दा महिलामा बढी हुन्छ । मुटुरोग विशेषज्ञकहाँ बिरामी जाने प्रमुख कारण मुटुको धड्कन बढ्नु हो । मुटुको चाल बच्चामा बढी हुन्छ र उमेरसँगै कम हुँदै गएर एउटा वयस्क उमेरमा ६०-१०० प्रति मिनेटमा रहन्छ । मुटुको धड्कन जुन सुकै उमेरमा पनि बढ्न सक्छ । विशेष गरी गर्भवति महिलाहरुमा यसको प्रभाव बढी देखिन्छ ।

मुटुको धड्कन मुटुरोग (Palpitation due heart disease) का कारण वा मुटुरोग नभई (Palpitation without heart disease) पनि महसुस हुन सक्दछ । यसमा रमाईलो कुरा के छ भने धेरै जसो अवस्थामा मुटुमा कुनै रोग नै नभईकन मुटुको धड्कन महसुस हुन्छ । धड्कन बढ्नुको प्रमुख कारण चिन्ता (anxiety) वा डर (fair) हुने गर्दछ । धड्कन बढ्नु, मुटु च्यु च्यु हुनु, डर लाग्नु, सास अड्किए जस्तो हुनु, उकुसमुकुस भए जस्तो हुनु, झसंग हुनु (जस्तै थाल बटुका खस्दा वा कसैले ढोका ढ्याम्म लगाउँदा) आदि Anxiety/Stress का लक्षण हुन् । कति मानिसलाई भने मलाई मुटुको रोग लाग्यो कि भन्ने चिन्ताले पनि धड्कन बढ्न सक्छ । Panic Attack पनि धड्कन बढ्ने एउटा प्रमुख कारण हो । जसमा बिरामीलाई अब आफु मर्छु जस्तो लाग्छ तर यसले बिरामीको मृत्यु भने हुँदैन । मुटुको धड्कन केहि सेकेण्डका लागि वा केहि मिनेटका लागि वा केहि घण्टाका लागि वा त्यो भन्दा बढी समयका लागि पनि बढ्न सक्दछ । केहि सेकेण्डका लागि बढ्ने मुटुको धड्कनले मानिसलाई त्यति नराम्रो असर पुऱ्याउन सक्दैन ।

**मुटुको धड्कन बढ्ने कारणहरू**

१) भावनात्मकः चिन्ता, पीर, दुःख, डर आदि

२) शारीरिक व्यायाम

३) गर्भावस्था

४) ज्वरो

५) थाइरोइडको समस्या

६) रक्त अल्पता

७) चिया, कफीको अत्याधिक सेवन

* मुटुरोग विशेषज्ञ

८) मदिरा सेवन

५) दम वा रुघाखोकीको औषधी सेवन

**कस्तो अवस्थामा धड्कन खतरनाक हुन सक्छ ?**

१) पहिलेदेखि नै मुटुरोग छ भने

२) मुटुरोग लाग्न सक्ने कारणहरु जस्तै सूनर, प्रेसर, चुरोट खाने बानी आदि छन् भने

३) धड्कनसँगै छाति दुच्छ भने

४) धड्कनसँगै पसिना आउँछ भने

५) धड्कनसँगै चक्कर लाग्छ वा बेहोस भइन्छ भने

६) धड्कनसँगै सास फुल्छ वा सास फेर्न गाह्रो हुन्छ भने

कतिपय मानिसलाई दिउँसोभन्दा राति, उठेकोभन्दा सुतेको बेला धड्कन बढेको महसूस हुन्छ । कारण दिउँसोभन्दा राति शान्त हुने भएकोले र देब्रे कोल्टे सुत्दा मुटु छातितिर आउने भएकोले हुन्छ । मुटुको विभिन्न रोगहरुमा पनि धड्कन बढेको महसूस हुन सक्छ। यसमा मुटुको गति तेज हुने वा कम हुने गर्दछ । धड्कन नियमित वा अनियमित दुबै हुन सक्दछ ।

**धड्कन बढ्नु कति डरलाग्दो ?**

सामान्यतया धड्कन बढ्नु डरलाग्दो हुँदैन। धड्कन बढेको बेला डर लाग्नु, सास रोकिए जस्तो हुनु, उकुसमुकुस हुनु, घर/कोठा बाहिर जाउँ जस्तो लाग्नु भनेको Anxiety को लक्षण हो। तर धड्कन बढेको बेला चक्कर लाग्नु वा बेहोस हुनु, छाती दुख्नु, सास बढ्नु भनेको खतराको लक्षण हुन सक्छ । त्यसो भएमा तुरुन्त चिकित्सकको परामर्श लिनु पर्दछ। तर कहिलेकाहिँ एक वा केहि सेकेण्ड मात्र धड्कन बढेमा भने आत्तिनु पर्दैन ।

**जॉपड़ताल कसरी गर्ने?**

1. ECG
2. SPO2 probe
3. Holter monitoring
4. Loop reader
5. Smart mobile phone
6. Electro Physiological Study















मुटुको धड्कन रेकर्ड गर्न गरिने मुख्य टेष्ट भनेको ECG हो। बयसले भुटुको धड्कनको गति तथा प्रकार बताउँछ । धड्कन बढेको बेला गरिने ECG बाट रोग झट्टै पत्ता लाग्छ । तर धेरै मानिसलाई धड्कन घट्ने बढ्ने केही बेर मात्र हुने भएकोले अस्पताल पुगेर ECG गर्न नै भ्याउँदैनन् । अस्पताल पुगेर ECG गर्दा भने ECG नर्मल नै आउँछ । त्यस्तो अवस्थामा SPO2 probe (जनु कोरोना कालमा $O_2$ saturation नाप्न खुबै प्रयोग गरिन्थ्यो) ले pulse record गर्न सकिन्छ । अर्को उपाय भनेको नजिकको अस्पताल गएर ECG गर्ने हो । २४ घण्टासम्म ECG रेकर्ड गर्ने Holter monitoring test पनि उपलब्ध छन् । यो monitor लगाएर बिरामी घर जान सक्छन् र भोली पल्ट चिकित्सकले वसको report हेर्न सक्छन् । यो बाहेक ७ दिने Holter तथा महिनौको ECG record गर्ने Loop reader हरु पनि पाइन्छ । आजकल भने Smart mobile phone मा नै धड्कन नाप्ने वा आफ्नो ECG लिने application हरु पनि पाइन्छन् ।

**कसरी उपचार गर्ने ?**

१. Counselling: धेरै जस्तो बिरामीको धड्कन बढ्नुको कारण सामान्य हुने भएकाले उनीहरुलाई यसको बारेमा सम्झाई बुझाई गर्दा ठीक हुन्छ ।
२. Medicine: यदि कुनै रोगको कारण धड्कन बढेको रहेछ भने त्यसको उपचार गर्ने ।
३. EPS+RFA: कहिलेकाहिँ धड्कन बढेको कारण पत्ता लगाउन EPS गर्नु पर्छ । यो Cathlab मा गरिने पद्धति हो । कुनै किसिमको धड्कन (PSVTY/VT) RFA नगरी रोग निको हुँदैन वा RFA गरेपछि बिरामीले कहिल्यै दबाई खानु पर्दैन । यस्तो अवस्थामा भने RPA गरिन्छ । यो बिरामीलाई बेहोस नपारी, अप्रेशन नगरी Catheter based technology द्वारा गरिन्छ ।

**अन्त्यमा,**

मुटुको धड्कन बढ्नु सामान्यतया हानिकारक हुँदैन । यो जसलाई पनि जुनसुकै उमेरमा पनि हुन सक्छ । मानिसले आफ्नो जीवनमा कुनै न कुनै समय यसलाई महशुस गरेको हुन्छ । यो महिलामा बढी हुने गर्दछ भने Anxiety यसको प्रमुख कारण हो । धड्कन बढेको बेला गरिएको ECG ले ठ्याक्कै रोग पत्ता लाग्छ भने अन्य विकल्पममा Mobile बाट, $SPO_2$ probe बाट pulse record गर्न पनि सकिन्छ । सामान्य सम्झाई बुझाई गरेर वा दबाई दिएर यसको उपचार गर्न सकिन्छ भने कसै कसैलाई EPS+RFA को आवश्यकता पर्दछ ।

# बजारोन्मुख कृषि उत्पादन प्रणाली
# (Market Oriented Agriculture Production System)



✍ दुर्गा बहादुर तिरुवा *

**लेखसारः**

कृषि विकास रणनीतिले परिलक्षित गरेको कृषि विकासको वृद्धि दर हासिल गर्नको लागि कृषिको व्यवसायिकरण गर्नुका साथै कृषि बजार व्यवस्थानमा पनि त्यत्तिकै ध्यान दिन आवश्यक छ । । निर्वाहमूखी कृषि प्रणालीलाई बजारमूखी, प्रतिस्पर्धी र व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पूऱ्याउनको लागि नेपाल सरकारबाट राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ तथा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ कार्यान्वयनमा ल्याएको छ । मुलुकको समष्टिगत आर्थिक विकासका लागि राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको, कुल गार्हस्थ उत्पादनमा करिव २४.१ प्रतिशत योगदान रहेको छ । बजारोन्मुख उत्पादन गर्दा बजारमा कुन कृषिजन्य बस्तु कति परिमाणमा कहिले आपूर्ति गर्ने, कति भाउमा विक्रि गर्दा फाइदा हुन्छ, बजार सम्म लैजान कति खर्च लाग्छ तथा कति नाफा लिन सकिन्छ भनि विश्लेषण गरि उत्पादन गर्ने गरिन्छ । बजार माग परिमाण अनुसारको वालीवस्तुको उत्पादन गर्नु पर्दछ । व्यवसायिकमूखी तथा बजारोन्मुख कृषि उत्पादन गर्नको लागि बजारमा कुन वस्तुको माग बढि छ त्यो पहिला पहिचान गर्नु पर्दछ ।

**शब्दकुञ्जीः** कृषि, बजारोन्मुख कृषि, उत्पादन, बजार, नाफा

* कार्यालय प्रमुख (बरिष्ठ कृषि प्रसार अधिकृत, नवौं तह), कृषि ज्ञान केन्द्र, सोलुखुम्बु

**परिचयः**

नेपाल एक कृषि प्रधान देश भएकोले कृषि क्षेत्रको विकासका लागि राष्ट्रले प्राथमिकताका साथ साधन श्रोतहरू परिचालन गर्दै आएको छ । कृषि विकास रणनीतिले परिलक्षित गरेको कृषि विकासको वृद्धि दर हासिल गर्नको लागि कृषिको व्यवसायिकरण गर्नुका साथै कृषि बजार व्यवस्थानमा पनि त्यत्तिकै ध्यान दिन आवश्यक छ । त्यसको लागि कृषि ईन्जिनियरिङ्ग प्रविधिको योगदान पनि अत्यन्तै महत्वपूर्ण हुन सक्दछ । हाम्रो जस्तो कृषि प्रधान देशको सामाजिक तथा आर्थिक सम्वृद्धि गर्न ग्रामीण आय वृद्धिको आवश्यकता पर्दछ भने ग्रामीण आय, रोजगारी र खाद्य सुरक्षामा निर्भर गर्दछ । ग्रामीण क्षेत्रको कृषि आय तथा खाद्य सुरक्षा सुनिश्चित गर्न भूमि तथा श्रम उत्पादकत्व वृद्धि गर्न आवश्यक पर्दछ । यसको लागि कृषिमा व्यावसायिकरण, कृषि बजारमा सहज पहुँच तथा कृषि ईन्जिनियरिङ्ग साथै जैविक प्रविधिहरूको संयुक्त प्रयासको आवश्यकता पर्दछ । निर्वाहमूखी कृषि प्रणालीलाई बजारमूखी, प्रतिस्पर्धी र व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पूऱ्याउनको लागि नेपाल सरकारबाट राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ तथा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ कार्यान्वयनमा ल्याएको छ ।

मुलुकको समष्टिगत आर्थिक विकासका लागि राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको, कुल गार्हस्थ उत्पादनमा करिव २४.१ प्रतिशत योगदान पुर्याउने र करिव ६६.७ प्रतिशत जनताको जीविकोपार्जनको माध्यमको रुपमा रहेको कृषि क्षेत्रमा लगानी वृद्धिगरी समग्र कृषिको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगीकरणको कार्यलाई गतिशिल बनाउन आजको आवश्यकता तथा प्राथमिकता रहको छ । जलवायु परिवर्तनबाट सिर्जित बढ्दो जोखिम, कृषि उत्पादन सामाग्री, प्रविधि एवम् बजारमा कृषकको न्यून पँहुच, प्रतिस्पर्धी क्षमताको कमी, लगायत लगानीयोग्य पूँजीको अभाव आदि प्रमुख चुनौतीको रुपमा रहँद आएका छन् । नेपाल सरकारको कृषिमा लागनी दशक (२०८१ - २०९१) अवधारणा पत्र अनुसार आधारभूत खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्ने र अन्तराष्ट्रिय बजारमा उच्च माग भएका कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि गरि निर्यात प्रवर्द्धन गर्ने प्रमुख दुई रणनिति रहेको छ।

**बजारोन्मुख उत्पादन भनेको के हो ???**

बजारोन्मुख उत्पादन भन्नाले बजारको माग र आपूर्ति अनुसारको उत्पादन गर्नु नै बजारोन्मुख उत्पादन भनिन्छ । बजारोन्मुख उत्पादन गर्दा बजारमा कुन कृषिजन्य बस्तु कति परिमाणमा कहिले आपूर्ति गर्ने, कति भाउमा विक्रि गर्दा फाइदा हुन्छ, बजार सम्म लैजान कति खर्च लाग्छ तथा कति नाफा लिन सकिन्छ भनि विश्लेषण गरि उत्पादन गर्ने गरिन्छ । व्यवसायिक उदेश्यले उत्पादित कृषिजन्य बस्तुहरु बजार उन्मुख हुनु पर्दछ अर्थात बजारको मागलाइ ध्यान दिएर उत्पादन गर्नु पर्दछ । यस प्रकारको उत्पादन प्रणालीले बजारको माग र आपूर्तिको बिचको सन्तुलन कायम राख्दछ । यदि बजारको माग भन्दा आपूर्ति बढि भयो भने मुल्य घट्न जान्छ र उत्पादन नाफामूलक हुदैन । त्यसैगरि आपूर्ति भन्दा माग बढि भयो भने मूल्य बढ्न जान्छ र उत्पादन नाफामूलक हुन्छ । नेपाल एक कृषि प्रधान देश भएता पनि हालको हाम्रो कृषि प्रणाली निर्वाहमुखी मात्र भयो तर राज्यको लक्ष्य भनेको व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु हो । तसर्थ कृषकले बजारको माग र कृषकको क्षमता अनुसार कृषिजन्य बालीबस्तु उत्पादन गर्नु आजको आवश्यकता हो । बजारमा विभिन्न प्रकारका उपभोक्ताको रुचि र आवश्यकता समय अनुसार फरक हुने हुँदा कृषकहरुले पनि सोही रुचि र आवश्यकता अनुसार उत्पादन गर्नुलाइ नै बजारोन्मुख उत्पादन भनिन्छ । विदेशी राष्ट्रहरुमा थोरै कृषकले धेरै बजार तथा उपभोक्ताको माग र चाहना अनुसारको उत्पादन गरि कृषि व्यवसाय गरेको पाइन्छ ।

**बजारोन्मुख कृषि उत्पादन गर्न निम्नानुसारको बजार सूचनाहरुको बारेमा जानकारी हुनु पर्दछ ।**

- मौसम अनुसार उत्पादन कम हुने र बढि हुने कृषिजन्य बस्तुको बारेमा जानकारी हुनु पर्दछ ।
- मौसम तथा वेमौसममा उत्पादन गर्दा प्रति एकाइ उत्पादन लागत
- कुन समयमा, कुन बजारमा, कुन बस्तुको बढि माग हुन्छ

- ➢ उत्पादन देखि उपभोक्ता सम्म लाग्ने बजार खर्च
- ➢ उत्पादन सामाग्री तथा प्रविधिको उपलब्धता
- ➢ मागको परिमाण क्षेत्र र जनसंख्या, आपूर्तिको अवस्था
- ➢ विभिन्न सहुलियत र सहयोगहरु
- ➢ बजार, भौतिक पूर्वाधार तथा कानूनी आधारहरु
- ➢ संभावित उत्पादन तथा बजार सम्बन्धि जोखिमहरु
- ➢ मौसम र बजार अनुसार कृषिजन्य बस्तुको प्रति एकाइ मूल्य ।

**बजारोन्मुख उत्पादन चरणका प्रक्रियाहरुः**

१. **बजारको रुचि र माग अनुसारको कृषि वस्तुको पहिचान गर्नेः** हाम्रो कृषि उत्पादन प्रणाली अझै पनि निर्वाहमुखी नै छ । तसर्थ व्यवसायिकमूखी तथा बजारोन्मुख कृषि उत्पादन गर्नको लागि बजारमा कुन वस्तुको माग बढि छ त्यो पहिला पहिचान गर्नु पर्दछ । त्यो कृषिजन्य वस्तु कुन समयमा बढि मात्रामा माग हुन्छ उक्त जानकारी लिनु पर्दछ । त्यस्ता वस्तु उत्पादन गर्ने अन्य व्यवसायिक कृषकहरु कति छन सो जानकारी लिनु पर्दछ । कृषकको कार्य क्षेत्र देखि नजिक तथा टाढा रहेको बजारको माग तथा आवश्यकता पहिचान गरि सोही अनुसार उत्पादन गर्ने योजना बनाउनु पर्दछ ।

२. **भूगोल र मौसम अनुसार उपयुक्त हुने वालीवस्तुको छनौट गर्नेः** बजारमा धेरै माग हुने वालीवस्तु हाम्रो भूगोल तथा मौसममा सफल तरिकाबाट उत्पादन लिन सकिन्छ कि सकिदैन, यसको बारेमा कृषि प्राविधिकहरु संग जानकारी लिनु पर्दछ । तराइ, पहाड र हिमालको हावापानीमा हुने प्रकारका वालीवस्तुको छनौट गर्नु पर्दछ । तसर्थ हाम्रो खेति गर्ने ठाउँ कति उचाइमा छ, त्यहाको सरदर तापक्रम र वर्षा कति हुन्छ र त्यो हावापानीमा हुने वालीवस्तुको छनौट गर्नु पर्दछ । बेमौसमी बाली उत्पादन गरेर पनि एक भूगोल बाट अर्को भूगोलमा रहेको बजारको माग तथा आवश्यकता पूर्ति गर्न सकिन्छ ।

३. **उपयुक्त जात र प्रविधिको छनौटः** उपयुक्त वालीवस्तुको छनौट प्रश्चात उक्त वालीको उपयुक्त जात तथा प्रविधि छनौट गर्नु पर्दछ । जस्तोः बजारमा माग हुने आँप मध्ये अम्रपाली र मालदह जात अति नै माग हुन्छ । त्यसैगरि हाम्रो उत्पादन परिमाण अनुसारको प्रविधिको पनि छनौट गर्नु पर्दछ । तराइको लागि पावर टिलर प्रयोग गर्ने र पहाड तथा हिमालको लागि मिनिटिलरको प्रयोग गर्नु पर्दछ । कतिपय क्षेत्रका कृषकले बजारको हल्ला अनुसार आफ्नो क्षेत्रमा नहुने बालीबस्तुहरु प्राविधिकको सल्लाह बिना तथा अध्ययन अनुसन्धान नगरेर काम गर्ने हुदा पछि गएर ठुलो क्षति व्यहोर्नु परेको विभिन्न घटनाहरु आएको छ । जस्तैः ड्र्यागन फ्रुट, कालिज पालन, बटै पालन आदि ।

४. **बजारको माग अनुसारको उत्पादन परिमाणः** बजार माग परिमाण अनुसारको वालीवस्तुको उत्पादन गर्नु पर्दछ । बजारले माग गरे भन्दा धेरै परिमाण उत्पादन गरेमा उचित मूल्य प्राप्त गर्न सकिदैन र कम उत्पादन गरेमा उचित मूल्य त पाइन्छ तर बजारको माग पूरा गर्न सकिदैन । तसर्थ बजारको माग र आपूर्तिको सन्तुलन हुने गरि उत्पादन परिमाण गर्नु पर्दछ । जस्तोः चाडवर्षमा धेरै माग हुने वालीवस्तुको धेरै उत्पादन गर्न सकिन्छ र आपूर्ति पनि बढि हुन्छ र नाफा पनि बढी गर्न सकिन्छ । बजारको विगतको माग तथा आवश्कतालाइ ध्यानमा राखि उच्च मूल्य तथा धेरै माग हुने कृषिजन्य बालीबस्तुको उत्पादनले बजारोन्मुख कृषि उत्पादन प्रणालीलाइ सहज गर्दछ ।

५. **बजार व्यवस्थापनः** नजिक तथा टाढाको बजारको दुरी अनुसार आफ्नो उत्पादनलाई बजारमा विक्रि वितरण गर्ने योजना बनाउनु पर्दछ । बजार क्षेत्रमा खानेपानी, शौचालय, तरकारी स्टल तथा कोल्ड रुमको अवस्था के छ त्यसको बारेमा पूर्णरुपमा जानकारी लिने गर्नु पर्दछ । सुविधायुक्त बजार तथा उपभोक्ताको चाप हुने बजारले पनि बजारोन्मुख

कृषि उत्पादन प्रणालीलाइ प्रोत्साहन गर्दछ ।

६. **उत्पादन लागत र बजार लागतः** सबै भन्दा महत्वपूर्ण पक्ष भनेको हाम्रो कृषि व्यवसायमा प्रति के.जी. उत्पादन लागत कति रुपैया लागेको छ भनेर पहिचान गर्ने तथा अभिलेख राख्नु पर्दछ । जसले गर्दा कति बजार मूल्य राखेर बिक्रिवितरण गर्दा फाइदा हुन्छ भनेर सजिलै पत्ता लगाउन सकिन्छ । त्यसैगरि बजार सम्म पुराउदा कति लागत लाग्दछ त्यो पनि पत्ता लगाउनु पर्दछ । आम्दानी र उत्पादन लागतको अनुपात पनि पत्ता लगाएर काम गरेमा आफ्नो व्यावसाय नाफामा जान्छ कि नोक्सानमा जान्छ भनेर सजिलै पत्ता लगाउन सकिन्छ । जस्तैः एक रोपनी जग्गामा काउली खेति गर्दा करिव २८ हजार खर्च लाग्यो र ७५० के.जी. काउली उत्पादन भयो । फार्मबाट प्रति के.जी. काउली रु ८० को दरले विक्रि गर्दा ६० हजार आम्दानी हुन्छ । भने लाभ लागत अनुपात २.१४ (६००००/२८०००) आउछ जुन १ भन्दा बढी हो । तसर्थ लाभ लागत अनुपात १ आएमा व्यावसायमा न त नाफा न त नोक्सान हुन्छ भन्ने बुझिन्छ र १ भन्दा कम आएमा व्यावसाय नोक्सानमा हुन्छ र १ भन्दा माथी आएमा व्यावसाय नाफामा हुन्छ भनेर बुझ्न सकिन्छ। यसमा स्थिर तथा चालु खर्चको हिसाव राखेर गर्न सकिन्छ । पहिलो वर्षमा स्थिर खर्च धेरै हुने हुदा व्यावसाय घाटामा जान सक्छ । तर व्यावसायको प्रकृति अनुसार व्यावसाय संचालन भएको ३/४ वर्ष देखि नाफा हुने गर्दछ । स्थिर खर्चको ह्रास मूल्यको पनि गणना गर्नु पर्दछ ।

७. **बजार मूल्यः** लाभ लागत अनुपातको विश्लेषण गरिसके पछि प्रति के.जी. उत्पादन लागत कति रुपैया लागेको छ भनेर फार्म गेट मूल्य र बजार मूल्य निर्धारण गर्न सहज हुन्छ । जस्तैः एक रोपनीमा काउली उत्पादन गर्न खर्च रु २८ हजार लाग्यो र ७५० के.जी. काउली उत्पादन भयो भने प्रति के.जी. उत्पादन गर्न रु ३७.३३ (२८०००/७५०) लाग्दछ । तसर्थ फार्म गेट मूल्य रु ३७.३३ भन्दा बढि राखेर बिक्रि गर्नु पर्दछ भने बजार मूल्यको लागि प्रति के.जी. बजार ढुवानी कति रुपैया लाग्दछ सोही अनुसारको बजार मूल्य निर्धारण गर्न सकिन्छ ।

**निष्कर्षः**

समग्र कृषि क्षेत्रको विकास र कृषकको जिवनस्तरमा आर्थिक सुधार गर्न कृषक, कर्मचारी तथा राज्यले नै कृषि लाइ प्राथमिकता दिनु पर्दछ । निर्वाहमुखी कृषकबाट व्यवसायिक कृषक बन्नको निम्ति लाभ लागतको विश्लेषण गर्नु पर्दछ । प्रति के.जी. उत्पादन लागतको अध्ययनबाट अन्य कृषकसग प्रतिस्पर्धा गर्न सकिन्छ । हालको परिपेक्ष्यमा स्थानिय सरकार, प्रदेश सरकार तथा संघिय सरकार विच कृषि कार्यक्रम तथा योजनाहरु बनाउने क्रममा समन्वय हुन अति नै आवश्यक छ । कृषकको क्षमता, बजारको माग, स्थानिय आवश्यकता र राष्ट्रिय प्राथमिकता लाई ध्यानमा राखि नीति तथा कार्यक्रम बनाउनु पर्दछ । बजार मूल्यमा एकरुपता कायम गर्न तथा उपभोक्तालाइ महंगीबाट बचाउन बजारमूखी उत्पादन प्रणालीलाइ अवलम्वन गरौ ।

**सन्दर्भ सामाग्रीः**

कृषि तथा पशुपन्छी डायरी, २०८१

कृषि तथा पशुपन्छि विकास मन्त्रालयको परिचय

# अन्तर्राष्ट्रिय आप्रवासनका निति अवसर र चुनौतिहरू



✍ द्वारिका प्रसाद घिमिरे *

**लेखसारः**

अन्तर्राष्ट्रिय आप्रवासन झन भन्दा झन जटिल बिषयको रुपमा विकसित भई रहेको सम्बन्धमा मानिसहरुको एक देशबाट अर्को देशमा स्थानान्तरण प्रक्रियालाई संलग्न राष्ट्रहरुको सार्वभौमसत्ता र अन्तराष्ट्रिय सहमतीय सिद्धान्तहरु नै प्रमुख रहेको छ । विश्वमा अन्तराष्ट्रिय आप्रवासन निति र कार्यान्वयन मार्फत सुरक्षित, मर्यादित र नियमीत आप्रवासन मापदण्डको शुनिश्चितता गर्न-कोलागि सम्बन्धित राष्ट्रहरुको अपनत्वलाई बढावा दिनकोलागि नितिगत, कानुनी सम्झौता र सहकार्यहरुलाई स्विकार गरिएको छ । सुरक्षित आप्रवासन, आर्थिक अवसरहरूको विविधता, तथा श्रम बजार सुधार जस्ता विषयमा ध्यान दिन आवश्यक छ। तसर्थ, नेपालको दीर्घकालीन विकासका लागि सुरक्षित तथा व्यवस्थित आप्रवासन नीति निर्माण, वैदेशिक रोजगारका लागि सक्षम व्यवस्थापन, तथा फर्किएका नागरिकहरूको पुनःस्थापना कार्यक्रमहरू लागू गर्नु अत्यावश्यक देखिन्छ ।

**शब्दकुञ्जीः** GCM, Labor Migration, International Migration, Migration Policies, Migration and Development, Migration Management

* *Expert in migration and development, disaster risk management, and humanitarian coordination policy in Nepal.*

आप्रवासन एक विश्वब्यापी घटनाक्रमको रुपमा स्थापित भएको छ । आप्रवासनका कारण प्रत्यक्ष अप्रत्यक्ष प्रभावित नहुने राष्ट्रहरुहरु प्राय जसो कल्पना भन्दा बाहिर नै रहेको छन् भन्न सकिन्छ । अन्तर्राष्ट्रिय आप्रवासन भन्नाले व्यक्तिहरूको आफ्नो जन्मस्थान वा नागरिकता भएको देशभन्दा बाहिरको कुनै अर्को देशमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्नको लागि सर्ने प्रक्रियालाई जनाउँछ। आजको समयमा आप्रवासन विभिन्न आर्थिक, राजनीतिक र सामाजिक अन्तरक्रियात्मक अवस्थाहरु बाट प्रेरित भएको पाईन्छ । मानिसहरु अन्तराष्ट्रिय आप्रवासनमा संलग्न हुने कारणहरुमा; जीवन तथा सुरक्षामा खतरा, श्रम तथा रोजगारीको अभाव, वैकल्पिक रोजगारको खोजी, विदेशमा पहिले नै स्थापित परिवारसँग पुनर्मिलनको चाहना, अन्तराष्ट्रिय ब्यापार, शैक्षिक तथा ब्यवसायीक अध्ययन, र पर्यटन आदि रहेका छन् ।

संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अभिसन्धि १९९० अनुसारः सबै आप्रवासी श्रमिकहरू र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अनुच्छेद २ (१) मा आप्रवासी श्रमिक भन्नाले "कुनै राष्ट्रमा पारिश्रमिक प्राप्त गर्ने गतिविधिमा संलग्न हुन लागेको वा संलग्न भई रहेको, वा संलग्न भइसकेको छ, तर उक्त राष्ट्रको नागरिकता प्राप्त नगरेको ब्यक्तिलाई जनाउदछ ।" महासभाले १८ डिसेम्बर १९९० मा यसलाई अंगीकार गरेको थियो। यस अभिसन्धि विभिन्न महत्वपूर्ण पक्षहरू समेट्छ जस्तै अनुच्छेद १देखि ६ सम्म आप्रवासन परिभाषा तथा दायरा, अनुच्छेद ७ मा अधिकारहरूको गैर भेदभावपूर्ण व्यवहार अनुच्छेद ८ र ९मा आप्रवासी श्रमिकहरूको जीवन र स्वतन्त्रताको अधिकार अनुच्छेद १६ देखि २२ सम्म कानूनी सुरक्षा तथा निष्पक्ष न्याय प्रक्रियाहरु बारे उल्लेख गरिएको छ ।[4]

बर्तमान अवस्थामा अन्तर्राष्ट्रिय आप्रवासन झन भन्दा झन जटिल बिषयको रुपमा विकसित भई रहेको सम्बन्धमा मानिसहरुको एक देशबाट अर्को देशमा स्थानान्तरण प्रक्रियालाई संलग्न राष्ट्रहरुको सार्वभौमसत्ता र अन्तराष्ट्रिय सहमतीय सिद्धान्तहरु नै प्रमुख रहेको छ ।

विश्वव्यापीकरणको विस्तारसँगै पूँजी, वस्तु, सेवा, र प्रविधिको अन्तर्राष्ट्रिय प्रवाहले श्रम तथा सीपको माग बढाउने गर्दछ । विशेष गरी उच्च आय भएका देशहरूमा जनसंख्याको वृद्धी र श्रमशक्तिको कमी जस्ता कारकहरूले अन्तर्राष्ट्रिय प्रवासन वृद्धी गरिरहेका छन्, जसमा श्रम र सीपको गतिशीलता पनि समावेश हुन्छ। यद्यपी कतिपय सन्दर्भमा सम्बन्धित मुलुकको अन्तराष्ट्रिय आप्रवासन निति र अन्तराष्ट्रिय सम्बन्धमा आधारित रहेर निर्देशीत भएको हुन्छ ।

विश्वमा अन्तराष्ट्रिय आप्रवासन निति र कार्यान्वयन मार्फत सुरक्षित, मर्यादित र नियमीत आप्रवासन मापदण्डको शुनिश्चितता गर्नकोलागि सम्बन्धित राष्ट्रहरुको अपनत्वलाई बढावा दिनकोलागि निम्न नितिगत, कानुनी सम्झौता र सहकार्यहरुलाई स्विकार गरिएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिकहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण ( International Convention on the Protection of Rights of All Migrants Workers and Member of Their Families – ICRMW) सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि १९९० एक महत्वपूर्ण कानुनी दस्तावेजको रुपमा आप्रवासी श्रमिकहरूको मानव अधिकारको रक्षा गर्नमा महत्वपुर्ण कदमको सहमतिय अभ्यास र एक्यवद्धता भएको थियो । आप्रवासी श्रमिकहरू विभिन्न श्रम शोषण, न्यून पारिश्रमिक, कानुनी सुरक्षाको अभाव, तथा सामाजिक भेदभाव झेलिरहेका थिए। यसैले, संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले १९८३ मा आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण गर्न कानुनी रूपरेखा विकास गर्न थाल्यो। १९९० डिसेम्बर १८ मा यो महासन्धि पारित भयो । यो सन् २००३ मा २० राष्ट्रहरूले अनुमोदन गरेपछि कार्यान्वयनमा आयो। यसको मुख्य उद्देश्य आप्रवासी श्रमिकहरूलाई समान अवसर, कानुनी सुरक्षा, सुरक्षित रोजगारी, तथा पारिवारिक संरक्षण प्रदान गर्नु हो ।

4 International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families | OHCHR

हालसम्म ६० भन्दा बढी राष्ट्रहरूले अनुमोदन गरे पनि धेरै विकसित राष्ट्रहरू अझै पनि यसको सदस्यता लिन अनिच्छुक छन् । यो अवस्थाले सुरक्षित र मर्यादि आप्रवासन सम्बन्धि जवाफदेहिता र कार्यान्वयनकालागि गरिब राष्ट्रहरु मात्र नभएर सम्पन्न भनिएका मुलुकहरु पनि सहमतिमा आवद्ध हुन अनिच्छुक रहेको प्रमाण प्रस्तुत गर्दछ । आप्रवासी श्रमिकहरूको सुरक्षा, समानता, तथा सम्मानजनक जीवन सुनिश्चित गर्न बिश्व समुदायको सामुहिक एक्यवद्धता र कार्यान्वयनका प्रयासहरु अपरिहार्य देखिन्छ ।

नेपालको संविधानमा नेपाली नागरिकलाई वैदेशिक रोजगारीमा पठाई स्वदेशमा वैदेशिक मुद्रा, प्रविधि र सीप भित्र्याउने कुरा उल्लेख गरिएको छ । चालु आवधिक योजनामा बाध्यतावश वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने लक्ष्यका साथ स्वदेशमा नै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्न आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्थाहरु गरिने भनिएको छ ।[5] नेपाल सरकारले विभिन्न मुलुकहरु सग द्विपक्षीय श्रम सम्झौताहरू र समझदारीपत्रमा हस्ताक्षर तथा सम्बन्ध कायम गरिएको छ । जसले श्रम आप्रवासनमा आवद्ध नागरिकहरुको सुरक्षा र मर्यादित श्रम आप्रवासनमा योगदान पुर्याउदछ । नेपालद्वारा सन् २०१८ मा मलेसिया, २०१९ मा संयुक्त अरब इमिरेट्स, २०२२ मा संयुक्त अधिराज्य, जर्मनी २०२३ र रोमानिया २०२३ सहित बाह्र गन्तव्य देशहरूसँग सहयोग ज्ञापनपत्र (MOC) र समझदारीपत्र (MOU) मा हस्ताक्षर गरेको छ । यी सम्झौताहरूले नेपाली आप्रवासी कामदारहरूको लागि न्यूनतम रेफरल ज्याला र व्यवहारको समानता लगायत केही अन्य सिद्धान्तहरूको कार्यान्वयन गर्न योगदान पुर्याउन सक्ने छन् । यसबाहेक, नेपालले २०१० देखि मान्य मेसिन रिडेवल राहदानीहरू र नोभेम्बर २०२१ देखि ई पासपोर्टहरू लागु गरेको छ। त्यस्तै गरी, विश्वव्यापी मापदण्डहरूसँग कानुनी कागजात मिलाउन क्ष्ऋब्इ मापदण्डहरूद्वारा तोकिए अनुसार वाहकको कानूनी पहिचान सुनिश्चित गर्न बायोमेट्रिक प्रणाली पहिलो पटक २०१७ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरु गरिएको थियो ।[6]

त्यसैगरि नेपाल सरकारले श्रम आप्रवासनलाई लक्षित गरेर निम्नलिखित ऐनहरू कार्यान्वयनमा रहेका छन् । वैदेशिक रोजगार ऐन, २०६४ अध्यागमन ऐन २०४९, गैर आवासीय नेपाली ऐन २०६४, श्रम ऐन २०७४, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, वैदेशिक रोजगार नीति २०६८, राष्ट्रिय पुनर्स्थापन कार्यक्रम निर्देशिका २०७९ आदि रहेका छन् । यी ऐन तथा नीतिहरूले सुरक्षित, व्यवस्थित, तथा गरिमामय आप्रवासन अवसर सुनिश्चित गर्ने उद्देश्य राख्छन् ।[7]

विश्वब्यापि आप्रवासन सम्झौता (Global Compact for Migration - GCM) संयुक्त राष्ट्रसंघद्वारा २०१८ मा पारित गरिएको एक गैर-बाध्यकारी अन्तरसरकारी सम्झौता हो, जसको उद्देश्य आप्रवासनलाई सुरक्षित, व्यवस्थित, तथा नियमित बनाउनु हो । GCM प्रवासनको व्यवस्थापन, नीति समन्वय, तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्न केन्द्रित छ, जसले आप्रवासी श्रमिकहरूको सुरक्षा, कानुनी अधिकार, तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।[8] जसमा आप्रवासनको कारणहरू सम्बोधन गर्ने, प्रवासीहरूको मानव अधिकारको रक्षा गर्ने, तथा सुरक्षित आप्रवासन सुनिश्चित गर्ने विषयहरू समावेश छन्। GCM को आधार संयुक्त राष्ट्रसंघको २०३० को दिगो विकास लक्ष्य (SDGs) प्राप्तिकालागि रहेको छ, जसले आप्रवासनलाई विश्वब्यापि विकासको अभिन्न अंग मान्छ । यो सम्झौता राज्यहरुको सार्वभौमताको सिद्धान्तलाई सम्मान गर्छ, जसले प्रत्येक राष्ट्रलाई आफ्नै आप्रवासन नीति निर्धारण गर्ने स्वतन्त्रता प्रदान गर्छ । हालसम्म, GCM ले आप्रवासन व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहकार्यलाई प्रवर्द्धन गरेको छ, जसले आप्रवासीहरूको सुरक्षा, सामाजिक समावेशीकरण, तथा आर्थिक अवसरहरू सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ ।

5 वैदेशिक रोजगार | Ministry Of Labour, Employment and Social Security
6 Final__GCM_National_Implementation_Strategy_of_Nepal_13Aug2024.pdf
7 अध्यागमन विभाग
8 Global Compact for Migration | IOM, UN Migration

विश्वब्यापि प्रवासन सम्झौता (Global Compact for Migration - GCM) अन्तर्राष्ट्रिय आप्रवासनको शासन व्यवस्थापन सुधार गर्न, राष्ट्रहरूलाई नीतिगत विकल्प प्रदान गर्न, तथा प्रत्येक राष्ट्रलाई आफ्नै आप्रवासन वास्तविकता अनुसार कार्यान्वयन गर्ने लचिलोपन दिन डिजाइन गरिएको छ[9]। यो सम्झौताले अन्तर्राष्ट्रिय सहकार्यलाई प्रवर्द्धन गरी आप्रवासनलाई सुरक्षित, व्यवस्थित, तथा नियमित बनाउन योगदान पुऱ्याउँछ। साथै, GCM ले राष्ट्रहरूलाई व्यापक नीति उपकरणहरू उपलब्ध गराउने गर्दछ, जसले आप्रवासनसँग सम्बन्धित मुख्य चुनौतीहरू समाधान गर्न मद्दत गर्छ। प्रत्येक राष्ट्रले आफ्नो आप्रवासन संरचना, क्षमता, तथा आवश्यकताहरू अनुरूप GCM कार्यान्वयन गर्न स्वतन्त्रता पाउँछ ।

### कोशी प्रदेशमा आप्रवासन र बसाईसराइ

कोशी प्रदेशमा विशेष गरी श्रम आप्रवासन तथा आन्तरिक बसाईसराइको उच्च दर देखिएको छ, २०२२ मा, कोशी प्रदेशबाट ९१,५९७ पुरुष तथा १५,६८४ महिला श्रमिकहरूले वैदेशिक रोजगार अनुमति प्राप्त गरेका थिए[10]।

नेपालको जनगणना २०७८ अनुसार, कोशी प्रदेशमा आन्तरिक बसाईसराई दरपनि उच्च रहेको छ। यसमा आर्थिक अवसर खोज्ने, शिक्षा प्राप्त गर्ने, तथा परिवारसँग पुनर्मिलन गर्ने प्रमुख कारणहरू रहेका छन्[11]। कोशी प्रदेशमा आप्रवासनका कारण शहरीकरण तीव्र रूपमा बढ्दै गएको छ। धेरै व्यक्तिहरू सहरमा रोजगारी तथा व्यवसायिक अवसर खोज्न स्थानान्तरण गरिरहेका छन्। साथै, कोरोना महामारीपछि धेरै आप्रवासी श्रमिकहरू स्वदेश फर्किएका छन्, जसले स्थानीय पुनःएकीकरण कार्यक्रमहरू, रोजगारी नीति सुधार, तथा स्थानीय विकास पहलहरूलाई आवश्यक बनाएको छ[12]।

### गन्तव्य राष्ट्रहरूका लागि श्रम आप्रवासनको महत्त्व

श्रम आप्रवासन गन्तव्य राष्ट्रहरू—जहाँ आप्रवासी श्रमिकहरू रोजगार खोज्न जान्छन्—का लागि अत्यन्त लाभदायक छ। आप्रवासी श्रमिकहरूले विभिन्न सीप तथा दक्षता प्रदान गर्ने भएकाले यी राष्ट्रहरूको सकल घरेलु उत्पादन (GDP) वृद्धि, व्यवसाय विकास, रोजगारी सृजना, र सामाजिक सुरक्षा प्रणालीको प्रभावकारिता सुधार गर्न सहयोग पुऱ्याउँछन्। आप्रवासी श्रमिकहरूको उपस्थितिले नयाअवसर प्रवर्द्धन गर्ने मात्र नभई कृषि उत्पादन, निर्माण, तथा अन्य सेवा क्षेत्रहरूमा प्रतिस्पर्धात्मक वातावरण कायम राख्न मद्दत गर्दछ। साथै, आप्रवासी श्रमिकहरूले श्रम लागत कम गर्ने भएकाले उपभोक्ताहरूलाई सस्तो मूल्यमा सेवा तथा वस्तु प्राप्त गर्ने अवसर उपलब्ध गराउँछन्। गन्तव्य राष्ट्रहरूका लागि आप्रवासी श्रमिकहरू आर्थिक वृद्धिको महत्त्वपूर्ण कारक हुन्, जसले स्थानीय श्रम बजारलाई सन्तुलित, नयाँ व्यवसाय स्थापित, र दीर्घकालीन आर्थिक स्थायित्व सुनिश्चित गर्न मद्दत गर्छ[13]।

### आप्रवासी श्रमिकहरूको भूमिका र चुनौतीहरू

आप्रवासी श्रमिकहरू प्रायः स्थानीय नागरिकहरूले गर्न चाहना नराख्ने न्यून-कौशल आवश्यक पर्ने रोजगारहरू गर्ने गर्छन् । विशेषगरी कृषि, खाद्य प्रशोधन, निर्माण, सरसफाइ तथा मर्मत, होटल तथा रेस्टुराँ सेवा, घरेलु काम, तथा श्रम-प्रधान उत्पादन उद्योगहरू आप्रवासी श्रमिकहरूमा अत्यधिक निर्भर छन्। यी रोजगारहरू "३D काम" (Dirty, Degrading, Dangerous) को रूपमा चिनिन्छन्, जसलाई अधिकांश स्थानीय नागरिकहरूले कम प्रतिष्ठित, जोखिमपूर्ण, तथा शारीरिक रूपले चुनौतीपूर्ण मान्छन्। तर, आप्रवासी श्रमिकहरूको यो योगदान राष्ट्रिय अर्थव्यवस्था सुदृढ गर्न, नयाँ व्यवसाय तथा रोजगारी सिर्जना गर्न, तथा उत्पादन तथा सेवा क्षेत्रमा प्रतिस्पर्धा कायम राख्न महत्वपूर्ण मानिन्छ। यद्यपि, श्रम अधिकार, न्यूनतम पारिश्रमिक, तथा सामाजिक सुरक्षाको अभाव आप्रवासी श्रमिकहरूको प्रमुख चुनौती बनेको छ ।

9 United Nations Network on Migration
10 National Data Portal-Nepal
11 Province level Individual - Population whose former place of residence preceding the census was other than the current enumerated place within country by main reason of migration, NPHC 2021 - NSO
12 Province level Individual - Dataset - NSO
13 MigrationHR_and_Governance_HR_PUB_15_3_EN.pdf

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को रिपोर्टअनुसार, आप्रवासी श्रमिकहरू विभिन्न उद्योगहरूमा नया प्रविधि प्रवर्द्धन, श्रम शक्ति पूर्ति, तथा सामाजिक सुरक्षालाई सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छन्[14]। विशेषगरी युरोपेली राष्ट्रहरूमा, जहाँ कर्मचारीहरूको औसत उमेर लगातार वृद्धि भइरहेको छ, आप्रवासी श्रमिकहरूले युवा श्रमशक्ति आपूर्ति गरेर आर्थिक गतिविधिलाई निरन्तरता दिएका छन् । आप्रवासी श्रमिकहरूले राष्ट्रिय कर तथा सामाजिक सुरक्षा प्रणालीमा योगदान पुऱ्याउँछन्, जसका कारण राष्ट्रिय वित्तीय स्थिरता कायम राख्न मद्दत पुऱ्याउँछ। संयुक्त राष्ट्रसंघको आप्रवासन सम्झौता (GCM) का अनुसार, आप्रवासी श्रमिकहरू आर्थिक प्रणालीलाई सुरक्षित, व्यवस्थित, तथा समावेशी बनाउन महत्त्वपूर्ण कारक हुन्[15]।

यसबाहेक, आप्रवासी श्रमिकहरूले आर्थिक गतिविधिको क्षय रोक्ने भूमिका पनि निर्वाह गर्छन् । न्यून पारिश्रमिक तथा कम सुरक्षासहितको रोजगारीमा संलग्न हुन बाध्य श्रमिकहरू त्यस्ता उद्योग तथा व्यवसायहरूको निरन्तरता सुनिश्चित गर्छन्, जुन अन्यथा बन्द हुन सक्ने वा विदेशमा स्थानान्तरण हुन सक्ने अवस्था रहन्थ्यो। युरोपेली आयोग को रिपोर्टअनुसार, आप्रवासी श्रमिकहरूले स्थानीय व्यवसायहरूलाई प्रतिस्पर्धात्मक बनाउने, नवाचार प्रवर्द्धन गर्ने, तथा स्थानीय समुदायको आर्थिक स्थिरता कायम गर्न मद्दत पुऱ्याउँछन् ।

**श्रम स्रोत (मुल) राष्ट्रहरूका लागि श्रम आप्रवासनको महत्त्व**

रोजगारीको खोजीमा नागरिकहरू अन्य राष्ट्रहरूमा आप्रवासन गर्दा, यसले श्रम स्रोत (मुल) राष्ट्रहरू तथा गन्तव्य राष्ट्रहरू दुबैलाई महत्त्वपूर्ण लाभ पुऱ्याउँछ। श्रम आप्रवासनले बेरोजगारीको दबाब कम गर्न, नयाँ रोजगारी सिर्जना गर्न, तथा आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्छ। धेरै विकासशील राष्ट्रहरूमा, आर्थिक रूपमा सक्रिय जनसंख्या रोजगारी सिर्जना गर्ने क्षमताभन्दा तीव्र रूपमा वृद्धि भइरहेको छ, जसले सभ्य रोजगारीको अभाव तथा अतिरिक्त श्रमशक्ति (surplus labour) को समस्या उत्पन्न गरिरहेको छ।

आप्रवासी श्रमिकहरूले आर्थिक संकट, राजनीतिक अस्थिरता, तथा सामाजिक परिवर्तनको समयमा आफ्नो मूल राष्ट्रलाई आर्थिक रूपमा समर्थन गर्न सक्ने क्षमता राख्छन्। आप्रवासी श्रमिकहरूले आफ्नो परिवार तथा समुदायलाई आर्थिक सहायता गर्न रेमिट्यान्स (Remittances) पठाउँछन्, जसले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

यसबाहेक, केही आप्रवासी श्रमिकहरूले "सामाजिक रेमिट्यान्स[16]" पनि ल्याउँछन्, जसमा विदेशमा सिकेका व्यावसायिक तथा सामाजिक सीपहरू, नयाँ विचारहरू, तथा ज्ञान तथा व्यवहारहरू समावेश हुन्छन् । यी सीपहरू आप्रवासी श्रमिकहरूले आफ्नो मूल राष्ट्रमा लागू गर्न सक्ने भएकाले, यसले व्यक्तिगत तथा सामुदायिक जीवन सुधार गर्न मद्दत गर्छ ।

नेपालबाट २.१ मिलियनभन्दा बढी आप्रवासीहरू उच्च शिक्षा, रोजगारी, तथा अन्य उद्देश्यका लागि विदेशमा आप्रवासनमा आवद्ध रहेका छन्[17]। आप्रवासन नेपालको सामाजिक तथा आर्थिक विकासलाई निर्धारण गर्ने प्रमुख कारक मध्ये एक हो । आप्रवासी नेपालीहरूले रेमिट्यान्स मार्फत अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँछन्, जसले बेरोजगारी कम गर्न, आयात-निर्यात प्रवर्द्धन गर्न, तथा स्थानीय व्यवसायहरूलाई सुदृढ बनाउन मद्दत गर्छ । साथै, आप्रवासीहरूले विदेशमा प्रविधि तथा सीप सिकेर नेपाल फर्किएपछि नयाँ उद्योग तथा व्यापार प्रवर्द्धन गर्न सक्छन्। तर, आप्रवासनले जनसंख्यात्मक असन्तुलन, बौद्धिक जनशक्ति पलायन (brain drain), तथा संयुक्त परिवार प्रणालीमा प्रभाव पार्ने चुनौती समेत सिर्जना गर्न सक्छ। यसको दीर्घकालीन प्रभावलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न नीति निर्माताहरूले सुरक्षित आप्रवासन, आर्थिक अवसरहरूको विविधता, तथा श्रम बजार सुधार जस्ता विषयमा ध्यान दिन आवश्यक छ। तसर्थ, नेपालको दीर्घकालीन विकासका लागि सुरक्षित तथा व्यवस्थित आप्रवासन नीति निर्माण, वैदेशिक रोजगारका लागि सक्षम व्यवस्थापन, तथा फर्किएका नागरिकहरूको पुनःस्थापना कार्यक्रमहरू लागू गर्नु अत्यावश्यक देखिन्छ ।

14 Labour migration | International Labour Organization
15 Global Compact for Migration | United Nations
16 vol-34_iss_2_art1.pdf
17 iom_nepal_annual_report_2023.pdf

# कर्मचारीको अभिलेख व्यवस्थापन : इतिहासदेखि वर्तमानसम्म

✍ श्रवणकुमार पोखरेल *
शिवहरि भट्टराई



## ऐतिहासिक पृष्ठभूमि

कर्मचारीको अभिलेख व्यवस्थापनको इतिहास शताब्दीभन्दा पुरानो रहेको पाइन्छ । वि.सं.१९०३ मा राणा शासनको उदय भएपछि मुलुकको प्रशासन सञ्चालनका लागि मौखिक रुपमा हुँदै आएको कर्मचारी पजनी (कर्मचारी बहाली, सरुवा, बढुवा, घटुवा र बर्खास्ती) कार्यको लगत राख्ने उद्देश्यले वि.सं.१९०४ मा एक जना कर्मचारीलाई जिम्मा दिई कर्मचारीको अभिलेख व्यवस्थापन कार्यको थालनी भएको थियो ।

बढ्दो प्रशासनिक कार्य र कर्मचारीको संख्यालाई मध्यनजर गरी तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं.१९०५ मा निजामती, प्रहरी, जङ्गी र मिलिशियाका कर्मचारीहरुको लगत राख्न मुलुकी किताबखाना नामको कार्यालयको स्थापना गरेका थिए। वि.सं.१९३३ मा कमाण्डर इन चिफको मातहतमा रहने गरी मुलुकी किताबखानाको नाम परिवर्तन गरी कमाण्डरी किताबखाना बनाइएको थियो ।

वि.सं.१९७३ मा कमाण्डरी किताबखानालाई मुलुकी वन्दोवस्त अड्डा अन्तर्गत राख्नुका साथै दर्शन फाँट र दर्ता फाँटको व्यवस्था समेत थप गरिएको थियो । दर्शन फाँटले भर्नाका लागि छनौट भएका कर्मचारीलाई प्रधानमन्त्री र चीफ साहेव (मुख्तियार) समक्ष दर्शन गराउने जिम्मेवारी पाएको थियो भने दर्शन पश्चात् नयाँ कर्मचारीको नाम दर्ता गर्ने जिम्मेवारी दर्ता फाँटलाई दिइएको थियो ।

तत्कालीन अवस्थामा कर्मचारीहरुलाई अवकाश पश्चात् पेन्सनका रुपमा जग्गा दिने व्यवस्था रहेको थियो । वि.सं.१९९८ मा श्री ३ जुद्ध शमशेरले आफ्नो जन्मदिनको अवसरमा दिएको भाषणमा सैनिकतर्फका कर्मचारीहरुले अब उप्रान्त दर्जा अनुसार सैनिक द्रव्यकोष र पेन्सन दुबै आजीवन पाउने घोषणा गरेका थिए। सैनिकतर्फका कर्मचारीले मात्र पाइआएको पेन्सन व्यवस्थालाई वि.सं.२०१३ मा आएको निजामती सेवा ऐनले राज्यको सेवाबाट अवकाश पाउने सबै कर्मचारीले निवृत्तिभरण पाउने व्यवस्था गरेको थियो ।

* महानिर्देशक, राष्ट्रिय किताबखाना

### संरचनात्मक परिवर्तन

निजामती, प्रहरी, जङ्गी र मिलिशियाका कर्मचारीहरुको लगत राख्ने कार्य गर्दै आएको कमाण्डरी किताबखानाबाट वि.सं.२००९ मा मिलिशिया र सैनिक कर्मचारीहरुको लगत राख्ने जिम्मा जङ्गी अड्डालाई दिइएपश्चात् यस किताबखानाले निजामती र प्रहरी कर्मचारीहरुको मात्र लगत राख्न थालेको थियो ।

वि.सं.२०२२ सालमा मुलुकी सवाल ऐन खारेज भएपछि कमाण्डरी किताबखानाको नाम परिवर्तन गरी निजामती किताबखानाको नामबाट कर्मचारीहरुको लगत राख्ने कार्य हुन थालेको देखिन्छ । समयक्रमसँगै वि.स. २०३५ मा नेपाल प्रहरी तर्फका कर्मचारीहरूको अभिलेख राख्ने, उनीहरूलाई निवृत्तभरण उपदानलगायतका सुविधा दिनका लागि प्रहरी किताबखाना नामक छुट्टै निकाय स्थापना भएपश्चात् निजामती किताबखानाले निजामती कर्मचारीको मात्र अभिलेख व्यवस्थापनको कार्य गर्दै आएको थियो ।

नेपालका सरकारी निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुको सेवा सम्बन्धी अभिलेख व्यवस्थापनका लागि निजामती किताबखाना, नेपाली सेनामा कार्यरत सैनिकहरुको अभिलेख व्यवस्थापन सैनिक अभिलेखालय तथा नेपाल प्रहरी (जनपथ तथा सशस्त्र) मा कार्यरत प्रहरीहरुको अभिलेख व्यवस्थापन प्रहरी किताबखानाले गर्ने व्यवस्था गरिएको थियो । तर देशभरि रहेका सामुदियक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको केन्द्रीयस्तरमा अभिलेख व्यवस्थापनको कार्य हुन सकिरहेको थिएन । वि.सं.२०५४ मा शिक्षकहरुको अभिलेख राख्ने तथा सेवा निवृत्त सुविधा उपलव्ध गराउन शिक्षा मन्त्रालय अन्तर्गत रहने गरी विभाग स्तरको शिक्षक किताबखानाको स्थापना भएको थियो ।

वि.सं. २०६३/६४ को जनआन्दोलन पश्चात् गठित संविधानसभामा जनताका प्रतिनिधिले पारित गरेको नेपालको संविधान २०७२ मा राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह रहने व्यवस्था गरेको छ । यो व्यवस्थासँगै राज्यको राजनैतिक, प्रशासनिक, सामाजिक र आर्थिक पुन:संरचना गरिएको छ। उक्त पुन:संरचनाले व्यवस्था गरे अनुसार वि.सं. २०७५ मा निजामती किताबखाना, प्रहरी किताबखाना र विद्यालय शिक्षक किताबखानालाई एकीकृत गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभागको रुपमा राष्ट्रिय किताबखानाको स्थापना भएको हो ।

### अभिलेख व्यवस्थापनको महत्त्व

राष्ट्रिय किताबखानाको अभिलेख व्यवस्थापनले कर्मचारीहरुको सेवा प्रवाह, सेवा सुविधा तथा जनशक्ति व्यवस्थापनमा सरल, सहज र निर्णयको आधारलाई व्यवस्थित र भरपर्दो बनाएको छ। यसका साथै अभिलेख व्यवस्थापनले पारदर्शिता, जवाफदेहिता र सुशासनलाई पनि प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

कर्मचारीहरूको नियुक्तिदेखि अवकाशसम्मको विवरण अद्यावधिक राखी सेवा प्रवाहको दक्षतामा योगदान पुर्‍याउनुका साथै अभिलेखको उचित व्यवस्थापन र भण्डारणका कारण निवृत्तभरण तथा अन्य सुविधा व्यवस्थापनमा सरल, सहज र पारदर्शी बनाएको छ ।

कार्यालयहरूको संगठनात्मक संरचना तथा दरवन्दी दर्ता गरी सरकारी कार्यप्रणालीको संस्थागत सुशासन र पारदर्शी बनाउन तथा जनशक्ति व्यवस्थापनमा सघाउ पुर्‍याएको छ ।

कर्मचारीहरूको वैयक्तिक एवं सेवा विवरणहरु तथा अन्य प्रमाणपत्रहरू सुरक्षित राखी भविष्यमा कानूनी तथा प्रशासनिक आवश्यकताको परिपूर्ति गर्नुका साथै सरकारी निर्णय, नीति तथा कर्मचारी सेवा सम्बन्धी ऐतिहासिक अभिलेखहरू संरक्षण गरी अध्ययन, अनुसन्धान तथा विश्लेषणकर्तालाई उपलव्ध गराई नेपालको प्रशासनिक क्षेत्रको सुधारका लागि नीति निर्माणमा सघाउ पुर्‍याउँदै देशको प्रशासनिक तथा कानूनी ढाँचाको आधारस्तम्भको रूपमा कार्य गर्दै आएको छ। यस लेखमा निजामती, प्रहरी र शिक्षकहरुको अभिलेख व्यवस्थापनको जिम्मेवारी पाएको राष्ट्रिय किताबखानाको अभिलेख व्यवस्थापन, समस्या र सुझावका बारेमा चर्चा गरिएको छ ।

**अभिलेख व्यवस्थापन**

निजामती, प्रहरी र शिक्षकहरुको सुरु नियुक्तिदेखि अवकाशसम्मका विवरणहरुको चुस्त दुरुस्त अभिलेख राखी सम्बन्धित ऐन, नियमले प्रदत्त गरेको जिम्मेबारी अनुसार सेवा प्रवाह गर्नु नै राष्ट्रिय किताबखानाको महत्त्वपूर्ण कार्य रहँदै आएको छ। यसका अतिरिक्त किताबखानाले संवैधिनक निकायका पदिधकारी, न्यायाधीश लगायत नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार निवृत्तभरण पाउने भनी किटानी गरिएका पदाधिकारीहरुको वैयक्तिक विवरणदेखि निजहरुको अवकाशसम्मको विवरणहरुको अभिलेख राख्ने जिम्मेवारी पाएको छ ।

किताबखानाले सरकारको निर्णय अनुसार कार्यालयहरुको संगठन तथा दरवन्दी दर्ता गर्ने, नयाँ नियुक्त भएका कर्मचारीहरुको सिटरोल दर्ता, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, शैक्षिक योग्यता, तालिम, दण्ड तथा पुरस्कार, असाधारण तथा अध्ययन विदा, औषधी उपचारको रकम लगायतका सेवासँग सम्बन्धित विवरणहरु अद्यावधिक गरी राख्ने गर्दछ ।

कुनै कर्मचारी सेवाबाट अलग भएमा निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तभरण, असाधारण पारिवारिक वृत्ति, शैक्षिक वृत्ति तथा सन्ततिवृत्ति जस्ता सुविधाहरु किटान गरी अधिकारपत्र (पट्टा) उपलव्ध गराउने कार्य किताबखानाको रहेको छ। साथै काठमाडौँ उपत्यका भित्रका संघ मातहतका कार्यालयहरुको वार्षिक तलवी प्रतिवेदन पास गर्ने कार्य समेत यसको कार्यक्षेत्रमा रहेको छ भने जिल्लास्थित कार्यालयहरुको तलवी प्रतिवेदन पारित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था रहेको छ ।

जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिएको पारिवारिक निवृत्तभरण अधिकारपत्रको केन्द्रीय अभिलेख किताबखानाले राख्ने गर्दछ। साथै निवृत्तभरण व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति निर्माण, सुपरीवेक्षण, अनुगमन, तालिम, सशक्तिकरण लगायतका कार्यहरु पनि गर्ने गरेको छ। यसका अतिरिक्त प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अभिलेख व्यवस्थापनका लागि Personnel Information System (PIS) विकास गरी प्रदेशहरुमा हस्तान्तरण भइसके तापनि अर्को व्यवस्था नभएसम्म प्रदेश र स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुको सिटरोल दर्ता गरी अभिलेख व्यवस्थापनको कार्य राष्ट्रिय किताबखानाबाट हुँदै आएको छ ।

**प्रविधिको प्रयोग**

वि.सं. २०१३ देखि २०५४/५५ सम्म परम्परागत रुपमा ढड्डा र फाइलिङ पद्धतिमा राखिँदै आएको अभिलेखलाई वि.सं. २०६६ देखि Personnel Information System (PIS) विकास गरी विद्युतीय र फाइलिङ दुवै प्रणालीमा राख्न सुरु गरिएको थियो । फाइलिङ प्रणालीमा राखिएको सिटरोललाई विद्युतीय प्रणालीमा प्रवृष्ट गरी व्यवस्थित बनाउनुका साथै सेवा प्रवाहमा सहजता ल्याएको छ । साथसाथै निजामती कर्मचारीहरुका व्यक्तिगत विवरणहरु जस्तै: सिटरोल, शैक्षिक योग्यता, नागरिकता, नियुक्ति, बढुवा लगायतका कागजातहरु स्क्यान गरी डिजिटल पद्धतिमा राख्न थालिएको छ ।

फाइलिङ प्रणालीमा राखिएका अभिलेखहरुलाई पनि व्यवस्थित रुपमा अभिलेखीकरण गर्न, सहज एवं कम समयमा खोजी र उपयोग गर्न सकियोस भनी बारकोड सहितको व्यक्तिगत फायल तयार गरी विद्युतीय फायल ट्र्याकिङ प्रणालीमा आवद्धता गरिएको छ । जसले गर्दा कम समयमा सेवा प्रवाह गर्न सघाउ पुगेको छ ।

वि.सं.२०७९ बाट प्रयोगमा ल्याइएको Re-engineered Personnel Information System-PIS को प्रयोगबाट फाइलिङ्ग व्यवस्थापन, कार्यालय तथा दरवन्दी व्यवस्थापन, सम्पत्ति विवरण व्यवस्थापन, निवृत्तभरण/उपदान व्यवस्थापन, कर्मचारी सूचना व्यवस्थापन, तलवी व्यवस्थापन, सन्तती शैक्षिक वृत्ति व्यवस्थापन गरी अभिलेखीकरणलाई विद्युतीय प्रणालीमार्फत् व्यवस्थित गर्दै आएको छ । Re-engineered प्रणालीको प्रयोगबाट अन्य निकायहरुसँग अन्तरआवद्धता गरी विवरण आदानप्रदान गर्न सहज हुनुका साथै सबैजसो कार्यहरु सूचना प्रविधिको माध्यमबाट हुने व्यवस्था मिलाइएको छ ।

वि.सं. २००२ सम्म कर्मचारीहरुको अभिलेख राख्न प्रयोग गरिएको दर्ता किताब (जुन छालाद्वारा मोरिएको छ), राष्ट्रिय

अभिलेखालयमा हस्तान्तरण गरी माइक्रोफिल्म बनाएर मूल प्रति सुरक्षित राख्नी अध्येताहरुलाई उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

**समस्या तथा चुनौती**

- विगत लामो समयदेखि ललितपुरको हरिहरभवनमा सञ्चालित किताबखाना वि.सं.२०७२ सालको विनासकारी भूकम्पले उक्त भवन पूर्ण रुपमा क्षति भएकाले हरिहरभवन परिसर भित्र बनाइएका प्रिफ्याव टहरा र साविकको कृषि निर्देशनालय तथा पशु सेवा विभागले उपलब्ध गराएको छुट्टाछुट्टै भवन र टहराबाट सेवा प्रवाह गर्नु परेकाले सेवाग्राहीलाई झन्झटिलो महसुस गराएको छ ।
- व्यवस्थित र उपयुक्त भवन अभावमा सेवारत तथा सेवा निवृत्त कर्मचारीहरुको व्यक्तिगत फायल तथा राणा शासनमा कर्मचारीहरुको अभिलेख राख्न प्रयोग गरिएको दर्ता किताब (जुन छालाद्धारा मोरिएको छ) व्यवस्थित र सुरक्षित राख्न समस्या भएको छ ।
- प्रर्याप्त स्थान र उचित पूर्वाधार सहितको भवन अभावका कारण निजामती, प्रहरी र शिक्षकको एकोकृत राष्ट्रिय किताबखाना एकै स्थानबाट सञ्चालन हुन सकेको छैन ।
- बजेट विनियोजन प्रर्याप्त नहुने भएकाले विद्युतीय प्रणालीलाई समयानुसार अद्यावधिक गर्न र Global Cyber Attack बाट प्रणालीलाई सुरक्षित राख्न चुनौतीपूर्ण रहेको छ ।
- विभिन्न सेवा समूह सञ्चालन गर्ने केन्द्रीय निकायहरु, सरुवा बढुवा गर्ने निकायले कर्मचारीको सेवासँग सम्बन्धित विवरण समयमा नपठाउने, पठाएका विवरणमा कर्मचारीको सङ्केत नम्बर उल्लेख नहुने जस्ता कारणले समयमा विवरण अद्यावधिक गर्न कठिनाई हुनुका साथै यसबाट रिक्त पदपूर्ति कार्यमा यथार्थ तथ्याङ्क उपलब्ध गराउन समस्या उत्पन्न भएको छ ।
- समयमा वैकक्तिक विवरण (सिटरोल) दर्ता नगर्ने तथा तलबी प्रतिवेदन पारित नगरी तलब खुवाउने प्रवृत्ति पनि समस्याको रुपमा रहेको छ ।
- कडा रोगको लागि उपचार खर्च वापत पेश्की स्वरुप पाउने रकम १५ दिन भित्र के कति निकासा भयो सोको जानकारी किताबखानामा गराउने व्यवस्था भए पनि कतिपय अवस्थामा अद्यावधिक नगराइएको कारण अवकाश पश्चात् सुविधा गणनामा विवाद तथा समस्या उत्पन्न हुने गरेको छ ।
- निजामती सेवा ऐन नियममा सरकारी कामको सिलसिलामा दुर्घटनामा परी सरकारी कामको लागि अशक्त भएको कर्मचारीलाई अशक्त वृत्तिको व्यवस्था भए पनि के कस्तो अवस्था वा कार्यालय आउँदा जाँदा भएको दुर्घटना लगायतका विषयमा स्पष्ट परिभाषा नभएको तथा सिफारिश समितिले पनि स्पष्ट रुपमा विषयवस्तु खुलाई नपठाउने भएकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न लामो समय लाग्ने गरेको छ ।
- विभिन्न सेवा समूहका कर्मचारीको सेवा शर्त तथा सुविधा भिन्न भिन्न ऐन नियम अनुसार फरक फरक भएकाले एकीकृत प्रणालीमा व्यवस्थापनमा कठिनाई भएको छ ।
- इन्टरनेट/इन्ट्रानेट र सञ्जालीकरण (Networking) को भरपर्दो उपलब्धता नभएका कारण जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पादन भएका कार्यहरुको केन्द्रीय अभिलेख व्यवस्थापन प्रभावकारी रुपमा हुन सकेको छैन ।
- कार्यप्रकृति, कार्यबोझ तथा सेवाग्राहीको अनुपातमा दक्ष तथा आवश्यक जनशक्ति सहित साधन र स्रोत उपलब्ध हुन नसक्नाले सेवा प्रवाहमा प्रभाव परिरहेको छ ।
- छुट्टा छुट्टै ऐन नियम र सेवा सुविधा भएका कारण निजामती, प्रहरी र शिक्षकहरुको विवरण राख्न एकीकृत प्रणालीको विकास चुनौतीपूर्ण रहेको छ ।

**समस्या समाधानका सुझाव**

भवन तथा पूर्वाधारको व्यवस्था: तीनवटै किताबखानालाई एकीकृत राष्ट्रिय किताबखानाको रुपमा सञ्चालन गर्नका लागि व्यवस्थित, सुरक्षित र आधुनिक भवन यथाशक्य चाँडो निर्माणको व्यवस्था मिलाइनु पर्ने । त्यसैगरी ऐतिहासिक अभिलेखहरू (जस्तै छालामा मोरिएका दर्ता किताब) लाई संरक्षण गर्न डिजिटलाइजेसन र माइक्रोफिल्म प्रविधिमा रुपान्तरण गरी मूल प्रतिलाई धुलो, किराबाट सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

प्रविधिको अद्यावधिकरण: Re-engineered PIS प्रणालीलाई समयसापेक्ष अपडेट गर्नुका साथै साइबर सुरक्षाका उपाय (जस्तै एन्क्रिप्सन, फायरवल) जस्ता आधुनिक र सुरक्षित प्रविधिको प्रयोग गर्ने । अन्य सरकारी निकायहरूसँग अन्तरआवद्धता बढाउनुका साथै कर्मचारीको सरुवा, बढुवा लगायतका विवरणहरु सम्बन्धित सेवा समूह सञ्चालन गर्ने निकायले यसै प्रणालीबाट गर्ने अनिवार्य व्यवस्था मिलाउने । कागजी प्रयोग र भौतिक उपस्थितलाई कम गर्दै अनलाईन सेवा उपलव्ध गराउनेतर्फ अग्रसर हुने ।

कर्मचारी अभिलेख व्यवस्थापन: सेवा समूह अनुसारका ऐन/नियमलाई एकीकृत र सेवा सुविधाहरुमा एकरुपता ल्याउने। सिटरोल दर्ता, तलबी प्रतिवेदन र सरुवा/बढुवा विवरण अनिवार्य रूपमा समयमा पेश गर्न कार्यालयहरूलाई जवाफदेही बनाउने।

कार्यशक्ति र स्रोत व्यवस्थापन: कर्मचारी अनुपातमा दक्ष जनशक्तिको व्यवस्थापन, अभिमुखीकरण तालिम र प्रविधिको प्रयोग बढाउने। जिल्लास्तरमा इन्टरनेट/सञ्जाललाई भरपर्दो र सबै सम्बन्धित कार्यालयमा उपलव्ध हुने व्यवस्था गरी केन्द्रीय अभिलेखसँगको पहुँचलाई दिगो बनाउने ।

सेवाग्राही सुविधा: ऐन नियममा देखा परेका अस्पष्टतालाई पुन: परिभाषित गरी सेवा सुविधा छिटो, सरल र सहज उपलव्ध हुने व्यवस्था मिलाउने । स्वचालित SMS/ईमेल अलर्ट प्रणालीबाट कर्मचारीलाई सेवा अद्यावधिकरणको जानकारी दिने ।

**निष्कर्ष**

नेपालमा कर्मचारी अभिलेख व्यवस्थापनको इतिहास राणाकालीन मुलुकी किताबखानादेखि सुरु भएर हालको राष्ट्रिय किताबखानासम्म पुगेको छ। यसले निजामती, प्रहरी र शिक्षकको सेवा प्रवाहलाई डिजिटल रूपान्तरण गरी पारदर्शिता, दक्षता र सुशासनलाई प्रवर्द्धन गरेको छ। तथापि, भवन अभाव, प्रविधिगत चुनौती, सेवा समूहको विविधता र जनशक्ति अभाव जस्ता समस्याहरू अझै पनि रहेका छन्। यी चुनौतीहरू समाधान गर्न एकीकृत प्रणाली, पर्याप्त बजेट र संस्थागत सुधार आवश्यक छ । भविष्यमा अभिलेख व्यवस्थापनलाई पूर्ण रूपमा डिजिटल, सुरक्षित र सेवाग्राही-मैत्री बनाउन सम्बन्धित सबै सरोकारवालाहरुको सहकार्य राष्ट्रिय प्राथमिकता हुनुपर्छ ।

कर्मचारी अभिलेख व्यवस्थापनले नेपालको प्रशासनिक इतिहास, वर्तमान सेवा प्रवाह र भविष्यको नीति निर्माणका तीनै तहमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको छ। साथै प्रशासनिक पारदर्शिता, सेवा प्रवाहको गति र कर्मचारी सन्तुष्टिमा ठूलो योगदान दिने देखिन्छ । आगामी दिनमा यसलाई अझ उन्नत बनाउन सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ।

**सन्दर्भ सामग्री**

राष्ट्रिय किताबखाना : वार्षिक प्रतिवेदन (२०८०/८१)।
राष्ट्रिय किताबखाना (निजामती) को वेबसाइट : https://nijamati.pis.gov.np
राष्ट्रिय किताबखाना (प्रहरी) को वेबसाइट : https://dppr.gov.np
राष्ट्रिय किताबखाना (शिक्षक) को वेबसाइट : https://stro.gov.np

# कोशी प्रदेशमा आर्थिक वृद्धि क्लस्टरको अवधारणा र सम्भाव्यता

डा.अर्जुनकुमार बराल *



१. परिचय

नेपालमा खास प्रकृतिका उद्योग वा आर्थिक गतिविधि निश्चित भौगोलिक क्षेत्रमा केन्द्रिकृत भई सो क्षेत्रले मुलुकको आय र रोजगारीमा महत्वपूर्ण हिस्सा ओगटेको उल्लेख्य उदाहरण छैन । छरिएर हुने कृषि उत्पादन तथा मुलतः बजार र सहरी क्षेत्र केन्द्रित व्यापार व्यवसाय र उद्योगको समग्र योगदानबाट नेपालको अर्थतन्त्र सञ्चालित छ । कोशी प्रदेशमा नेपालको अर्थतन्त्रका सबैजसो विशेषता पाइन्छ । कोशी प्रदेश अन्तर्गत तराईका जिल्लाहरूले प्रादेशिक आय र रोजगारीमा तुलनात्मक रुपमा बढी योगदान गरिरहेको पाइन्छ । तरकारी, फलफूल, अलैँची, अदुवा, चिया आदि मध्ये र उच्च पहाडी भेगका कृषि उत्पादनले पनि प्रदेश अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरिरहेको देखिन्छ । यद्यपि यी दुबै क्षेत्रलाई आर्थिक वृद्धि सम्भाव्य क्षेत्र वा क्लस्टरको रुपमा विकास गर्न भइरहेका पहलहरु पर्याप्त छैनन् । सरकारी तथा निजी क्षेत्रबाट यो क्षेत्रमा सहकार्य बढाउन जरुरी छ ।

संघीय सरकारले विभिन्न तहबाट कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् निश्चित उत्पादन हुने क्षेत्रलाई आधार बनाएर जोन, ब्लक वा पकेट निर्धारण गरिएको भए पनि यो आर्थिक वृद्धिको बृहतर लक्ष्य केन्द्रित छैन । यसले उत्पादनमा आधारित सो क्षेत्रका कृषकलाई सरकारका तर्फबाट उपलब्ध गराइने सेवा व्यवस्थित र उत्पादन केन्द्रित बनाउने प्रयास भने गरेको छ । सरकारी वा निजी क्षेत्रबाट ठूलो क्षेत्रलाई आय र रोजगारीको केन्द्रका रुपमा विकास गर्ने अन्य उल्लेख्य प्रयास नेपाल र कोशी प्रदेशमा भएको पाइँदैन । अन्तर नगरपालिका सहकार्य प्रवद्र्धनका लागि काठमाडौं उपत्यका भित्रका नगर प्रमुखहरूको साझा मञ्च निर्माणको प्रयास भएको भएता पनि साझा आर्थिक हित प्रवद्र्धनको उद्देश्य केन्द्रित मञ्च होइन । राष्ट्रिय र प्रदेशस्तरमा नगरपालिका र गाउँपालिकाहरूको साझा संगठन निर्माण भएको भए पनि यो आर्थिक विकास वा आर्थिक वृद्धिमा केन्द्रित संगठनका रुपमा छैन, आर्थिक सम्भाव्यतामा केन्द्रित भएको पनि पाइँदैन ।

नेपालको सन्दर्भमा सिद्धार्थ राजमार्गसँग जोडिएका १५ वटा नगरपालिकाहरूले एक सञ्जाल निर्माण गरी त्यस भेगलाई सिद्धार्थ आर्थिक करिडोरका रुपमा विकासको केही प्रयास भने भएको पाइन्छ । यो मञ्चले विभिन्न चरणमा अन्तर नगरपालिका सम्बादमार्फत् कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रमा सहकार्यका सम्भावना पहिल्याउने प्रयास गरेको देखिन्छ । यद्यपि सिद्धार्थ आर्थिक करिडोर विकासको साझा प्रयासले मूर्तरुप पाइसकेको भने छैन ।

अन्तर्राष्ट्रिय स्तरमा भने सरकार र निजी क्षेत्रबाट आर्थिक हित प्रवद्र्धनका लागि साझा प्रयास भएका विभिन्न उदाहरण पाइन्छन् । अमेरिकामा निश्चित भौगोलिक सीमाभित्रका वा एकअर्कासँग सीमाना जोडिएका स्थानीय सरकारहरूले स्वेच्छिक रुपमा काउन्सिल अफ गभर्नमेन्ट्स बनाएर साझा हित प्रवद्र्धनमा काम गर्ने गरेका छन् । निजी क्षेत्रबाट उत्पादन केन्द्रित क्षेत्रको विकास मार्फत् निश्चित क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारीको केन्द्रको रुपमा विकास गरेका उदाहरण पनि पाइन्छन् । अमेरिकाको सिलिकन भ्याली, जापानको टोयटा सिटी आदि त्यसका केही उदाहरण हुन् ।

अमेरिकाको भर्जिनिया राज्यको सेनाण्डो (Shenandoah) भ्याली साझेदारीलाई उदाहरणका रुपमा लिन सकिन्छ । भर्जिनिया राज्यले स्थानीय, क्षेत्रीय र प्रदेशस्तरमा निजी र सार्वजनिक क्षेत्रका बिच साझेदारी प्रवद्र्धन मार्फत् यस क्षेत्रमा नयाँ स्थापना हुने तथा सञ्चालनमा रहेका व्यवसायका लागि सहज व्यवसायिक वातावरण निर्माणका लागि सेनाण्डो भ्यालीको अवधारणा कार्यान्वयनमा ल्याएको हो । पर्यटन केन्द्रको रुपमा रहेको यसक्षेत्रमा यहाँका पहाड, प्राकृतिक सौन्दर्य, वन्यजन्तुका लागि परिचित छ । यस क्षेत्रमा शरद र बसन्त ऋतुमा पर्यटक सत्कारमा निकै व्यस्त रहन्छ । सेनाण्डो भ्यालीले स्थानीय उद्यमी व्यवसायी, ठूला व्यवसायिक घराना, सरकार र सम्बन्धित सरोकारवालालाई एक ठाउँमा ल्याएर यस क्षेत्रको आर्थिक विकासका लागि अनुकुल वातावरण निर्माणमा योगदान गर्छ । सेनाण्डो भ्यालीमा यस क्षेत्रका ७ स्थानीय सरकार (काउण्टी) र ५ शहरले कृषि व्यवसाय, सूचना प्रविधि, व्यावसायिक सेवा, उत्पादनमूलक उद्योग, यातायात र बन्दोबस्ती जस्ता क्षेत्रमा सहकार्य गर्छन् ।

अमेरिकाकै क्यालिफोर्निया राज्यमा रहेको नापा भ्यालीलाई आर्थिक वृद्धि क्लस्टर विकासका लागि उदाहरण मान्न सकिन्छ । यो क्षेत्र स्टेलर वाइन (मदिरा) उत्पादनका लागि प्रख्यात छ । नापा भ्याली वाइनको उत्पादन र बजारीकरणको सम्भावना पहिल्याएर क्षेत्रीय आर्थिक विकास हाँसिल गरेको क्षेत्र हो । नापा भ्याली निजी क्षेत्रको अग्रसरतामा शुरु भई सरकार लगायतका सरोकारवालाहरूले सामुहिक रुपमा प्रवद्र्धन र विकास गरेको क्षेत्र हो । यसक्षेत्रमा वाइन उत्पादन मात्र नभई वाइन र अन्य खानामा आधारित पर्यटन, विभिन्न मनोरञ्जनात्मक गतिविधि, मदिरा उत्पादन गृहहरुको अवलोकनका लागि आउने पर्यटन सेवाका लागि होटलहरुको विकास, कृषि उत्पादन विस्तार जस्ता माध्यमबाट समेत क्षेत्रीय आर्थिक विकासमा योगदान गरिरहेको छ । नापा भ्याली कलिस्टोगा, सेन्ट हेलेना, ओक्भिल र रुथरपोर्ड, युन्ट्भिल र नापा नगरको साझा क्लस्टर हो ।

कोशी प्रदेशको आर्थिक वृद्धिका सन्दर्भमा आर्थिक वृद्धि क्लस्टरलाई माथि प्रस्तुत उदाहरणमा जस्तैः समृद्ध आर्थिक क्षेत्रका रुपमा नभई भविष्यमा प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने क्षेत्रको रुपमा विकास गर्नका लागि नयाँ सुरुवातका रुपमा मात्र लिन खोजिएको हो । सुरुवाती समयमा क्लस्टरलाई उत्पादन र रोजगारी सिर्जनामा एकभन्दा बढी स्थानीय सरकारहरू र ती सबै वस्तु स्थानीय तहका सम्बन्धित मुख्य आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवासँग सम्बन्धित सरोकारवाला रहेको एक मञ्चका रुपमा अघि बढाउन सकिन्छ ।

यो स्थानीय सरकारहरूको मञ्च भन्दा बृहत्तर अवधारणा हो । यसमा स्थानीय सरकार मात्र नभई, वस्तु तथा सेवाका उत्पादक लगायत प्रमुख सरोकारवालाहरूले क्लस्टरको साझा प्राथमिकता निर्धारणका साथै सरकार, निजी क्षेत्र, सहकारीका बिच सहकार्यका क्षेत्र पहिचान आ–आफ्नो भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको छ । आर्थिक वृद्धि क्लस्टरहरू स्थानीय तहहरूको साझा प्रयासबाट क्षेत्रीय आर्थिक वृद्धि हाँसिल भई प्रदेश अर्थतन्त्र विस्तारमा समेत योगदान पुग्ने अपेक्षा राखिएको छ । यस अध्ययन प्रयोजनका लागि लिइएको आर्थिक वृद्धि क्लस्टरको अवधारणालाई तलको प्रवाह चित्रबाट संक्षेपीकरण गर्न सकिन्छ । जस अनुसार उत्पादन वा आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवामा आधारित रहेर एकभन्दा बढी स्थानीय तह मिलेर क्लस्टरको विकास गर्न सकिन्छ । क्लस्टरले आर्थिक वृद्धि लगायतका लक्ष्य तथा उद्देश्य हाँसिल गर्ने सन्दर्भमा संघ र प्रदेश सरकारसँग समन्वय गर्छन् भने संघ र प्रदेश सरकारले क्लस्टरका गतिविधिलाई आवश्यक सहजीकरण गर्छन् ।

*त्रिभुवन विश्वविद्यालयमा कार्यरत ।

**आर्थिक वृ[illegible]को रेखात्मक चित्र**




कोशी प्रदेशका आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवाको उत्पादन क्षेत्रमा सम्बन्धित वस्तु तथा सेवाको उत्पादकत्व वृद्धि, बजारीकरण, मुल्य अभिवृद्धि श्रृङ्खला विकास जस्ता कार्यमा स्थानीय सरकार र निजी क्षेत्रको आपसी सम्बन्ध र सहकार्य प्रवद्र्धन गर्नका लागि आर्थिक वृद्धि क्लस्टर निर्माणको सम्भावनालाई माथ प्रिस्तुत रेखात्मक चत्रिले समेट्ने प्रयास गरेको छ । यसक्रममा पहिचान भएका आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवा मध्येबाट निश्चित वस्तु तथा सेवामा आधारित रहेर केही क्लस्टर पहिचान भएका छन् । यसरी पहिचान भएका क्लस्टरहरू मध्ये केहीमा क्लस्टरको अवधारणा कार्यान्वयनको सम्भावनामा केन्द्रित रहेर सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया पनि गरिएको छ । केही सङ्ख्यामा भएका अन्तरक्रिया र विभिन्न क्षेत्रका विज्ञसँगको परामर्शलाई मात्र आधार बनाइनु आर्थिक वृद्धि क्लस्टरको अवधारणा परीक्षणका सीमितता हुन् ।

**२. आर्थिक वृद्धि क्लस्टर पहिचानको विधि**

कोशी प्रदेशका सम्भाव्य आर्थिक वृद्धि क्लस्टर पहिचानका लागि निम्न विधि अवलम्वन गरिएको थियो ।

क. प्रादेशिक अर्थतन्त्रमा सम्बन्धित वस्तु तथा सेवाको योगदान, मुल्य अभिवृद्धि दर, प्रदेश सरकारको नीतिगत प्राथमिकता, आयात र निर्यातको अवस्था, आर्थिक क्रियाकलाप र रोजगारी जस्ता सूचकका आधारमा आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवा पहिचान,

ख. पहिचान गरिएका वस्तु तथा सेवाको मुल्याङ्कनका आधारमा कृषि बाली, पशुपालन, उत्पादनमूलक उद्योग र सेवा क्षेत्रबाट १/१ गरी तुलनात्मक लाभका ४ वटा वस्तु तथा सेवा छनोट,

ग. छनोट भएका वस्तु तथा सेवा उत्पादन वा प्रवाहका सम्भाव्य जिल्ला र स्थानीय तह सूचिकरण र

घ. सूचिकृत स्थानीय तहको समूह मध्येबाट सम्भाव्य आर्थिक वृद्धि क्लस्टर प्रस्ताव

आर्थिक वृद्धि सम्भाव्य १८ वटा वस्तु तथा सेवा मध्येबाट विभिन्न सूचकका आधारमा मुल्याङ्कन गर्दा निम्नानुसारको प्राथमिकता क्रम हुन सक्ने देखिएको थियो ।

| आर्थिक क्रियाकलाप | वस्तु तथा सेवा | प्राथमिकता क्रम |
|---|---|---|
| कृषिबाली | अलैँची | १ |
| | धान | २ |
| | आलु | ३ |
| | मकै | ४ |
| | अदुवा | ५ |
| | गहुँ | ६ |
| | तरकारी | ७ |
| | तोरी | ८ |
| | सुन्तला र अमिलो जातका फलफूल | ९ |
| | केरा | १० |
| | कोदो | ११ |
| पशुपालन | डेरी (दुग्ध पदार्थ) | १ |
| | मासु (बाख्रापालन) | २ |
| | बंगुरको मासु | ३ |
| उत्पादनमूलक उद्योग | खाद्य प्रशोधन उद्योग | १ |
| | टेक्सटाइल उद्योग | २ |
| सेवा | पर्यटन | १ |
| | कृषि उपजको व्यापार | २ |

आर्थिक वृद्धिका सम्भाव्य क्लस्टर पहिचानको पहिलो चरणमा विभिन्न वस्तु तथा सेवा उत्पादन हुने प्रमुख जिल्लाहरूको सूचि तयार गरिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

| क्षेत्र | उत्पादन | जिल्ला |
|---|---|---|
| कृषि तथा पशुपालन | धान | मोरङ, झापा, सुनसरी |
| | मकै | मोरङ, सुनसरी, झापा, इलाम, तेह्रथुम, उदयपुर, ओखलढुंगा, |
| | गहुँ | मोरङ, सुनसरी, झापा |
| | दुध, मासु | सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा, भोजपुर, खोटाङ |
| | तरकारी (बन्दा, गोलभेंडा, काउली) | धनकुटा, मोरङ, झापा, तेह्रथुम, सुनसरी, इलाम, उदयपुर, पाँचथर, खोटाङ, |
| | आलु | सुनसरी, मोरङ, इलाम, धनकुटा, झापा, पाँचथर, तेह्रथुम, ताप्लेजुङ |
| | अदुवा | इलाम, धनकुटा, संखुवासभा |
| | अलैँची | ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा |
| | फलफुल (सुन्तला, अमिलो जात र केरा) | भोजपुर, उदयपुर, तेह्रथुम, सोलुखुम्बु, झापा, धनकुटा, सुनसरी, मोरङ, पाँचथर, ताप्लेजुङ |
| उद्योग | खाद्य प्रशोधन उद्योग | मोरङ, झापा, सुनसरी, उदयपुर, इलाम |
| | कपडा उद्योग | मोरङ, झापा, सुनसरी |

| | | |
|---|---|---|
| सेवा | कृषि सामग्रीको थोक तथा खुद्रा व्यापार | झापा, मोरङ, सुनसरी |
| | पर्यटन | १४ वटै जिल्ला |

क्लस्टर निर्माण गर्दा सम्बन्धित क्षेत्रको सम्भाव्य वस्तु तथा सेवालाई मुख्य आधार बनाउनु उपयुक्त हुन्छ । कोशी प्रदेशमा विभिन्न कृषि बाली, उद्योग र सेवा क्षेत्रमा आधारित रहेर आर्थिक वृद्धि क्लस्टरहरूको विकास गर्न सकिन्छ । कृषि क्षेत्रका सन्दर्भमा उत्पादन र उत्पादन सम्भाव्यतालाई ध्यानमा राखेर आर्थिक वृद्धिमा बढी योगदान गर्नसक्ने धान, मकै, तरकारी, आलु, अदुवा लगायतका क्लस्टर विकास गर्न सकिने सम्भावना छ । उद्योगतर्फ कृषि उपजको प्रशोधन सम्भाव्य क्षेत्रलाई प्राथमिकतामा राख्न सकिन्छ ।

### ३. अध्ययनका निष्कर्षहरु

विभिन्न सूचकका आधारमा विश्लेषण गर्दा कोशी प्रदेशको सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर उद्योगसँग जोड्नका लागि निजी क्षेत्रसँग भरपर्दो साझेदारी निर्माण गर्ने गरी मुख्य नीतिगत प्राथमिकता निर्धारण र कार्यान्वयन गर्नुपर्ने देखिएको छ । कृषि उत्पादनको प्रशोधनलाई उद्योग क्षेत्रको प्राथमिकता बनाउनु पर्ने तथा कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारलाई सेवा क्षेत्रको प्राथमिकताका रुपमा अघि बढाउन सकेमा कोशी प्रदेशले तुलनात्मक लाभ हाँसिल गरी आय र रोजगारीको स्तरमा उल्लेख्य सुधार गर्न सक्ने देखिन्छ । कृषि क्षेत्रको व्यवसायीकरण मार्फत् श्रम बजारमा आउन नसकेका महिला जनसङ्ख्याको श्रम सहभागिता बढाउन, औपचारिक क्षेत्रको रोजगारी बढाउन तथा आय गरिबी न्यूनिकरण गर्न समेत कोशी प्रदेशले कृषि र अन्य क्षेत्रका बिचको भरपर्दो अन्तरसम्बन्ध निर्माण आवश्यक छ । त्यसबाहेक पर्यटन कोशी प्रदेशको आर्थिक वृद्धिको अर्को महत्वपूर्ण आधार बन्न सक्ने देखिन्छ ।

अध्ययनका आधारमा कृषिको व्यवसायीकरण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान गर्नसक्ने प्रतिस्पर्धी उद्योगको विकास, पर्यटन पूर्वाधार र सेवाको विकास तथा विस्तारलाई प्रदेशको प्रमुख नीतिगत प्राथमिकतामा रहेको देखिन्छ । यद्यपि प्रदेशको बजेट निर्माण र कार्यान्वयनमा ती क्षेत्रले पर्याप्त प्राथमिकता पाउन नसकेको देखिन्छ । बजेटको आकार आवधिक योजनाले लक्ष्य गरेभन्दा सानो हुनु, प्रादेशिक बजेटको संघीय अनुदानमा उच्च निर्भरता हुनु, पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसक्नु, उद्योग र पर्यटन क्षेत्रमा न्यून बजेट विनियोजन हुनु र विनियोतित रकमको ठूलो हिस्सा खर्च नहुँदा आर्थिक वृद्धिमा सार्वजनिक क्षेत्रको प्रत्यक्ष योगदान अपेक्षित रुपमा हुन सकिरहेको देखिँदैन ।

कृषि क्षेत्रका आर्थिक इकाईको सङ्ख्या न्यून हुनुले कृषिमा व्यवसायीकरणको अवस्था सीमित रहेको देखाउँछ । श्रम बजारमा महिलाहरू नआउँदा ऐच्छिक बेरोजगारी धेरै हुँदा बेरोजगारी दर कम देखिए पनि तिनले अर्थतन्त्रमा योगदान गर्ने अवसरको उपयोग नहुँदा अर्थतन्त्रको विस्तार सीमित भएको देखिन्छ । अनौपचारिक रोजगारीको अवस्था उच्च हुनु तथा औसत पारिश्रमिक न्यून हुनुले कृषि र गैरकृषि क्षेत्र दुबैले आकर्षक रोजगारी सिर्जना गर्न नसकेको देखिन्छ । यसले वैकल्पिक रोजगारीका लागि युवा बाहिर जाने र स्थानीय अर्थतन्त्र विस्तारमा चुनौती पैदा भइरहने अवस्था देखिएको छ ।

अध्ययनले कुल गार्हस्थ्य उत्पादनमा योगदान, मुल्य अभिवृद्धि दर, आर्थिक गतिविधिको अवस्था, कृषि र उद्योगका बिचको सम्भाव्य अन्तरसम्बन्ध आयात र निर्यात व्यापार जस्ता सूचकका आधारमा मुल्याङ्कन गर्दा कृषितर्फ अन्नबाली, नगदेबाली, मसलाबाली, फलफूल र तरकारी तथा पशुपालन अन्तर्गतका आर्थिक वृद्धि सम्भाव्य वस्तु उत्पादन र उत्पादकत्व वृद्धिलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने देखाएको छ । यो अध्ययनले कृषि तथा पशुपालन अन्तर्गतका १४ वटा उत्पादनहरू, उत्पादनशील उद्योग क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू र सेवा क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू गरेर निम्न १८ वटा उत्पादनहरूलाई प्रदेशको गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान पुऱ्याउन सक्ने उत्पादनका रुपमा पहिचान गरेको छ ।

**कृषितर्फका आर्थिक वृद्धि सम्भाव्य वस्तुहरू**

| | |
|---|---|
| अन्नबाली | १. धान |
| | २. मकै |
| | ३. गहुँ |
| | ४. कोदो |
| पशुपालन | ५. दुध (गाई । भैंसीपालन) |
| | ६. मासु (बाख्रा पालन) |
| | ७. बंगुरको मासु (बंगुरपालन) |
| तरकारी | ८. गोलभेंडा, बन्दा र काउली |
| नगदेबाली | ९. आलु |
| | १०. तेलहन |
| मसला बाली | ११. अलैंची |
| | १२. अदुवा |
| फलफूल | १३. सुन्तला र अमिलो जात |
| | १४. केरा |

मौसम परिवर्तनका कारण कोशी प्रदेशमा गहुँ उत्पादकत्व कम हुदै गएको र गहुँ र कोदोको मुल्य अभिवृद्धि दर नकारात्मक हुँदै गएको भए पनि कोशी प्रदेश र स्थानीयस्तरमा गरिएका छलफल र औद्योगिक कच्चा पदार्थका रुपमा भइरहेको र हुनसक्ने सम्भाव्य प्रयोगलाई दृष्टिगत गरी आर्थिक वृद्धि सम्भाव्य वस्तुका रुपमा समावेश गर्न सकिने देखिन्छ । यद्यपि प्रदेश सरकारले प्रतिस्थापन वस्तुमा रहेको अवसर विश्लेषण गरी यी दुईवटा वस्तुलाई आर्थिक सम्भाव्य वस्तुको सूचिमा समावेश गर्ने सम्बन्धी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिन्छ ।

उद्योग क्षेत्रमा उत्पादनमूलक उद्योग आर्थिक वृद्धि सम्भाव्य उद्योगका रुपमा देखिएको छ । यस अन्तर्गत कृषि वस्तुको प्रशोधन वा खाद्य वस्तुको प्रशोधन सबैभन्दा मुख्य प्राथमिकताका हुनुपर्ने देखिन्छ भने टेक्स्टाइल अर्को महत्वपूर्ण आर्थिक वृद्धि सम्भाव्य वस्तु हुनसक्ने देखिन्छ ।

सेवा क्षेत्रमा थोक तथा खुद्रा व्यापार, यातायात र खाना तथा आवास सेवा आर्थिक वृद्धि सम्भाव्य उपक्षेत्रका रुपमा देखिएका छन् । थोक ता खुद्रा व्यापार अन्त्रतगत कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारले कोशी प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्न सक्ने देखिएको छ भने यातायात एवं आवास र खाना सेवालाई पर्यटन अन्तर्गतका प्रमुख गतिविधिका रुपमा लिएर प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ ।

यसका अतिरिक्त प्रस्तुत अध्ययनले आर्थिक वृद्धि सम्भाव्य क्षेत्रको अवधारणालाई अगाडि सारेको छ । यो पहिचान भएका प्रमुख उत्पादनमा केन्द्रित भएर स्थानीय तहहरूले एकीकृत अवधारणा, योजना, रणनीति र कार्यक्रमहरू लागु गर्नु उपयुक्त हुन्छ भन्ने अवधारणा हो । जसअनुसार खाद्य प्रशोधन उद्योगका लागि कोशी औद्योगिक कोरिडोरमा रहेका विराटनगर महानगरपालिकासहितका ५ वटा पालिकाहरूको एउटा केन्द्र वा क्लस्टर बन्न सक्ने देखिएको छ । यस्तै झापाको बिर्तामोड नगरपालिका सहितका पालिकाहरूको अर्को क्लस्टर बन्न सक्छ ।

दुग्ध उत्पादन (डेरी उद्योग) सँग सम्बन्धित रहेर झाँपाका मेचीनगर, बुद्ध शान्ति र अर्जुनधाराको एउटा क्लस्टर र इटहरी नगरपालिका र सुनसरी जिल्लाकै अन्य पालिकाहरू जोडेर अर्को क्लस्टर बन्न सक्ने अवस्था देखिएको छ । यसैगरी पर्यटनसँग सम्बन्धित रहेर 'तिनजुरे–मिल्के–जलजले' मा जोडिने लालीगुराँस नगरपालिका सहित ८ देखि १० वटा पालिकाहरूको एउटा

क्लस्टर, धरान र धनकुटाको संगममा रहेको ‘भेडेटार–नाम्जे क्षेत्रलाई आधार मानेर अर्को क्लस्टर बन्ने अवस्था देखिएको छ । इलाम जिल्लाको ‘कन्याम–अन्तु क्षेत्रलाई आधार मानेर सूर्योदय न.पा., रोङ गाउँपालिका र इलाम न.पा.लाई जोडेर यस्तै क्लस्टर बनाउन सकिने आधारहरू यो अध्ययनले प्राप्त गरेको छ । पर्यटनसँग सम्बन्धित अन्य क्लस्टरहरूमा ‘बराहक्षेत्र केन्द्र’ र ‘सगरमाथाको खुम्बु’ क्षेत्र पनि हुन सक्ने अध्ययनको निष्कर्ष रहेको छ ।

कृषि उत्पादन अन्तर्गत अलैँची उत्पादनका लागि ख्याति प्राप्त ताप्लेजुङ जिल्ला अन्तर्गतका फुङ्लिङ न.पा.लगायत आसपासका पालिकाहरूलाई जोडेर अर्को अलैँची उत्पादनको एउटा क्लस्टर निर्माण गर्न सकिने यस अध्ययनको निष्कर्ष हो ।

विगतका वर्षहरूमा प्रदेशको गार्हस्थ्य उत्पादनमा रहेको वृद्धिदर, कुल कृषि उत्पादनमा भएको योगदान, खाद्य प्रशोधन उद्योगसँगको सम्बन्ध, विगतका वर्षहरूमा देखिएको निर्यात र आयातको अवस्था, प्रदेशको प्रथम आवधिक योजना र विगतका बजेटका प्राथमिकताहरू, निजी क्षेत्र, सहकारी क्षेत्र, सम्बन्धित विषयका विज्ञहरू लगायतका सरोकारवालाहरूबाट प्राप्त सूचनाबाट माथि उल्लेखित पहिचानको मुख्य आधार तयार गरिएको थियो । कोशी प्रदेश अत्यन्त सम्भावना बोकेको प्रदेश हो । कृषि, पर्यटन, उद्योग–व्यवसाय, अन्तर्राष्ट्रिय व्यापार लगायतका प्रत्येक क्षेत्रहरूमा यसको आफ्नै विशिष्ट पहिचान छ । त्यसमा पनि आर्थिक वृद्धिको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र मुलुकको कायापलट गर्न सक्ने एउटा प्रमुख क्षेत्र हुनसक्ने वास्तविकतालाई विभिन्न तथ्याङ्कहरू र यो अध्ययनले प्रमाणित गरेको छ । त्यसमा पनि प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाले पाँच वर्षभित्रमा कृषि क्षेत्रको वृद्धिदरलाई ५.६% पुऱ्याउने लक्ष्य लिएको थियो । यसैगरी दोश्रो आवधिक योजनाले आगामी ५ वर्षमा ६५को आर्थिक वृद्धिको लक्ष लिएको देखिन्छ । यद्यपि यो उपलब्धी हाँसिल गर्न कृषि क्षेत्रलाई पछिल्ला प्रविधिहरूसहितको यान्त्रिकीकरणमार्फत् उत्पादन वृद्धि र बजारको सुनिश्चितता आवश्यक छ । विगतको अभ्यास हेर्ने हो भने सरकारका प्रयास र योजनाहरू त्यति धेरै प्रभावकारी हुनसकेका छैनन् ।

कृषि क्षेत्रको व्यापक रुपमा संरचनागत रुपान्तरण नगरेसम्म औद्योगिकीकरण र बजारीकरणको यात्रा अधुरो र अपूरो नै हुनजान्छ । निजी क्षेत्रको उल्लेखनीय सहभागिता विना कृषि क्षेत्रले व्यापक रुपान्तरणसहितको फड्को मार्न सक्ने अवस्था पनि देखिँदैन । प्रदेशको प्रथम आवधिक योजनाले पनि कृषि अन्तर्गतका विभिन्न क्षेत्र र उपक्षेत्रहरूमा निजी क्षेत्रबाट ठूलो मात्रामा लगानी सहितको सहकार्यको अपेक्षा गरेको थियो । जसअनुसार पाँच वर्षको अवधिमा कृषि तथा वन क्षेत्रमा गरिने कुल लगानी १७,८३७ करोडमध्ये निजी क्षेत्रबाट मात्रै ४५% लगानीको अपेक्षा गरिएको थियो । यसैगरी मत्स्यपालनमा गरिने कुल लगानी ३५२ करोड मध्ये निजी क्षेत्रबाट मात्रै ७०% को अपेक्षा थियो । यस्तो सहकार्यले प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको निर्भरतालाई कम गरी औद्योगिक क्षेत्रको योगदानलाई वृद्धि गर्दै लैजान सकिन्छ । तर हालसम्म निजी क्षेत्र कृषिको रुपान्तरणमा आक्रामक ढङ्गले आउन सकेको अवस्था छैन । प्रतिफलको सुनिश्चितता नभएसम्म निजी क्षेत्रबाट ठूलो लगानीको अपेक्षा गर्न पनि सकिन्न ।

मुलुकको आधुनिक औद्योगिकीकरणको इतिहास यसै प्रदेश अन्तर्गत विराटनगर जुट मिलको स्थापना (वि.सं. १९९४) बाट शुरु भएको हो । यो आँफैमा मुलुकको औद्योगिक यात्रामा आधुनिकीकरणतर्फको प्रस्थान बिन्दु थियो र क्रान्तिकारी कदम पनि थियो । यसअघि नै वि.सं. १९३५ मै स्थापित इलामको चिया प्रशोधन कारखाना पनि कृषिजन्य उद्योगको माइलस्टोन मानिनु पर्ने तर्क पनि छ । उपर्युक्त दुबै उद्योगहरू नगदे बालीमा आधारित उद्योगहरू हुन् । हाल यो प्रदेशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान १७.३२% रहेको भए पनि उत्पादनमूलक उद्योगको योगदान भने त्यसको करिब आधा मात्र रहेको छ । कृषिमा आधारित उद्योगको प्रचुर सम्भावना त छ, तर त्यसमा आधारित उद्योग स्थापनाले व्यापकता पाउन सकेको अवस्था देखिँदैन । यो अध्ययनबाट खाद्य प्रशोधन उद्योग र कपडा उद्योगको योगदान उल्लेखनीय देखिन्छ । खाद्य प्रशोधन उद्योगले समग्र कृषि क्षेत्रको रुपान्तरणमा पनि उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने आँकलन गरिएको छ ।

यस प्रदेश अन्तर्गतका अधिकांश जिल्लाहरू खाद्यान्न उत्पादनमा आत्मनिर्भर र वचतको अवस्थामा देखिन्छन् । यसबाट

आन्तरिक र बाह्य बजार दुबैको लागि ठूलो सम्भावना बोकेको देखिन्छ । तथापि पछिल्लो समयमा खाद्यान्न आयात वृद्धिको तथ्याङ्कले चुनौती थपिएको छ । नगदे र अन्य मसलाजन्य बालीहरू जस्तैः अलैँची, अदुवा, तरकारी, सुपारी, फलफूल लगायतको उत्पादनमा यस प्रदेशको प्रभावपूर्ण र उल्लेखनीय उपस्थितिसँगै छुट्टै पहिचान जनाई सकेको छ । यति हुँदा पनि हालसम्मका सरकारका योजनाहरू र सुधारका प्रयासहरू कृषि क्षेत्रको ब्यापक रुपान्तरणमा खासगरी उत्पादन वृद्धि, त्यसको बजारीकरण र निर्यात प्रवद्र्धनमा प्रभावकारी बन्न सकेका छैनन् । यसबाट सरकारको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको प्रष्ट हुन्छ । हालसम्म पनि परम्परागत शैली र प्रविधिमै कृषि क्षेत्र रुमल्लिरहेको अवस्था छ । निजी र सहकारी क्षेत्रको सक्रिय एवम् उल्लेख्य र प्रभावपूर्ण उपस्थिति तथा सहभागिता विना समग्र अर्थतन्त्रको संरचनागत रुपान्तरणको सम्भावना पनि देखिँदैन । यो भनेको कृषि क्षेत्रको निर्भरतालाई घटाउँदै गैरकृषि क्षेत्रको योगदान बढाउँदै लैजाने हो । यसो गर्न पनि कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै यसको उत्पादकत्व वृद्धि गर्न आवश्यक देखिन्छ ।

**सन्दर्भ सामग्री**

१. कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७५।७६–२०८०।८१) तथा दोश्रो आवधिक योजना (२०८०।८१-२०८५।८६) प्रदेश योजना आयोग, बिराटनगर, कोशी प्रदेश
२. विभिन्न आर्थिक बर्षको बजेट बक्तव्य, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश
३. विभिन्न आर्थिक बर्षको विस्तृत बजेट विवरण (रातो किताब), आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश
४. सरकारको साझा न्यूनतम कार्यक्रम, कोशी प्रदेश, २०७७
५. राष्ट्रिय आर्थिक गणना, २०७६, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७६
६. विभिन्न आर्थिक बर्षको प्रादेशिक लेखा तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय
७. आर्थिक बर्ष २०७७।७८ को आर्थिक सर्वेक्षण, नेपाल सरकार, अर्थ मन्त्रालय
८. खुद्रा तथा थोक व्यापार सम्वन्धी तथा उत्पादन मुलक उद्योग सम्वन्धी विष्लेषणात्मक प्रतिवेदनहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७६
९. उत्पादन मुलक उद्योग सम्वन्धी पाश्र्वचित्र, लगानी बोर्ड नेपाल, मार्च २०७३
१०. नेपाल बैदेशिक ब्यापार सम्वन्धी तथ्याङ्क २०७६।७७, भन्सार विभाग, २०७७

# प्रदेश सरकारको उपलब्धि, आवश्यकता र औचित्यता

**(आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशद्वारा गणतन्त्र दिवस २०८२ को अवसरमा आयोजित खुल्ला निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल)**

✍ उज्वल कार्की *

**विषय प्रवेश:**

